शिक्षक निर्देशिका

सामाजिक अध्ययन

पृष्ठपोषण
प्राप्तिका लागि

**कक्षा १०**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८१

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

पाठ्यक्रम विकास केन्द्र

# हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा पाठ्यक्रमद्वारा अपेक्षित सक्षमता र सिकाइ उपलब्धि विकास गर्ने एक मुख्य साधन हो । पाठ्यक्रममा आधारित सिकाइ सहजीकरण गर्ने र पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वाबलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन श्री श्यामप्रसाद पाण्डे, श्री ध्रुवराज थापा, श्री नारायणप्रसाद नेपाल, श्री दिनेश अर्याल र श्री हेमराज खतिवडाबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री इमनारायण श्रेष्ठ, वैकुण्ठप्रसाद अर्याल, विषय समितिका पदाधिकारी प्रा.डा.रामकृष्ण तिवारी, डा. टिकाराम गौतम, श्री रेनुका पाण्डे भूसाल, श्री दीपिका शर्मा, श्री सरस्वती भट्टराईको योगदान रहेको छ । यस निर्देशिकाको भाषा सम्पादन श्री चिनकुमारी निरौलाबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनु पर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ सिकारुकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सहजहोस् भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

**पाठ्यक्रम विकास केन्द्र**

परिचय

आधाारभूत शिक्षा पाठ्यक्रम, २०७८ (कक्षा ९-१० )अनुसार विकास गरिएको कक्षा १० को सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार गरिएको छ । यस निर्देशिकामा शिक्षण क्रियाकलाप सञ्चालन गर्दा पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि र आवश्यक सामाजिक तथा जीवनोपयोगी सिप विकास गराउने किसिमका क्रियाकलाप सञ्चालन गर्न जोड दिएको छ ।

सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत विभिन्न सामाजिक विज्ञानका अन्तरसम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । यस विषयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ, समसामयिक विषयवस्तु र स्थानीय आवश्यकतालाई समेत सम्बोधन गर्ने, मानवमूल्य शिक्षामार्फत असल आचरण निर्माण, अनुशासन, जिम्मेवारी, सहयोग, सहकार्य, शान्ति, प्रेम, समानुभूति, विश्वास, भाइचारा र विश्वबन्धुत्व जस्ता मानवीय मूल्यलाई व्यावहारिक रूपमा विकास गराउँदै जाने उद्देश्य राखेको छ । यस विषयको अध्ययनबाट विद्यार्थीहरूलाई असल नागरिक भई सफल जीवनयापन गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । तसर्थ आधाारभूत मूल्यमान्यता, सामाजिक तथा जीवनोपयोगी सिप तथा नैतिक चरित्र विकासका लागि समूहकार्य, परियोजना कार्यमा आधारित खोज विधि, अभिनय, स्थलगत अवलोकन, समालोचनात्मक चिन्तन आदि जस्ता विद्यार्थीले गरेर सिक्ने खालका विधिको अलावा विषयवस्तुको प्रकृति अनुसार कथाकथन विधि, प्रदर्शन विधि, छलफल विधि आदिको चयन गर्नुपर्ने कुरालाई यस निर्देशिकाले आत्मसाथ गरेको छ ।

यस निर्देशिकामा प्रत्येक एकाइमा पाठ्यपुस्तकमा दिइएका पाठमा आधारित भई परिचय, शिक्षण योजना/पाठ्यांश विभाजन तालिका समेटिएका छन् । साथै कार्य घण्टाअनुसार प्रत्येक पाठका सिकाइ उपलब्धि, शैक्षणिक सामग्री, क्रियाकलाप, मूल्याङ्कनका विविध पक्ष उल्लेख गरिएका छन् । यसमा दिइएका क्रियाकलाप नमुना मात्र हुन्, शिक्षकले यस निर्देशिकामा दिइएका क्रियाकलापका आधारमा बढीभन्दा बढी अभ्यास क्रियाकलाप, कक्षाकार्य गराएर पाठ्यक्रमले निर्धारण गरेका सक्षमता हासिल गराउनुपर्ने छ ।

शिक्षक निर्देशिकाको प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्ष

१. सिकाइलाई व्यावहारिक, जीवनपयोगी बनाउन शिक्षकले पाठ्यपुस्तकको अलावा अन्य थुप्रै सन्दर्भ सामग्री, स्रोतसामग्री, शैक्षिक सामग्रीहरूको प्रयोगमा जोड दिनुका साथसाथै कक्षाकोठाको बसाइ व्यवस्थापनलाई सहज र लचिलो बनाउनुहोस् ।

२. निर्देशिकामा विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमता, सिकाइ उपलब्धि र व्यवहार कुशल सिपसमेत हासिल हुने गरी पाठगत क्रियाकलाप, प्रयोगात्मक कार्य, परियोजना तथा सामुदायिक कार्य दिइएका छन् । त्यस्ता क्रियाकलाप, सञ्चालन गर्दा विषयवस्तुको प्रकृतिअनुसार विद्यालय र समुदायमा सजिलै प्राप्त हुने, कम खर्चमा सङ्कलन र निर्माण गर्न सकिने शैक्षिक सामग्रीहरू प्रयोग गर्नुहोस् ।

३. विद्यार्थीलाई गरेरै सिक्ने र सिर्जनशील कार्य गर्न प्रोत्साहन गर्ने वातावरण निर्माण गर्नुहोस् । सिकाइ सहजीकरण क्रियाकलापलाई विविधतापूर्ण बनाइ क्रमिक रूपमा सिक्दै सुधार्दै जाने अवसर प्रदान गर्नुहोस् । सिकारुको सिकाइ स्तर, क्षमता र अवस्था पहिचान गरी उपयुक्त सिकाइ रणनीति अपनाउनुहोस् ।

४. सिकाइका क्रममा पाठ्यक्रममा समावेश गरिएका व्यवहारकुशल सिपसमेत हासिल हुने गरी विषयवस्तुसँग एकीकरण र अन्तरसम्बन्धित गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

५. कक्षा क्रियाकलाप वा परियोजना कार्य गराउँदा विद्यार्थीलाई भौतिक तथा डिजिटल दुवै सामग्रीको प्रयोग गर्न प्राथमिकता दिनुहोस् । डिजिटल प्रविधिसँग बढी नजिकिने प्रवृत्तिका कारण वास्तविक संसारसँग टाढिँदै गएको अवस्थालाई समेत विचारगरी सोहीबमोजिम सिकाइ सहजीकरण योजना बनाउनुहोस् ।

६. परियोजना कार्य विद्यार्थीले गरेर सिक्ने र वास्तविक संसारबाट हुने सिकाइका लागि उपयुक्त माध्यम हो तसर्थ यस कार्यका लागि अभिभावक तथा परिवारका सदस्यको सहयोगको महत्त्वपूर्ण भूमिका हुने हुँदा अभिभावकसँगको सहकार्यका लागि आवश्यक समन्वयको सुनिश्चित गर्नुहोस् ।

७. क्रियाकलापका क्रममा विद्यार्थीहरूको क्रिया, जिज्ञाशा, सहभागिताको अवलोकन गर्दै निरन्तर पृष्ठपोषण र थप सहयोग गर्नुहोस् । विद्यार्थीको मूल्याङ्कनका लागि पाठमा सुझाइएका मूल्याङ्कनका विशिष्ट तरिकाहरूबाहेक अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, आत्म मूल्याङ्कन, सहपाठी मूल्याङ्कन, अभिभावक प्रतिक्रिया जस्ता साधनको समेत प्रयोग गर्नुहोस् ।

८. मूल्याङ्कन गर्दा सिकाइ स्तर सुधार्नु पर्ने विद्यार्थीहरूलाई सुधारात्मक सिकाइ क्रियाकलापमा सहभागी गराई उनीहरूकै स्तर र गतिमा सिक्ने र सुधार गर्ने अवसर प्रदान गर्नुहोस् ।

९. आन्तरिक र बाह्य मूल्याङ्कनका आधार र विधिहरूको प्रयोग गरी हरेक सिकारुको मूल्याङ्कनका विविध पक्षहरूको अभिलेख व्यवस्थापन गर्नुहोस् आवश्यताअनुसार सिकारु, अभिभावक र विद्यालयमा उपलब्ध गराउनुहोस् ।

१०. शिक्षक निर्देशिकामा प्रस्तुत शैक्षणिक सामग्री, विधि, सिकाइ क्रियाकलाप र मूल्याङ्कनका तरिकाका अतिरिक्त विद्यार्थीको रूचि, स्तर, क्षमता, उपलब्ध साधनस्रोत तथा स्थानीय परिवेश र आवश्यकता अनुकूलन हुने गरी अन्य सामग्री, विधि, सिर्जनात्मक सिकाइ क्रियाकलाप र मूल्याङ्कनका तरिकाहरू पनि अपनाउनुहोस् ।

## एकाइ एक : हामी र हाम्रो समाज

कार्यघण्टा : ८

### १.एकाइ परिचय

यस एकाइमा विद्यार्थीलाई सामाजिकीकरणको अवधारणा, तत्त्वहरू, सामाजिकीकरणका विभिन्न माध्यमहरू र यसको महत्त्वका सम्बन्धमा जानकारी दिने र सामाजिकीकरणका सिपहरू अभ्यास गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यसै गरी हाम्रा पहिचान, यसका आधारहरू र पहिचानको महत्त्व, नेपाली समाजमा रहेका विविधता, यसको विशेषता, महत्त्वको सम्बन्धमा जानकारी दिने र विविधताको सम्मान गर्न सिकाउने विषयवस्तुहरू समाविष्ट छन् । यस्तै राष्ट्रिय गौरवको परिचय, केही महत्त्वपूर्ण राष्ट्रिय गौरवहरू, यसको महत्त्वको जानकारी दिने र यिनीहरूको संरक्षण गर्न अबलम्बन गर्नुपर्ने उपायहरू सिकाउने साथै विद्यार्थीलाई संरक्षणका लागि उत्प्रेरित गर्ने विषयवस्तुहरू यस एकाइमा समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तैः सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनु पर्दछ साथै कक्षामा भएका सबै प्रकारका बालबालिकाहरू सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्दछ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, त्एक, न्बर्भिचथ ध्बपि, रनिङ डिक्टेसन आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलापहरू विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू पनि सञ्चालन गर्न सक्नुहुने छ ।

### २. सिकाइ उपलब्धि, विषयवस्तु, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| क्र. सं | पाठ | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १. | सामाजिकीकरण | सामाजिकीकरणको अवधारणासँग परिचित हुन र व्यवहारमा प्रदर्शन गर्न | चार्ट/स्लाइड/तस्बिर<br>राष्ट्रिय सम्पदाका डकुमेन्ट्री<br>विभिन्न जातजातिका भाषा, लिङ्ग, धार्मिक पहिचान खुल्ने डकुमेन्ट्री, नेपालको झन्डा | २ |
| २. | हाम्रा पहिचान | सामाजिक, सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता प्रवर्धन गर्न | तस्बिर, स्लाइड, श्रव्यदृश्य सामग्री, कार्डवबोर्ड वा लुज सिट, साइनपेन,मेटा कार्ड आदि | २ |
| ३. | विविधतामा एकता | सामाजिक, सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता प्रवर्धन गर्न | नेपालको संविधान, नीति कथा, चित्र, स्लाइड, श्रव्यदश्य सामग्री, पत्रिकाको न्युज कटिङ, कार्डबोर्ड वा लुज सिट, साइनपेन आदि | २ |

| | | | | |
|---|---|---|---|---|
| ४. | हाम्रा राष्ट्रिय गौरवहरू | हाम्रा राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न | राष्ट्रिय झन्डा, नेपालको संविधान, चित्र, स्लाइड, श्रव्यदृश्य सामग्री, कुनै राष्ट्रिय गीत वा राष्ट्रिय गान, पत्रिकाको न्युज कटिङ, कार्डबोर्ड वा लुज सिट पेपर, साइनपेन आदि | २ |

## पाठ : १ सामाजिकीकरण

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

मानिस सामाजिक प्राणी हो । जैविक रूपमा जन्मेको व्यक्तिलाई सामाजिक बनाउने काम सामाजिकीकरणले गर्छ । तथापि व्यक्तिले सामाजिकीकरणको गुण जन्मजात लिएर आएको हुँदैन । उसले घरपरिवार, विद्यालय, समाजलगायतबाट सामाजिकीकरणको अभ्यास सिकिरहेको हुन्छ । संस्कृति, संस्कार, व्यवहार आदिबाट क्रमशः सामाजिकीकरण हुँदै जान्छ । त्यसैले सामाजिकीकरण एक प्रक्रिया हो । जसबाट प्रत्येक व्यक्ति सामाजिक जीवन र वातावरणमा समायोजित हुँदै
जान्छ । परिवार, समुदाय, समाज र राष्ट्रिय मूल्य मान्यता, सामाजिक विश्वास, आदर्श, मूल्य मान्यता, जीवनशैली र जीवन पद्धतिलाई बुझ्दै र आत्मसात् गर्दै सामाजिकीकरण हुन्छ ।

यस पाठमा सामाजिकीकरणको अवधारणा, तत्त्वहरू, सामाजिकीकरणका विभिन्न माध्यमहरू र यसको महत्त्वका सम्बन्धमा जानकारी दिनुका साथै सामाजिकीकरणका सिपहरू अभ्यास गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, त्एक न्र्बभिचथ ध्बपि आदि जस्ता विधि तथा क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीमा विविध सामाजिक सिपको विकास भई सामाजिकीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्क्रमका उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिकीकरणको अबधारणसँग परिचित हुन र व्यवहारमा प्रदर्शन गर्न | – सामाजिकीकरणको परिचय दिन<br>– सामाजिकीकरणका तत्त्वहरू पहिचान र व्याख्या गर्न<br>– सामाजिकीकरणका विभिन्न माध्यम र महत्त्व बताउन<br>– सामाजिकीकरणका सिपहरू अभ्यास गर्न |

### (ग) शैक्षणिक सामग्री

चित्र, श्रव्यदृश्य सामग्री, कार्डबोर्ड वा लुज सिट, साइनपेन, मेटा कार्ड न्युज प्रिन्ट पेपर आदि ।

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

यस विषयको कक्षा १० को पहिलो कक्षा भएकाले विद्यार्थीलाई कक्षा अपग्रेड हुन सफल भएकामा बधाई दिनुहोस् । कक्षामा भएका सबै बालबालिकाको विविधताको सम्मान हुने गरी स्वागत गर्नुहोस् । विद्यार्थीलाई नौ कक्षामा अध्ययन

गरेका सामाजिक अध्ययन विषयअन्तर्गतका सिपहरू स्मरण गर्न र बताउन प्रेरित गर्नुहोस् । शिक्षकले कक्षा १० मा के कस्ता विषयवस्तु अध्ययन गरिन्छ भन्ने सम्बन्धमा सामान्य जानकारी दिई कक्षाको सुरुआत गर्नुहोस् ।

कक्षाका सबै विद्यार्थीलाई आँखा बन्द गरी आफू पहिलो दिन विद्यालय आएपछि गरेको पहिलो क्रियाकलाप के थियो ? विद्यालयमा कसरी साथी बनाउँदै जानुभयो ? अहिले कक्षामा सबैसँग कसरी मिलेर बस्नु भएको छ ? भनी उनीहरूका अनुभव सम्झिन लगाउनुहोस् । त्यसपछि आँखा खोल्न लगाई पालैपालो अनुभव बताउन भन्नुहोस् । विद्यार्थीका अनुभव टिपोट गर्दै जानुहोस् । त्यसपछि टिपोट गरिएका कुरालाई सामाजिकीकरणसँग जोड्दै पहिलो दिन विद्यालय आँउदा एक्लो महसुस भएको थियो भने बिस्तारै साथीहरू बन्दै गए । साथीहरूसँग मिलेर खेल्ने, पढ्ने, सँगै खाजा खाने, सँगै विद्यालय आउने जाने, मिलेर समूह तथा कक्षा कार्य गर्ने गर्दा गर्दै अहिले कक्षाका सबै साथीहरूबिच आत्मीयता बढ्दै गयो होइन त ? भनी फेरि सामूहिक रूपमा प्रश्न गर्नुहोस् । उनीहरूले " हो " भन्ने जवाफ दिने छन् । यसपछि शिक्षकले, तपाईंहरू विद्यालय आएको पहिलो दिनदेखि यो अवस्थासम्म आइपुग्दा विद्यालय परिवार तथा साथीहरूबिच जे जति प्रक्रियाहरू भए त्यसलाई सामाजिकीकरण भनिन्छ भनी प्रस्ट पार्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ नमुना समाचारको प्रस्तुति र छलफल**

कुनै एक जना विद्यार्थीलाई सामाजिकीकरण पाठ अन्तर्गत पेज २ मा भएको समाचारको नमुना सबैले सुन्ने गरी पढ्न भन्नुहोस् । अन्य विद्यार्थीलाई साथीले पढेको कुरा ध्यान दिएर सुन्न र महत्त्वपूर्ण लागेका वा आफूलाई जानकारी नभएका कुरा कापीमा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि पाठ्यपुस्तकको पेज ३ मा भएका प्रश्न वा अन्य प्रश्न सोधी छलफल गर्नुहोस् । आवश्यक छलफल गरिसकेपछि शिक्षकले पेज ३ को बाँकी अंशमा समेटिएका विषयवस्तुलाई समसामयिक उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ समूह कार्य र छलफल**

कक्षालाई पाँच समूहमा बनाई प्रेम र स्नेह, सहयोग, अन्तरक्रिया, सम्मान र भाषा लेखिएको चिट्ठा बनाई समूह नेतालाई तान्न लगाउनुहोस् । चिट्ठाका आधारमा कार्य जिम्मेवारी तोकी सामाजिकीकरणमा सम्बन्धित तŒवहरूले कसरी सहयोग पुऱ्याउँछ भनी समूहमा छलफल गरी मुख्य बबँदा कक्षामा प्रस्तुत गर्नका लागि समय दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि अर्को समूहले केही कुरा थप गर्न चाहेमा सो अबसर दिनुहोस् । त्यसपछि शिक्षकले सबै विद्यार्थीलाई पाठ्यपुस्तकको पेज ४ अध्ययन गर्न लगाउनुहोस् । क्रियाकलापको अन्यमा विभिन्न चित्र वा श्रव्यदृश्य सामग्री तथा विभिन्न उदाहरणहरू दिएर सामाजिकीकरणका तत्त्वहरू सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ बुँदा टिपोट, छलफल र निष्कर्ष**

दुईओटा कार्डबोड पेपर वा न्युज सिटमा सामाजिकीकरणको महत्त्व भनेर विषय शीर्षक लेखी भित्तामा टाँस्नुहोस् । सो सम्बन्धमा आफ्ना अनुभव वा अध्ययनका आधारमा प्रत्येक विद्यार्थीलाई एक एकओटा बुँदा लेख्न भन्नुहोस् । सबैले लेखी सकेपछि बुँदागत छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् । (विद्यार्थीले बुँदा टिपोट गरिसकेपछि शिक्षक आफूले तयार गरेको सामग्री प्रस्तुत गर्दै तुलना गर्न लगाएर पनि सामाजिकीकरणको महत्त्व स्पष्ट पार्न सक्नुहुने छ । )

**क्रियाकलाप ४ ग्यालरी वाक**

सामाजिकरणका माध्यम वा निकाय सम्बन्धमा सिकाइ क्रियाकलाप गर्नका लागि कक्षाका विद्यार्थीलाई क्रमशः १,२,३,४ भन्न लगाएर चार समूहमा विभाजन गर्नुहोस् र सोहीअनुसार समूहको नामकरण गर्नुहोस् । समूह एकलाई घरपरिवार, दुईलाई विद्यालय, तीनलाई दौँतरी समूह र चारलाई सांस्कृतिक गतिविधिसम्बन्धी जिम्मेवारी दिँदै ती माध्यम वा निकायले कसरी सामाजिकीकरणमा सहयोग पुऱ्याउन सक्छन् ? सो सम्बन्धमा समूहमा छलफल गरी कार्डबोर्ड वा लुज सिटमा लेखी तोकिएको स्थानमा टाँस्न लगाउनुहोस् । आवश्यक निर्देसन दिई सबै समूहलाई ग्यालरी वाक गराउनुहोस् । यस विधिअन्तर्गत कुनै समूहले अर्को समूहले तयार गरेको सामग्रीमैं बुँदा थपेर वा पछि छलफलका क्रममा पनि सुझाव

दिन सक्नेछन् । विद्यार्थीको प्रस्तुति पछि विभिन्न समसामयिक र व्यावहारिक उदाहरण दिँदै यी चार माध्यम वा निकाय वाहेक हाम्रो समाजमा अन्य के के हुन सक्छन् ? भनेर केहीवेर छलफल गराई सामाजिकीकरणका माध्यम वा निकायका सम्बन्धमा प्रस्ट पारिदिनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

(अ) जोडी मूल्याङ्कन क्रियाकलाप गराउनुहोस् ।

तरिका

कक्षाका आधा सङ्ख्यामा रहेका विद्यार्थीको नाम ससाना कागजका टुक्रामा लेखेर पट्याएर एउटा बट्टामा राख्नुहोस् । नाम नलेखिएका बाँकी आधा सङ्ख्यामा रहेका विद्यार्थीलाई अगि बट्टामा राखेको एक एक टुक्रा कागज झिक्न र नबोलीकन विद्यालयमा उक्त साथीको सामाजिकीकरण व्यवहार कस्तो छ ? कापीको पानामा चार बुँदामा लेख्न लगाई सङ्कलन गर्नुहोस् । याद गर्नुहोस्, साथीका बारेमा लेख्दा वास्तविक र सकारात्मक बुँदा मात्र लेख्न लगाउनु पर्ने छ । त्यसपछि बाँकी सङ्ख्याका विद्यार्थीको नाम ससाना कागजको टुक्रामा लेखेर पट्याएर अगि जस्तै गरी एउटा बट्टामा राख्नुहोस् । अगिल्लो समूहमा परेका विद्यार्थीलाई एकओटा थुत्न र सम्बन्धित साथीको सामाजिकीकरण अवस्था बारेमा चारओटा वास्तविक र सकारात्मक बुँदा लेख्न निर्देशन दिनुहोस् । (यो क्रियाकलाप गराउँदा एक अर्काले नदेख्ने गरी लेख्न लगाउन राम्रो हुन्छ । ) त्यसपछि सम्बन्धित विद्यार्थीलाई वितरण गर्नुहोस् । यस्ता क्रियाकलापका माध्यमबाट आफ्नो सामाजिकीकरणको अवस्था बुझ्ेर सबै विद्यार्थी खुशी हुने छन् । यी क्रियाकलापबाट सामाजीकरणका सिपको पनि  मूल्याङ्कन गर्न सकिन्छ ।

(आ) पाठका क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् र थप सिकाइ अबसर प्रदान गर्नुहोस् । आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरण कार्यसमेत गर्नुहोस् ।

केही थप प्रश्नहरू

१. सामाजिकीकरण भनेको के हो ? उदाहरणसहित लेख्नुहोस्  ।

२. तपाईंले समुदायमा सामाजिकीकरणका लागि अबलम्बन गर्दै आएका व्यावहारिक अभ्यासहरूको सूची तयार गर्नुहोस् ।

३. एउटा व्यक्तिलाई असल नागरिक बनाउन सामाजिकीकरणले कसरी सहयोग पुऱ्याँउछ ? कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तिको सफलताको उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

**(ङ) सामुदायिक कार्य**

पुस्तकको पेज ६ मा भएको छिमेकी र आफ्नो परिवारमा भएका सामाजिकीकरणका अभ्यास.....सम्बन्धी सामुदायिक कार्य गर्न लगाउँदा विद्यार्थीलाई निम्न तरिका अपनाउन सल्लाह दिन सक्नुहुने छ । उदाहरणका लागि ...

सामाजिकीकरणका तरिकाको तुलना

| सामाजिकीकरणका तŒव | आफ्नो परिवारमा | छिमेकीको परिवारमा |
|---|---|---|
| (क) प्रेम र स्नेह | | |
| (ख) सहयोग | | |
| (ग) सरसल्लाह | | |
| (घ) सम्मान | | |
| (ङ) सहभागीता | | |
| (छ) जिम्मेवारी बाँडफाँट | | |

यो सामुदायिक कार्यलाई मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ । मूल्याङ्कन गर्ने आधारका रूपमा जस्तै : रुचिपूर्ण र सिर्जनशील तरिकाले कार्य गरेमा ४ अङ्क, रुचिपूर्ण तर सिर्जनशीलता कम भएमा ३ अङ्क, शिक्षकले दिएको ढाँचा जस्ताको तस्तै उतार गरी कार्य गरेमा २ अङ्क र आफ्नो परिवार र छिमेकीबिच खासै फरक कुरा प्रस्तुत नगरेमा एक अङ्क दिन सक्नुहुने छ ।

## पाठ : २ हाम्रा पहिचान

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

पहिचान कुनै पनि व्यक्ति वा समुदायको विशिष्टतालाई जनाउने शब्द हो । प्रत्येक व्यक्तिमा भएको विशिष्टताले नै उसलाई अर्कोभन्दा फरक देखाउँछ । त्यस्तै गरी कुनै समुदाय विशेषसँग भएका भिन्न र फरक विशेषता जस्तै : जातीय , भाषिक, लैङ्गिक, धार्मिक, अपाङ्गता आदिले उनीहरूलाई फरक पहिचान दिएको हुन्छ । यिनै विविध पहिचानहरू हाम्रा राष्ट्रिय पहिचान हुन् र हाम्रो समग्र पहिचान नेपाली हो । हाम्रा राष्ट्रिय पहिचानलाई बलियो, दिगो र एकताबद्ध बनाउनका लागि प्रत्येक व्यक्ति, समुदाय र उसको अस्तित्व र पहिचानको सम्मान र संरक्षण गर्नुपर्छ ।

यस पाठमा हाम्रा पहिचान, यसका आधारहरू र पहिचानको महत्त्वका सम्बन्धमा जानकारी दिने पहिचानको सम्मान गर्न र सामाजिक एकतामा सहयोग गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, सिर्जनात्मक कार्य, मस्तिष्क मन्थन, ऋउभमम मबतष्लन आदिजस्ता विधि तथा क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीले आफ्नो पहिचान बुझ्नुका साथै विविधताको सम्मान गर्दै सामाजिक एकता प्रवर्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| **पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि** | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक, सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता प्रवर्धन गर्न | – पहिचानको परिचय दिन र नेपालका पहिचानहरूको व्याख्या गर्न,<br>– आफ्नो समुदाय वा स्थानीय तहमा रहेको विविधता पहिचान गर्न<br>– सामाजिक सांस्कृतिक विविधताको महŒव बताउन,<br>– सामाजिक सांस्कृतिक विविधताको पहिचान गरी सामाजिक एकता प्रवर्धनमा सहयोग गर्न |

**(ग) शैक्षणिक सामग्री :** तस्बिर, स्लाइड, श्रव्यदृश्य सामग्री, कार्डबोड वा लुज सिट, साइनपेन, मेटा कार्ड आदि

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

शिक्षकले आफ्नो पहिचान दिलाउने खालका केही शब्दहरू बोर्डमा लेख्नुहोस्, जस्तै : सर्मिला शर्मा...,महिला, पेसा शिक्षण,.हिन्दु धर्म, जन्मस्थान इलाम जिल्लाको कन्याम, भाषा नेपाली, ढाकाको चोलो, दसैँ र तिहार मुख्य चाड आदि । ती शब्दको आधारमा शिक्षकले आफ्नो परिचय बताउन विद्यार्थीलाई भन्नुहोस् । विद्यार्थीले तपाइँको सामान्य परिचय बताएपछि कक्षाका सबै विद्यार्थीलाई तपाइँ आफूलाई कसरी परिचित गराउन चाहनु हुन्छ ? यो प्रश्न सामूहिक रूपमा सोधी सबैलाई पालैपालो जवाफ दिने अबसर दिनुहोस् । क्रियाकलापको अन्त्यमा सबैलाई धन्यवाद दिँदै हामी व्यक्तिगत, जातिगत, भाषिक, क्षेत्रीय वा अन्य आधारमा फरक पहिचानका भए पनि हामी सबैको पहिचान नेपाली हो भनी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १  प्रदर्शन र छलफल**

विविध पहिचान झल्कने तस्बिर, फोटो प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् । उनीहरूको उत्तरलाई जोड्दै पहिचानको अवधारणा प्रस्ट पार्नुहोस् । त्यसपछि केही विद्यार्थीलाई पालैपालो तलका वा त्यस्तै खालका प्रश्न गर्नुहोस् । एउटै प्रश्न फरक फरक विद्यार्थीलाई सोधेर पनि थप जानकारी दिलाउन सकिन्छ । नमुना प्रश्न जस्तै :

१. तपाइलाई आफ्नो पहिचान किन आवश्यक छ भन्ने ठान्नुहुन्छ ?

२. नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिको छुट्टै पहिचान दिने व्यवस्था किन गरेको होला ?

३. फरक पहिचानले राष्ट्रिय एकतामा कसरी सहयोग पुऱ्याउँछ ?

यी प्रश्नको सही र अपेक्षित जवाफ विद्यार्थीबाट नआउन पनि सक्छ । त्यसैले प्रत्येक प्रश्नमा विद्यार्थीका जवाफ समेट्दै आवश्यक सहजीकरण गर्दै फरक फरक पहिचानले राष्ट्रिय एकतामा पुऱ्याउने सहयोगका सम्बन्धमा स्थानीय उदाहरणहरू समेत दिएर प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : चार्ट/स्लाइड प्रस्तुति**

प्रत्येक बेन्चमा बसेका विद्यार्थीलाई एउटा समूह मानेर पुस्तकको पेज ७ को पहिचान के हो ? लेखिएको अनुच्छेद पढ्न लगाउनुहोस् । त्यसपछि समूहमा छलफल गरी उक्त अनुच्छेदमा समेटिएका पाँचओटा मुख्य कुरा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक छलफल गराई शिक्षकले निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ३ समूह कार्य र छलफल**

क्रियाकलाप दुईमा रहेको समूहलाई वा कक्षामा रहेका विद्यार्थी सङ्ख्याका आधारमा अन्य तरिकाले समूह निर्माण गरी ती समूहलाई जातीय पहिचान समूह, भाषिक पहिचान समूह, धार्मिक पहिचान समूह, लैङ्गिक पहिचान समूह, अपाङ्गता पहिचान समूह नामकरण गर्नुहोस् । पहिचान किन आवश्यक छ भन्ने सम्बन्धमा समूहमा छलफल गर्न लगाई मुख्य कुरा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले आफूले तयार पारेको विभिन्न पहिचानसहित राष्ट्रिय
पहिचानसमेतको स्लाइड वा विभिन्न हस्त लिखित सामग्री प्रदर्शन गरी विद्यार्थीको विचार र स्लाइडको तुलना गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ सिर्जनात्मक कार्य**

कक्षाका विद्यार्थीलाई हाम्रा पहिचान विषयवस्तुमा अझै स्पष्ट हुन मदत गर्नका लागि विभिन्न सिर्जनशील क्रियाकलाप गराउनुहोस् । उनीहरूलाई पाठ्यपुस्तकलगायत अन्य सामग्रीसमेत अध्ययन गरी उनीहरूको रुचिअनुसार एकल वा

समूहमा लेख, गीत, कविता, कथा, चित्र वा नाटक तयार गरी सिर्जनात्मक क्रियाकलापका लागि प्रेरित गर्नुहोस् । उक्त क्रियाकलापको मूल्याङ्कन र अभिलेखीकरण पनि गर्नुहोस् ।

मूल्याङ्कनको आधार

| विद्यार्थीको नाम | विषयवस्तुलाई बुझेर राम्रोसँग प्रस्तुत गरेको (३) | विषयवस्तुको बुझेर पनि राम्रोसँग प्रस्तुत गर्न नसकेको (२) | विषयवस्तुको बुझाई कम, सामग्री र प्रस्तुति पनि राम्रो बन्न नसकेको (१) |
|---|---|---|---|
| | | | |

उदाहरणः कुनै समूहले कुनै जाति विषेशको पहिरनमा झाँकि प्रस्तुत गर्दा उनीहरूको ड्रेसअप, गरगहना, हातहतियार वा अन्य साधन, हाउभाउ, बाजागाजा आदि महत्त्वपूर्ण पक्ष हुन् । यस्ता कार्य गराउँदा स्थानीयको सहयोग वा सल्लाह लिनु उपयुक्त हुन्छ ।

**क्रियाकलाप ५ : भित्री बाहिरी खेल (क्उभभम मबतष्लन)**

विद्यार्थीलाई दुई समूहमा बराबर सङ्ख्यामा विभाजन गर्नुहोस् । दुई समूहमध्ये एउटा समूहलाई भित्रि र अर्को समूहलाई बाहिरी घेरामा आमनेसामने हुने गरी उभिन लगाउनुहोस् । भित्री समूह अचल हुने र बाहिरी समूह चलायमान हुने बताउनुहोस् । अब कुनै शीर्षकमा आमनेसामने उभिएका सहभागीबिच आफूले सिकेको कुरा बताउन १ वा २ मिनेटको समय दिनुहोस् । जस्तै :(क) पहिचानको महत्त्व बताउनुहोस् ? यो विषयमा आफूले सिकेका कुरा साथीलाई पालैपालो बताइसकेपछि बाहिरी समूहका सहभागीलाई एक स्टेप अगाडि बढ्न भन्नुहोस् । अब नयाँ साथीसँग अर्को प्रश्नमा छलफल गर्न लगाउनुहोस्, जस्तै : आफ्नो समुदायमा भएका सांस्कृतिक पहिचान सम्बन्धमा पालैपालो साथीलाई बताउनुहोस् । यसरी आवश्यकताअनुसारका प्रश्नहरूमा छलफल गर्ने गरी क्रियाकलापलाई निरन्तरता दिन सकिन्छ ।

**(ङ) मूल्याङ्कन**

पाठका क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही थप प्रश्नहरू

१. पहिचान कुनै पनि व्यक्तिका लागि किन आवश्यक पर्छ ?

२. हाम्रा समुदाय विशेषको पहिचान किन राष्ट्रिय पहिचान मानिन्छन् ?

३. आफ्नो समुदायको पहिचान संरक्षण गर्न तपाईंले के के गर्ने गर्नु भएको छ ? व्यावहारिक अभ्यासहरू उल्लेख गर्नुहोस् ।

४. अधिकार प्राप्ति, समावेशीता र सामाजिकीकरणमा पहिचानले कसरी सहयोग पुऱ्याउँछ ? उदाहरणसहित आफ्नो विचार व्यक्त गर्नुहोस् ।

## पाठ : ३ विविधतामा एकता

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

नेपाल विविधताले सजिएको सुन्दर देश हो । बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिकलगायत धेरै किसिमका विविधतालाई हामीले आत्मसात् गरेका छौँ । यी सबैखालका विविधतालाई सबैले सम्मान र संरक्षण गर्दै हामी नेपाली पहिचानका साथ एकआपसमा मिलेर बसेका छौँ । त्यसैले नेपाली एकता विश्वका लागि उदाहरणीय छ । यस पाठमा नेपाली समाजमा रहेका विविधता, यसको विशेषता, महŒवको सम्बन्धमा जानकारी दिने र विविधताको सम्मान गर्न सिकाउने विषयवस्तुहरू समाविष्ट छन् । ऐतिहासिक र स्थापित सबै खालका फरकपनलाई स्वीकार, सम्मान र समर्थन गर्दै नेपाललाई विविधतामा एकताको नमुनाको पहिचान गर्न यस पाठले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । शिक्षकले पर्याप्त उदाहरण, श्रव्यदृश्य सामग्री तथा स्थानीय सांस्कृतिक गतिविधिको अवलोकन आदिबाट विषयवस्तुको गहनतालाई बुझ्न, मनन गर्न र अबलम्बन गर्न सहयोग पुऱ्याउन यहाँ केही नमुना क्रियाकलाप तयार गरिएका छन् । यीबाहेक स्थानीय परिवेश, शिक्षकको अनुभव तथा अन्य सान्दर्भिक क्रियाकलाप पनि गराइ हाम्रा पहिचान र राष्ट्रिय एकतालाई सुदृढ गर्ने खालका कक्षा क्रियाकलाप मार्फत सिकाइ सहजीकरण गर्नुपर्दछ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्क्रममा उल्लिखित सिकाइ उपलब्धि** | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक, सांस्कृतिक विविधताको पहिचान र सामाजिक एकता प्रवर्धन गर्न | – आफ्नो कक्षाका भएका विविधताको पहिचान गर्न,<br>– नेपालमा विद्यमान भौगोलिक, धार्मिक ,सामाजिक, सांस्कृतिक लगायतका विविधतालाई एकतामा बाँध्ने उपायहरू खोजी गर्न<br>– विविधतामा एकता कायम गर्ने व्यावहारिक अभ्यास प्रदर्शन गर्न । |

**(ग) शैक्षणिक सामग्री :** नेपालको संविधान, नीति कथा, चित्र, स्लाइड, श्रव्यदृश्य सामग्री, पत्रिकाको न्युज कटिङ, कार्डबोर्ड वा लुज सिट पेपर, साइनपेन आदि

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआति क्रियाकलाप**

कक्षाका सबै विद्यार्थीलाई आफ्नो परिवारमा भन्दा फरक जात, भाषा, धर्म वा संस्कृति भएका समुदायमा आफ्नो वा परिवारका सदस्यको संलग्नता, सहभागीता, सहयोग आदानप्रदानसम्बन्धी व्यावहारहरू सम्झन भन्नुहोस् । केहीलाई उक्त अनुभव बताउन लागाउनुहोस् । विद्यार्थीबाट व्यक्त कुरालाई समेट्दै र आफ्ना अनुभवसमेत थप गर्नुहोस् । त्यसपछि कक्षाका सबैलाई एकैसाथ उभिएर राष्ट्रिय गान गाउन लगाउनुहोस् । एक जना विद्यार्थीलाई गीतको भाव बताउन लगाउनुहोस् । अरू विद्यार्थीलाई पनि भन्ने अबसर दिनुहोस् । विद्यार्थीबाट आएका मुख्य र सान्दर्भिक कुरालाई समेट्दै राष्ट्रिय गानको मुख्य सारको थप व्याख्या गर्दै विविधतामा एकताको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य कियाकलाप**

**क्रियाकलाप १ प्रदर्शन र छलफल**

विविधता झल्कने पोस्टर वा भिडियो प्रदर्शन गर्नुहोस् । उक्त पोस्टर वा भिडियोमा भएको जातिगत, भाषिक, वेशभूषा, लैङ्गिक विविधता सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ जोडीमा छलफल**

कक्षामा विद्यार्थीलाई जोडी जोडीमा रही छलफल गराउनुहोस् । सिकाइ पाटीमा  दायाँ भागमा विविधता र बायाँ भागमा समानता भनी छुट्याउनुहोस् ।  अथवा दुई/तीनओटा कार्डबोर्ड वा लुज सिट भित्तामा टाँस्नुहोस् र उक्त लुज सिटको दायाँ भागमा विविधता र बायाँ भागमा समानता लेखी बिचमा धर्को तानेर छुट्याउनुहोस् । त्यसपछि कक्षामा भएका सबै विद्यार्थीलाई कक्षाका विद्यार्थीबिच रहेको विविधता र समानता पहिल्याउन लगाउनुहोस् । प्रत्येक जोडीलाई बोर्डको दुवै भागमा एक एकओटा बुँदा लेख्न भन्नुहोस् । सकभर नदोहोरिने गरी बुँदा लेख्न प्रेरित गर्नुहोस् । उनीहरूले लेखेका बुँदा आफूले पढेर सुनाउनुहोस् र आवश्यकताअनुसार थप व्याख्या गर्दै क्रियाकलापको अन्त्यमा आफ्नो कक्षाका देखिएको विविधता प्रति गौरव गर्न विद्यार्थीलाई प्रेरित पनि गर्नुहोस् ।

**क्रियाकलाप ३  सांस्कृतिक पोसाक तथा पहिरन प्रदर्शन**

शिक्षकले सांस्कृतिक पोसाक पहिरन प्रदर्शनीलाई सहजीकरण गर्नका लागि विद्यार्थीलाई आआफ्नो सांस्कृतिक पोस ाकमा  विद्यालयमा उपस्थित हुन लगाउनुहोस् । त्यसपछि सबै विद्यार्थीलाई एकै स्थानमा भेला गराउनुहोस् ।

उक्त भेलामा अन्य शिक्षकलाई पनि उपस्थितिका लागि अनुरोध गर्नुहोस् । तल दिइए जस्तै वा आफ्नो अनुकुलताका आधारमा एउटा चेक लिस्ट तयार गर्नुहोस् र मूल्याङ्कन फाराममा अभिलेखीकरण गर्नुहोस् ।

**नमुना मूल्याङ्कन फाराम**

| विद्यार्थीको नाम र थर | सांस्कृतिक पोसाक पहिरन प्रदर्शनी | | |
|---|---|---|---|
| | अति राम्रो (३) | राम्रो (२) | ठिकै (१) |
| | | | |
| | | | |
| | | | |

**कियाकलाप ४ नमुना समाचार प्रस्तुति र छलफल**

विविधतामा एकता विषयवस्तुसँग मेल खाने खालका केही समाचार अंशहरू सङ्कलन गरी सोही आधारमा समूह विभाजन गरी समूहगत रूपमा वितरण गर्नुहोस् । प्रत्येक समूहलाई प्राप्त भएका समाचारका अंश सम्बन्धमा छलफल गरी मुख्य बुँदा टिपोट गर्न भननुहोस् । समाचारमा जस्तै आफ्नो स्थानीय तहमा पनि त्यस्तै खालका कुनै घटना वा अभ्यास भएका भए सोसम्बन्धी जानकारी पनि प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि कक्षाका सबैलाई सामाजिक एकता संरक्षण गर्न  तपाईंले के कस्ता कार्य गर्न सक्नु हुन्छ भनी सोध्नुहोस् । उनीहरूको अभिव्यक्तिलाई सरहाना गर्दै शिक्षकले थप व्यावहारिक सुझाव दिन सक्नुहुने छ ।

**क्रियाकलाप ५ समाचार अध्ययन**

कक्षाका एक जना छात्रा र एक जना छात्रलाई पालैपालो अगाडि बोलाएर पाठ्पुस्तकका नमुना समाचार पढ्न लगाउनुहोस् । ती अंशमा भएका मुख्य बुँदा शिक्षकले बोर्डमा टिपोट गरी सोही आधारमा छोटो व्याख्या गर्दै नेपाल र नेपालीको विविधता, समानता र विविधताबिचको एकताका सम्बन्धमा स्पष्ट पार्नुहोस् । त्यसपछि विद्यार्थीलाई पुस्तकको पेज १२ को संवादलाई हाउभाउका साथ पढ्न लगाउनुहोस् । उक्त खण्डमा विद्यार्थीमा कुनै अस्पष्टता भएमा नेपालको संविधानको सम्बन्धित अंश उनीहरूलाई नै पढ्न लगाई स्पष्ट हुने मौका दिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठका क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँगसम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही थप प्रश्नहरू**

१.नेपालको सन्दर्भमा विविधतामा एकताका आधारहरू उल्लेख गर्नुहोस् ।

२.तपाईंको समुदाय वा स्थानीय स्तरमा हुने गरेका विविधताबिचका एकतासम्बन्धी अभ्यासहरू खोजी गर्नुहोस् ।

३. विविधतामा एकताका लागि तपाईंले खेलेका कुनै चारओटा भूमिकालाई उदाहरणसहित उल्लेख गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ४ हाम्रा राष्ट्रिय गौरव

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

गौरव आत्मसम्मानको अनुभूति हो । हामी नेपालीलाई हाम्रा विरताका इतिहास, पौराणिक कलाकौशल, राष्ट्रिय वैभव झल्काउने अलौकिक चिह्नहरू, विश्वलाई चिनाउने प्राकृतिक, सामाजिक सांस्कृतिक सम्पदा आदिले गौरवताको अनुभूति दिलाउँछन् ।

यस पाठमा राष्ट्रिय गौरवको परिचय, केही महत्त्वपूर्ण राष्ट्रिय गौरवहरू, यसको महत्त्वको जानकारी दिने र यिनीहरूको संरक्षण गर्न अवलम्बन गर्नुपर्ने उपायहरू सिकाउने साथै विद्यार्थीलाई संरक्षणका लागि उत्प्रेरित गर्ने विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, सिर्जनात्मक कार्य, समूह कार्य, मस्तिष्क मन्थन आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीले नेपाली राष्ट्रिय गौरवको पहिचान गरी तिनीहरूको सम्मान गर्ने र संरक्षण कार्यमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्क्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न | – हाम्रा राष्ट्रिय गौरवको अवधारणा बताउन<br>– बहुसांस्कृतिकता, वीरता, राष्ट्रिय झन्डा, राष्ट्रिय गान, लुम्बिनी र सगरमाथालाई राष्ट्रिय गौरव भनिनुको कारण बताउन<br>– आफ्नो स्थानीय तह वा प्रदेशमा राष्ट्रिय गौरव झल्काउने सम्पदाको खोजी गर्दै तिनीहरू प्रति गौरव गरी संरक्षणका उपायहरू अवलम्बन गर्न । |

**(ग) शैक्षणिक सामग्री :** राष्ट्रिय झन्डा, नेपालको संविधान, चित्र, स्लाइड, श्रव्यदृश्य सामग्री, कुनै राष्ट्रिय गीत वा स्वदेश गान, पत्रिकाको न्युज कटिङ, कार्डवोर्ड वा लुज सिट, साइनपेन आदि

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआति क्रियाकलाप

राष्ट्रिय गौरव झल्किने खालको कुनै श्रव्यदृश्य सामग्री कक्षामा प्रस्तुत गर्नुहोस्, जस्तै : बिहान उठ्ने वित्तिकै हिमाल देख्न पाइयोस् ...। गीत सुनाइसकेपछि सो गीतका गायक, रचनाकार र सङ्गीतकारको नाम बताउन भन्नुहोस् । सोको जानकारी विद्यार्थीबाट आउन नसके आफूले प्रस्ट पार्नुहोस् । त्यसपछि उक्त गीतको मर्म र भाव के हो भनी विद्यार्थीलाई आपसमा छलफल गर्न लगाउनुहोस् । केहीबेरको छलफलपछि उनीहरूका विचारहरू समेट्दै उक्त गीतको मर्म र भाव बताउदैं दिंदै **हाम्रा राष्ट्रिय गौरव** विषय वस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

### क्रियाकलाप १ चित्र भिडियो प्रस्तुति र छलफल

कक्षामा ठुलो आकारमा देखिने गरी लुम्बिनीको मायादेवी मन्दिर, विश्वको सर्वोच्च शिखर सगरमाथा, पशुपतिनाथको मन्दिर, जानकी मन्दिर तथा अन्य विरता झल्किने चित्र वा भिडियोहरू एक एक गरेर प्रस्तुत गर्दै सो सम्बन्धमा

उनीहरूले पाएको महत्त्वपूर्ण जानकारी बताउन सबै विद्यार्थीलाई प्रेरित गर्नुहोस् । त्यसपछि राष्ट्रिय झन्डा प्रदर्शन गर्दै प्रत्येक विद्यार्थीलाई उक्त झन्डाका सम्बन्धमा एक वाक्य भन्न लगाउनुहोस् । सबै विद्यार्थीका विचारलाई सम्मान र आवश्यक सुझाव दिँदै यी सबै हाम्रा राष्ट्रिय गौरव र विश्वमा नेपाली भनेर चिनाउने सान हुन् भनी जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २ प्रश्नोत्तर र छलफल**

कक्षाका सबै विद्यार्थीलाई तपाइँको समुदाय, स्थानीय तह वा प्रदेशअन्तर्गत राष्ट्रिय गौरव झल्काउने कुनै वस्तु वा सम्पदा छन् कि ? भनी प्रश्न गर्दै प्रत्येक बेन्चमा रहेका विद्यार्थीलाई आपसमा छलफल गर्न लगाउनुहोस् । छलफलबाट आएको कुरा प्रस्तुतिका लागि सामान्य खाका दिनुहोस् ।

जस्तै : के वस्तु वा सम्पदा ?

किन गौरवमय छ ?

कसरी संरक्षण गर्नुपर्छ ?

सबै समूहको प्रस्तुतिका लागि धन्यवाद दिँदै हामी नेपालीसँग विश्वका अन्य मुलुकसँग नभएका राष्ट्रिय गौरवका कुरा छन् । यी सबै नेपालका पहिचान र नेपालीका सान हुन् । त्यसैले हामीले विश्वसामु स्थापित हाम्रा गौरवलाई कायम राख्दै नयाँ गौरवका क्षेत्रको खोजी तथा पहिचान पनि गर्नुपर्छ भन्ने सन्देश दिँदै यस क्रियाकलापलाई टुङ्ग्याउनुहोस् ।

**क्रियाकलाप ३ समूह कार्य र छलफल**

सिकाइ पाटीमा ठुला ठुला  अक्षरमा बहुसांस्कृतिकता, वीरता, राष्ट्रिय झन्डा, राष्ट्रिय गान, लुम्बिनी र सगरमाथा लेख्नुहोस् । प्रत्येक विद्यार्थीलाई तीमध्ये आफूलाई मन पर्ने कुनै एक राष्ट्रिय गौरव रोज्न भन्नुहोस् । सोही आधारमा समूह विभाजन गर्नुहोस् । यदि विद्यार्थी सङ्ख्या कुनै समूहमा धेरै फरक भएमा फेरि सोचेर कम विद्यार्थी भएको समूहमा जान प्रेरित गर्नुहोस् । समूह विभाजन पछि इन्टरनेट वा अन्य स्रोतसामग्रीसमेत खोजी गरी सम्बन्धित विषयवस्तुमा व्यापक छलफल गरी सम्बन्धित गौरवको परिचय, महत्त्व समेटेर लिखीत वक्तृता तयार गर्न र समूहबाट कुनै एक जनाले प्रस्तुत गर्न निर्देशनसहित सोका लागि समय पनि तोक्नुहोस् । प्रत्येक समूहको प्रस्तुति अगि नै समूहको प्रस्तुतिको मूल्याङ्कन गरी सुझाव दिन अर्को कुनै समूहलाई तोक्नुहोस् र निम्नअनुसारको मूल्याङ्कन खाका पनि दिनुहोस् । पुनश्चः सबै समूहले यस क्रममा उपयोग गरेका स्रोतसामग्रीको विवरण वक्तृता प्रस्तुत गर्नु पूर्व बताउनु पर्ने कुरा पनि पहिले नै बताई दिनुहोस् । यस क्रियाकलापका लागि विद्यार्थीलाई पूर्व जानकारी दिएमा उनीहरूको तयारी अझै राम्रो हुन सक्छ ।

मूल्याङ्कन गर्ने समूहको नाम :

वक्तृता प्रस्तुत गर्ने समूहको नाम :

| | | | |
|---|---|---|---|
| सहभागीहरूको सक्रियता | राम्रो | ठिकै | सुधार्नु पर्ने |
| अन्य स्रोत सामग्रीको प्रयोग | राम्रो गरेको | केही गरेको | नगरेको |
| विषयवस्तुको प्रस्तुतीकरण (परिचय र महत्त्वसमेत समेटेको हुनु पर्ने) | राम्रो | ठिकै | सुधार्नु पर्ने |
| अन्य सुझाव | | | |

प्रत्येक समूहको प्रस्तुति र समूह मूल्याङ्कनलाई आँफुले पनि राम्रोसँग अवलोकन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान तथा अभिलेखीकरण पनि गर्नुहोस् ।

**क्रियाकलाप ४ भिडियो प्रर्दशन तथा छलफल**

हाम्रा राष्ट्रिय गौरवसँग सम्बन्धित सबै वा कम्तीमा पनि विरतासँग सम्बन्धित र बुद्ध जन्मभूमि लुम्बिनीको श्रव्य दृश्य सामग्री प्रस्तुत गर्दै उक्त सामग्रीबाट विद्यार्थीले के के कुरा सिकेका रहेछन् सो जानकारी लिनका लागि केही प्रश्न पनि सोध्नुहोस् । क्रियाकलापको अन्यमा शिक्षकले यस पाठको सम्पूर्ण सार वा निचोडसहित नेपालीलाई चिनाउने यी गौरवको सम्मान गर्नु पर्ने कारणहरू पनि बताइदिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

(अ) पाठको विषयवस्तुमा आधारित भएर गौरव वृक्ष बनाउन लगाउनुहोस् । उक्त वृक्षको काण्डलाई गौरवलाई उठाउने भाग, छ ओटा हाँगा बनाएर त्यसमा छ ओटा गौरव लेख्न र सम्बन्धित गौरवअन्तर्गत पर्ने कुरालाई ससाना हाँगा बनाई देखाउन लगाई सोको मूल्याङ्क गरी अभिलेखीकरण पनि गर्नुहोस्

**मूल्याङ्कनका सम्भावित आधार**

| विद्यार्थीको नाम | प्रस्तुततिमा सिर्जनशीलता | विषयवस्तु समेट्न सके नसकेको | प्रस्तुतिमा स्पष्टता |
|---|---|---|---|

नोट : अति उत्तमलाई ४, राम्रोलाई ३, मध्यमलाई २ र सामान्यलाई १ अङ्क दिन सकिने छ ।

(आ) पाठका क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही थप प्रश्नहरू**

१. राष्ट्रिय गौरव भन्नाले के बुझिन्छ ?

२. लुम्बिनी नेपालको राष्ट्रिय गौरव हो भनी तपाँइले कसरी चिनाउनु हुन्छ ?

३. नेपाली वीरताको कुनै एउटा आधिकारिक इतिहासलाई कथाका रूपमा व्यक्त गर्नुहोस् ।

४. नेपालको संविधानको अनुसूची १ का आधारमा नेपालको झन्डा तयार गर्नुहोस् ।

# एकाइ दुई : विकास र विकासका पूर्वाधार

**कार्यघण्टा : १०**

**१.एकाइ परिचय**

यस एकाइमा विद्यार्थीलाई मानव विकास सूचकाङ्कको अवधारणा, महŒव तथा आवश्यकता, सार्क मुलुकको मानव विकास सूचकाङ्कको अवस्था नेपालसँग तुलना गर्न, नेपालमा मानव विकास सूचकाङ्क सुधार हुन नसक्नाका कारणहरू र सुधार गर्नका लागि ध्यान दिनु पर्ने कुराहरूको जानकारी गराउने विषयवस्तुहरू समावेश गरिएका छन् । यसै गरी दिगो विकासको अवधारणा, उद्देश्य, आयाम, दिगो विकासका लागि ध्यान दिनुपर्ने पक्षहरू, दिगो विकास प्रवर्धन गर्ने उपायहरू, नेपालमा भएका संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था, दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासहरूको जानकारी दिने विषयवस्तु समाविष्ट छन् । यस्तै सङ्घीयताको अवधारणा, सङ्घीय शासन

प्रणालीको आवश्यकता तथा महत्त्व, फाइदाहरू र सङ्घीयताको सफल कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्षहरूको जानकारी दिने विषयवस्तुहरू समावेश गरिएका छन् । त्यस्तै यस एकाइमा राष्ट्रिय गौरवका आयोजना, नेपालमा राष्ट्रिय गौरवका आयोजना छनोटको पृष्ठभूमि, राष्ट्रिय गौरवका आयोजनाको महत्त्व, यस्ता आयोजना समयमा सम्पन्न हुन नसक्नुका कारण र सम्पन्न गर्नका लागि आवश्यक सुझाव दिने जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तैः सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ साथै कक्षामा भएका सबै प्रकारका बालबालिकाहरू सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्दछ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि पाठ्यक्रमले अपेक्षा गरेका सञ्चार सिप, सिर्जनात्मक चिन्तन, समालोचनात्मक चिन्तन, सहकार्यलगायतका व्यवहारकुशल सिपहरूको विकासमा सहयोगी हुने खालका छलफल र अन्तरक्रिया, परियोजना कार्य, खोज तथा अनुसन्धान, नाटकीकरण, घटना अध्ययन, सिमुलेसन, प्रयोगात्मक विधि र सामुदायिक कार्य /परियोजना कार्य जस्ता क्रियाकलाप अवलम्बन गर्नुपर्दछ । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू पनि सञ्चालन गर्न सक्नुहुने छ ।

**२. विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण**

| पाठ | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न | - मानव विकास सूचकाङ्कको अवधारण समेटिएको पावर पोइन्ट स्लाइड<br>- मानव विकासका आधारभूत पक्षहरू झल्कने चित्र वा भिडियो<br>- मानव विकास सूचकाङ्क को महŒव तथा आवश्यकता लेखिएको चार्टपेपर<br>- सार्क मुलुकको मानव विकास सूचकाङ्कको अवस्था लेखिएको चार्ट<br>- केही उच्च र न्युन मानव विकास सूचकाङ्क भएका राष्ट्रहरूको नाम लेखिएको चार्टपेपर<br>- नेपालमा मानव विकास सूचकाङ्कको अवस्थामा सुधार गर्नका लागि ध्यान दिनुपर्ने पक्षहरूसँग सम्बन्धित चित्र तथा तस्बिरहरू | २ |
| २. | दिगो विकास | दिगो विकासको अवधारण र भएका प्रयस बताउन एवम् व्यक्तिले गर्न सक्ने योगदानको चर्चा गर्न | - पावरपोइन्ट स्लाइड<br>- दिगो विकासलाई मध्यनजर गरेर गरिएको र दिगो विकासलाई मध्यनजर नगरीकन गरिएको दुई फरक किसिमको विकासको अवस्था झल्कने चित्र<br>- दिगो विकासका उद्देश्यहरू लेखिएको चार्ट<br>- दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासहरू लेखिएको चार्ट | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | - दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरूसँग सम्बन्धित चित्रहरू<br>- दिगो विकासका आयामहरूको चार्ट | |
| ३. | नेपालमा सङ्घीयता | नेपालमा विकासको सङ्घीय र प्रादेशिक अवधारणा र कार्य क्षेत्र प्रस्तुत गर्न | - नेपालको प्रदेशहरू उल्लिखित नक्सा<br>- स्थानीय, प्रदेश र सङ्घीय सरकारका कार्य क्षेत्रहरूको सूची चार्ट | ३ |
| ४. | राष्ट्रिय गौरवका आयोजनाहरू | नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको परिचय र उपलब्धि उल्लेख गर्न | - नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको ,चित्र र फोटोहरू र भिडियो<br>- आवश्यकताअनुरूप मेटाकार्ड, प्लेकार्ड<br>- नेपालमा हालसम्मका घोषित राष्ट्रिय गौरवका आयोजनाहरूको सूची चार्ट<br>- देस विकासका लागि राष्ट्रिय गौरवका विकास आयोजनाहरूको महत्त्वको चार्ट<br>- नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू समयमा सम्पन्न हुन नसक्नाका कारणहरूको स्लाइड वा चार्ट<br>- विकास आयोजना तोकिएको समयमा सम्पन्न गर्न ध्यान दिनुपर्ने आवश्यक पक्षहरूको स्लाइड वा चार्ट | ३ |

## पाठ : १ मानव विकास सूचकाङ्क

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

मानव विकास भनेको मानिसको शैक्षिक, सामाजिक, स्वास्थ्य अवस्थामा आएको सकारात्मक परिवर्तन हो । कुनै पनि देशको आर्थिक, सामाजिक, शैक्षिकलगायतका क्षेत्रमा प्रगतिको स्तर वा अवस्था देखाउने सूचक नै मानव विकास सूचकाङ्क हो ।

यस पाठमा विद्यार्थीलाई मानव विकास सूचकाङ्कको अवधारणा, महत्त्व तथा आवश्यकता, सार्क मुलुकको मानव विकास सूचकाङ्कको अवस्था नेपालसँग तुलना गर्न, नेपालमा मानव विकास सूचकाङ्क सुधार हुन नसक्नाका कारणहरू र सुधार गर्नका लागि ध्यान दिनु पर्ने कुराहरूको जानकारी गराउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, सिर्जनात्मक कार्य, मस्तिष्क मन्थन, रनिङ डिक्टेसन आदि जस्ता विधि तथा क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीहरू मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| मानव विकास सूचकाङ्कको अवधारणा बताउन र नेपालको स्थितिलाई अन्य सार्क राष्ट्रहरूसँग तुलना गर्न । | – मानव विकास सूचकाङ्कको अवधारणा बताउन<br>– मानव विकास सूचकाङ्कको महत्त्व तथा आवश्यकता उल्लेख गर्न<br>– सार्क मुलुकको मानव विकास सूचकाङ्कको अवस्था नेपालसँग तुलना गर्न<br>– विश्वका केही उच्च र न्यून मानव विकास सूचकाङ्क भएका राष्ट्रहरूको उदाहरण दिन<br>– नेपालमा मानव विकास सूचकाङ्क सुधार हुन नसक्नाका कारणहरू र मानव विकास सूचकाङ्क सुधार गर्नका लागि आवश्यक सुझाव प्रस्तुत गर्न |

**(ग) शैक्षणिक सामग्री**

- मानव विकास सूचकाङ्कको अवधारणासँग सम्बन्धित स्लाइड/चार्ट
- मानव विकासका आधारभूत पक्षहरू झल्कने चित्र
- मानव विकास सूचकाङ्कको महत्त्व तथा आवश्यकता लेखिएको चार्ट
- सार्क मुलुकको मानव विकास सूचकाङ्कको अवस्था लेखिएको तालिका
- केही उच्च र न्यून मानव विकास सूचकाङ्क भएका राष्ट्रहरूको नाम लेखिएको तालिका

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

मानव विकास भनेको के होला ? विद्यार्थीलाई प्रश्न सोध्नुहोस् र उनीहरूबाट आएको जवाफलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् । विद्यार्थीका विचारलाई समेट्दै मानव विकासको अवधारणा प्रस्ट पार्नुहोस् ।

> मानवको शैक्षिक, आर्थिक र स्वास्थ्य अवस्थामा सुधार हुँदै जानु नै मानव विकास हो ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह छलफल र प्रस्तुति**

विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी पाठ्यपुस्तकमा दिइएको घटना अध्ययन गरी मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुत गर्दा पहिले आइसकेका बुँदा नदोहोर्‍याउन निर्देशन दिनुहोस् । प्रस्तुतिपछि निम्नानुसारको प्रश्नमा आधारित भई छलफल गराउनुहोस् ।

(क) दिइएको सन्दर्भ के सँगसम्बन्धित छ ?

(ख) दिइएको सन्दर्भमा कुन कुन मानव विकासका पक्षहरूको उल्लेख गरिएको छ ?

(ग) राम अवतारको परिवार सुखी र खुसी हुनका कारणहरू के के हुन् ?

**क्रियाकलाप २ चित्र प्रदर्शन र छलफल**

क्रियाकलाप एकसँग सम्बन्धित गर्दै मानव विकासका आधारभूत पक्षहरूको चित्र वा उदाहरणमार्फत मानव विकासको अवधारणा प्रस्ट पारिदिनुहोस् ।

मानव विकास भन्नाले मानवको जीवनस्तरमा गुणात्मक परिवर्तन आउनु हो । मानव जीवनमा परिवर्तन ल्याउने विविध पक्षहरूको गुणाङ्कलाई मानव विकास सूचकाङ्क भनिन्छ । मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने शिक्षा (साक्षरता प्रतिशत), स्वास्थ्य (औसत आयु), रोजगारी (प्रतिव्यक्ति आय), पूर्वाधारको विकासका पक्षहरूको अध्ययन नै मानव विकास सूचकाङ्कअन्तर्गत पर्दछन् ।

**क्रियाकलाप ३ पावर पोइन्ट वा चार्ट प्रस्तुति**

मानव विकास सूचकाङ्कका महŒवपूर्ण पक्षहरू शैक्षणिक पाटीमा लेखेर वा पावर पोइन्ट स्लाइडमार्फत विभिन्न उदाहरणहरू दिँदै मानव विकास सूचकाङ्कको अवधारणा प्रस्ट पारिदिनुहोस् ।

**शिक्षाः** शिक्षाले मानिसमा चेतना वृद्धि गर्छ, जस्तैः ज्ञान, सिप, कार्यानुभव आदिको बढोत्तरी गराउँछ । रोजगारी, स्वास्थ्य, विकास, व्यक्तिगत, सामुदायिक तथा राष्ट्रिय चेतना लगायतका पक्षहरूमा शिक्षित र अशिक्षित मानिसमा आकाश जमिनको फरक पाइन्छ । शिक्षित मानिसमा राजनीतिक, सामाजिकलगायत चेतना हुन्छ र समाज तथा राज्यको भावी परिवर्तनमा महŒवपूर्ण भूमिका खेल्न सक्छ । मानिसको जीवनस्तरमा शिक्षाले अर्थपूर्ण भूमिका खेल्छ ।

**स्वास्थ :** स्वास्थ्यले मानिसलाई दीर्घजीवी बनाउँछ । स्वास्थ्य नै धन हो तथा स्वस्थ शरीर स्वस्थ मस्तिष्कको उपज हो पनि भनिन्छ । जीउ रहे घिउ पिउँन पाइन्छ भन्ने उक्तिले शरीर स्वस्थ रहे अन्य जुनसुकै बाधा व्यवधान सम्हाल्न र जीवनमा उन्नति प्रगति गर्न बाटो खुला हुन्छ भन्ने कुरातर्फ इङ्गीत गर्दछ ।

**रोजगारी :** रोजगारीले आयआर्जन बढाई जीवनका अन्य पक्षहरूमा सहयोग गर्छ । यसले मानिसलाई आत्मनिर्भर बढाउँछ । रोजगार मानिसले आफ्ना, परिवारको दैनिक चाहना पूरा गराउँन सक्छ । बेरोजगारी व्यक्ति, परिवार र राज्यकै लागि ठुलो समस्या हो ।

**पूर्वाधार विकास :** सिचाईं, सञ्चार, विद्युत्, सडकलगायतको विकासले मानव जीवनस्तरमा गुणात्मक वृद्धि गर्दछ । पूर्वाधारको राम्रो विकास भएको ठाउँमा मानिसहरूको जीवनस्तर उच्च रहने र कम भएको ठाउँमा जीवनस्तर कमजोर रहने गर्दछ । काठमाडौँ र जुम्लाका मानिसमा फरकपन हुने कारण नै स्थान विशेषमा पूर्वाधार विकासको फरकले हो ।

**क्रियाकलाप ४ तालिका प्रस्तुति र छलफल**

सार्क मुलुकको सबैभन्दा पछिल्लो मानव विकास सूचकाङ्कको तालिका प्रस्तुत गर्नुहोस् र छलफल गर्नुहोस् । सार्कमा कुन देशको मानव विकास सूचकाङ्क सबैभन्दा बढी, कुन देशको घटी छ ? र यसको कारण के के हुन सक्छन् ? भन्ने विषयमा विद्यार्थीको धारणा लिनुहोस् र अन्तमा शिक्षकले स्पष्ट पारिदिनुहोस् ।

मानव विकास प्रतिवेदन २०२२ अनुसार सार्क मुलुकको मानव विकास सूचकाङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्रम | देश | अङ्क | क्रम | देश | अङ्क |
|---|---|---|---|---|---|
| ७३ | श्रीलङ्का | ०.७८२ | १३२ | भारत | ०.६३३ |
| ९० | माल्दिभ्स | ०.७४७ | १४३ | नेपाल | ०.६०२ |
| १२७ | भुटान | ०.६६६ | १६१ | पाकिस्तान | ०.५४४ |
| १२९ | बङ्गलादेश | ०.६६१ | १८० | अफगानिस्तान | ०.४७८ |

स्रोत: UNDP मानव विकास प्रतिवेदन, २०२२

**क्रियाकलाप ५ रनिङ डिक्टेसन**

मानव विकास सूचकाङ्कको महŒव तथा आवश्यकता सम्बन्धमा रनिङ डिक्टेसन गराउनुहोस् । यसका लागि सुरुमा कक्षालाई चार वा पाँच समूहमा विभाजन गर्नुहोस् । खेलको नियम र प्रक्रिया बताइदिनुहोस् । समूहको कामलाई व्यवस्थित बनाउन, जिम्मेवारी तोक्न एक दुई मिनेट सल्लाह गर्न समय दिनुहोस् । मानव विकास सूचकाङ्कको महŒव तथा आवश्यकता लेखिएको चार्टपेपर कक्षा बाहिरको भित्तामा चारपाँच ठाउँमा टाँस्नुहोस् । प्रत्येक समूहमा एक जना टिपोटकर्ता छनोट गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई बाहिर चार्ट पेपरमा लेखिएका कुरा पढेर याद गरेर आएर टिपोटकर्तालाई कापी वा चार्टपेपरमा टिप्न लगाउनुहोस् । कापीमा टिप्न र फोटो खिच्न नपाइने कुरा बताइदिनुहोस् । समय सुरु भएपछि समूहका विद्यार्थीलाई सम्झेका कुरा पालैपालो टिपोटकर्तालाई भन्न लगाउनुहोस् । जुन समूहले छिटो सक्छ, त्यो समूहलाई विजयी घोषित गर्नुहोस् । समूहले टिपेका कुरा पालैपालो भन्न लगाई मिले नमिलेको यकिन गर्नुहोस् ।

मानव विकास सूचकाङ्कको महŒव वा आवश्यकता

- देशको आर्थिक सामाजिक शैक्षिकलगायतको क्षेत्रमा भएको प्रगतीको अवस्था थाहा पाउन
- सूचकाङ्कका आधारमा विकास योजना तर्जुमा गर्न
- मानवीय विकासको अवस्थामा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न
- मानव विकास सुधारका रणनीति वा कार्यक्रम तय गर्न
- अन्य देशको मानव विकासको अवस्थासँग तुलना गर्न

**क्रियाकलाप ६ चार्ट प्रस्तुति र छलफल**

सन् २०२१-२२ मा उच्च र न्यून मानव विकास सूचकाङ्क भएका राष्ट्रहरूको नाम लेखिएको चार्ट देखाउँदै नेपालको मानव विकास सूचकाङ्क को अवस्था अन्य मुलुकको भन्दा कम हुनाका कारणहरू शैक्षणिक पाटीमा बुँदागत रूपमा लेखेर छलफल गर्न लगाउनुहोस् ।

युएनडिपीका अनुसार मानव विकासमा ०.९६२ सूचकाङ्कका साथ स्विट्जरल्यान्ड पहिलो स्थानमा रहेको छ। अफ्रिकी मुलुक दक्षिण सुडान ०.३८५ सूचकाङ्कका साथ मानव विकासमा अन्तिम अर्थात् ११९औं स्थानमा रहेको छ। धेरै उच्च मानव विकास भएका १० मुलुकमा स्विट्जरल्यान्डका साथै नर्वे, आइसल्यान्ड, हङकङ, अस्ट्रेलिया, डेनमार्क, स्विडेन, आयरल्यान्ड, जर्मनी र नेदरल्यान्ड रहेका छन्। मानव विकास सूचकाङ्कमा बेलायत १८ औं, जापान १९औं, अमेरिका

२१औँ र चीन ७९औँ स्थानमा रहेका छन्। मानव विकास सूचकाङ्कको अन्तिम सूचीमा रहेका १० देशमा दक्षिण सुडानसहित चड, नाइजर, सेन्ट्रल अफ्रिकन रिपब्लिक, बुरुन्डी, माली, मोजाम्बिक, बुर्किना फासो, यमन र गिनी रहेका छन्।

**क्रियाकलाप ७ समूह छलफल**

नेपालमा मानव विकास सूचकाङ्कको अवस्थामा सुधार गर्नका लागि ध्यान दिनुपर्ने पक्षहरूको सम्बन्धमा समूह छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस्।

मानव विकास सूचकाङ्क अवस्थामा सुधार गर्नका लागि निम्नलिखित कुरामा ध्यान दिन आवश्यक देखिन्छः

(क) वैज्ञानिक, प्राविधिक र सिपमूलक शिक्षामा जोड दिनुपर्छ।

(ख) शैक्षिक क्षतिलाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ।

(ग) जनताको औसत आयुको अवस्था सुधार गर्न पोषण, सरसफाइ र सर्वसुलभ स्वास्थ्य सेवा र सुविधाको विकास गर्नुपर्छ।

(घ) जनतालाई रोजगारमूलक, स्वरोजगारमूलक आयआर्जनका कार्यक्रमसँग आबद्ध गर्नुपर्छ।

(ङ) शासकीय सुधारका पक्षलाई व्यवस्थित गर्नुपर्छ।

(च) जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्छ।

(छ) मानव अधिकार, स्वतन्त्र न्याय प्रणाली, समावेशीकरण, सुशासन र जनसहभागीताको स्तर अभिवृद्धि गर्नुपर्छ।

**क्रियाकलाप ८ तालिकामा प्रस्तुति**

दिइएको मानव विकास प्रतिवेदनको सार अध्ययन गरी प्राप्त तथ्यलाई तालिकामा प्रस्तुत गर्न लगाउनुहोस्।

नेपालको मानव विकास सूचकाङ्क तीन वर्षयताकै कमजोर देखिएको छ। संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम (युएनडिपी) ले सार्वजनिक गरेको प्रतिवेदनले सन् २०१८ देखि २०२१ सम्म नेपालको मानव विकास सूचकाङ्क निरन्तर ओरालो लागेको देखाएको हो।

युएनडिपीले सार्वजनिक गरेको मानव विकास प्रतिवेदन २०२१/२२ ले नेपालको मानव विकास सूचकाङ्क (एचडिआई) मूल्य ०.६०२ देखिएको छ। जुन तीन वर्षयता कै न्यून हो। त्यसअगि २०१९/२० मा नेपालको मानव विकास सूचकाङ्क मूल्य ०.६०४ थियो भने सन् २०१८/१९ मा ०.६११ रहेको थियो। पछिल्ला तीन आर्थिक वर्षयता नेपालको मानव विकास सूचकाङ्क मूल्य ०.००९ ले घटेको छ।

युएनडिपीका अनुसार मानव विकास मापन गरिएका एक सय ९१ मुलुकमध्ये नेपाल एक सय ४३ औँ स्थानमा रहेको छ। गत वर्ष नेपाल एक सय ४२ औँ स्थानमा रहेको थियो। सन् २०१९ मा नेपाल एक सय ४७ औँ स्थानमा रहेको थियो। समीक्षा अवधिमा नेपालमा लैङ्गिक समानतामा राम्रो सुधार देखिएको छ। नेपालको लैङ्गिक विकास सूचकाङ्क ०.८९७ छ। महिलाको मानव विकास सूचक ०.५४९ रहेको छ भने पुरुषको ०.६१२ छ।

नेपालीको औसत आयु ७०.५ वर्ष छ, जसमा महिलाको औसत आयु ७१.९ वर्ष र पुरुषको ६९ वर्ष छ। कुल प्रतिव्यक्ति राष्ट्रिय आय (जिएनआई) दुई हजार सात सय ४८ अमेरिकी डलर छ। यसमा महिलाको जिएनआई दुई हजार एक सय १३ अमेरिकी डलर र पुरुषको तीन हजार पाँच सय १० अमेरिकी डलर छ।

**तालिकाको नमुना**

| सूचक / वर्ष | सन् २०१८/१९ | सन् २०१९/२० | सन् २०२०/२१ |
|---|---|---|---|
| मानव विकास सूचकाङ्क | | | |
| औसत आयु | | | |
| प्रतिव्यक्ति आम्दानी | | | |

**क्रियाकलाप ९ जोडी जोडीमा छलफल र निष्कर्ष प्रस्तुति**

सन् २०२१-२२ नेपालको मानव विकास सूचकाङ्क पछिल्ला तीन आर्थिक वर्षयताकै कमजोर देखिनुका कारण के हुन सक्लान भनी विद्यार्थी जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**नेपालको मानव विकास सूचकाङ्क कमजोर देखिनुका कारणहरू**

- असमानता
- विपत्
- महामारी
- गरिबी
- बेरोजगारीको समस्या
- बौद्धिक पलायन
- विश्वमा देखापरेका अस्थिर घटनाक्रम

**(ङ) मूल्याङ्कन / प्रतिबिम्बन**

(अ) पाठका क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँगसम्बन्धित थप प्रश्नको आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही थप प्रश्नहरू

१. मानव विकास सूचकाङ्क कसले प्रकाशीत गर्ने गर्छ ?
२. मानव विकास सूचकाङ्कले मुख्य के कुराको जानकारी दिन्छ ?
३. नेपालले मानव विकास सूचकाङ्कमा सुधार गर्न के के कुरामा ध्यान पुऱ्याउनु पर्छ ?

(आ) निम्न परियोजना कार्य गर्न लगाई उक्त कार्यलाई परियोजना फाइलमा राख्न लगाउनुहोस् ।
इन्टरनेट, पुस्तकालय वा पत्रपत्रिकाको सहायताले नेपालको अगिल्लो पाँच वर्षको मानव विकास सूचकाङ्क खोजी गर्नुहोस् । त्यसको व्याख्या विश्लेषण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(च) थप अध्ययन सामग्री**

जततउकस्रधधधालउआनयखालउरलउरअबतभनयचथरलभउबा)जगफबल)मभखभयिऊभलत)चभउयचतक

**पाठ : २ दिगो विकास**

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

विकासका क्रममा साधन स्रोतको समुचित सदुपयोग गरी भावी पुस्ताले पनि स्रोतको प्रयोग गर्न पाउने अवस्था निर्माण गर्नु दिगो विकास हो । वातावरणको प्रभावकारी संरक्षण गर्न, प्राकृतिक स्रोत र साधनको विवेकसम्मत एवम् सावधानीपूर्ण उपयोग गर्नु दिगो विकासको उद्देश्य रहेको छ । यस पाठमा दिगो विकासको अवधारणा, उद्देश्य, आयाम, दिगो विकासका लागि ध्यान दिनुपर्ने पक्षहरू, दिगो विकास प्रवर्धन गर्ने उपायहरू, नेपालमा भएका संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था, दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासहरूको जानकारी दिने विषयवस्तु समाविष्ट छन् । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको विकास गरिएको छ । शिक्षकले

आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुनेछ । यस पाठमा विद्यार्थीलाई दिगो विकासको स्पष्ट धारणा दिएर नेपालका दिगो विकासका लागी भएका प्रयासहरू के के छन् जानकारी गराउनु र दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू खोजी गर्न लगाउनु यस पाठको मुख्य ध्येय रहेको छ त्यस्तै विद्यार्थीमा यससँग सम्बन्धित परियोजना कार्य मार्फत दिगो विकाससँग सम्बन्धित ज्ञान सिप र मूल्यको विकास गराउने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| दिगो विकासको अवधारणा र भएका प्रयास बताउन एवम् व्यक्तिले गर्न सक्ने योगदानको चर्चा गर्न | – दिगो विकासको अवधारणा बताउन<br>– दिगो विकासका लागि ध्यान दिनुपर्ने पक्षहरू बुँदागत रूपमा लेख्न<br>– दिगो विकासको उद्देश्य बताउन<br>– दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासहरूको चर्चा गर्न<br>– दिगो विकासका लागि नेपालमा भएका संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था उल्लेख गर्न<br>– दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू बताउन<br>– दिगो विकासका आयामको चार्ट बनाउन |

**(ग) शैक्षणिक सामग्री**

- दिगो विकाससँगसम्बन्धित स्लाइड /पोस्टर/ चार्ट
- दिगो विकासलाई सम्बोधन गरेर गरिएको र दिगो विकासलाई सम्वोधन नगरीकन गरिएको दुई फरक किसिमको विकासको अवस्थाको चित्र
- दिगो विकासका उद्देश्यहरू लेखिएको चार्ट
- दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासहरू लेखिएको चार्ट
- दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरूसँग सम्बन्धित चित्रहरू
- दिगो विकासका आयामहरूको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ)सुरुआती क्रियाकलाप**

दिगो विकासलाई सम्बोधन गरिएको र दिगो विकासलाई सम्बोधन नगरिएको दुई फरक किसिमको विकासको अवस्थाको चित्र विद्यार्थीलाई देखाउनुहोस् । ती चित्रहरू सम्बन्धमा विभिन्न प्रश्न गर्दै विद्यार्थीका विचारलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् र उनीहरूको विचारलाई समेत समेट्दै दिगो विकासको अवधारणा सम्बन्धमा छलफल गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह कार्य र सन्देश प्रस्तुति**

पाठ्यपुस्तकमा दिइएको चमेलीको गाउँको कथा समूहगत रूपमा अध्ययन गर्न लगाउनुहोस र त्यहाँबाट महŒवपूर्ण बुँदा टिपोट गर्न लगाउनुहोस् । चमेलीको गाउँमा के के समस्या देखा परे ? त्यस्तो समस्या किन आयो ? आगामी दिनमा त्यस्ता समस्या आउन नदिन के कुरामा ध्यान दिनुपर्ला ? आदि प्रश्नमा छलफल गर्दै कथाको सार र सन्देश प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ समूह छलफल र निष्कर्ष**

पत्रपत्रिकामा छापिएका दिगो विकासको ख्याल नगरीकन गरिएको विकाससम्बन्धी समाचारका कटिङहरू कक्षामा प्रस्तुत गर्नुहोस् र ती समाचार विकास वा विनाश के सँग सम्बन्धित छन् ? के कारणले गर्दा विकासको सट्टा

विनाश भएको रहेछ ? आदि प्रश्न गर्दै समूहमा छलफल गराउनुहोस् र समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**सडकका कारण वातावरण विनाश**

११ भदौ, पर्वत । गाउँगाउँमा मोटरबाटो पुऱ्याउन भनी विकासको नाममा जथाभावी खनिएका अधिकांश सडकका कारण जिल्लामा प्राकृतिक सम्पदाको नास हुँदै गएको छ ।

वातावरणीय प्रभाव मूल्याङ्कन नै नगरी धमाधम ग्रामीण सडक निर्माण तथा विस्तार गर्ने क्रमसँगै प्राकृतिक स्रोतको विनासका साथै प्रकोपको खतरा बढेको हो ।

जिल्लाका ५५ गाविस र अधिकांश गाविसका वडामा समेत सडक सुविधा पुगिसकेको भए पनि बिना सर्भेक्षण खनिएका बाटोका कारण वर्षाको समयमा गाडी नचल्ने त छँदै छ बाढी पहिरोको खतरासमेत बढेर गएको छ ।

वर्षाको पानी सडकमा भल बगेर आउने र सडकमा उपयुक्त निकासको व्यवस्था नहुँदा कतिपय स्थानमा बस्ती बगाउने खतरासमेत बढ्दै गएको छ ।

नयाँ बाटो बनाउन तथा पुराना बाटोहरू मर्मतको नाममा समेत डोजरको प्रयोगले पानीका मूलसमेत सुक्न थालेका छन् । वनमा जथाभावी डोजर लगाएर रुख मासेर मोटरबाटो खन्न थालेपछि सामुदायिक वन क्षेत्रमा रहेका जडीबुटीसमेत हराउन थालेका छन् ।

गाउँ गाउँमा टोलैपिच्छे सडक पुऱ्याउने होडबाजी चलेपछि जथाभावी सडक खनिएको र भिरालो जमिनको माटो बग्दै जान थालेकाले धेरै बस्तीसमेत खतरामा पर्दै गएका छन् ।

सामुदायिक वन उपभोक्ता महासङ्घ पर्वतका अध्यक्ष किशोर सापकोटा भन्नुहुन्छ, "प्रभावकारी संयन्त्र नबनाउने हो भने कुनै दिन ठुलै विपत्तीको सामना गर्नुपर्छ । घरदैलोमा गाडी गुडाउने सपना देखेर गाउँगाउँमा डोजर भित्र्याएका सर्वसाधारणलाई मोटरबाटोका कारण उठिबास हुनुपर्ने अवस्था आएको गाउँले बताउँछन् ।

(मिति २०७० भदौ ११को अनलाइन खबर पत्रिकाबाट साभार)

**क्रियाकलाप ३ छलफल र विचार प्रस्तुति**


दिगो विकासका लागि ध्यान दिनुपर्ने पक्षहरू बुँदागत रूपमा लेखिएको चार्ट टाँसेर बुँदागत रूपमा छलफल चलाउनुहोस् र विद्यार्थीलाई आफ्ना विचार राख्ने अवसर दिनुहोस् ।

**दिगो विकासको लागि ध्यान दिनुपर्ने पक्षहरू**

- **वातावरण संरक्षण**
- **प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोग**
- **स्थानीय कला संस्कृति र सम्पदाको संरक्षण**
- **सामाजिक सद्भाव कायम**
- **मितव्ययी जीवनशैली**

### क्रियाकलाप ४ मेटाकार्डमा विचार प्रस्तुति

दिगो विकास किन आवश्यक पर्छ भन्ने प्रश्न सोध्नुहोस् । मेटाकार्ड हरेक विद्यार्थीलाई उपलब्ध गराउनुहोस् र मेटाकार्डमा एक एकओटा विचार लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका कुरा पालैपालो कक्षामा टाँस्न लगाउनुहोस् ।



विद्यार्थीका विचारलाई जोड्दै शिक्षकले चार्ट प्रस्तुत गर्दै दिगो विकासको उदेश्य स्प्रस्ट पारिदिनुहोस् ।

दिगो विकासका उद्देश्य

१. वातावरणको प्रभावकारी संरक्षण गर्ने

२. स्रोतसाधनको विवेकपूर्ण उपयोग गर्ने

३. दिगो आर्थिक विकास गर्ने

४.सामाजिक सद्भाव र एकता कायम गर्ने

५.गरिबी निवारण र सामाजिक न्याय कायम गर्ने

६.मानवीय विकासका पक्षको सवलीकरण गर्ने

७. प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्ने

८. सुशासन र नागरिक अधिकार सुनिश्चित गर्ने

### क्रियाकलाप ५ स्रोत सामग्री अध्ययन

दिगो विकासका लागि भएका विश्वव्यापी प्रयासहरू सम्बन्धमा विभिन्न स्रोतसामग्री वा पाठ्यपुस्तक अध्ययन गर्न लगाई प्राप्त जानकारीलाई चार्टमा प्रस्तुत गर्न लगाउनुहोस् र कक्षामा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ समूह छलफल र निष्कर्ष प्रस्तुति**


कक्षालाई तीन समूहमा विभाजन गर्नहोस् । दिगो विकासका लागि नेपालमा भएका संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाहरू सम्बन्धमा स्रोत सामग्री वा पाठ्यपुस्तक समूह समूहमा छलफल गर्न लगाई छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ८ संवाद**

दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू के के हुन सक्छन् भनी विद्यार्थीलाई जोडी जोडीमा छलफल गर्न लगाउनुहोस् । जोडीका विचारहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । उनीहरूको विचारलाई समेत समेट्दै दिगो विकासलाई प्रवर्धन गर्ने उपायहरू सम्बन्धमा छोटो संवाद तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ चार्ट निर्माण र प्रस्तुति**

दिगो विकासका आयामहरू चार्ट वा स्लाइडमार्फत जानकारी गराउनुहोस् र कुन आयामअन्तर्गत कुन कुन पक्षहरू पर्दछन् भन्ने प्रस्ट पारिदिनुहोस् । आयामको व्याख्या गरिदिनुहोस् र विद्यार्थीलाई पनि यस्तै चार्ट बनाई कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।




**क्रियाकलाप १० तालिकामा प्रस्तुतीकरण**

दिइएका पक्षहरू दिगो विकासका कुन आयाममा पर्छ पहिचान गरी तलको तालिकामा भर्न लगाउनुहोस् ।

स्रोतसाधनको पुनः उपयोग, गरिबी निवारण, सुशासन, प्रविधिको उपयोग, विकेन्द्रीकरण, सामाजिक सद्भाव, संस्कृतिको हस्तान्तरण, स्रोतसाधनको न्यायोचित वितरण, भविष्यको सुनिश्चितता सूचना प्रविधिको प्रयोग, कानुनी शासन

| वातावरणीय आयाम | आर्थिक आयाम | सामाजिक आयाम | सांस्कृतिक आयाम | प्राविधिक आयाम | मानविय आयाम | शासकिय तथा राजनीतिक आयाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**(ङ) मूल्याङ्कन**

यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

(क) दिगो विकास भनेको के हो ?
(ख) दिगो विकास प्रवर्धन गर्ने कुनै चारओटा उपायहरू उल्लेख गर्नुहोस् ।

**(च) परियोजना कार्य**

पाठ्यपुस्तकमा दिइएको सामुदायिक कार्य गर्न लगाउनुहोस् र आवश्यक मापदण्ड बनाई मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

**(छ) सन्दर्भ तथा स्रोत सामग्री**

दिगो विकाससम्बन्धी थप जानकारी चाहिएमा यो लिङ्कमा जानुहोला :

1. जततउकस्ररलउआनयखालउरष्बनभकरअबतभनयचथरकमन)ाष्लबाौउमा
2. जततउकस्ररधधधाथयगतगदभाअफरधबतअजरुख.द्दकच्श्तठध्द्दद्दधग

| विद्यार्थीको नाम | परियोजना / प्रयोगात्मक कार्य तयारी (४) | विषयवस्तुको प्रस्तुति(४) | सिर्जनशिलता(२) | सहकार्य , जिम्मेवारी, सक्रियता र समय पालना (२) | कक्षामा प्रस्तुतीकरण (२) | अभिलेखीकरण (२) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| राजन | ४ | ३ | २ | २ | १.५ | २ | १४.५ |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## पाठ : ३ नेपालमा सङ्घीयता

**अनुमानित कार्यघण्टा : ३**

### (क) पाठ परिचय

सङ्घीयता भनेको शासन सञ्चालनको ढाँचा हो । यस पाठमा सङ्घीयताको अवधारणा, सङ्घीय शासन प्रणालीको आवश्यकता तथा महŒव, फाइदाहरू र सङ्घीयताको सफल कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्षहरूको जानकारी दिने विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरण पश्चात विद्यार्थीमा सङ्घीयताको प्रादेशिक अवधारणा, यसको पृष्ठभूमि, यसमा भएको व्यवस्था, यसका फाईदा, सङ्घीयता पछि भएका परिवर्तनहरू, स्थानीय, प्रदेश र सङ्घीय सरकारका काम तथा सङ्घीयता बलियो बनाउने उपायहरूसम्बन्धी ज्ञान सीप र धारणाको विकास हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - नेपालमा विकासको सङ्घीय र प्रादेशिक अवधारणा र कार्यक्षेत्र प्रस्तुत गर्न । | – सङ्घीय तथा प्रादेशिक विकासको अवधारणा र नेपालमा सङ्घीय सरकारको ढाँचा बताउन<br>– सङ्घीय शासन प्रणालीको आवश्यकता तथा महŒव उल्लेख गर्न<br>– सङ्घीय शासन प्रणालीका फाइदाहरू बताउन<br>– स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रिय सरकारका कार्य क्षेत्रहरू बताउन<br>– सङ्घीयताको सफल कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्षहरू उल्लेख गर्न<br>– विश्वका विभिन्न मुलुकमा अभ्यासमा आएका फरक फरक सङ्घीयताका ढाँचाहरू र तिनका मुख्य विशेषताहरू खोजी गर्न |

### (ग) शैक्षणिक सामग्री

- सात प्रदेश खुल्ने नेपालको नक्सा
- स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रिय सरकारका कार्य क्षेत्रहरूको सूची चार्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

नेपालमा पहिला कस्तो शासन व्यवस्था थियो ? प्रश्न सोधी विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् । उनीहरूका अनुमानलाई पालैपालो भन्न लगाउनुहोस् र सिकाइ पाटीमा टिप्दै जानुहोस् । टिपेका कुरालाई जोड्दै आजको विषयवस्तुमा

प्रवेश

गर्नुहोस् ।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १  चार्ट वा स्लाइड प्रदर्शन र छलफल**

सङ्घीयताको अवधारणा उल्लिखित चार्ट वा स्लाइड प्रदर्शन गरी सङ्घीयताको अवधारणा सम्बन्धमा छलफल गराइ निष्कर्ष बताइदिनुहोस् ।

**क्रियाकलाप २ नक्सा प्रस्तुति र छलफल**

नेपालमा सङ्घीय राज्यको ऐतिहासिक पृष्ठभूमिको चिनारी गराउँदै नेपालको नक्सा देखाउँदै सङ्घीय  लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको संरचना (ढाँचा) का बारेमा छलफल गरी प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ जोडीमा पढाइ र सारांश प्रस्तुति** **( एबष्च चभबमष्लन बलम उबष्च कगक्रभचष्शाष्लन)**

- विद्यार्थीलाई जोडी जोडीमा बस्न लगाउनुहोस् । एकजना विद्यार्थीलाई स्वयम्सेवकको रूपमा अगाडि आउन भन्नुहोस् । शिक्षकले पाठमा दिइएको रुपेशले बोलेको पहिलो अनुच्छेदलाई पढेर सुनाउनहोस् र त्यस अनुच्छेदको सारांश भन्नुहोस् । स्वयमसेवी विद्यार्थीलाई  सो अनुच्छेदसँग सम्बन्धित रहेर प्रश्न सोध्न लगाउनुहोस् ।
- अब विद्यार्थीलाई दोस्रो अनुच्छेद पनि जोडी जोडीमा यसरी नै पढ्न, सारांश भन्न र प्रश्न सोध्न लगाउनुहोस् ।
- यसपछि तेस्रो अनुच्छेदमा जोडीको भूमिका परिवर्तन गर्नुहोस् । जोडीमा दोस्रो अनुच्छेद पढ्ने र सारांश भन्ने विद्यार्थीलाई प्रश्न गर्न र प्रश्न सोध्ने विद्यार्थीलाई पढ्न र सारांश भन्न लगाउनुहोस् ।
- बिच बिचमा केही विद्यार्थीलाई आफूले पढेको र सारांश भनेको तथा अर्को साथीलाई प्रश्न के सोधेको थियो भन्न लगाउनुहोस् । अब पालैपालो बाँकी अनुच्छेदमा पनि यसरी नै क्रियाकलाप गराउनुहोस् ।

**क्रियाकलाप ४ सिर्जनात्मक प्रस्तुति**

नेपालमा सङ्घीय शासन प्रणालीको आवश्यकता सम्बन्धमा गीत/कविता वा कथा तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५  घटना अध्ययन**

सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै देशमा आएका सकारात्मक परिवर्तनहरू अनुमान गर्न लगाई छलफल गर्नुहोस् र शिक्षकले कुनै घटना वा सान्दर्भिक उदाहरण वा चित्रहरू प्रदर्शन गर्दै प्रस्ट पारिदिनुहोस् ।

**सङ्घीय  शासन प्रणालीको कार्यान्वयनसँगै देसमा आएका सकारात्मक परिवर्तनहरू**

- केन्द्रबाट प्राप्त हुने सरकारी सेवा सुविधाहरू स्थानीय तहबाट उपलब्ध हुन थालेको
- विकास क्षेत्रको अवधारणबाट मुलुक प्रदेश संरचनामा गएको
- नगरपालिकाको सङ्ख्या बढ्नुको साथै सहरीकरणको क्षेत्र पनि बढेको

- एक सरकारको अभ्यासबाट स्थनीय, प्रदेश र सङ्घीय सरकारको अभ्यास भएको
- लामो समयदेखि रोकिएका निर्वाचन समयमा भएको
- स्थानीय सरकारको पहलमा विकास निर्माणले तीव्रता पाएको

**क्रियाकलाप ६ रनिङ डिक्टेसन**

सङ्घीयताको फाइदा अथवा महŒव सम्बन्धमा रनिङ डिक्टेसन गराउनुहोस् ।

**सङ्घीयताको फाइदा**

- जनसहभागीताको अवसर उपलब्ध हुने
- समावेशीतालाई जोड दिएको
- सामूहिक र सांस्कृतिक पहिचानलाई प्रोत्साहन दिने
- स्थानीय र प्रदेश सरकारलाई पनि कर उठाउने अधिकार रहेको
- सिंहदरवार गाउँमै आएको अनुभूति हुने
- विकासले तव्रिता पाउने

**क्रियाकलाप ७ खोजी र प्रस्तुति**

स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारका कार्य क्षेत्रहरूका सम्बन्धमा नेपालको संविधान, पाठ्यपुस्तक वा अन्य सन्दर्भ सामग्रीबाट खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्

**तीन तहको सरकारका कार्य**

**स्थानीय सरकारको कार्य**

- स्थानीय कर उठाउने
- शान्ति सुरक्षा स्थापना गर्न नगर प्रहरी परिचालन गर्ने
- आधारभूत तथा माध्यमिक विद्यालय सञ्चालन गर्ने
- विपत् व्यवस्थापनको कार्य गर्ने

**प्रदेश सरकारको कार्य**

- आफ्नो प्रदेशको विकासका लागि नीति बनाउने
- प्रदेश कर उठनउन पाउने
- प्रदेशभित्रको स्रोत साधनको उपयोग गर्ने

**सङ्घीय सरकारको कार्य**

- सेना परिचालन गर्ने
- अन्य देशसँग कूटनीतिक सम्बन्ध कायम राख्ने
- ठुला विकासका आयोजना सञ्चालन गर्न

**क्रियाकलाप ८ सम्पादकीय निर्माण र प्रस्तुति**

सङ्घीयताको सफल कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्षहरू सम्बन्धमा चार समूहमा रही सम्पादकीय तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ९ स्लाइड वा चार्टमार्फत प्रस्तुति**

विश्वका विभिन्न मुलुकमा अभ्यासमा आएका फरक फरक सङ्घीयताका ढाँचाहरू र तिनका मुख्य विशेषताहरू स्लाइड वा चार्टमार्फत जानकारी गराउनुहोस् ।

**क्रियाकलाप १० प्रश्नवल**

विद्यार्थीलाई खुला चउरमा लैजानुहोस् । थोरै विद्यार्थी र कक्षाकोठा ठुलो भए कक्षाकोठाभित्रै पनि यो क्रियाकलाप गराउन सकिन्छ । यसको लागि एउटा सानो प्लास्टिकको वल लिनुहोस् । शिक्षकले आज पढाएको विषयवस्तुसँग सम्बन्धित भई कुनै एक प्रश्न सोध्नुहोस् र बल कुनै एक जना विद्यार्थीलाई पास गर्नुहोस् । बल पाउने विद्यार्थीले शिक्षकले सोधेको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ, जस्तै नेपालमा कति प्रदेश रहेका छन् ? नेपालमा सङ्घीयताको कार्यान्वयन कहिलेबाट
भयो ?

शिक्षकले सोधेको प्रश्नको उत्तर दिइसकेपछि विद्यार्थीले अर्को एउटा प्रश्न सोधी बल साथीलाई फ्याँक्छ । बल पाउने विद्यार्थीले प्रश्नको उत्तर दिई अगिकै प्रक्रियाअनुसार कामलाई अगाडि बढाउनु पर्ने छ । सबैको पालो आइसकेपछि खेल सम्पन्न गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. सङ्घीयताको परिचय दिनुहोस् ।
२. सङ्घीयताको कुनै चारओटा फाइदा लेख्नुहोस् ।
३. नेपालमा सङ्घीयताको स्थापनापछि भएका सकारात्मक परिवर्तनको सूची तयार पार्नुहोस् ।
४. नेपालमा सङ्घीयताका प्रभावकारी कार्यान्वयन गर्न के के कुरामा ध्यान दिनुपर्ला ?

विद्यार्थीले तयार पारेको सम्पादकीयलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| **समूह** | **जिम्मेवारी बहन** | **समूहको सक्रियता** | **सम्पादकीयको ढाँचा** |
|---|---|---|---|
| **क** | | | |
| **ख** | | | |
| **ग** | | | |

**(च) परियोजना कार्य**

विभिन्न स्रोतसामग्री तथा इन्टरनेटबाट खोजी गरी विश्वका विभिन्न मुलुकमा अभ्यासमा आएका फरक फरक सङ्घीयताका ढाँचाहरू र तिनका मुख्य विशेषताहरू खोजी गर्नुहोस् ।

| **सङ्घीय मुलुकको नाम** | **सङ्घीय ढाँचा** | **प्रमुख विशेषता** |
|---|---|---|
| जर्मनी | | |
| संयुक्तराज्य अमेरिका | | |
| रसिया | | |
| भारत | | |
| क्यानडा | | |
| अस्ट्रेलिया | | |

**(छ) सन्दर्भ तथा स्रोत सामग्री**

जततउकस्ररधधधामझयअचबअथचभकयगचअभायचनरलभर

## पाठ : ४ राष्ट्रिय गौरवका आयोजनाहरू

**अनुमानित कार्य घण्टा : ३**

### (क) पाठ परिचय

देशको आर्थिक, सामाजिक विकास र समृद्धिका लागि योगदान पुऱ्याउने राष्ट्रिय महŒवका आयोजनाहरू राष्ट्रिय गौरवका आयोजना हुन् । यस्ता आयोजनाले देशको दीर्घकालीन विकास र समृद्धिका आधारहरू तयार पार्छन् । नेपाल सरकारले विभिन्न समयमा घोषणा गरी कार्यान्वयनमा आएका विभिन्न राष्ट्रिय गौरवका आयोजनाहरू रहेका छन् ।

यस पाठमा राष्ट्रिय गौरवका आयोजना, नेपालमा राष्ट्रिय गौरवका आयोजना छनोटको पृष्ठभूमि, राष्ट्रिय गौरवका आयोजनाको महŒव, यस्ता आयोजना समयमा सम्पन्न हुन नसक्नुका कारण र सम्पन्न गर्नका लागि आवश्यक सुझावसम्बन्धी विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थी नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाको परिचय दिन र यस्ता आयोजनाहरूको उपलब्धि उल्लेख गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

| **पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| - नेपालका राष्ट्रिय गौरवका विकास आयोजनाहरूको परिचय र उपलब्धि उल्लेख गर्न | – विकास आयोजनाको परिचय दिन<br>– राष्ट्रिय गौरवका आयोजनाहरूको परिचय दिन<br>– नेपालमा राष्ट्रिय गौरवका आयोजना छनोटको ऐतिहासिक पृष्ठभूमि बताउन<br>– राष्ट्रिय गौरवका आयोजनाको महŒव उल्लेख गर्न<br>– तोकिएको समयमा विकास आयोजना सम्पन्न गर्न आवश्यक सुझाव दिन |

### (ग) शैक्षणिक सामग्री

- नेपालमा हालसम्मका घोषित राष्ट्रिय गौरवका आयोजनाहरूको सूची चार्ट
- देस विकासका लागि राष्ट्रिय गौरवका आयोजनाहरूको महŒवको चार्ट
- राष्ट्रिय गौरवका आयोजनाहरूको चित्र तथा भिडियो

- तोकिएको समयमा विकास आयोजना सम्पन्न गर्न ध्यान दिनुपर्ने आवश्यक पक्षहरूको स्लाइड वा चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

राष्ट्रिय गौरवका आयोजनासँग सम्बन्धित कुनै एक चित्र वा भिडियो प्रस्तुत गर्दै निम्न प्रश्नहरूमा आधारित भई छलफल गर्नुहोस् ।

(क) चित्र वा भिडियो केसँग सम्बन्धित छ ?

(ख) चित्र वा भिडियोमा कुन कुन पक्षहरू देखाइएको छ ?

(ग) चित्र वा भिडियोमा देखाइएको कार्यले देश विकासमा के योगदान पुऱ्याउँछ होला ?

(घ) के तपाईँको जिल्ला वा पालिकामा पनि यस्ता आयोजनाहरू छन् ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ प्रश्नोत्तर र छलफल**

कस्ता आयोजनालाई राष्ट्रिय गौरवको आयोजना भनिन्छ ? विद्यार्थीलाई प्रश्न गर्नुहोस् । विद्यार्थीको उत्तर सुनिसकेपछि शिक्षकले उनीहरको विचारलाई समेत जोड्दै राष्ट्रिय गौरवको आयोजनाको अवधारणा स्पष्ट पार्नुहोस् ।

योजनाबद्ध रूपमा सङ्घीय सरकारद्वारा सञ्चालन गरेको योजनालाई राष्ट्रिय गौरवको आयोजना भनिन्छ । यस्ता योजनाले राष्ट्रिय पहिचान राख्नुका साथै आम नागरिकलाई लाभ पुऱ्याउने गर्छ ।

**क्रियाकलाप २ राउन्ड टेबुल छलफल**

देस विकासका लागि राष्ट्रिय गौरवका आयोजनाहरूको महŒवका सम्बन्धमा समूहमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीको निष्कर्षलाई समेट्दै शिक्षकले यसका महŒवका बुँदाहरूको चार्ट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।

**राष्टिय गौरवको आयोजनाको महŒव**

- देशको आर्थिक विकास
- भौतिक पूर्वाधारको विकास
- पुरातात्त्विक सम्पदाको संरक्षण
- सामाजिक विकास
- शैक्षिक विकास
- प्राकृतिक स्रोतको संरक्षण

**क्रियाकलाप ३ चार्ट वा तालिका प्रस्तुति र छलफल**

नेपालमा राष्ट्रिय गौरवका आयोजना छनोटको ऐतिहासिक पृष्ठभूमिको सन्दर्भ तालिका वा चार्टमार्फत उल्लेख गर्नुहोस् ।

नेपाल सरकारले विभिन्न दृष्टिले महŒवपूर्ण देखिएका राष्ट्रिय गौरवका आयोजनाहरूको घोषणा गर्ने गरेको छ ।

| **घोषणा** | **घोषणा मिति** | **राष्ट्रिय गौरवका आयोजनाको सङ्ख्या** |
|---|---|---|
| पहिलो पटक | आ.व. २०६८-६९ | १७ ओटा |
| दोस्रो पटक | आ.व. २०७०-७१ | ४ ओटा |
| तेस्रो पटक | आ.व. २०७५-७६ | १ ओटा |
| चौथो पटक | आ.व. २०७६-७७ | १ ओटा |
| पाँचौं पटक<br>(बजेट वक्तव्यमार्फत) | आ.व. २०७७-७८ | १ ओटा |

**क्रियाकलाप ४  सूची प्रस्तुति र छलफल**

कक्षालाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई पाठमा दिइएको दुई दुईओटा राष्ट्रिय गौरवका आयोजना पर्ने गरी विभिन्न स्रोत सामग्री, इन्टरनेट र पाठ्यपुस्तकमार्फत खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

शिक्षकले नेपालमा हालसम्मका घोषित राष्ट्रिय गौरवका आयोजनाहरूको सूची चार्ट प्रदर्शन गर्दै केहि आयोजनाहरूको चित्र तथा भिडियो प्रदर्शनमार्फत विवरण र ती आयोजनाबाट पुग्ने फाइदाहरूका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**तालिका नं. २.१ : राष्ट्रिय गौरवमा आयोजनाहरूको निर्माण शुरू भएको र सम्पन्न हुने मिति**

| सि.नं. | आयोजनाको नाम | निर्माण शुरू भएको आ.व. | निर्माण सम्पन्न हुने आ.व. |
|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | २०६१/६२ | २०७७/७८ |
| २ | बबई सिँचाइ आयोजना | २०४५/४६ | २०७९/८० |
| ३ | रानीजमरा कुलरिया सिँचाइ आयोजना | २०६७/६८ | २०८०/८१ |
| ४ | सुनकोशी मरिण डाइभर्सन आयोजना | २०७६/७७ | २०८०/८१ |
| ५ | महाकाली सिँचाइ आयोजना | २०६३/६४ | २०८०/८१ |
| ६ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | २०६८/६९ | २०७९/८० |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | २०६७/६८ | २०७७/७८ |
| ८ | बुढीगण्डकी जलविद्युत् आयोजना | २०६९/७० | २०८३/८४ |
| ९ | विद्युत् प्रसारण आयोजना | २०६७/०६८ | – |
| १० | पश्चिम सेती जलविद्युत् आयोजना | – | – |
| ११ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | २०७२/७३ | २०७७/७८ |
| १२ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २०७३/७४ | २०७९/८० |
| १३ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | २०७१/७२ | २०८५/८६ |
| १४ | रेल्वे तथा मेट्रो विकास आयोजना | २०६६/६७ | – |
| १५ | हुलाकी लोकमार्ग | २०६६/६७ | २०७९/८० |
| १६ | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | २०७९/८० |
| १७ | उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग | २०६५/६६ | २०८०/८१ |
| १८ | उत्तर दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | २०६५/६६ | २०८०/८१ |
| १९ | उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग | २०६५/६६ | २०७९/८० |
| २० | काठमाण्डौ-तराई मधेस द्रुतमार्ग | २०७४/७५ | २०८०/८१ |
| २१ | मेलम्ची खानेपानी आयोजना | २०५५/५६ | २०७७/७८ |
| २२ | पशुपति क्षेत्र विकास कोष | २०७०/७१ | २०७८/७९ |
| २३ | लुम्बिनी क्षेत्र विकास कोष | २०६९/७० | २०७८/७९ |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | २०९३/९४ |

*स्रोत :- सम्बन्धित आयोजनाबाट प्राप्त विवरणको आधारमा तयार पारिएको ।*

**क्रियाकलाप ५  चार्ट वा स्लाइड प्रस्तुति र छलफल**

नेपालमा सञ्चालित कतिपय राष्ट्रिय गौरवका आयोजना समयमा सम्पन्न हुन नसक्नाका कारणहरू र समयमा सम्पन्न गर्न ध्यान दिनुपर्ने पक्षहरू सम्बन्धमा स्लाइड वा चार्टमार्फत छलफल गर्नुहोस् ।

**क्रियाकलाप ६  अवलोकन भ्रमण र प्रतिवेदन तयारी**

विद्यार्थीलाई राष्ट्रिय गौरवका आयोजनामध्ये आफ्नो प्रदेशमा पर्ने आयोजनाहरू पहिचान गर्न लगाई कुनै एक राष्ट्रिय गौरवका आयोजनाको अवलोकन गर्न लगाई निम्नलिखित ढाँचामा प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।

- परिचय
- उद्देश्य
- विधि
- पत्ता लगाइएका कुरा
- निष्कर्ष र सुझाव

**क्रियाकलाप ७ प्रश्न बल**

- सहभागीहरूलाई खुला चउर वा कक्षाकोठामा गोलो घेरामा उभिन लगाउनुहोस् ।
- एउटा प्लास्टिकको बल लिएर यो पाठमा छलफल गरीएका विषयवस्तुमा आधारित भएर प्रश्नबल क्रियाकलाप गराउनुहोस् ।

## (ङ) मूल्याङ्कन

तल दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्

१. राष्ट्रिय गौरवका आयोजनाको महŒव बुँदागत रूपमा लेख्नुहोस् ।

२. तपाइँको प्रदेशमा रहेको कुनै एक राष्ट्रिय गौरवको आयोजनाको नाम लेखी त्यसले त्यहाँका जनतालाई पुऱ्याएको फाइदाको सूची तयार पार्नुहोस् ।

विद्यार्थीले गरेको अवलोकन भ्रमण र प्रतिवेदन प्रस्तुतिलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| विद्यार्थीको नाम | परियोजना / प्रयोगात्मक कार्य तयारी (४) | विषयवस्तुको प्रस्तुति(४) | सिर्जनशिलता (२) | सहकार्य , जिम्मेवारी, सक्रियता र समय पालना (२) | कक्षामा प्रस्तुतीकरण (२) | अभिलेखीकरण (२) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| राजन | ४ | ३ | २ | २ | १.५ | २ | १४.५ |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## (च) परियोजना कार्य

आफ्नो प्रदेशका रहेका राष्ट्रिय गौरवका आयोजनाको सम्भव भएमा अवलोकन गरी वा इन्टरनेटलगायत विभिन्न स्रोतबाट खोजी गरी परियोजना कार्य सम्पन्न गरी शिक्षकलाई देखाउनुहोस र पछि प्रयोगात्मक फाइलमा राख्नुहोस् ।

## (छ) थप सन्दर्भ सामग्री

राष्ट्रिय गौरवका आयोजनासम्बन्धी थप अध्ययनका लागि उपयोगी लिङ्क :

जततउकस्ररधधधालउआनयखालउरषबनभकरअबतभनयचथरल्बतष्यलबा(एचष्मभ)द्दण्ठठ)ाष्लबा)यच)धभदज्ञाउमा

## आयोजनाका फोटोहरू

### १. सिक्टा सिंचाइ आयोजना



राप्ती नदीमा बनेको ब्यारेज



पश्चिम मूल नहरमा पानी सञ्चालन

### २. बबई सिँचाइ आयोजना



पश्चिम मूल नहर निर्माण बेसलाइन मधुवन नगरपालिका



पूर्वी मूल नहर

### ३. महाकाली सिँचाइ आयोजना



टनकपुर मूल नहर



डुपएटवैतडा खोला



नहर लाइनिङ कार्य टनकपुर मूल नहर



बगुन नहर साइफन

### ४. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना



टनेल र स्लोप संरक्षण



निर्माणाधीन बाँध स्थल

### ७. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल



Terminal Building





















# एकाइ : ३ हाम्रा सामाजिक मूल्य र मान्यता

**कार्यघण्टा : १४**

## १. एकाइ परिचय

मानव समाजको विकाससँगै भौगोलिक अवस्था, हावापानी आदि कारणले गर्दा मानिसले फरक फरक खानपान, रहनसहन, वेशभूषा र सांस्कृति मान्दै आएका छन् । मानव समाजले विभिन्न सामाजिक नियमसमेत बनाएका हुन्छन् ।

त्यसमा पनि नेपाल जस्तो विविधतापूर्ण देशमा विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति आदिका कारणले गर्दा समाजमा विभिन्न खाले मूल्य र मान्यता रहेका हुन्छन् । आफ्नो समुदायमा रहेका मूल्य र मान्यताको पालना र संरक्षण गर्न तथा समाज वा समुदायमा रहेका विभिन्न मूल्य र मान्यताप्रति सम्मान व्यक्त गर्न विद्यार्थीहरूलाई यस्ता मूल्य र मान्यताको जानकारी हुन आवश्यक छ ।

नेपालको गौरवपूर्ण कला, सँस्कृति र सम्पदाहरूको संरक्षण र प्रबर्द्धन गर्न नागरिकहरूमा यसबारे जानकारी हुनै पर्दछ । त्यसका लागि हाम्रा विगतमा विकास भएका शास्त्रीय तथा लोक बाजाहरू, गीतहरू, नृत्यहरू आदिबारे जानकारी दिने तथा यी सम्पदाहरूप्रति गर्व गर्न र यिनीहरूको समुचित विकास, सम्बर्द्धन गर्ने अभिवृत्ति भएका नागरिक तयार गर्न आवश्यक पर्दछ ।

वैश्वीकरणका कारण एउटा गाउँका रूपमा विकास भएको वर्तमान विश्वमा देशभित्र मात्र नभई विश्वभर आफूलाई समायोजन गर्न सक्ने बन्नुपर्ने भएको छ । यसरी विश्वको एक कुनामा भएका घटना र विकासले विश्वभर प्रभाव पार्ने भएको छ । विश्वबन्धुत्व र मानवता जस्ता विश्वदृष्टिकोण भएका नागरिक तयार गर्न समेत आवश्यक छ ।

समतामूलक समाजका नागरिकका रूपमा ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्नसमेत अभिप्रेरित गर्न आवश्यक छ ।

यस एकाइमा भएका विषयवस्तुहरूको सिकाइ सहजीकरण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तैः सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ साथै कक्षामा भएका सबै प्रकारका बालबालिकाहरू सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्दछ । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धता समेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## २. विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ. काघ |
|---|---|---|---|---|
| १. | हाम्रो राष्ट्रिय सम्पदा | हाम्रा सम्पदाहरूको पहिचान र महŒव बताउन एवम् संरक्षण कार्यमा सहभागी हुन | – विद्यालय नजिकका राष्ट्रिय सम्पदाहरू (जस्तै : इन्द्रेश्वर मन्दिर क्षेत्र पनौती, जानकी मन्दिर जनकपुर, नुवाकोट दरबार क्षेत्र, गोरखा दरबार) को भिडियो वा फोटो<br>– विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका चार सम्पदाहरूको भिडियो वा फोटो<br>– न्युजप्रिन्ट पेपर, ग्लु ट्याग वा डबलटेप आदि<br>– ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड (सम्भव भएमा) | २ |
| २. | हाम्रा लोकगीत | हाम्रा लोक तथा शास्त्रीय कलाको महŒव बताउन र | – नेपालका विभिन्न लोकगीतहरूको भिडियो वा अडियो<br>– भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड (सम्भव भएमा)<br>– अडियो बजाउने उपकरण (म्युजिक प्लेयर वा मोबाइल फोन)<br>– न्युजप्रिन्ट पेपर, ग्लु ट्याग वा डबलटेप आदि | २ |

| | | | | |
|---|---|---|---|---|
| | | संरक्षण कार्यमा सहभागी हुन | | |
| ३. | नेपाली लोकबाजा | हाम्रा लोक तथा शास्त्रीय कलाको महŒव बताउन र संरक्षण कार्यमा सहभागी हुन | – मादल, झ्याली जस्ता विद्यालयमा उपलब्ध बाजाहरू<br>– नेपालका विभिन्न लोकबाजाहरूको नमुना, तस्बिर वा भिडियो<br>– भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड<br>– तातोआलु खेलाउनका लागि सानो खाले भकुन्डो वा यस्तै वस्तु | २ |
| ४. | लोक तथा शास्त्रीय नृत्य | हाम्रा लोक तथा शास्त्रीय कलाको महŒव बताउन र संरक्षण कार्यमा सहभागी हुन | – नेपाली लोक तथा शास्त्रीय नृत्यका भिडियो (वा तस्बिर)<br>– भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड<br>– न्युजप्रिन्ट पेपर, ग्लु ट्याग वा डबलटेप आदि | २ |
| ५. | हाम्रा राष्ट्रिय दिवसहरू | राष्ट्रिय दिवसहरूको महŒव प्रस्तुति र सम्मान गर्न | विद्यालयमा विभिन्न दिवस वा उत्सव मनाएका फोटो तथा भिडियोहरू<br>भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड<br>चालु वर्षको नेपाली भित्तेपात्रो | २ |
| ६. | अन्तर्राष्ट्रिय व्यक्तित्वहरू | अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानबाट प्रेरणा लिन र आवश्यकताअनुसार अनुशरण गर्न | – नेल्सन मण्डेला र मलाला युसफजाईको जीवनीसँग सम्बन्धित फोटो वा भिडियोहरू<br>– नेल्सन मण्डेलाले राष्ट्रपतिको सपथग्रहण गर्दाको भाषण<br>– मलाला युसुफजाईले नोबेल पुरस्कार पाउँदा गरेको भाषणको अडियो, भिडियो वा लिखित प्रति<br>– भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड<br>– अडियो बजाउनका लागि म्युजिक प्लेयर वा मोबाइल फोन<br>– चार्ट पेपर, न्युजप्रिन्ट पेपर, ग्लु ट्याग वा डबलटेप आदि | १ |
| ७. | विश्ववन्धुत्व र मानवता | विश्ववन्धुत्व र मानवताको भावना परिपालन गर्न | – थप अध्ययन सामग्रीमा दिइएको पाठ्यांशको प्रिन्ट प्रति<br>– चार्ट पेपर, न्युजप्रिन्ट पेपर, ग्लु ट्याग वा डबलटेप आदि | १ |
| ८. | हाम्रो सामाजिक दायित्व | ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न | – “डोको” छोटो फिल्म डाउनलोड गरिएको फाइल<br>– ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको वर्तमान अवस्था, सरकारी र गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरू एवम् कानुनी व्यवस्था | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धमा पावरप्वाइन्ट स्लाइड भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड | |

## पाठ : १ हाम्रा राष्ट्रिय सम्पदा

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

हाम्रा पुर्खाहरूले निर्माण गरेका मन्दिर, गुम्बा, पाटीपौवा, भवन जस्ता भौतिक वस्तुहरू, रीतिरिवाज, परम्परा, चाडपर्व जस्ता सांस्कृतिक कुराहरू तथा प्रकृतिमा रहेका हिमाल, पहाड, नदीनाल जस्ता प्राकृतिक वस्तुहरू हाम्रा राष्ट्रिय सम्पदा हुन् । यस पाठमा सम्पदाको परिचय, प्रकार, महŒव, संरक्षणका उपायहरूका साथै विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको परिचय, महŒव र यस्ता सम्पदाहरूको संरक्षण र संवर्धन गर्ने उपायसम्बन्धी विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकता अनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यी सम्पदाहरूको जानकारीका साथै यिनीहरूको संरक्षण, संवर्धन र विकास गर्नका लागि भएका प्रयासहरूका बारेमा विद्यार्थीलाई जानकारी दिन तथा उनीहरूलाई यी सम्पदाहरूको संरक्षण, संवर्धन र विकास गर्न अभिप्रेरित गर्नु यो पाठको मुख्य उद्देश्य रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा सम्पदाहरूको पहिचान र महŒव बताउन एवम् संरक्षण कार्यमा सहभागी हुन | – सम्पदाको परिचय, प्रकार र महŒव बताउन<br>– सम्पदा संरक्षणका उपायहरू उल्लेख गर्न<br>– विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका सम्पदाहरूको परिचय दिन र महŒव बताउन<br>– यस्ता सम्पदाहरूको संरक्षण र संवर्धन गर्ने उपायहरू उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- विद्यालय नजिकका राष्ट्रिय सम्पदाहरू (जस्तै : इन्द्रेश्वर मन्दिर क्षेत्र, पनौती, जानकी मन्दिर जनकपुर, नुवाकोट दरबार क्षेत्र, गोरखा दरबार) को भिडियो वा फोटो
- विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका चार सम्पदाहरूको भिडियो वा फोटो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यालय नजिक रहेको कुनै स्थानीय वा राष्ट्रिय सम्पदाको भिडियो वा फोटो देखाई तलका वा यस्तै प्रश्नहरूका आधारमा छलफल गराउनुहोस् :

यो कुन सम्पदाको चित्र हो ?

यो सम्पदा कहिले बनेको होला ?

यो सम्पदा कसले बनाएको होला ?

यो सम्पदाको के महŒव छ ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह वा जोडीमा छलफल**

विद्यार्थीलाई समूह वा जोडीमा विभाजन गर्नुहोस् । पाठ्यपुस्तकमा दिइएका तस्बिर (ठुलो आकारको तस्बिर वा प्रोजेक्टरमा देखाएमा अझै राम्रो) अध्ययन गर्न लगाउनुहोस् । यी तस्बिरहरूका आधारमा ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूमा वर्गीकरण गर्न लगाउनुहोस् । आवश्यकताअनुसार विद्यार्थीलाई सहजीकरण गर्नुहोस् । त्यसपछि, तिनै वा अन्य सम्पदाहरूको नाम पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई मुर्त र अमूर्त सम्पदाहरूमा वर्गीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ वेबसाइडबाट खोजी र छलफल**

विश्व सम्पदा सूचीको परिचय दिनुहोस् । नेपालका चार सम्पदा क्षेत्रका १० सम्पदा स्थललाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको जानकारी गराउनुहोस् । **गल्भक्अइ** को वेबसाइट जततउकस्रधजआगलभकअयायचनरभलरष्कितर मा गएर विश्व सम्पदा सूची र त्यसमा नेपालका सम्पदाहरू देखाउनुहोस् र छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ समूह कार्य**

विद्यार्थीलाई पाँच समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई विश्व सम्पदा सूचीमा भएका नेपालका दुई दुई सम्पदाहरू जिम्मा लगाउनुहोस् । त्यसपछि तलका बुँदाहरूका आधारमा न्युजप्रिन्ट पेपर, चार्टपेपर वा सामान्य कापीमा तयारी गर्न लगाउनुहोस् । (विद्यालयमा सुविधा उपलब्ध भएमा पावरप्वाइन्ट स्लाइड बनाउन पनि सकिन्छ ।) विद्यार्थीलाई इन्टरनेट लगायतका स्रोतमा खोजी गर्न प्रेरित गर्नुहोस् ।

- सम्पदाको परिचय (नाम, स्थान, मुख्य विशेषताहरू आदि)
- विश्व सम्पदा सूचीमा सूचीकृत गर्नाका कारणहरू
- सम्पदा भ्रमणबारे जानकारी (उपयुक्त समय, यातायातका साधन, भ्रमण खर्च आदि)

प्रत्येक समूहलाई टोली नेता छनोट गर्न लगाउनुहोस् । (टोली नेता छनोट गर्दा यस अगि टोली नेता बन्न नपाएकालाई प्राथमिकता दिन लगाउनुहोस् ।) त्यसपछि विद्यार्थीलाई पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । अन्य समूहलाई पृष्ठपोषण गर्न तयार रहन भन्नुहोस् । एक समूहले प्रस्तुति सकेपछि बाँकी समूहलाई उक्त समूहको प्रस्तुतिमाथि पृष्ठपोषण गर्न लगाउनुहोस् । (धेरै समूह भएमा केही समूहलाई मात्र पृष्ठपोषण दिन लगाउन सकिन्छ ।) अन्त्यमा शिक्षकले आवश्यक भएमा आफ्नो पृष्ठपोषण दिनुहोस् । यसैगरी सबै समूहलाई

प्रस्तुति गर्न लगाउनुहोस् । अन्त्यमा समग्र सम्पदाहरूबारे आवश्यक भएमा थप जाानकारी दिनुहोस् र कक्षा समापन गर्नुहोस् ।

**क्रियाकलाप ५  सोच जोडी र आदानप्रदान**

अगिल्लो दिनको पुनरवलोकन गर्नुहोस् । विश्व सम्पदा सूचीमा सूचीकृत गर्न उपयुक्त अन्य सम्पदा छन् कि छैनन् ? भनेर प्रश्न गर्नुहोस् । विद्यार्थीले पक्कै सकारात्मक उत्तर दिनेछन् । त्यसपछि, विद्यार्थीलाई त्एक ९त्जष्लप(एबष्च(क्जबचभ० क्रियाकलाप गराउनुहोस् ।

विद्यार्थीहरूलाई जोडीमा विभाजन गर्नुहोस् । (विद्यार्थी बिजोर सङ्ख्यामा भएमा आफू पनि जोडीमा सामेल हुन सकिन्छ ।)

सबै विद्यार्थीलाई तलको प्रश्नको उत्तर सोच्न लगाउनुहोस् ।

प्रश्न : नेपालका कुनै दुई सम्पदाहरूलाई विश्व सम्पदा सूचीमा सिफारिस गर्नु परेमा तपाईं कुन कुन सम्पदाहरू सिफारिस गर्नुहुन्छ र किन ?

सबै विद्यार्थीलाई आफूले सोचेको उत्तर आफ्नो जोडीलाई बताउन लगाउनुहोस् ।

अन्त्यमा केही जोडीहरूलाई आफ्नो उत्तर समग्र कक्षालाई सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ६  पालैपालो लेखौँ**

दुईओटा न्युजप्रिन्ट पेपर लिनुहोस् । एउटामा “राष्ट्रिय सम्पदाको महŒव” र अर्कोमा “सम्पदा संरक्षणका उपायहरू” लेख्नुहोस् । कक्षाको दुई कुनामा न्यूजप्रिन्ट पेपर टाँस्नुहोस् । विद्यार्थीलाई पालैपालो गएर एक एक बुँदा लेख्न लगाउनुहोस् । अन्त्यमा दुवै सूची एक एक जना विद्यार्थीलाई ठुलो स्वरमा वाचन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ प्रश्न**

यस पाठका विभिन्न विषयवस्तुको सिकाइको अवस्था मूल्याङ्कन गर्न वा सिकाइलाई थप सवलीकरण गर्न यो क्रियाकलाप गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. सांस्कृतिक सम्पदा भनेको के हो ?

२. सगरमाथा राष्ट्रिय निकुञ्जलाई किन विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो ?

३. हाम्रा राष्ट्रिय सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्दा के फाइदा हुन्छ ?

४. हाम्रा राष्ट्रिय सम्पदाको एउटा महŒव बताउनुहोस् ।

५. हाम्रा राष्ट्रिय सम्पदा संरक्षण गर्न तपाईंले गर्नसक्ने एक कार्य बताउनुहोस् ।

**(च) परियोजना कार्य / प्रयोगात्मक कार्य**

विद्यार्थीलाई चारपाँच जनाको समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई कुनै एक स्थानीय सम्पदाको अध्ययन भ्रमण गर्न लगाई त्यसको प्रतिवेदन तयार गर्न लगाउनुहोस् । प्रतिवेदन तयार भइसकेपछि कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**(छ) थप अध्ययन सामग्री**

१. विश्व सम्पदा सूचीमा सूचीकृत गर्न प्रस्तावित नेपालका राष्ट्रिय सम्पदाहरू

| सम्पदाको नाम | प्रस्तावित वर्ष (इस्वी संवत्) |
|---|---|
| पनौतीको पूर्व मध्यकालीन वास्तुकला परिसर | ज्ञढढट |
| तिलौराकोट, प्राचीन शाक्य राज्यको पुरातात्Œवक अवशेष | ज्ञढढट |
| मुस्ताङको मुक्तिनाथ उपत्यकाको गुफा वास्तुकला | ज्ञढढट |
| गोरखाको मध्यकालीन दरबार परिसर | ज्ञढढट |
| रामग्राम, भगवान बुद्धको अवशेष स्तूप | ज्ञढढट |
| खोकना गाउँ र यसको तेल औद्योगिक सम्पदा | ज्ञढढट |
| लो मान्थाङ : मध्यकालीन ढुङ्गे पर्खालको सहर | द्दण्ण्ड |
| बज्रयोगिनी र साँखुको प्राचिन बस्ती | द्दण्ण्ड |
| कीर्तिपुरको मध्यकालीन बस्ती | द्दण्ण्ड |
| रुरु क्षेत्रको ऋषिकेश मन्दिर क्षेत्र | द्दण्ण्ड |
| नुवाकोट दरबार क्षेत्र | द्दण्ण्ड |
| राम जानकी मन्दिर, जनकपुर | द्दण्ण्ड |
| पाल्पा तानसेनको मध्यकालीन सहर | द्दण्ण्ड |
| सिन्जा उपत्यका | द्दण्ण्ड |
| दैलेखको भुर्ती मन्दिर परिसर | द्दण्ण्ड |

२. अध्ययन भ्रमणको प्रतिवेदनको नमुना

हलेसी महादेव मन्दिरको अध्ययन भ्रमणको प्रतिवेदन

परिचय

हाम्रा सांस्कृतिक सम्पदाको अध्ययनका लागि हाम्रो विद्यालयले हलेसी महादेवको दर्शन गराएको थियो । हामीले शुक्रबार बिहान ६ बजे बस रिजर्भ गरी विद्यालयबाट निस्कियौँ । यस यात्रामा हामी कक्षा १० का २५ जना विद्यार्थी र केही शिक्षकहरू थियौँ ।

**अध्ययनका उद्देश्यहरू**

यस अध्ययनका निम्न उद्देश्यहरू थिए ।

(क) धार्मिक स्थानको भौगोलिक अवस्था अध्ययन गर्ने

(ख) धार्मिक स्थल र यसको महŒव खोजी गर्न

**अध्ययन विधि**

भ्रमणका क्रममा शिक्षकले सबै विद्यार्थीलाई गर्नुपर्ने कुराहरूबारे जानकारी गराउनुभएको थियो । त्यसैले हामी सबैले आआफ्ना कापी लिएर गएका थियौँ । हामीले आवश्यक टिपोट गऱ्यौँ । त्यस्तै हामीले हाम्रो मोबाइलमा फोटो खिच्यौँ र भिडियो खिच्यौँ । भ्रमण सकेर विद्यालय आएपछि यो प्रतिवेदन तयार पार्यौं ।

**पत्ता लगाएका कुराहरू**

**यो अध्ययन भ्रमणबाट हामीले निम्नलिखित कुराहरू फेला पार्‍यौं**

हलेसी महादेव मन्दिर नेपालको कोसी प्रदेशको खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकामा पर्छ । यो मन्दिर सानो पहाडमा अबस्थित छ । काठमाडौँबाट अरनिको राजमार्ग, बिपी राजमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग र सगरमाथा राजमार्ग भएर करिब १० घण्टाको यात्रापछि यो मन्दिर पुग्न सकिन्छ । त्यस्तै मधेस प्रदेशको सिराहाको लाहानबाट सगरमाथा राजमार्ग हुँदै पनि पुग्न सकिन्छ ।

हलेसी महादेव हिन्दु र बौद्ध धर्माबलम्बीहरूको धार्मिक स्थल हो । यसमा हिन्दु र बौद्ध दुवै धर्मका मानिसहरू पूजा आराधना गरिरहेका भेटिन्छन् । यसर्थ यो मन्दिर नेपालको धार्मिक सहिष्णुताको उदाहरण पनि हो ।

यो मन्दिर अग्लो स्थानमा अवस्थित भएकाले यहाँ पिउने पानीको ठुलो समस्या छ । यहाँ दुधकोसीबाट ट्याङ्करमा पानी बोकेर लाने गरिन्छ । यद्यपि त्यहाँ तातो पानी सहितको बाथरूमलगायतका सुविधासहितका स्तरीय होटलहरू पनि छन् ।

यहाँका मानिसको मुख्य पेसा कृषि हो । तर, जमिन त्यति उर्वर छैन । केही मानिसहरू उद्योग व्यापार र पर्यटनमा समेत संलग्न छन् । केही भने जीविकोपार्जनका लागि रोजगारी खोज्न सहर वा विदेश जाने गर्दछन् ।

**सुझावहरू**

यो स्थानको विकासका लागि निम्नलिखित कुराहरू गर्नुपर्ने देखिन्छ ।

- हलेसी महादेव जाने बाटोघाटो तथा यातायातको सुविधामा सुधार हुनुपर्दछ ।
- पिउने पानीको लागि दुधकोसी नदीको पानी पम्प गरेर हलेसी महादेवमा लैजानुपर्दछ ।
- यो स्थानका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गरिनुपर्दछ ।

**निष्कर्ष**

यो अध्ययन भ्रमणको यात्रा कठिन भए पनि हामी सबैले धेरै रमाइलो गऱ्यौँ । यात्रालाई सुधार गर्नुपर्ने विभिन्न कुराहरू भए पनि हामीले धेरै कुराहरू सिक्न पायौँ । त्यसैले हामी विद्यालय प्रशासनलाई वर्षमा कम्तीमा दुई पटक यस्तो अध्ययन भ्रमणको आयोजना गर्न अनुरोध गर्दछौँ ।

## पाठ : २ हाम्रा लोकगीत

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । यहाँ विभिन्न उत्सव, जात्रा, चाडपर्व आदि विभिन्न अवसरमा बाजा बजाउने, गीत गाउने र नृत्य गर्ने गरिन्छ । यस्ता गीतहरू परम्परागतदेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेका छन् ।

यस पाठमा लोक गीतको परिचय, महŒव, चुनौती र संरक्षण गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई आफ्ना मौलिक लोकगीतहरूबारे जानकारी गराउन, यिनीहरूको संरक्षण र प्रयोगप्रति उत्प्रेरित गर्नु यो पाठको मुख्य उद्देश्य हुन् ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा लोक तथा शास्त्रीय कलाको महŒव बताउन र संरक्षण कार्यमा सहभागी हुन | – नेपालका मुख्य लोक गीतहरूको परिचय दिन:<br>– लोक गीतको महŒव उल्लेख गर्न र सम्मान गर्न<br>– लोकगीतका चुनौती उल्लेख गर्न र संरक्षणका उपायहरू खोजी गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालका विभिन्न लोकगीतहरूको भिडियो वा अडियो
- भिडियो देखाउनका ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड (सम्भव भएमा)
- अडियो बजाउने उपकरण (म्युजिक प्लेयर वा मोबाइल फोन)

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

कुनै एउटा लोकगीत गाउनुहोस् वा गाउन लगाउनुहोस् । विद्यार्थीलाई उक्त लोकगीतका बारेमा तलका जस्तै प्रश्नहरू सोध्नुहोस् ।

- यो लोकगीत कुन क्षेत्र वा समुदायसँग सम्बन्धित छ ?
- यो गीतसँग सम्बन्धित बाजाहरू के के होलान् ?
- यो गीतसँग नृत्य गरिन्छ कि गरिँदैन ?

#### (आ) मुख्य क्रियाकलाप

क्रियाकलाप १ : समूह कार्य

- नेपालका लोकगीतबारे ँ**ब्क्तत्क्तइचक्ष्ल** गराउनुहोस् ।

- विद्यार्थीलाई ३ देखि ५ जनाको समूहमा विभाजन गर्नुहोस् ।
- समूहमा १ जना लेखक/प्रतिवेदक छनोट गर्न लगाउनुहोस् ।
- दुईदेखि पाँच मिनेट समय निर्धारण गर्नुहोस् । उक्तसमयभित्र सकेसम्म धेरै लोकगीतहरूको नाम र प्रत्येक लोकगीतबारे एउटा तथ्य लेख्न लगाउनुहोस् ।
- हरेक समूहलाई आफ्नो प्रस्तुति गर्न लगाउनुहोस् ।
- सबैभन्दा बढी लेख्ने समूहलाई विजेता घोषणा गरी ताली बजाउन लगाउनुहोस् ।

क्रियाकलाप २ गीत प्रस्तुति र छलफल

कम्प्युटर वा मोबाइल फोनमा विभिन्न लोकगीतहरू पालैपालो बजाउनुहोस् । (प्रोजेक्टरमा भिडियो देखाउन पनि सकिन्छ ।) प्रस्तुत लोकगीतको बारेमा छलफल गर्दै प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ समूह कार्य**

कक्षालाई चार समूहमा विभाजन गर्नुहोस् । (धेरै विद्यार्थी भएमा आठ समूह बनाउन सकिन्छ ।) प्रत्येक समूहलाई तलका एक एक शीर्षकमा न्युजप्रिन्ट वा सामान्य कापीमा तयारी गर्न लगाउनुहोस् । अन्तमा प्रस्तुतीकरण गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

- नेपालका लोकगीतको महŒव
- नेपालका लोकगीतहरू कम प्रचलित हुनुका कारण
- नेपालका लोकगीत संरक्षण गर्ने उपायहरू
- नेपालका लोकगीतलाई व्यवसायीकरण गर्ने उपायहरू

**क्रियाकलाप ४ लोकगीत सङ्कलन र गायन**

विद्यार्थीलाई आफ्नो समुदाय, जिल्ला वा क्षेत्रमा प्रचलित लोकगीत सङ्कलन गरी कक्षामा गाउने अभ्यास गराउनुहोस् । कुनै विशेष दिन पारेर लोकगीत प्रतियोगिता आयोजनासमेत गर्न सक्नुहुने छ ।

(ङ) **मूल्याङ्कन/प्रतिबिम्बन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. असारे गीतको परिचय दिनुहोस् ।

२. लोकगीतको महŒव बताउनुहोस् ।

३. लोकगीत संरक्षण गर्न तपाईं के गर्न सक्नुहुन्छ ?

(छ) थप अध्ययन सामग्री

**नेपालका केही लोकगीतहरू**

| लोकगीत | प्रचलित समुदाय, अवसर वा क्षेत्र |
|---|---|
| पालम | लिम्बु |
| कार्खा | गन्धर्व |
| स्याब्रु | शेर्पा |
| कौरा | मगर |
| सेलो | तामाङ |
| तीज गीतहरू | हिन्दु महिला |
| सोरठी | गुरुङ |
| असारे गीत | धान रोपाइँ |
| मालाश्री गीत | दशैं |
| देउसी/भैलो गीत | तिहार (दीपावली) |
| साकेला सिली | उधौली/उभौली |
| रत्यौली गीत | विवाह |
| देउडा | सुदूरपश्चिम प्रदेश |
| झ्याउरे | गुल्मी र पाल्पा |

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ३ नेपाली लोकबाजा

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

लोकगीतसँगै लोकबाजाहरू पनि जोडिएर आउँछन् । लोकगीतबाहेक अन्य सांस्कृतिक कार्यमा समेत लोकबाजाहरू बजाइन्छ । यस पाठमा लोक बाजाको परिचय, महŒव, चुनौती र संरक्षण गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई नेपालका लोकबाजाहरूबारे जानकारी गराउन, यिनीहरूको संरक्षण र प्रयोगप्रति उत्प्रेरित गर्नु यो पाठको मुख्य उद्देश्य हुन् ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा लोक तथा शास्त्रीय कलाको महŒव बताउन र संरक्षण कार्यमा सहभागी हुन | - नेपालका मुख्य लोकबाजाहरू : परिचय, महŒव बताउन र सम्मान गर्न<br>- लोकवाजा संरक्षणका चुनौती र संरक्षणका उपायहरू उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- विद्यालयमा उपलब्ध मादल, झ्याली जस्ता बाजाहरू
- नेपालका विभिन्न लोकबाजाहरूको नमुना, तस्बिर वा भिडियो
- भिडियो देखाउनका ल्यापटप, प्रोजेक्टर वा स्मार्टबोर्ड
- तातोआलु खेल खेलाउनका लागि सानो खाले भकुन्डो वा यस्तै वस्तु

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

शिक्षक आफैँले वा कुनै विद्यार्थीलाई मादल बजाउन लगाउनुहोस् । त्यसपछि तलका जस्तै प्रश्नहरू सोधी छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

- मादल केले बनेको छ ?
- मादलका विभिन्न भागको नाम बताउनुहोस् ।
- कस्ता कस्ता गीतमा मादलको प्रयोग गर्न सकिन्छ ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ भिडियो प्रस्तुति र प्रश्नोत्तर**

विभिन्न लोकबाजाहरूको नमुना वा भिडियो देखाउँदै तलका प्रश्नहरूका आधारमा प्रश्नोत्तर विधिबाट ती बाजाहरूबारे जानकारी दिनुहोस् ।

यो बाजाको नाम के हो ?

यो बाजा के के ले बनाइन्छ ?

यो बाजा केसँग (समुदाय, चाडपर्व, सांस्कृतिक परम्परा आदि) सम्बन्धित छ ?

**क्रियाकलाप २  तातो आलु खेल**

नेपाली लोकबाजाबारे तातोआलु खेल खेलाउनुहोस् । विद्यार्थीमध्येबाट १ जना मादल बजाउने र १ जना लेखक छनोट गर्नुहोस् । बाँकी विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् । मादल बजाउने विद्यार्थीलाई आँखा छोप्न वा अरूलाई देख्न नसकिने ठाउँमा बस्न लगाउनुहोस् मादल बजाएपछि भकुन्डो पास गर्नुहोस् । मादल रोकिँदा जसको हातमा भकुन्डो हुन्छ उसलाई एउटा लोकबाजाको नाम र यो बाजा कसरी (फुकेर, रेटेर वा पिटेर) बजाइन्छ  भन्न लगाउनुहोस् । उसले भनेको लोकबाजाको नाम र बजाउने तरिका ठिक भए लेखकलाई बाजाको नाम टिप्न लगाउनुहोस् । बेठिक भए वा उत्तर दिन नसकेको उक्त विद्यार्थीलाई घेराबाट बाहिर पठाउनुहोस् । अन्तमा १ जना मात्र विद्यार्थी बाँकी रहेपछि विजेता घोषणा गरी ताली बजाउन लगाउनुहोस् । त्यसपछि, लेखकले टिपोट गरेका सबै लोकबाजाहरूको नाम कक्षामा बाचन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३  स्रोत व्यक्ति आमन्त्रण र प्रयोगात्मक अभ्यास**

विद्यार्थीलाई सम्भव भएसम्म स्थानीय स्रोत व्यक्ति आमन्त्रण गरी स्थानीय स्तरमा उपलब्ध बाजाहरू बजाउने प्रयोगात्मक अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ४ : ग्यालरी वाक**

लोकवाजा संरक्षणका चुनौती र संरक्षणका उपायहरू सम्बन्धमा समूहगत  कार्य गर्न लगाई कक्षाको भित्तामा टाँस्न लगाउनुहोस् र समूहगत रूपमा टाँसीएका विषयवस्तुमा राम्रा लागेका कुरा र सुधार गर्नुपर्ने कुरा टिपोट गर्न लगाई कक्षामा भन्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. आफ्नो समुदायमा प्रचलित लोकबाजाहरूको नाम बताउनुहोस् ।

२. खैँजेडी बाजाको परिचय दिनुहोस् ।

३. मुर्चङ्गा बाजा कुन समुदाय वा जातिमा प्रचलित छ ?

४. नेपाली लोकबाजाको संरक्षण गर्न के गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस् ।

(च) परियोजना कार्य / प्रयोगात्मक कार्य

हरेक विद्यार्थीलाई क्रियाकलाप १ मा प्रदर्शन गरिएका बाजाहरूमध्ये १/१ बाजाहरू गोला प्रथाबाट छान्न लगाउनुहोस् । यसरी छानिएको बाजाको बारेमा दिइएका कुराहरू समेटी एउटा एउटा पोस्टर तयार गर्न लगाउनुहोस् । सबैको पोस्टरलाई सबै विद्यार्थीले देख्न सक्ने ठाउँमा टाँस्न लगाउनुहोस् । (उत्कृष्ट पोस्टरलाई पुरस्कृत गर्न वा विद्यालयको भित्ते पत्रिकामा प्रकाशन गर्न सकिन्छ ।)

- बाजाको नाम
- बाजा बजाउने तरिका

- बाजा बनाउन प्रयोग हुने वस्तु
- प्रचलित समुदाय वा क्षेत्र
- हाल यसको प्रयोगको अवस्था
- संरक्षण र विकासका लागि गर्नुपर्ने कार्यहरू

**(छ) थप अध्ययन सामग्री**

१. नेपाली लोकबाजाको तस्बिरहरूका लागि : जततउकस्ररुगकष्अगकभगफलभउबाीयचनर मा जान सकिन्छ ।

## पाठ : ४ हाम्रा लोक तथा शास्त्रीय नृत्य

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय :**

लोकगीत, लोकबाजा र लोक नृत्यहरू लोक सङ्गीतका अभिन्न भागहरू हुन् । नेपालमा विभिन्न धार्मिक पराम्पराहरूसँग जोडिएका शास्त्रीय नृत्यहरूसमेत प्रचलित छन् । यस पाठमा लोक तथा शास्त्रीय नृत्यको परिचय, महŒव, चुनौती र संरक्षण गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यसकारण विद्यालय तहदेखि नै विद्यार्थीलाई नेपाली लोक नृत्य र शास्त्रीय नृत्यबारे जानकारी गराउनु, यस्ता मौलिक पहिचानको संरक्षण र प्रयोगप्रति उत्प्रेरित गर्नु यो पाठको अभिप्राय हो ।

(ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - हाम्रा लोक तथा शास्त्रीय कलाको महŒव बताउन र संरक्षण कार्यमा सहभागी हुन | – नेपालका मुख्य लोक तथा शास्त्रीय नृत्यहरूको परिचय र महŒव बताउन एवम् सम्मान गर्न<br>– नेपालमा लोक तथा शास्त्रीय नृत्यहरूको चुनौती र संरक्षण कार्यमा सहभागी हुन् । |

**(ग) शैक्षणिक सामग्री**

- नेपाली लोक तथा शास्त्रीय नृत्यका भिडियो (वा तस्बिर)
- भिडियो
- न्युजप्रिन्ट पेपर, ग्लु ट्याग वा डबलटेप आदि

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

एउटा नृत्य प्रस्तुत गर्नुहोस् । नृत्य हेरिसकेपछि विद्यार्थीलाई निम्न प्रश्नहरूमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

– यो कस्तो प्रकारको नृत्य (लोक नृत्य, शास्त्रीय नृत्य वा आधुनिक नृत्य) हो ?

– यो नृत्यको नाम के हो ?

– यो कुन समुदाय वा जाति वा क्षेत्रमा प्रचलित नृत्य हो ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ भिडियो वा चित्र प्रदर्शन र प्रश्नोत्तर**

विभिन्न लोक तथा शास्त्रीय नृत्यहरूको भिडियो (नभएमा चित्र) देखाउँदै तलकाजस्तै प्रश्नहरूका आधारमा प्रश्नोत्तर विधिबाट ती नृत्यहरूबारे जानकारी दिनुहोस् ।

यो नृत्य शास्त्रीय नृत्य हो कि लोक नृत्य हो ?

यो नृत्यको नाम के हो ?

यो नृत्यसँग कुन कुन बाजाहरू बजाइन्छ ?


यो नृत्यमा कुन गीत गाइन्छ ?

यो नृत्य केसँग (समुदाय, चाडपर्व, सांस्कृतिक परम्परा आदि) सम्बन्धित छ ?

यो नृत्यको अरू के के विशेषताहरू छन् ?

**क्रियाकलाप २ शब्द जालो**

विद्यार्थीलाई चारपाँच जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई तल दिइएका जस्तै गरी न्युजप्रिन्ट पेपरमा दुई दुईओटा शब्द जालो ९ध्यचम(ध्भद० बनाउन लगाउनुहोस् । त्यहाँ लोक नृत्य र शास्त्रीय नृत्यको नाम भर्न लगाई प्रस्तुतीकरण गरी भित्तामा टाँस्न लगाउनुहोस् ।




**क्रियाकलाप ३ परियोजना कार्य**

एउटा समूहमा बढीमा ५ जना हुने गरी समूह विभाजन गर्नुहोस् । (विद्यार्थीहरूलाई आफैँ समूह बनाउन दिए हुन्छ ।)

प्रत्येक समूहलाई आफ्नो जाति वा वरपरका समुदायमा प्रचलित कुनै एक नृत्यको अध्ययन गरी निम्नलिखित बुँदाका आधारमा कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- नृत्यको नाम
- नृत्यको विशेषताहरू
- आवश्यक बाजाहरू

○ नमुना नृत्य (समूहका सबै वा केही सदस्यहरूले नमुना नृत्य नाचेर देखाउने)

सबै समूहलाई दिइएको परियोजना कार्यअनुसार पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्य समूहका विद्यार्थीलाई प्रस्तुतीकरणको पृष्ठपोषण गर्न लगाउनुहोस् । सबै समूहको प्रस्तुतीकरण सकिएपछि शिक्षकको तर्फबाट पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४ ग्यालरी वाक**

लोक तथा शाास्त्रीय नृत्यको संरक्षण र विकासमा विद्यार्थी, समुदाय र सरकार (स्थानीय, प्रदेश र सङ्घीय सरकार) ले खेल्नुपर्ने भूमिकाबारे कक्षामा समूहगत छलफल गराई निष्कर्ष कक्षाको भित्तामा टाँस्न लगाउनुहोस् । सबै समूहका सहभागीले पालैपालो अध्ययन गरी आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् । शिक्षकले अन्तिममा निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापको बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।

१. कुनै दुईओटा लोक नृत्यको नाम भन्नुहोस् ।

२. मञ्जुश्री नृत्यको परिचय दिनुहोस् । (अन्य नृत्यका बारेमा पनि सोध्ने)

३. धान नाच कुन समुदाय वा जातिमा प्रचलित छ ? (अन्य नृत्यका बारेमा पनि सोध्ने)

**(च) थप अध्ययन सामग्री**

१. नेपाली लोक तथा शास्त्रीय नृत्यहरूको नाम र विशेषता

| नाच | विशेषता |
|---|---|
| डेउडा नाच | सुदूरपश्चिम प्रदेशमा गोलो घेरामा हात समाई डेउडा गीत गाउँदै नाचिने |
| झिझिया नाच | तराई क्षेत्रमा दुर्गापूजा (दसैं) को अवसरमा महिला तथा युवतीहरूले हातमा दियो लिएर नाचिने नाच |
| समाचकेवा नाच | तराई क्षेत्रमा युवतीहरूले १५ दिनसम्म नाच्ने नाच |
| जट-जटिन नाच | तराई क्षेत्रमा वर्षात्को समयमा जट (पुरुष) र जटिन (महिला) को भूमिकामा गरिने नृत्य |
| चर्या नृत्य | विभिन्न देवी देवताको अभिनय गरेर गरिने शास्त्रीय नृत्य जस्तै : भैरव नाच, कुमारी नाच, मञ्जुश्री नाच आदि |
| साकेला नाच (सिली) | किरात राई जातिले उँभौली र उँधौली चाडको अबसरमा नाच्ने नाचलाई साकेला नाच भनिन्छ । यो जातिमा भएको भाषिक भिन्नताका आधारमा साकेला नाचलाई साकेन्वालाक, साक्खेवा नाच, साकेल नाच आदि नामले चिनिन्छ । यो नाचमा सबै उमेर समूहका मानिस गोलाकार भई ढोल, झ्याम्टा बजाउँदै हात र खुट्टाको चाल मिलाई नाच्छन् । यो नाचमा विशेषत खेतीपाती लगाउँदै र उठाउँदै, तान बुन्दै उठाउँदै तथा जीवजन्तुको क्रियाकलापको अभिनय गरिन्छ । |
| भैरव काली नृत्य | काठमाडौँ उपत्यका (नेवार समुदाय) मा भैरव (रिसाएका महादेव) र काली ( रिसाएकी देवी) को अभिनय गरी नाचिने शास्त्रीय नृत्य |

| | |
|---|---|
| मञ्जुश्री नृत्य | काठमाडौँ उपत्यकाका बौद्ध समुदायमा प्रचलित, मञ्जुश्री (सरस्वती) को अभिनय गरी नाचिने शास्त्रीय (चर्या) नृत्य |
| पञ्चबुद्ध नृत्य | काठमाडौँ उपत्यकाका बौद्ध समुदायमा प्रचलित, पाँचजना बुद्धको अभिनय गरी नाचिने शास्त्रीय (चर्या) नृत्य |
| आर्यतारा नृत्य | बौद्ध समुदायमा प्रचलित, आर्यतारा (बुद्ध माता) को अभिनय गरी नाचिने शास्त्रीय (चर्या) नृत्य |
| कुमारी नृत्य | इन्द्रजात्राको समयमा जीवित देवी कुमारीको अभिनय गरी नाचिने शास्त्रीय नृत्य |
| घाटु नाच | गण्डकी क्षेत्रका गुरुङ समुदायमा प्रचलित, मध्य माघ र ज्येष्ठ पूर्णिमाको समयमा अविवाहित युवतीहरूले नाच्ने |
| धिमे नाच | नेवारी समुदायमा धिमे बाजाको तालमा नाचिने, विभिन्न जात्रा तथा चाडपर्वमा नाचिने |
| धान नाच | लिम्बु जातिमा प्रचलित, च्याब्रुङ बाजाको तालमा पालम गीत गाउँदै बाली भित्र्याउने समयमा साइनो नलाग्ने युवा युवती मिलेर नाचिने |
| स्याब्रु नाच | पूर्वी हिमाली भेगका शेर्पा जातिमा प्रचलित |
| झ्याउरे नाच | मुख्यतः गण्डकी क्षेत्रमा युवा युवतीले झ्याउरे गीतसँग नाच्ने |
| रत्यौली नाच | विवाहमा बेहुलाको घरमा महिलाहरूले गीत गाएर नाच्ने नाच |
| बज्रयोगिनी नृत्य | काठमाडौँ उपत्यकाका हिन्दु र बौद्ध समुदायमा प्रचलित, बज्रयोगिनीको अभिनय गरी नाचिने शास्त्रीय नृत्य |
| तामाङ सेलो नाच | डम्फु नाच पनि भनीने, तामाङ समुदायमा प्रचलित, डम्फु बाजाको तालमा गीत गाउँदै नाचिने |
| चुट्का नाच | बाहुन, क्षेत्रीहरूले खैँजेडीको तालमा तथा मगर गुरुङहरूले मादलको तालमा छिटो छिटो गरेर नाचिने |
| कौरा नाच | मगर जातिमा प्रचलित, मादलको तालमा कहिले बिस्तारै र कहिले छिटो छिटो गरेर नाचिने |
| बालन नाच | बाहुन क्षेत्री समुदायमा प्रचलित, खैँजेडीको तालमा विभिन्न पौराणिक कथाहरूलाई गीत वा भजनको रूपमा प्रस्तुत गरी नाचिने |
| मारुनी नाच | पुरुषलाई महिलाको भेषमा सिँगारेर मारुनी गीतको तालमा नाचिने |
| बेठी नाच | पञ्चेबाजाको तालमा धान रोपाइँ गर्दा बिच बिचमा नाचिने |
| सोरठी नाच | गुरुङ जातिमा मादलको तालमा नाचिने, मारुनी नाच जस्तै गरी १६ जना नर्तकहरूबाट नाचिने |
| लाखे नाच | नेवार जातिमा प्रचलित, विभिन्न चाडपर्व र जात्राहरूमा देवता, दानव लगायतका चरित्रहरूको मुखुण्डो लगाएर नाचिने |
| म्हेन्दोमाया नाच | तामाङ जातिमा प्रचलित, महिला र पुरुषको छुट्टाछुट्टै लाइन बनाएर एकसाथ नाचिने |
| संगिनी नाच | महिलाहरूले आफ्ना दुःखहरू व्यक्त गर्ने (सङ्गिनी) गीतसँग नाचिने |
| टप्पा नाच | राप्ती क्षेत्रका मगर जातिमा प्रचलित, मादलको तालमा नाचिने, सुरुमा विस्तारै नाचिने र पछि गति बढाउँदै लैजाने नाच |
| याक-यति नाच | शेर्पा जातिमा प्रचलित, मानिसहरूलाई याक र यतिको भेषमा सजाएर नाचिने |
| शेर्पा नाच | शेर्पा जातिमा प्रचलित, विभिन्न चाडपर्व र भेटघाटमा नाचिने |

| | |
|---|---|
| भोजपुरी नाच | मध्य तराई भेगमा ढोलक, मजिरा बजाउँदै भोजपुरी भाषाका गीतहरूसँग नाचिने |
| धिमाल नाच | पूर्वी तराईमा रहेका धिमाल जातिमा प्रचलित, परम्परागत पोसाक लगाएर नाचिने |
| मयूर नाच | तराई क्षेत्रमा प्रचलित, मानिसलाई मयुरको भेषमा सजाएर नाचिने |
| झाँक्री नाच | पहाडी जनजातिमा प्रचलित, ढ्याङ्ग्रो बजाएर झाक्रीको भेषमा सजिएर पूजा प्रार्थना गर्दा नाचिने |
| सखिया नाच | थारु जातिमा प्रचलित, मादल बजाएर गीत गाउँदै नाचिने |

## पाठ : ५ हाम्रा राष्ट्रिय दिवसहरू

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

हरेक देशले आफ्नो देशका महŒवपूर्ण दिनहरूलाई राष्ट्रिय दिवसका रूपमा मनाउने गर्दछन् । नेपालमा पनि यस्ता धेरै दिवसहरू मनाइन्छ । यस पाठमा राष्ट्रिय दिवसको परिचय, महŒव, राष्ट्रिय दिवस मनाउन र त्यसको योजना बनाउन सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीमा हाम्रा राष्ट्रिय दिवसबारे जानकारी गराउन, यस्ता दिवसहरूप्रति सकारात्मक धारणा विकास गराउन एवम् महŒव बोध गराउन तथा यस्ता दिवस मनाउने औपचारिक कार्यक्रम सञ्चालन गर्नुपरेमा सो कार्य सम्पन्न गर्न विद्यार्थीलाई सक्षम बनाउने गरी यो पाठ सहजीकरण गर्न आवश्यक छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| राष्ट्रिय दिवसहरूको महŒव प्रस्तुति र सम्मान गर्न | - राष्ट्रिय दिवसको परिचय दिन र महŒव बताउन<br>- राष्ट्रिय दिवसहरू मनाउने तरिका उल्लेख गर्न र दिवस मनाउने योजना तयार गर्न |

### (ग) शैक्षणिक सामग्री

- विद्यालयमा विभिन्न दिवस वा उत्सव मनाएका फोटो तथा भिडियोहरू
- चालु वर्षको नेपाली भित्तेपात्रोहरू
- न्युजप्रिन्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यालयको वार्षिकोत्सव, बाल दिवस, शिक्षा दिवस जस्ता कार्यक्रमका फोटोहरू देखाउनुहोस् । विद्यार्थीलाई उक्त कार्यक्रमको नाम सोध्नुहोस् । उनीहरूले बताउन नसकेमा विभिन्न सन्दर्भहरू जोड्दै उक्त तस्बिरहरूका सम्बन्धमा आफैँले बताइदिनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ भित्तेपात्रो अध्ययन**

विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहमा एक एक ओटा भित्तेपात्रो उपलब्ध गराउनुहोस् । समय निर्धारण गरी न्युजप्रिन्ट पेपर वा साधारण कापीमा तलको जस्तै तालिका बनाई पूरा गर्न लगाउनुहोस् ।

| राष्ट्रिय दिवसको नाम | मिति | दिवस मनाउनुको औचित्य |
|---|---|---|
| | | |
| | | |

समय पूरा भएपछि सबैभन्दा बढी दिवसबारे लेख्ने समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । उक्त प्रस्तुतिमा छुटेका दिवसहरू अन्य समूहलाई थप गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ कार्यक्रमको योजना निर्माण**

विद्यार्थीलाई नयाँ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहमा तलकामध्ये एक एकओटा दिवस बाँड्नुहोस् । समय निर्धारण गरी उक्तदिवस मनाउनका लागि न्युजप्रिन्ट पेपरमा (साधारण कापी भएपनि हुन्छ) औपचारिक कार्यक्रम सञ्चालन ढाँचा/तालिका बनाउन लगाउनुहोस् ।

- शिक्षा दिवस
- बाल दिवस
- संविधान दिवस
- गणतन्त्र दिवस
- अन्तराष्ट्रिय नारी दिवस
- दसैँ/ तिहार लगायतका चाडपर्वको शुभकामना कार्यक्रम

विद्यार्थीहरूले काम गर्दै गर्दा अवलोकन गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । (कार्यक्रम तालिकाको ढाँचा थप अध्ययन सामग्रीमा दिइएको छ ।)

**क्रियाकलाप ३ सिमुलेसन**

तयारीको कार्य पूरा भए नभएको रुजु गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई **क्ष्गबितष्यल** गर्न लगाउनुहोस् ।

- प्रत्येक समूहलाई एक जना उद्घोषक, एक जना सभापति, एक जना प्रमुख अतिथि र कम्तीमा एक जना अतिथि छनोट गर्न लगाउनुहोस् ।
- सम्भव भएसम्म सबै समूहलाई आआफ्नो कार्यक्रम तालिकाअनुसार कार्यक्रम सञ्चालन गर्न दिनुहोस् । (धेरै समूह भएमा गोला प्रथाबाट छनोट भएका केही समूहलाई मात्र **क्ष्गबितष्यल** गर्न दिन सकिन्छ ।) बाँकी विद्यार्थीलाई दर्शकको रूपमा रहन र कार्यक्रम सकिएपछि पृष्ठपोषण दिन तयार रहन भन्नुहोस् ।
- प्रत्येक समूहले कार्यक्रम समापन गरेपछि अन्य समूहबाट पृष्ठपोषण दिन लगाउनुहोस्

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. आफू सहभागी भएका राष्ट्रिय दिवसहरूको सूची बनाउनुहोस् ।

२. राष्ट्रिय दिवसहरू मनाउनुका कारणहरू उल्लेख गर्नुहोस् ।

**(च) परियोजना कार्य / प्रयोगात्मक कार्य**

तलका प्रयोगात्मक कार्य गराउनुहोस् ।

१. तपाईंको विद्यालयको वार्षिकोत्सवमा प्रमुख अतिथिका रूपमा उपस्थितीका लागि विद्यालयका तर्फबाट गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख (मेयर) लाई लेख्ने चिठिको नमुना तयार गर्नुहोस् ।

अथवा,

२. तपाईंको विद्यालयको वार्षिकोत्सवमा उपस्थित हुनका लागि विद्यालयका तर्फबाट पठाइने निमन्त्रणा कार्डको नमुना तयार गर्नुहोस् ।

**(छ) थप अध्ययन सामग्री**

१. राष्ट्रिय दिवस मनाउने कार्यक्रमको ढाँचा :

श्री ............................ विद्यालय

.... दिवस समारोह

................ २०८....

कार्यक्रम विवरण

- उद्घोषण : ...............................................
- सभापतित्व : ...............................................
- आसन ग्रहण :
- प्रमुख अतिथि : ...............................................
- अतिथि : ...............................................
- अतिथि : ...............................................
- अभिभावकज्यूहरू
- प्रधानाध्यापकज्यू
- आमन्त्रित महानुभावहरू
- गुरूवर्ग तथा कर्मचारीज्यू
- विद्यार्थी साथीहरू
- राष्ट्रिय गान
- स्वागत मन्तव्य : ...............................................
- कार्यक्रमको समुद्घाटन : प्रमुख अतिथिबाट
- शुभकामना मन्तव्य :

...............................................

| | |
|---|---|
| | ............................................ |
| - | पुरस्कार तथा छात्रवृत्ति वितरण |
| - | प्रमुख अतिथिको मन्तव्य |
| - | अध्यक्षबाट सभा विसर्जनको घोषणा |
| - | जलपान |

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ६ अन्तर्राष्ट्रिय व्यक्तित्वहरू

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

मानव समाज तथा समग्र वातावरणलाई समतामूलक र दिगो बनाउनका लागि धेरै व्यक्तित्वले योगदान गरेका छन् । यस्ता व्यक्तित्वहरूले आफ्नो व्यक्तिगत सुख र सुविधाभन्दा सबैको भलाईलाई प्राथमिकतामा राखेका हुन्छन् । यस्ता त्यागी व्यक्तित्वहरूको जीवनबाट हाम्रा विद्यार्थीहरूले धेरै कुराहरू सिक्न सक्दछन् । यस पाठमा अन्तराष्ट्रिय व्यक्तित्वहरू (नेल्सन मन्डेला र मलाला युसुफजाई)को परिचय, योगदान, योगदानबाट प्रेरणा लिन सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । पाठ्यपुस्तकमा उल्लिखित व्यक्तित्वहरू मात्रै नभई अन्य व्यक्तित्वहरूको जीवनी अध्ययन गर्न तथा ती व्यक्तित्वहरूबाट प्रेरणा प्राप्त गरी समाजमा असल नागरिकको भूमिका निर्वाह गर्न अभिप्रेरित गराउनु यस पाठको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको योगदानबाट प्रेरणा लिन र आवश्यकताअनुसार अनुशरण गर्न | – अन्तर्राष्ट्रिय व्यक्तित्वहरू (नेल्सन मन्डेला, मलाला युसफजाई) को परिचय दिन<br>– नेलसन मण्डेला र मलाला युसफजाईको जीवनी, समाजमा पुगेको योगदान बताउन र योगदानबाट प्रेरणा प्राप्त गर्न । |

### (ग) शैक्षणिक सामग्री

- नेल्सन मन्डेला र मलाला युसफजाईको जीवनीसँग सम्बन्धित फोटो वा भिडियोहरू
- नेल्सन मण्डेलाले राष्ट्रपतिको सपथग्रहण गर्दाको भाषण र मलाला युसुफजाईले नोबेल पुरस्कार पाउँदा गरेको भाषणको अडियो, भिडियो वा लिखित प्रति
- अडियो बजाउनका लागि म्युजिक प्लेयर वा मोबाइल फोन

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

- विद्यार्थीलाई जानकारी भएका ख्यातीप्राप्त व्यक्तित्वहरूबारे मस्तिष्क मन्थन ९द्यचबष्लकतयचकष्लन० गराउनुहोस् ।
- “यदि तपाईं कुनै ख्याती प्राप्त व्यक्ति हुन पाउनुभयो भने कुन व्यक्ति जस्तो हुन चाहनुहुन्छ र किन ?” भनेर सोध्नुहोस् ।
- सबै विद्यार्थीलाई प्रश्नको उत्तर सोचेर कापीमा लेख्न लगाउनुहोस् ।
- केही विद्यार्थीलाई आफ्नो उत्तर समग्र कक्षालाई सुनाउन लगाउनुहोस् ।

– यस्ता व्यक्तित्व बन्नका लागि उनीहरूले के के गरेका थिए भन्ने बारेमा छलफल गराई विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : फोटो भिडियो प्रदर्शन र छलफल**

नेल्सन मण्डेला र मलाला युसफजाईको जीवनी सम्बन्धमा फोटो तथा भिडियो देखाउनुहोस् । बिच बिचमा उनीहरूको लक्ष्य, जीवनमा उनीहरूले भोग्नु परेका दुःख, कष्ट, सङ्घर्ष, त्याग तथा उपलब्धिका सम्बन्धमा प्रश्नोत्तर गरी छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ भाषण प्रस्तुति र छलफल**

नेल्सन मन्डेलाले राष्ट्रपतिको सपथग्रहण गर्दाको भाषण र मलाला युसफजाईले नोबेल पुरस्कार पाउँदा गरेको भाषणको अडियो वा भिडियो भए सो बजाउनुहोस् । (अडियो भिडियो नभएमा लिखित भाषण पढेर सुनाउनुहोस्

यी भाषणबाट उनीहरूको उद्देश्यहरू र ती उद्देश्यहरू प्राप्त गर्न उनीहरूले अवलम्बन गरेका अहिंसा, भातृत्व र विश्वबन्धुत्वका तरिकाबारे चर्चा गर्नुहोस् ।

**क्रियाकलाप ३ प्रश्नोत्तर र छलफल**

नेल्सन मन्डेलाले र मलाला युसफजाई जस्तै अन्य अन्तराष्ट्रिय व्यक्तित्वहरू को को होलान् ? भनेर सोध्नुहोस् । प्राप्त उत्तरहरूलाई पाटीमा लेख्नुहोस् । तिनीहरूका योगदानका बारेमा प्रश्नोत्तर गर्दै प्राप्त गर्न सकिने प्रेरणा सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ४ समूह छलफल**

विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । दुई समूहलाई नेल्सन मण्डेला र दुई समूहलाई मलाला युसफजाई सम्बन्धी निम्न शीर्षकमा विवरणसहित चार्ट पेपर वा न्युजप्रिन्ट पेपरमा तयार गर्न लगाउनुहोस् ।

- तस्बिर (भएमा)
- व्यक्तिगत विवरण (नाम, जन्ममिति, जन्मस्थान आदि)
- लक्ष्य वा उद्देश्य
- सङ्घर्ष, त्याग आदि
- उपलब्धि
- प्रेरणा प्राप्त गर्न सकिने कुराहरू

विद्यार्थीले काम गर्दैगर्दा अनुगमन गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

सबै समूहलाई आआफ्नो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई पृष्ठपोषण दिन तयार रहन भन्नुहोस् । प्रत्येक समूहले प्रस्तुतीकरण गरेपछि अन्य समूहबाट पृष्ठपोषण दिन लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. मानौ तपाईं मलाला युसफजाई हुनुभएको भए, तालिबानले आक्रमण गर्दा तपाईं के प्रतिक्रिया दिनुहुन्थ्यो ?

२. नेल्सन मन्डेलाले रङगभेदी नीतिको विरुद्ध सङ्घर्ष गर्नुभएको थियो । नेपालमा भएको जातिगत विभेद अन्त्य गर्न तपाईं के के गर्न सक्नुहुन्छ ?

३. नेल्सन मन्डेला र मलाला युसफजाईको जीवन र सङ्घर्षबाट पाइने प्रेरणाहरूको सूची तयार पार्नुहोस् ।

**(च) परियोजना कार्य / प्रयोगात्मक कार्य**

कुनै एक राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यक्तित्व (जस्तै : महात्मा गान्धी, विश्वेश्वरप्रसाद कोइराला, झमककुमारी घिमिरे, पुष्पलाल श्रेष्ठ आदि) सम्बन्धमा इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन गरी उनीहरूको योगदान खोजी गर्न लगाउनुहोस् ।

**(छ) थप अध्ययन सामग्री**

१. नेल्सन मन्डेलाको जीवनी (नेपालीमा) सम्बन्धी भिडियो
जततउकस्रररधधध।थयगतगदभ।अफरधबतअजरुख.दात्तइडत)द्यष्खअ

२. नेल्सन मन्डेलाको राष्ट्रपति पदको सपथग्रहण भाषणको भिडियो
जततउकस्रररधधध।थयगतगदभ।अफरधबतअजरुख.उव्ष्त्गद्धत्र))ख

३. नेल्सन मन्डेलाको राष्ट्रपति पदको सपथग्रहण भाषण

१० मे १९९४

महोदयहरू, महामहिमहरू, विशिष्ट अतिथिहरू, कमरेडहरू र साथीहरू

आज हामी सबैले यहाँ हाम्रो उपस्थितिद्वारा र हाम्रो देश र विश्वका अन्य भागहरूमा भइरहेका हाम्रा उत्सवहरूद्वारा नवजात स्वतन्त्रतालाई आशा र उत्साह प्रदान गरेका छौँ । धेरै लामो समयसम्म चलेको असाधारण मानवीय प्रकोपको अनुभवबाट सम्पूर्ण मानवताले गर्व गर्ने समाजको जन्म हुनुपर्छ । सामान्य दक्षिण अफ्रिकी जनताको रूपमा हाम्रा दैनिक कार्यहरूले साँच्चिकैको दक्षिण अफ्रिकी वास्तविकताको जन्म दिनुपर्दछ जसले न्यायमा मानवताको विश्वासलाई सुदृढ तुल्याउने छ । मानव आत्माको कुलीनतामा आफ्नो विश्वासलाई बलियो बनाउँछ र सबैका लागि गौरवशाली जीवनको लागि हाम्रा सबै आशाहरू कायम राख्ने छ ।

यी सबैका लागि हामी आफूप्रति र विश्व भरका मानिस जसको आज यहाँ राम्रोसँग प्रतिनिधित्व भएको छ, उहाँहरूप्रति ऋणी छौँ । मेरा देशवासीहरूका लागि मलाई यो भन्न कुनै हिचकिचाहट छैन कि हामी प्रत्येक यस सुन्दर देशको माटोसँग यसरी जोडिएका छौँ जसरी प्रिटोरियाका प्रसिद्ध ज्याकारान्डा रूखहरू र बुशवेल्डका मिमोसा रुखहरू जोडिएका छन् । हामीमध्ये एकले प्रत्येक चोटी यस भूमिको माटो छुँदा हामी व्यक्तिगत नवीकरणको भावना महसुस गर्छौं । मौसम बदलिएसँगै राष्ट्रिय मूड पनि परिवर्तन हुन्छ । घाँस हरियो हुँदा र फूलहरू फुल्दा हामी आनन्द र उत्साहको भावनाले उत्प्रेरित हुन्छौं ।

त्यो आत्मिक र भौतिक एकताले हामी सबैले यस साझा मातृभूमिसँग समान पीडाको गहिराइलाई वर्णन गर्दछ । जुन पीडालाई हामी सबैले आफ्नो हृदयमा बोकेका छौं किनकि हामीले हाम्रो देशलाई भयानक द्वन्द्वमा टुक्रा टुक्रा पारेको देख्यौं । हामीले यसलाई जनताद्वारा तिरस्कृत, गैरकानुनी र पृथक भएको देख्यौं किनभने यो हानिकारक विचारधारा नै विश्वव्यापी जातिवाद र जातीय उत्पीडनका अभ्यासको आधार बनेको छ ।

हामी दक्षिण अफ्रिकाका जनता, मानवताले हामीलाई आफ्नो काखमा फिर्ता लिएकोमा पूर्णता महसुस गर्छौं । हामी जो धेरै अगि गैरकानुनी थियौं आज हामी आफ्नै माटोमा विश्वका राष्ट्रहरूको मेजमानी गर्ने दुर्लभ सुअवसर पाएका छौं । यो न्याय, शान्ति, मानवीय मर्यादाको साझा विजय हो । हाम्रो देशका जनतालाई

साथ दिन आउनु भएकोमा हामी हाम्रा सबै प्रतिष्ठित अन्तर्राष्ट्रिय अतिथिहरूलाई धन्यवाद दिन्छौं । हामीले शान्ति, समृद्धि, गैरलैङ्गिकतावाद, गैरजातीवाद र लोकतन्त्र निर्माणका चुनौतीहरूको सामना गर्दा तपाईंहरू हाम्रो साथमा उभिनुहुने छ भन्ने विश्वास लिएका छौं ।

यो निष्कर्षमा पुऱ्याउनका लागि हाम्रा जनसमुदाय र तिनका राजनीतिक, धार्मिक, महिला, युवा, व्यवसायी, परम्परागत र अन्य नेताहरूले खेलेको भूमिकाको हामी गहिरो प्रशंसा गर्दछौं । तिनीहरूमध्ये मेरो दोस्रो उपराष्ट्रपति, माननीय **ँ।ध मभ पभिचप** एक हुनुहुन्छ । हाम्रो पहिलो लोकतान्त्रिक निर्वाचन र लोकतन्त्रको सङ्क्रमणकालमा अझै उज्यालो नदेखेका, रक्तपिपासु शक्तिहरूबाट जोगाउन उनीहरूले खेलेको विशिष्ट भूमिकाका लागि हामी हाम्रा सुरक्षा बलहरू, तिनीहरूका सबै तहमा, सम्मान व्यक्त गर्न चाहन्छौं ।

घाउ निको हुने बेला आएको छ । हामीलाई विभाजित गर्ने खाडलहरू पुल गर्ने क्षडा आएको छ । निर्माण गर्ने समय हामीमाथि छ । अन्ततः हामीले हाम्रो राजनीतिक मुक्ति हासिल गरेका छौं । गरिबी, विपन्नता, पीडा, लैङ्गिक तथा अन्य भेदभावको निरन्तर बन्धनबाट हाम्रा सबै जनतालाई मुक्त गराउने वाचा गर्दछौं । हामी सापेक्षिक शान्तिको अवस्थामा स्वतन्त्रताको लागि हाम्रो अन्तिम कदम चाल्न सफल भयौं । अब हामी पूर्ण लोकतान्त्रिक, न्यायपूर्ण र दिगो शान्तिको निर्माण गर्न प्रतिबद्ध छौं ।

हाम्रा लाखौं जनताको छातीमा आशाको बिउ रोप्ने प्रयासमा हामीले विजय हासिल गरेका छौं । अब हामी यो वाचा गर्छौं कि हामी उस्तो समाज निर्माण गर्नेछौं जसमा सबै दक्षिण अफ्रिकीहरू, काला र गोरा दुवै, तिनीहरूको ह्दयमा कुनै डर बिना शीर ठाडो पारेर हिँड्न सक्षम हुने छन् । यस्तो शान्तिपूर्ण इन्द्रेणी राष्ट्र जसमा मानव मर्यादाको लागि जनताहरूलाई अक्षुण्ण अधिकारको ग्यारेन्टी हुनेछ ।

हाम्रो देशको नव निर्माणको लागि आफ्नो प्रतिबद्धताको प्रतीकको रूपमा, राष्ट्रिय एकताको नयाँ अन्तरिम सरकारले तत्काल कैद सजाय भोगिरहेका हाम्रा विभिन्न वर्गका जनतालाई आममाफी दिने मुद्दालाई तत्काल सम्बोधन गर्ने छ ।

हामी आजको दिनलाई यस देश र बाँकी विश्वका सबै नायक नायिकाहरूलाई समर्पित गर्दछौं जसले हाम्रो स्वतन्त्रताका लागि धेरै तरिकाबाट बलिदान दिए र आफ्नो जीवन समर्पण गरे । आज उनीहरूको सपना यथार्थमा परिणत भएको छ । यही स्वतन्त्रता नै उनीहरूको लागि इनाम हो ।

तपाईं दक्षिण अफ्रिकाका जनताले संयुक्त लोकतान्त्रिक, गैरजातीय र गैरलैङ्गिक सरकारको पहिलो राष्ट्रपतिको रूपमा हामीलाई प्रदान गर्नुभएको सम्मान र विशेषाधिकारबाट हामी नम्र र गौवान्वित भएका छौं ।

हामीलाई थाहा छ कि स्वतन्त्रताका लागि अबको बाटो पनि सजिलो छैन । हामीलाई यो पनि राम्ररी थाहा छ कि हाम्रो एकल प्रयासले सफलता हासिल गर्न सक्दैनौं । त्यसैले हामीले राष्ट्रिय मेलमिलापका लागि, राष्ट्र निर्माणको लागि र नयाँ संसारको जन्मको लागि एकताबद्ध जनताको रूपमा काम गर्नुपर्छ ।

सबैलाई न्याय होस् । सबैका लागि शान्ति होस् । सबैका लागि काम, रोटी, पानी र नुन होस् ।

सबैलाई थाहा दिनुहोस् कि प्रत्येकको लागि शरीर, मन र आत्मा आफैलाई पूरा गर्न स्वतन्त्र गरिएको छ ।

यस सुन्दर भूमिले फेरि कहिल्यै पनि एकले अर्काको उत्पीडनको अनुभव गर्ने छैन र संसारले नचाहेको अपमान भोग्ने छैन ।

स्वतन्त्रताको शासन गरौं ।

यति गौरवशाली मानव उपलब्धिमा घाम कहिल्यै अस्ताउने छैन ।
भगवान अफ्रिकालाई आशीर्वाद दिनुहोस् ।
धन्यवाद ।

४. मलाला युसफजाईको नोबल पुरस्कार ग्रहण गर्दाको भाषणको भिडियो
जततउकस्ररधधधाथयगतगदभाअफरधबतअजरुख.डजहण्बवष्भ:घ:

## पाठ : ७ विश्वबन्धुत्व र मानवता

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

पूर्वीय परम्परामा "बसुधैव कुटुम्बकम्" अर्थात् "पृथ्वीमा भएका सबै प्राणीहरू मानिसका आफन्तहरू हुन्" भन्ने धारणा रहेको पाइन्छ । औद्यौगिकीकरण तथा यातायात र सञ्चार प्रविधिमा भएको विकासले गर्दा विश्व नै एउटा सानो गाउँ जस्तै भएको छ । यसले गर्दा अन्तर्राष्ट्रिय बसाइसराइँको दर पनि बढ्दो छ । त्यसले देशहरूबिबच एकआपसी अन्तर्निभरता बढाएको छ । संसारको एक कुनामा भएका ससाना घटनाहरूले समेत विश्वभर प्रभाव पार्ने भएको छ । यसरी एक देशको नागरिक संसारको कुनै पनि कुनामा गएर जीवनयापन गर्न सक्षम हुनुपर्ने भएको छ । मानिसबिचको अन्तरक्रिया र एक आपसी सम्बन्धले गर्दा नै हामी सर्वोत्कृष्ट प्राणी भएका हौँ । समतामूलक समाज निर्माण गर्न, आवश्यकताका आधारमा पारस्परिक सहयोग गर्ने समाजको विकास गर्न र मानव अधिकारको संरक्षण र संवर्धन गर्नसमेत सबै सचेत हुन आवश्यक छ। यस पाठमा विश्वबन्धुत्व र मानवताको परिचय, तिनीहरूले मानव जीवनमा पारेको प्रभाव, तिनीहरूको परिपालना गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई यी सबै कुराहरूमा सचेत गराउन तथा तदनुरूप व्यवहार गर्न अभिप्रेरित गर्नु यस पाठको मूल अभिप्राय हो ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विश्ववन्धुत्व र मानवताको भावना परिपालन गर्न | – विश्वबन्धुत्व र मानवताको परिचय दिन र तिनले मानव जीवनमा पारेको प्रभाव बताउन<br>– विश्ववन्धुत्व र मानवताको भावना परिपालन गर्न |

### (ग) शैक्षणिक सामग्री

- थप अध्ययन सामग्रीमा दिइएको पाठ्यांशको प्रिन्ट प्रति
- मानवता झल्कने चित्र, भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई "ककसको आफन्त विदेश जानुभएको छ ?" भनेर सोध्नुहोस् । उनीहरूका जवाफका आधारमा "को को कहाँ जानुभएको छ ?" जस्ता प्रश्नहरू गर्दै विश्वमा मानिसहरूको आवतजावतसम्बन्धी छलफल गराउनुहोस् ।

कोरोना भाइरसको महामारी, रुस-युक्रेन युद्ध जस्ता तत्काल घटेका अन्तर्राष्ट्रिय घटनाक्रमका बारेमा छलफल गरी तिनीहरूले विश्वमा पारेका प्रभावहरूका बारेमा जानकारी गराउँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : ग्लष्तभम ध्भ क्तबलम**

- विद्यार्थीहरूलाई तीन चार जनाको समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक विद्यार्थीलाई “विश्वबन्धुत्व भन्नाले के बुझ्नुहुन्छ ?” एक वाक्यमा लेख्न लगाउनुहोस् ।
- सबै विद्यार्थीले प्रश्नको उत्तर लेखिसकेपछि समूहमा छलफल गरी एउटा परिभाषा बनाउन लगाउनुहोस् ।
- प्रत्येक समूहलाई आआफ्नो परिभाषा कक्षामा सुनाउन लगाउनुहोस् ।
- अन्तमा सबैको परिभाषालाई समेटी एउटै परिभाषा बनाउन लगाउनुहोस् ।

**क्रियाकलाप २ : प्रश्नोत्तर**

विश्वबन्धुत्व र मानवताको पूर्वीय परम्पराबारे तलकाजस्तै प्रश्नहरूका आधारमा प्रश्नोत्तर गर्नुहोस् । आवश्यकताअनुसार थप जानकारी दिनुहोस् ।

- बसुधैव कुटुम्बकम् भनेको के हो ?
- पूर्वीय परम्पराको शान्ति मन्त्र थाहा छ ?
- शान्ति मन्त्रको अर्थ के हो ? (शान्ति मन्त्र र यसको भावार्थ थप अध्ययन सामग्रीमा दिइएको छ ।)
- बुद्धको अटाङ्ग मार्गले कस्तो मानवीय व्यवहार गर्न निर्देशन गर्दछ ?
- पूर्वीय परम्परामा विश्वबन्धुत्व र मानवता सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?

**क्रियाकलाप ३ समूह कार्य**

विद्यार्थीलाई चारपाँच जनाको समूहमा विभाजन गर्नुहोस् । थप अध्ययन सामग्रीमा दिइएको पाठ्यांश पढ्न लगाई निम्न प्रश्नहरूका आधारमा छलफल गरी प्रस्तुतीकरण गर्न लगाउनुहोस्

- महामारीको कारण के के होला ?
- कुन कुन देशलाई महामारीको असर पर्‍यो ?
- यस महामारीबाट मानव जातिले के के कुरा सिक्नुपर्ला ?
- विश्वबन्धुत्वको भावनाअनुसार काम नगरेको भए मानव जातिलाई कस्तो प्रभाव पर्थ्यो होला ?

**क्रियाकलाप ४ जोडीमा छलफल**

विद्यार्थीलाई जोडीमा विभाजन गर्नुहोस् । प्रत्येक जोडीमा एक जनालाई मानवता र विश्वबन्धुत्वको मानव जीवनमा पारेको प्रभाव र अर्कोलाई बदलिँदो विश्व परिवेशमा आवश्यक सामाजिक सिपहरू सम्बन्धमा बुँदा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि जोडीमा आफूले तयार गरेको बुँदा साटासाट गर्न लगाउनुहोस् । अन्तमा केही समूहहरूलाई आफूले तयार गरेको बुँदा कक्षामा पढेर सुनाउन लगाउनुहोस् ।

विद्यार्थीले काम गर्दैगर्दा अनुगमन गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ५ निबन्ध लेखन**

“विश्वग्राम र विश्ववन्धुत्व” शीर्षकमा निबन्ध लेख्ने गृहकार्य दिएर कक्षा समापन गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन /प्रतिबिम्बन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. वर्तमान विश्वलाई किन विश्वग्राम भनीएको हो ?

२. मानवता भन्नाले के बझिन्छ ?

३. विश्वबन्धुत्वको भावना राख्दा हुने एक फाइदा बताउनुहोस् ।

**(च) थप अध्ययन सामग्री**

१. शान्ति मन्त्र :

ॐ द्यौः शान्तिरन्तरिक्ष शान्तिः

पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ।

वनस्पतयः शान्तिर्विश्वे देवाः शान्तिर्ब्रह्मा शान्तिः

सर्वः शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥

ॐ शान्तिः शान्तिः शान्तिः ॥

भावार्थ :

सम्पूर्ण आकाशमा, विशाल अन्तरिक्षमा, पृथ्वीमा, पानीमा, सबै जडीबुटीहरू, रूखहरू र लहराहरूमा सदा शान्ति रहोस् । सम्पूर्ण ब्रह्माण्डमा जताततै शान्ति छाओस् । परम ब्रह्ममा शान्ति रहोस् ।

**२. मुख्य क्रियाकलाप ३ का लागि पाठ्यांश**

महामारीले विश्वका मानव समुदायमा ठुलो क्षति पऱ्याउनुका केही पाठ पनि सिकाएको छ । चीन, अमेरिका, इटली, दक्षिण कोरिया, बेलायत जस्ता विकसित देशहरू पनि महामारीको चटारोमा परेका छन् । विश्वका शक्तिशाली भनिएका देशहरू नै महामारीका कारण थला परेका छन् । कोरोना सङ्क्रमणको पूर्वतयारी, सावधानी, नागरिकहरू सचेत नहुँदा इटली ठुलो दुर्दशा भोग्नु पऱ्यो । नागरिकहरूलाई व्यवस्थित हुन र समाजिक दुरी कायम गर्न सरकारले जारी गरेको सूचनालाई बेवास्था गर्दा इटलीले ठुलो क्षति बेहोरिरहेको छ । कोरोना भाइरसको लक्षणलाई देखिएपछि ब्रिटिस प्रधानमन्त्री बोरिस जोनसनसमेत उपचारका लागि अस्पताल भर्ना हुनुपऱ्यो, भने अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पलाई महामारी नियन्त्रण गर्न राष्ट्रिय सङ्कटकाल घोषणा गर्न बाध्य बनायो । नेदरल्यान्डको दुई तिहाई बहुमतको सरकारका प्रधानमन्त्रीले बहालवाला स्वास्थ्य मन्त्रीलाई हटाई विपक्षी दलका संसदलाई स्वास्थ्य मन्त्री बनाएर महामारी नियन्त्रणमा अगि बढेका छन् । यसबाट सङ्कटको घडीमा आफ्नो र पराइ हुँदैन । सही पदका सक्षम व्यक्तित्वको आवश्यकता पर्छ भन्ने सन्देश दिएको छ । विश्व इतिहासमा अग्रपङ्क्तिमा शक्तिशाली मुलुकको महामारीको अवस्थालाई विश्लेषण गर्ने हो भने रोगले सम्पन्न, विपन्न, शक्तिशाली, दुर्बलता, सानो, ठुलो कसैलाई विभेद गर्दैन भन्ने पाठ सिकाएको छ ।

पछिल्लो समय सिङ्गो विश्व नै मानव जातिको अस्तित्वको लडाइँ लडिरहेको छ । मानव सभ्यता, संस्कृति, वातावरण र जीवात्माको रक्षार्थ विश्वका हरेक मुलुकहरू कोरोना विरुद्ध सङ्घर्षरत छन् । हरेक देशहरू आफ्ना नागरिकहरूको स्वास्थ्य सुरक्षाका खातिर सबै कार्यहरू थाती राखेर महामारी नियन्त्रणका लागि प्रयत्नरत छन् । कोरोना विरुद्धको अभियानमा विश्वका गोलबद्ध हुन थालेका छन् । कोरोना भाइरसको सुरुआती चरणलाई विश्वका प्रायः मुलुकहरूले सामान्य फ्लुका रूपमा लिए । विश्व स्वास्थ्य सङ्गठनले यो भाइरसबाट विश्व नै सङ्क्रमित हुने सम्भावनाबारे जानकारी गराउँदासमेत गम्भीरताका रूपमा नलिँदा महामारीले डर लाग्दो रूप लिन पुग्यो । जब भाइरसले महामारीको रूप लिन थाल्यो तब स्वास्थ्य संवेदनशीलताका बारेमा सबैलाई सोच्न बाध्य बनायो । केही देशहरूले रात रात अस्पतालहरूको निर्माण गर्न थाले । स्वास्थ्य सामाग्री र औषधीको उत्पादन गर्न थाले र सङ्क्रमण रोकथाम, न्यूनीकरण र

व्यवस्थापनका लागि पूर्वतयारी गर्न थाले । भौतिक विकास, आर्थिक समृद्धि र प्रविधिले मात्र शक्तिशाली भएर हुन्न, स्वस्थ्य क्षेत्रलाई पनि प्राथामिकता दिई नवीन विधि र पद्धतिलाई अवलम्बन गर्नु पर्ने महामारीले विश्वलाई सन्देश दिएको छ ।

## पाठ : ८ हाम्रो सामाजिक दायित्व

**अनुमानित कार्यघण्टा : १**

(क) पाठ परिचय

संसारका सबै प्राणीहरूले आफ्नो र आफ्नो सन्तानको हेरचाह र सुरक्षा गर्दछन् । मानिस मात्रै यस्तो प्राणी हो जसले आफ्नो र आफ्नो सन्तानको मात्र होइन आफ्ना अग्रजको पनि हेरचाह र सुरक्षा गर्दछ । यति मात्र होइन मानिसले समाजका शारीरिक, आर्थिक र सामाजिक रूपमा कमजोर वर्गलाई समेत हेरचाह, सहयोग र सुरक्षा प्रदान गर्दछ । समाजमा रहेका ज्येष्ठ नागरिक, असहाय र अपाङ्गता भएका नागरिकप्रति सहयोग, सेवा र सम्मान गर्नु समाजका सबै नागरिकहरूको कर्तव्य हो ।

यस पाठमा ज्येष्ठ नागरिक, असहाय र अपाङ्गको परिचय, भूमिका, ज्येष्ठ नागरिकप्रति हाम्रो दायित्व, राज्यको सामाजिक सुरक्षासम्बन्धी प्राबधान र उनीहरूलाई सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न अभिप्रेरित गर्नु यस पाठको मूल अभिप्राय हो ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व निर्वाह गर्न | – ज्येष्ठ नागरिकको परिचय, भूमिका र सामाजिक दायित्व उल्लेख गर्न र सम्मान गर्न<br>– ज्येष्ठ नागरिक तथा असहाय र अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व पूरा गर्न<br>– नेपालमा ज्येष्ठ नागरिक सम्बन्धी सामाजिक सुरक्षाका प्रावधानहरू उल्लेख गर्न<br>– असहाय एवम् अपाङ्गता भएका व्यक्तिको पहिचान र भूमिका उल्लेख गर्न । |

**(ग) शैक्षणिक सामग्री**

- "डोको" छोटो फिल्म डाउनलोड गरिएको फाइल

- ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको वर्तमान अवस्था, सरकारी र गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरू एवम् कानुनी व्यवस्थासम्बन्धी पावरप्वाइन्ट स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

- अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धमा द्यचबष्ल कतयचकष्लन गराउनुहोस् ।
- "तपाइँ अपाङ्गता भएको व्यक्ति हुनुभएको भए कस्तो अनुभूति गर्नुहुन्थ्यो ?" भनेर प्रश्न गर्नुहोस् ।
- सोचेर दुई मिनेट समयभित्र सकेसम्म बढी बुँदा टिपोट गर्न लगाउनुहोस्
- अन्त्यमा केही विद्यार्थीलाई उनीहरूको टिपोट कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ फिल्म प्रदर्शन**

"डोको" शीर्षकको छोटो फिल्म देखाउनुहोस् । (फिल्म देखाउने सुविधा नभएमा कथा वाचन गर्न सकिन्छ ।) त्यसपछि विद्यार्थीलाई समूहमा विभाजन गरी तलका प्रश्नहरूमाथि छलफल गरी बुँदा टिपोट गराउनुहोस् । सबैले बुँदा टिपोट गरिसकेपछि कक्षा प्रस्तुत गर्न लगाउनुहोस् ।

- यो कस्तो समस्या हो ?
- समस्याको कारण के के होलान् ?
- यस्तो समस्या समाधान गर्न के के गर्नुपर्ला ?

**क्रियाकलाप २ स्लाइड प्रस्तुति**

ज्येष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूको वर्तमान अवस्था, सरकारी र गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरू एवम् कानुनी व्यवस्था सम्बन्धमा पावरप्वाइन्ट स्लाइड देखाएर छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ नाटक तयारी र प्रस्तुति**

विद्यार्थीलाई समूह समूहमा रही दिइएको कुनै एक शीर्षकमा नाटक तयार पार्न र नाटक प्रदर्शन गर्ने गरी परियोजना कार्य दिनुहोस् ।

- ज्येष्ठ नागरिकको अवस्था
- असहाय व्यक्तिको अवस्था
- अपाङ्गता भएका व्यक्तिको अवस्था

परियोजना कार्यअनुसारको नाटक प्रस्तुत गराउनुहोस् । विद्यार्थीलाई पृष्ठपोषण दिन लगाउनुहोस् । आफूले पनि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४ क्ष्ल(इगत** खेल

विद्यार्थीलाई कक्षाबाहिर लैजानुहोस् । विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । एक समूहलाई भित्री घेरामा र अर्को समूहलाई बाहिरी घेरामा उभिन लगाउनुहोस् । भित्री घेरामा भएका विद्यार्थीलाई बाहिर फर्कन र बाहिरी घेरामा भएका विद्यार्थीलाई भित्र फर्कन लगाउनुहोस् । यस एकाइसँग सम्बन्धित कुनै एक प्रश्न गर्नुहोस्, जस्तै :

- सम्पदा संरक्षणका उपायहरू के के होलान् ?

- हाम्रा लोकबाजालाई कसरी बजारीकरण गर्न सकिएला ?
- वर्तमान समयमा ज्येष्ठ नागरिकहरूका समस्याहरू के के होलान् ?

कुनै सङ्गीत वा बाजा बजाउनुहोस् । (नभएमा अन्य कुनै आवाज दिन सकिन्छ ।) बाजा बजिरहँदा भित्री घेराका विद्यार्थीलाई घडीको सुई घुम्ने दिशामा र बाहिरी घेराका विद्यार्थीलाई घडीको सुई घुम्ने दिशाको विपरीत दिशामा घुम्न लगाउनुहोस् ।सङ्गीत रोकिएपछि आमनेसामने परेका विद्यार्थीलाई पालैपालो एक अर्कालाई प्रश्न गर्न र उत्तर दिन लगाउनुहोस् । अरू प्रश्नहरू सोध्दै खेल जारी राख्नुहोस् ।

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापको बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।)

१. नेपालमा कति वर्षभन्दा माथिको नागरिकलाई ज्येष्ठ नागरिक भनिन्छ ?
२. तपाईं गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख हुनुभएको भए ज्येष्ठ नागरिकहरूका लागि के के व्यवस्था गर्नुहुन्थ्यो ?
३. कुनै असहाय व्यक्ति बाटो काट्न नसकेर बसिरहनु भएको छ भने तपाईं के गर्नुहुन्छ ?

**(च) थप अध्ययन सामग्री**

१. **"डोको" छोटो फिल्मको लिङ्क**

जततउकस्रधधधाथयगतगदभाअफरधबतअजरुख.ग्क्धहीडलल)ख्ध

## एकाइ : चार सामाजिक समस्या र समाधान

**कार्यघण्टा : १२**

### १.एकाइ परिचय

यस एकाइमा विद्यार्थीलाई सामाजिक समस्या र विकृतिअन्तर्गत मानव बेचबिखन, यौन विकृति र विसङ्गति, घरेलु हिंसा, भ्रष्टाचार, अन्धविश्वासको परिचय, कारण, असर र समाधानका उपायहरूका सम्बन्धमा जानकारी दिने, त्यस्ता समस्या र विकृतिको पहिचान गर्ने, समस्या समाधान सिप सिकाउने र त्यसका लागि उत्प्रेरित गर्ने विषयवस्तुहरू समावेश गरिएका छन् । यसै गरी सामाजिक समस्या समाधानमा अन्तराष्ट्रिय सङ्घसंस्थाहरूको भूमिकाका सम्बधमा जानकारी दिने विषयवस्तुहरू समाविष्ट छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी

आवश्यकताअनुसार थप सहयोग समेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तैः सञ्चार सिप, अन्तरबैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनु पर्दछ साथै कक्षामा भएका सबै प्रकारका बालबालिकाहरू सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्दछ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, त्एक न्बिभिचथ ध्वपि, जिग्सअ , रनिङ् डिक्टेसन आदिजस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलापहरू विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धता समेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू पनि सञ्चालन गर्न सक्नुहुने छ ।

### २.विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजन

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ. काघ |
|---|---|---|---|---|
| १. | मानव बेचविखन : एक गम्भीर सामाजिक समस्या | सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | • घटना अध्ययनका लागि घटना उल्लिखित प्रिन्टेड कापी (प्रत्येक समूहका लागि १ प्रति)<br>• मानव वेचविखनसँगसम्बन्धित चित्र, फोटो वा भिडियो | २ |
| २. | यौन विकृति र विसङ्गति | सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | • घटना अध्ययनका लागि घटनाको प्रिन्ट प्रति ( प्रत्येक समूहमा १ प्रति) | १ |
| ३. | घरेलु हिंसा | सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | • घरेलु हिंसा देखिने फोटो वा चित्रहरू<br>• घटना अध्ययनका लागि घटनाको प्रिन्ट | २ |
| ४. | सामाजिक विकृतिका रूपमा भ्रष्टाचार | सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | – भ्रष्टाचार विरुद्धको सचेतना जगाउने चित्र, नारा, प्लेकार्ड, पोस्टर, भिडियो आदि<br>– भ्रष्टाचारसम्बन्धी समाचारको प्रिन्ट प्रति (प्रत्येक समूहमा १ प्रति) | २ |
| ५. | अन्धविश्वास हटाऔँ | सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | बोक्सीसम्बन्धी समाचारको प्रिन्ट (प्रोजेक्टर भए प्रिन्ट नभए पनि हुन्छ ।)<br>अन्धविश्वास झल्कने चित्र, फोटा, भिडियो आदि<br>– | १ |
| ६. | सामाजिक समस्याको पहिचान र समस्या समाधान सिप | ▪ समस्या समाधान सिपको प्रदर्शन गर्न | – तातो आलु खेल खेलाउनका लागि रबरको बल<br>– म्युजिकका लागि मोबाइल फोन वा मादल ल्याटप, प्रोजेक्टर वा स्मार्टबोर्ड (सम्भव भएमा) | २ |
| ७. | सामाजिक समस्या समाधानमा अन्तराष्टिय सङ्घसंस्थाको भूमिका | सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाहरूले खेलेको भूमिका खोजी गर्न | युनिसेफ, संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, आइ.एल.ओ. र ट्रान्सपरेन्सी इन्टरनेसनलको लोगो ( प्रोजेक्टरमा देखाए पनि हुन्छ) | २ |

## पाठ : १ मानव बेचबिखन : एक गम्भीर सामाजिक समस्या

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

नेपालमा विभिन्न स्वरूपमा मानव बेचबिखन हुने गरेको पाइन्छ । घरेलु कामदारका रूपमा काम गराउन, कल कारखानामा काममा लगाउन, मानव अङ्ग बेचबिखन गर्न मानव बेचबिखन हुने गरेको छ । बालबालिकालाई अङ्गभङ्ग गराई माग्न लगाउने, सर्कस जस्ता जोखिमयुक्त काम गराउन पनि बेचबिखन र ओसारपसार गरिन्छ । यस पाठमा मानव बेचबिखनको अवधारणा, स्वरूप, असर र यसको समाधानका उपायहरू खोजी गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई मानव बेचबिखनको अवस्था, यसका कारण, सम्भावित लक्षित समूह तथा यसबाट बच्ने उपायका सम्बन्धमा सचेतना जगाउनु यस पाठको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | - मानव बेचविखनको अवधारणा, स्वरूप, असर र समाधानका उपायहरू खोजी गरी प्रस्तुत गर्न |

### (ग) शैक्षणिक सामग्री

- घटना अध्ययनका लागि घटना उल्लिखित प्रिन्टेड कापी (प्रत्येक समूहका लागि १ प्रति)
- मानव वेचविखनसँग सम्बन्धित चित्र, फोटो वा भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

थप अध्ययन सामग्रीमा दिइएको तालिकालाई प्रोजेक्टर वा चार्ट पेपरमा देखाई निम्नलिखित प्रश्नका आधारमा कक्षामा छलफल गराउनुहोस् ।

कुन कुन क्षेत्रका मानिसहरू बेचबिखनमा पर्दा रहेछन् ?

सबैभन्दा बढी कुन क्षेत्रका मानिस बेचबिखनमा पर्ने रहेछन् ?

वयस्क मनोरञ्जनको क्षेत्र भनेको के होला ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह कार्य र प्रस्तुति**

विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । (धेरै विद्यार्थी भएमा छ वा आठ समूह बनाउन सकिन्छ ।) प्रत्येक समूहलाई फरक प्रकृतिका एक एकओटा घटना दिनुहोस् । उक्त घटना अध्ययन गरी निम्न बुँदाहरूमा टिपोट गर्न लगाउनुहोस् । निर्धारित समय सकिएपछि सबै समूहलाई प्रस्तुतीकरण गर्न दिनुहोस् । सक्रियताका लागि धन्यवाद ज्ञापनसहित आवश्यक पृष्ठपोषण दिनुहोस् ।

- समस्या के हो ?
- समस्याको कारण के के होलान् ?
- समस्याले कस कसलाई असर पुऱ्याउने रहेछ ?
- यस्ता समस्या रोकथाम र समाधान गर्न के के गर्नुपर्ला ?

**क्रियाकलाप २ फिल्म प्रदर्शन र छलफल**

नेपालमा मानव बेचबिखन (चेलीबेटी बेचबिखन) सम्बन्धमा शक्ति समूहले बनाएको छोटो फिल्म "जुनेली" देखाउनुहोस् । यस फिल्म देखाएका समस्या, कारण र समाधानबारे कक्षामा छलफल गराउनुहोस् ।

*फिल्म देखाउन नसकिने भएमा, विद्यार्थीलाई मानव बेचबिखनका घटनाहरू सङ्कलन गर्न लगाउनुहोस् । ती घटनाहरू प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि समस्या, कारण र समाधानबारे कक्षामा छलफल गराउनुहोस् ।*

**क्रियाकलाप ३ पोटस्र तयारी र प्रस्तुति**

विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक जना टोली नेता छनोट गर्न लगाउनुहोस् । (टोली नेता छनोट गर्दा यस अगि टोली नेता बन्न नपाएकालाई प्राथमिकता दिन लगाउनुहोस् ।) प्रत्येक समूहलाई मानव बेचबिखनको सचेतनासम्बन्धी विभिन्न पक्षहरू समेटी फरक फरक शीर्षक दिनुहोस् । समूहमा छलफल गरी उक्त समस्याको कारण, असर र समाधानका उपाय समेटेर पोष्टर तयार गर्न लगाउनुहोस् । सबै समूहको पोस्टर तयार भएपछि कक्षाकोठाको भित्तामा टाँस्न लगाउनुहोस् । विद्यार्थीलाई नै मूल्याङ्कन गर्न लगाई उत्कृष्ट पोस्टरलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् ।

**<u>पोस्टरका शीर्षकका नमुना :</u>**

- बालबालिका बेचबिखन विरुद्धको सचेतना
- चेलीबेटी बेचबिखन विरुद्धको सचेतना
- वैदेशिक रोजगारमा मानव बेचबिखन विरुद्धको सचेतना
- विवाहका लागि गरिने मानव बेचबिखन विरुद्धको सचेतना

**क्रियाकलाप ४ : द्रुत लेखन**

यस पाठबाट सिकाइ भएका मूख्य मूख्य विषयवस्तु तीन मिनेट भित्र टिपोट गर्न लगाउनुहोस् । केही विद्यार्थीलाई आफूले तयार पारेको कुरा भन्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् ।

१. मानव बेचबिखनलाई किन गम्भीर सामाजिक समस्या भनिएको छ ?
२. मानव बेचबिखन हुनुका कारण उल्लेख गर्नुहोस् ।
३. मानव बेचबिखनले समाजमा के असर पार्दछ ? उल्लेख गर्नुहोस् ।

४. मानव बेचबिखन रोकथाम गर्न तपाईं के गर्न सक्नुहुन्छ ? सुझाव दिनुहोस् ।

**(च) थप अध्ययन सामग्री :**

**१. सुरुआती क्रियाकलापका लागि स्रोत सामग्री**

| **बेचबिखनमा परेकाको अनुमानित सङ्ख्या** | | | |
|---|---|---|---|
| बेचबिखनमा पर्ने क्षेत्र | अनुमानित सम्बद्ध जनसङ्ख्या | बेचबिखनमा परेकाको अनुमानित ∞ | बेचबिखनमा परेकाको सङ्ख्या |
| वयस्क मनोरञ्जनको क्षेत्र (गैरसरकारी संस्थाहरूबाट प्राप्त तथ्याङ्कका आधारमा) | ५०००० | १५ | ७५०० |
| समस्यापूर्ण वैदेशिक रोजगारका क्रममा शोषणमा रहेका | १५०००० | १.५ | २२५० |
| निकृष्ट प्रकारका बालश्रम | ३०००० | १० | ३००० |
| हराएका व्यक्ति महिला तथा बालवालिका | ७५०० | ८ | ६०० |
| प्रहरी तथा अदालतमा चलिरहेको मुद्दा सङ्ख्या | ४५० | १०० | ४५० |
| सिमानाका अनुगमन, पुर्नस्थापना केन्द्रमार्फत सेवा, आन्तरीक बेचविखन तथा ओसारपसार, पुर्नस्थापना गृह मार्फत सेवा | ५२१०० | ५० | २६५०० |
| **जम्मा** | **१६४००** | **५०** | **४०३००** |
| **गएको दुई आर्थिक वर्षको अबधिमा करिब ४०३०० व्यक्ति मानव बेचबिखनमा परेको** | | | |
| *स्रोत : मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९* | | | |

**२. घटना अध्ययनका लागि स्रोत सामग्री**

**<u>घटना १</u>**

नीता (नाम परिवर्तन) लाई पीडकले वैदेशिक मुलुक कतारमा अस्पतालमा काममा लगाइदिन्छु र राम्रो कमाइ हुने भनी प्रलोभनमा पारेको र पीडकले आफैं नीताको पासपोर्ट तथा भिसा बनाउने कार्य गरेको थियो । यसरी उनलाई पीडक पक्षकै पहलमा श्रम स्वीकृति नगराई र वैदेशिक रोजगार विभागमा समेत दर्ता नगराई वैदेशिक रोजगारको लागि दुबई पुऱ्यायो । दुबईमा नीतालाई २८ दिन बन्धक बनाइयो । दुबईमा उनी बन्धकमा हुँदा स्वदेश फिर्तीका लागि पीडकहरूसँग हार गुहार माग गर्दा उल्टै उनलाई पीडक पक्षले धम्कीसमेत दिई कुवेतबाट स्थल मार्ग हुँदै ओमन पुऱ्याएर एक मेनपावर कम्पनीलाई जिम्मा लगाए । उक्त मेनपावर कम्पनीले नीताको इच्छा विपरीत ओमनको एक घरमा घरेलु कामदारका रूपमा राखे । उक्त घरमा नीतालाई घर मालिकबाट खान लगाउन नदिने, धेरै समय काममा लगाउने, कुटपिट गर्ने, यौन दुर्व्यवहार गर्ने, घरपरिवारसँग सम्पर्क गर्न नदिने, काम गरेबापतको तलब माग्दा तलब नदिई किनेको भनी घर फर्कनसमेत बञ्चित गर्ने कार्य भएको थियो । उनका श्रीमानले नीतालाई फकाई फुल्याई विदेश पुऱ्याउने व्यक्ति विरुद्ध प्रहरीमा जाहेरी दिएका थिए र सम्मानित जिल्ला अदालतमा मानव बेचविखनसम्बन्धी मुद्दासमेत चलिरहेको थियो । यता पीडित नीताको स्वदेश फिर्तीका लागि पहल भइरहेको थियो । उनलाई स्वदेश फिर्ती गर्ने क्रममा नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, कन्सुलर विभाग र ओमनस्थित दूतावासले पहल

गरेको थियो । उद्धार हुने क्रममा नीता काम गर्ने मालिकले १५०० रियालमा २ वर्षका लागि मेनपावर कम्पनीसँग सम्झौता गरी किनेको र उक्त पैसा असुल नभएसम्म फिर्ता गर्न नमिल्ने भनी उक्त घर मालिकले इन्कार गरेकाले निज पीडितलाई स्वदेश फिर्ता गर्न गाह्रो भएको जानकारी आयोगमा प्राप्त भएको थियो ।

स्रोत : मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९

**घटना २**

सीमा (नाम परिवर्तन तथा ठेगाना गोप्य राखिएको) को नाजुक आर्थिक अवस्थाको कारण देखाई वैदेशिक रोजगार प्रलोभनमा पीडक पक्षले उनीलाई नेपाल भारतको सीमानाकाबाट भारतको दिल्ली-श्रीलङ्काको कोलम्बो-कतारको दोहा-हुँदै घरेलु कामदारका रूपमा कुवेत पुऱ्याएको थियो । कुवेत पुगिसकेपछि घर मालिकबाट शारीरिक मानसिक यातनालगायतका हिंसाबाट प्रताडित भएको भनी लुकेर मोबाइलमार्फत आफनो श्रीमानलाई जानकारी गराइन् । श्रीमानले नजिकैको इलाका प्रहरी कार्यालय तथा प्रशासन कार्यालयमा श्रीमतीको स्वदेश फिर्ती र वैदेशिक रोजगारका लैजाने व्यक्ति विरुद्ध निवेदन दिए । तर सीमाको उद्धार गर्ने कार्यमा ढिलाई हुनुका साथै सो अवधिमा पीडकबाट सीमाका परिवारलाई धम्की आएको र स्थानीय प्रहरी र प्रशासनबाट घटनाको प्रभावकारी रूपमा छानबिन नगरेको, पीडकबाटै स्वदेश फिर्तीका लागी केही रकम दिई कागज गराउँदा समेत सीमाको समयमा उद्धार हुन सकेन । पछि सीमालाई राष्ट्रिय मानव अधिकार आयोगसमेतको पहलमा नेपाली दूतावासबाट उद्धार गरी स्वदेश फिर्ता गराइएको थियो । तर पीडित सीमा स्वदेश फर्किसकेपछि उनले

आफूउपर भएको हिंसा तथा अपराधका बारेमा सम्बन्धित निकायहरूमा जान नसकेको कारण न्यायिक उपचारको अधिकार तथा मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराधबाट पीडितको मानव अधिकारको गम्भीर उल्लंघनमा क्षतिपूर्तिको अधिकारबाट सीमा वञ्चित भएकी छिन् ।

स्रोत : मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७९

३. **मानव बेचबिखनसम्बन्धी फिल्म “जुनेली” को लिङ्क**

जततउकस्रधधधाथयगतगदभाअफरधबतअजरुख.म्ँवष्ङ:अद्ध)ज:७त.छद्दघक

४. **मानव बेचबिखनसम्बन्धी फिल्म गीतको लिङ्क**

जततउकस्रधधधाथयगतगदभाअफरधबतअजरुख.म्ँवष्ङ:अद्ध)ज:७त.छद्दघक

## पाठ : २ यौन विकृति र विसङ्गति

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय :**

पूर्वीय परम्परामा यौनलाई सामाजिक मूल्य र मान्यतामा बाँधिएको छ । यौन क्रियाकलापलाई गोपनीय मानिन्छ । विवाह पूर्व र विवाहोत्तर यौन सम्बन्धलाई गैरनैतिक मानिएको छ । तर आधुनिक समाजमा पाश्चात्य प्रभाव बढ्दै गएको देखिन्छ । विवाहोत्तर यौन सम्बन्ध राख्ने, कम उमेरमा यौन सम्बन्ध राख्ने जस्ता विकृति नेपाली समाजमा समेत बढ्दै गएको देखिन्छ । यसले गर्दा पारिवारिक झमेला, सम्बन्ध बिचछेद जस्ता समस्याहरू बढिरहेका छन् । यसले सम्बन्धित व्यक्तिहरूलाई मात्र नभई समग्र समाजमा नै नकारात्मक असर पारिरहेको छ । यस पाठमा यौन विकृति र विसङ्गतिको अवधारणा, स्वरूप, असर र यसको समाधानका उपायहरू खोजी गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई यौन विकृति र विसङ्गतिबारे जानकारी दिई यसबाट व्यक्ति र समाजलाई पर्न सक्ने असरप्रति सचेत बनाउनु र त्यसअनुसार व्यवहार गर्न अभिप्रेरित गर्नु यस पाठको मुख्य उद्देश्य रहेको छ ।

(ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | - यौन विकृति र विसङ्गतिहरू पहिचान गरी यसका असर र समाधानका उपायहरू उल्लेख गर्न |

(ग) शैक्षणिक सामग्री

घटना अध्ययनका लागि घटनाको प्रिन्ट प्रति (प्रत्येक समूहमा १ प्रति)

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

मौखिक रूपमा तलका जस्तै प्रश्नहरू गरी "यौन क्रियाकलाप" प्राकृतिक आवश्यकता हो तथापी यो समाजमा विकृतिका रूपमा समेत देखिन थालेको सन्दर्भलाई निष्कर्षमा पुऱ्याउनुहोस् ।

- मानिसले किन बालबच्चा जन्माउँछन् ?
- मानिसले बालबच्चा जन्माउन बन्द गरे समाजमा के असर पर्दछ होला ?
- हाम्रो जन्म कसरी भएको हो ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ भिडियो प्रदर्शन र छलफल**

नेपालमा यौन दुर्व्यवहारसम्बन्धी कुनै एउटा भिडियो देखाउनुहोस् । यस भिडियोमा देखिएका समस्या, कारण र समाधानबारे कक्षामा छलफल गराउनुहोस् ।

*भिडियो देखाउन नसकिने भएमा विद्यार्थीलाई यौन विकृतिका घटनाहरू सङ्कलन गर्न लगाउनुहोस् । ती घटनाहरू प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि समस्या, कारण र समाधानबारे कक्षामा छलफल गराउनुहोस् ।*

**क्रियाकलाप २ : समूह कार्य**

विद्यार्थीलाई ३ वा ६ समूहमा विभाजन गर्नुहोस् । पाठ्यपुस्तकमा दिइएका ३ ओटा घटनाहरूमध्ये प्रत्येक समूहलाई एउटा घटना दिनुहोस् । उक्तघटना अध्ययन गरी निम्नलिखित बुँदाहरूमा टिपोट गर्न लगाउनुहोस् । निर्धारित समय सकिएपछि सबै समूहलाई प्रस्तुतीकरण गर्न दिनुहोस् ।

- समस्या पहिचान
- समस्याको कारणहरू
- समस्याका असरहरू
- समस्या रोकथाम र समाधान उपायहरू

सबै समूहको प्रस्तुतीकरण सकिएपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३ बुलेटिन बोर्डमा टाँसौँ**

विभिन्न यौन विकृतिसँग सम्बन्धित समाचार, सम्पादकीय आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापका बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।)

१. यौन विकृति र विसङ्गतिलाई सामाजिक समस्या भनिएको हो ? कारण दिनुहोस् ।
२. यौन विकृति र विसङ्गतिले पार्न सक्ने असर बताउनुहोस् ।
३. यौन विकृति र विसङ्गतिलाई रोक्न के कस्ता उपायहरू गर्न सकिन्छ ? कुनै एक उपाय बताउनुहोस् ।

**(च) थप अध्ययन सामग्री**

**१. यौन विकृतिसम्बन्धी भिडियोको लिङ्क**

जततउकस्ररधधधा।थयगतगदभ।अफरधबतअजरुख.खभाजख्यटच्वत्त

## पाठ : ३ घरेलु हिंसा

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

मानिसले आफू ठुलो भएको देखाउन, अरूलाई कमजोर बनाउन, आफ्ना कुरामा अरूलाई सहमत गराउन आदिका लागि मानिसले आफ्नै परिवारका सदस्यहरू माथि अमानवीय व्यवहार देखाउन सक्छ । कुनै व्यक्तिले

घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसा भनिन्छ ।

यस पाठमा घरेलु हिंसाको परिचय तथा पहिचान, कारण, असर र यसको न्यूनीकरणका उपायहरू खोजी गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । घरेलु हिंसाबारे जानकारी दिने, यसका कारण र निराकरणका उपायहरूप्रति सचेत बनाउने तथा घरेलु हिंसा नगर्ने र गर्न नदिने नागरिक तयार गर्नु यस पाठको अभिप्राय हो ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | - घरेलु हिंसाको पहिचान गर्न<br>- घरेलु हिंसाका कारण , असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- घरेलु हिंसा देखिने फोटो वा चित्रहरू
- घटना अध्ययनका लागि घटनाको प्रिन्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

प्रोजेक्टर वा स्मार्टबोर्डमा घरेलु हिंसा झल्कने चित्र देखाउनुहोस् । (सम्भव नभएमा, फोटो वा चित्र प्रिन्ट गरेर देखाउन सकिन्छ ।) त्यसपछि तलका जस्तै प्रश्न गरेर विद्यार्थीसँग छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

- चित्रमा के गरेको देखिन्छ ?
- यस्तो कार्य कहाँ कहाँ भएको पाइन्छ ?
- यस्तो कार्यलाई के भनिन्छ ?
- यस्तो कार्य किन हुन्छ होला ?
- यस्तो कार्य कसरी रोक्न सकिन्छ ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ घटना अध्ययन**

विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । पाठ्यपुस्तकमा दिइएका २ ओटा घटनाहरूमध्ये प्रत्येक समूहलाई एउटा घटना दिनुहोस् । उक्त घटना अध्ययन गरी निम्नलिखित बुँदाहरूमा टिपोट गर्न लगाउनुहोस् । निर्धारित समय सकिएपछि सबै समूहलाई प्रस्तुतीकरण गर्न दिनुहोस् ।

- समस्या पहिचान

- समस्याको कारणहरू
- समस्याका असरहरू
- समस्या रोकथाम र समाधान उपायहरू

**क्रियाकलाप २  भिडियो प्रदर्शन र छलफल**

नेपालमा घरेलु हिंसासम्बन्धी कुनै एउटा भिडियो देखाउनुहोस् । भिडियोमा देखिएका समस्या, कारण र समाधानबारे कक्षामा छलफल गराउनुहोस् ।

*भिडियो देखाउन नसकिने भएमा विद्यार्थीलाई घरेलु हिंसाका घटनाहरू सङ्कलन गर्न वा देखे भोगेका अनुभव बताउन लगाउनुहोस् । त्यसपछि सिर्जित समस्या, तिनका कारण र असर एवम् समाधानका उपाय सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् ।*

**क्रियाकलाप ३ गीत वा कविता सिर्जना र प्रस्तुति**

विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक जना टोली नेता छनोट गर्न लगाउनुहोस् । ( टोली नेता छनोट गर्दा यस अगि टोली नेता बन्न नपाएकालाई प्राथमिकता दिन लगाउनुहोस् ।) प्रत्येक समूहलाई घरेलु हिंसा सम्बन्धमा गीत वा कविता लेख्न र प्रस्तुत गर्न लगाउनुहोस् ।  उत्कृष्ट गीत वा कवितालाई भित्ते पत्रिका वा अनलाइनमा प्रकाशन गर्नुहोस् ।)

**(ङ)  मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापका बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।)

१. घरेलु हिंसाका  कारण उल्लेख गर्नुहोस् ।

२. घरेलु हिंसा रोक्न तपाईं के गर्न सक्नुहुन्छ ?

**(च)  परियोजना कार्य / प्रयोगात्मक कार्य**

घरेलु हिंसा सम्बन्धमा एक समाचार तयार पार्नुहोस् ।

## पाठ : ४  सामाजिक विकृतिका रूपमा भ्रष्टाचार

**अनुमानित कार्यघण्टा : २**

**(क)  पाठ परिचय**

आफ्नो व्यक्तिगत वा पारिवारिक फाइदाका लागि आफ्नो पद वा शक्तिको दुरुपयोग गरी सम्पत्ति वा अन्य लाभ प्राप्त गर्नुलाई भ्रष्टाचार भनिन्छ । भ्रष्टाचार भन्नाले आर्थिक, नैतिक, सामाजिक तथा नीतिगत रूपमा फाइदा लिनु भन्ने बुझिन्छ । यसले व्यक्तिलाई क्षणिक रूपमा खुसी मिलेपनि दीर्घकालमा पश्चाताप हुने, कानुनी कारबाही (जेल, जरिवाना) हुने तथा समाजमा बदनाम हुने हुन्छ । सदाचारी व्यक्तिलाई सबैले सधैं सम्मान गर्दछन् ।

यस पाठमा भ्रष्टाचारको परिचय तथा पहिचान, कारण, असर र यसको न्यूनीकरणका उपायहरू खोजी गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक

क्रियाकलाप छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । भ्रष्टाचारका विभिन्न रूपको जानकारी गराई आफू पनि भ्रष्टाचार नगर्ने, अरूलाई पनि भ्रष्टाचार गर्न नदिनु, सदाचारी भावनाको विकास गराउनु तथा भ्रष्टाचारलाई निवारण गर्न आवश्यक कदम चाल्न प्रेरित गर्नु यस पाठको अभिप्राय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | - भ्रष्टाचारका विभिन्न स्वरुपहरूको पहिचान गर्न<br>- भ्रष्टाचारका कारण, असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न<br>- भ्रष्टाचार निवारण गर्ने कार्यमा प्रेरित गर्न |

**(ग) शैक्षणिक सामग्री**

- भ्रष्टाचार विरुद्धको सचेतना जगाउने चित्र, नारा, प्लेकार्ड, पोस्टर, भिडियो आदि
- भ्रष्टाचारसम्बन्धी समाचारको प्रिन्ट प्रति (प्रत्येक समूहमा १ प्रति)

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई भ्रष्टाचारका केही उदाहरणहरू दिई तलका जस्तै प्रश्नहरू सोधेर प्रश्नोत्तर गराउनुहोस् । एक दुई जना विद्यार्थीलाई उत्तरहरू बोर्डमा टिप्न लगाउनुहोस् ।

भ्रष्टाचार भनेको के हो ?

कस कसले भ्रष्टाचार गर्न सक्छन् ?

कहाँ कहाँ बढी भ्रष्टाचार भएको पाइन्छ ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह कार्य**

विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई थप अध्ययन सामग्रीमा दिइएको समाचार अध्ययन गर्न लगाई निम्नलिखित बुँदाहरूमा टिपोट गर्न लगाउनुहोस् । निर्धारित समय सकिएपछि सबै समूहलाई प्रस्तुतीकरण गर्न दिनुहोस् ।

कस्तो प्रकारको भ्रष्टाचार हो ?

गल्ती कसको हो ?

भ्रष्टाचार किन भएको होला ?

कसरी रोकथाम र निवारण गर्न सकिएला ?

**क्रियाकलाप २ उदाहरण र छलफल**

विभिन्न प्रकारका भ्रष्टाचारबारे उदाहरण दिँदै छलफल गराउनुहोस् ।

आर्थिक भ्रष्टाचार : घुस खानु, कमिसन खानु, सामानको बढी मूल्यको बिल बनाउनु आदि

नैतिक भ्रष्टाचार : समय पालना नगर्नु, जाँगर नलगाएर काम नगर्नु, हाजिर भएर पनि काम नगर्नु आदि

सामाजिक भ्रष्टाचार : सामाजमा धाक धक्कु लगाउनु, अरूलाई हेप्नु, अरूको कुरा काट्नु आदि

नीतिगत भ्रष्टाचार : आफूलाई फाइदा हुने गरी नियम, कानुन बनाउनु, पक्षपात हुने गरी निर्णय गर्नु आदि

**क्रियाकलाप ३ समूह छलफल**

विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक जना टोली नेता छनोट गर्न लगाउनुहोस् । ( टोली नेता छनोट गर्दा यस अघि टोली नेता बन्न नपाएकालाई प्राथमिकता दिन लगाउनुहोस् ।) हरेक समूहलाई एक एक प्रकारका जिम्मेवारी दिनुहोस् जस्तै भ्रष्टाचार विरुद्ध सचेतना जगाउने पोस्टर, गीत/कविता, नारासहितको प्लेकार्ड, नाटक बनाउन लगाउनुहोस् । विद्यार्थीलाई नै मूल्याङ्कन गर्न लगाई उत्कृष्ट सिर्जनालाई पुरस्कृत गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् :

१. भ्रष्टाचारले पार्ने प्रभाव बताउनुहोस् ।
२. नेपालमा भ्रष्टाचार व्याप्त हुनाको कारणहरू बताउनुहोस् ।
३. भ्रष्टाचार नियन्त्रण गर्ने उपायहरू सुझाउनुहोस् ।

**(छ) थप अध्ययन सामग्री**

**भ्रष्टाचारसम्बन्धी समाचार**

**स्वकीय सचिव र सल्लाहकार नियुक्ति गैरकानुनी**

काठमाडौं, माघ २२ गते

स्थानीय तहका जनप्रतिनिधिले कानुन विपरीत स्वकीय सचिव र सल्लाहकार नियुक्त गर्न नपाइने भए पनि ती पदमा नियुक्त गर्ने क्रममा कमी आएको छैन । स्थानीय तहका जनप्रतिनिधिको सेवा सुविधासम्बन्धी कानुनमा स्वकीय सचिव र सल्लाहकार नियुक्त गर्ने व्यवस्था नभए पनि कतिपय पालिका प्रमुखले आफूखुसी त्यस्ता पदाधिकारी नियुक्त गर्दै आएका छन् ।

संविधानमा जनप्रतिनिधिको सेवा सुविधासम्बन्धी कानुन प्रदेश सरकारले बनाउने उल्लेख छ । जनप्रतिनिधिको सेवा सुविधासम्बन्धी प्रदेश सरकारले बनाएको कुनै पनि कानुनमा स्वकीय सचिव र सल्लाहकार राख्न पाउने व्यवस्था छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका जनप्रतिनिधिले कानुनविपरीत स्वकीय सचिव र सल्लाहकार राख्ने गरेको जनाएको छ । महालेखा परीक्षकको गत तीन वर्षको प्रतिवेदन अध्ययन गर्दा हरेक वर्ष गाउँपालिका अध्यक्ष र नगरपालिका प्रमुखले स्वकीय सचिव र सल्लाहकार नियुक्त गरेको उल्लेख छ । स्वकीय सचिव र सल्लाहकारका लागि प्रदान गरिने पारिश्रमिक खर्च नियन्त्रण गर्नुपर्ने भनी महालेखाको हरेक प्रतिवेदनमा उल्लेख गरे पनि स्थानीय तहले भने त्यसलाई बेवास्ता गर्दै आएका छन् । आर्थिक वर्ष २०७८/७९ मा १८८ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्त गरी ती स्थानीय तहले वार्षिक आठ करोड ५३ लाख रुपियाँ पारिश्रमिक भुक्तानी दिएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हालै सरकारलाई दिएको विभिन्न सुझावमा स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक नभएका सरकारी साधन र स्रोतको अपव्यय हुने गरी, प्रेस सल्लाहकार,

स्वकीय सचिव, कानुनी सल्लाहकार, प्राविधिक तथा प्रशासनिक सल्लाहकार नियुक्त नगर्न आग्रह गरेको थियो ।

स्रोत : गोरखापत्र अनलाइन (२०८० माघ २२)

## पाठ : ५ अन्धविश्वास हटाऔँ

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

नेपाली समाजमा विभिन्न खालका अन्धविश्वास विद्यमान छन् । बोक्सी, भूतप्रेत, धामी झाक्री, छोरा नभई नहुने, छोरा र छोरीमा भेदभाव गर्ने, महिनावारी भएका महिलालाई अपवित्र मान्ने जस्ता अन्धविश्वासका उदाहरण हुन् । यस पाठमा अन्धविश्वासको परिचय तथा पहिचान, कारण, असर र यसको न्यूनीकरणका उपायहरू खोजी गर्न र यसबाट सचेत रहन अपनाउनु पर्ने उपायहरू सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थी जीवनदेखि नै विज्ञानसम्मत कुरामा विश्वास गर्ने र अन्धविश्वासलाई पालना नगर्ने शिक्षा प्रदान गर्ने यो पाठको मुख्य उद्देश्य रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | – अन्धविश्वासको पहिचान गर्न<br>– अन्धविश्वासको कारण र असर बनाउन<br>– अन्धविश्वासबाट सचेत रहने उपायहरू बताउन |

### (ग) शैक्षणिक सामग्री

- बोक्सीसम्बन्धी समाचारको प्रिन्ट (प्रोजेक्टर भए प्रिन्ट नभए पनि हुन्छ ।)
- अन्धविश्वास झल्कने चित्र, फोटा, भिडियो आदि

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

विज्ञान भनेको के हो ? भनेर प्रश्न सोध्नुहोस् । सबै विद्यार्थीलाई एक एक वाक्य लेख्न लगाउनुहोस् । आफूले लेखेको उत्तर साथीलाई देखाउन लगाउनुहोस् । केही विद्यार्थीका परिभाषा कक्षामा सुनाउन लगाउनुहोस् । अन्तमा, “प्रमाणित कुरामा विश्वास गर्ने शास्त्र नै विज्ञान हो” भनी निष्कर्ष दिनुहोस् ।

विज्ञानको ठिक विपरीत के होला ? भनी छलफल गराउनुहोस् । “प्रमाणित नभएका अनुमानित वा काल्पनिक कुरामा विश्वास गर्नु अन्धविश्वास हो” भनी निष्कर्ष दिनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह कार्य**

विद्यार्थीलाई जोडीमा वा समूहमा विभाजन गर्नुहोस् । निश्चित समय निर्धारण गरी सबैलाई पाठ्यपुस्तकमा दिइएको पाठ पढ्न लगाउनुहोस् । पाठमा दिइएका तथा अन्य अन्धविश्वासका उदाहरणहरूको सूची बनाउन लगाउनुहोस् । समय समाप्त भएपछि सबैभन्दा बढी उदाहरण टिपोट गर्ने समूहलाई आफ्नो सूची वाचन गर्न लगाउनुहोस् । उक्त सूचीमा नभएका उदाहरण कुनै समूहले टिपेको छ कि ? सोध्नुहोस् । टिपेको भएमा ती उदाहरणहरू थप्न लगाउनुहोस् ।

**क्रियाकलाप २ छलफल**

क्रियाकलाप १ मा उल्लेख भएका अन्धविश्वासका उदाहरणहरू (शिक्षकले थप पनि गर्न सकिन्छ) बारे तलका जस्तै प्रश्नहरू गरेर छलफल गराउनुहोस् ।

छाउपडी प्रथा (अरू पनि क्रमशः सोध्ने) भनेको के हो ?

यो प्रथा कुन क्षेत्रमा बढी प्रचलित छ ?

यो प्रथाले कुन समूहका मानिसलाई बढी असर गर्दछ ?

यो प्रथा रोक्न हामी के गर्न सक्छौँ ?

**क्रियाकलाप ३ समूह कार्य र प्रस्तुतीकरण**

विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक जना टोली नेता छनोट गर्न लगाउनुहोस् । (टोली नेता छनोट गर्दा यस अगि टोली नेता बन्न नपाएकालाई प्राथमिकता दिन लगाउनुहोस् ।) प्रत्येक समूहलाई थप अध्ययन सामग्रीमा दिइएको समाचारको एक एक प्रति दिनुहोस् । (प्रोजेक्टरमा देखाए पनि हुन्छ ।) सबै समूहलाई तलको शीर्षकमा प्रस्तुतीकरण गर्न न्युजप्रिन्ट पेपरमा तयारी गर्न लगाउनुहोस् । सबै समूहले तयारी गरेपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । सबैको प्रस्तुतीकरण सकेपछि पृष्ठपोषण दिन लगाउनुहोस् ।

- अपराधको नाम
- अपराध हुनाको कारण
- अपराधी र अपराध पीडित
- समाजको भूमिका
- सरकारी निकायको भूमिका
- अपराधी हुने सजायको व्यवस्था

**क्रियाकलाप ४ वक्तृत्वकला प्रतियोगिता**

अन्धविश्वास हटाऔँ शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गनुहोस् । आवश्यक व्यवस्थापनका लागि विद्यार्थीलाई सक्रिय बनाई उनीहरूले निर्वाह गरेको भूमिकाको मूल्यांकन गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापको बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।)

१. अन्धविश्वास भनेको के हो ?

२. तपाईंको समुदायमा प्रचलित अन्धविश्वासको उदाहरण दिनुहोस् ।

३. अन्धविश्वास निमूल पार्न के गर्नुपर्ला ? उपायहरू सुझाउनुहोस् ।

(च) **थप अध्ययन सामग्री**

१. **अन्धविश्वाससम्बन्धी समाचार**

**बोक्सी आरोपमा घिसार्दै कुटपिट**

इटहरी

छोराबुहारी बिहानै काममा निस्किएका थिए। साँझ ५ बजेतिर ५० वर्षीया मिथिला सरदार (परिवर्तित नाम) सिकुवामा बसेर तरकारी केलाउँदै थिइन्। त्यही वेला आफन्त पर्ने तीन जना महिला आक्रोशीत हुँदै आए र एकाएक बोक्सी आरोप लगाउँदै उनीमाथि हातपात गर्न थाले। एक्ली बृद्धा के गर्न सक्थिन् र ? कपाल समातेर घिसार्दै घरबाट डेढ किलोमिटर टाढाको मन्दिरसम्म पुऱ्याइयो। उनीलाई डेढ किमिसम्म घिसार्दा पनि गाउँले कसैले प्रतिकार गरेनन्।

मिथिलालाई बोक्सी आरोपमा निर्घात कुटिएको यही साउन १७ गते साँझ पहिलो पटक थिएन। एकल महिला रहेकी उनलाई दशकअगि पनि छिमेकीले बोक्सी आरोपमा यसैगरी कुटपिट गरेका थिए। उनीमाथिको यातनाको खबर प्रहरीसम्म पुग्न दिइएन। गाउँमै मिलापत्र गरियो। यस पटक भने उजुरी गर्न परिवारका सदस्यसहित उनी प्रहरी कार्यालय पुगिन्। तर प्रहरीले ३ दिनसम्म उजुरी लिन मानेन। उनी र परिवारले अडान नछाडेपछि चौथो दिन वडाका जनप्रतिनिधि र स्थानीय बासिन्दाको रोहबरमा पीडकले माफी माग्ने सहमतिमा घटना 'सामसुम' बनाइयो।

झाँक्रीले 'बोक्सी' किटान गरेपछि उनीमाथि कुटपिट भएको हो। कुटपिटमा संलग्न एक महिलाका श्रीमान् चार महिनादेखि बिरामी छन्। 'मिथिलाले बोक्सी लगाएपछि उनी बिरामी भएको' झाँक्रीले बताएपछि छिमेकी कुटपिटमा उत्रिएका थिए। बोक्सी आरोपमा दुर्व्यवहार र कुटपिट भोग्ने महिला मिथिला एक्ली होइनन्। मिठुदेवी शर्मा (नाम परिवर्तन) अर्की पीडित हुन्। २०७६ वैशाख १२ मा इनरुवामा आफन्तको बिहेमा भोज खान तथा गीत गाउन उनलाई निम्तो थियो। साँझ ६ बजेतिर घरबाट निस्केकी उनलाई बोक्सी भन्दै कुटपिट गरियो।

उनको उजुरीपछि कुटपिटमा संलग्न इनरुवा १० का ५८ वर्षीय पवन शर्मालाई प्रहरीले पक्राउ गरी मुद्दा चलाइयो। जिल्ला अदालत सुनसरीले दोषी ठहर गरेपछि उनी ६ महिना जेल परे। अन्धविश्वासका कारण अझै पनि बोक्सी आरोपमा महिलामाथि अमानवीय व्यवहार नरोकिएको मानव अधिकारकर्मी शान्ति गजमेरले बताइन्। तर यस्ता अधिकांश घटनाबारे उजुरी नै हुँदैन। कापीतय घटना गाउँघरमै सामसुम परिन्छ।

आफूमाथि बोक्सी आरोप लागेमा ९० दिनभित्र उजुरी दिन सकिने महिला सेलकी सई बिनु बस्नेतले बताइन्। बोक्सीको आरोप (कसुर र सजाय) ऐन २०७२ अनुसार कसुर गर्ने व्यक्तिलाई ६ महिनादेखि ८

वर्षसम्म कैद र पाँच हजारदेखि एक लाख रुपियाँसम्म जरिवाना हुने छ। यस्तै बोक्सी आरोपसम्बन्धी कसुरमा सजाय पाइसकेका व्यक्तिले पुनः कसुर दोहोर्‍याएमा जरिवाना र सजाय दोब्बर हुन्छ।

स्रोत : कान्तिपुर (श्रावण २८, २०७८)

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ६ सामाजिक समस्या पहिचान र समस्या समाधान सिप

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

हाम्रो समाज दिनदिनै विकसित भइरहेको छ । समाज विकाससँगै केही सामाजिक समस्याहरू समाधान हुँदै गएका छन् भने केही यथावत् रहेका छन् । अझ विकाससँगै नयाँ नयाँ समस्याहरू पनि देखा परिरहेका छन् । यस पाठमा विद्यार्थीलाई सामाजिक समस्या पहिचान गर्ने, ती समस्याका कारणहरू पत्ता लगाउने, त्यस्ता समस्याहरूको समाधान गर्न सिकाउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न सक्षम बनाउनु यस पाठको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | - सामाजिक समस्या पहिचान गरी र समस्या समाधानको सिप प्रदर्शन गर्न |

### (ग) शैक्षणिक सामग्री

- रबरको बल, मोबाइल फोन वा मादल

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

यस एकाइमा छलफल गरिएका सामाजिक समस्याहरू र समाधानका उपायका सम्बन्धमा तातो आलु खेल खेलाई विषयवस्तुको पुनरवलोकन गराउनुहोस् । केही समय खेलेपछि खेल रोक्नुहोस् र अर्को क्रियाकलापमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ छलफल**

समस्या पहिचान र समाधानका चरणहरूबारे उदाहरण दिँदै छलफल गराउनुहोस्, जस्तै : *कक्षा १० मा अध्ययनरत एक विद्यार्थीलाई मोबाइल नभई नहुने भएको छ ।*

**समस्या पहिचान :** समस्या : इन्टरनेटको कुलत, कारण : घरमा अन्य खेल खेल्ने साथी नहुनु ।

**विकल्पको छनोट :** घरमा साथीहरूलाई बोलाउने, साथीको घरमा जाने, समुदायमा भएका क्लबहरूमा सामेल हुने, अन्य सिर्जनात्मक काममा समय लगाउने आदि ।

**विकल्पको विश्लेषण :** घरमा साथीहरूलाई बोलाउँदा परिवारका अरू सदस्यहरूलाई नराम्रो लाग्न सक्छ । साथीको घरमा जाँदा साथीको परिवारका अरू सदस्यहरूलाई नराम्रो लाग्न सक्छ । समुदायमा भएका

क्लबहरूमा सामेल हुन सानो भनेर वास्ता नगर्न सक्छन् । अन्य सिर्जनात्मक काममा समय लगाउँदा कसैलाई पनि असर नपर्ने, आफ्नो प्रतिभा उजागर हुन सक्छ ।

**सही विकल्पको छनोट :** विश्लेषणअनुसार सिर्जनात्मक काम गर्नु सही छ । अब चित्र बनाउने, कविता लेख्ने काम गर्ने निर्णय गरियो ।

**कार्यान्वयन** : चित्र बनाउने, कविता लेख्ने काम गर्ने र केही समयपछि समस्या समाधान भए नभएको मूल्याङ्कन गर्ने ।

**क्रियाकलाप २ समूह छलफल**

विद्यार्थीलाई  समूहमा (एउटा बेन्चको १ समूह हुने गरी) विभाजन गर्नुहोस् । पाठ्यपुस्तकको क्रियाकलाप २ मा दिइएको समस्या वा यस्तै अन्य समस्या (थप अध्ययन सामग्रीमा पनि छन् ) लाई माथि क्रियाकलाप १ मा गरिए जस्तै गरी समस्या पहिचान र समाधानका चरणहरू खुलाई कार्ययोजना बनाउन लगाउनुहोस् । सबै समूहले काम सकेपछि केही समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## (ङ) मूल्याङ्कन

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापको बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।)

१. समस्या पहिचान भनेको के हो ?

२. विकल्पहरू किन धेरै खोज्नु परेको होला ?

३. तपाईंको समुदायमा भएको एक सामाजिक समस्या र त्यसको एउटा कारण बताउनुहोस् ।

## (च) परियोजना कार्य / प्रयोगात्मक कार्य :

शिक्षकले आवश्यक सहजीकरण गर्दै पाठ्यपुस्तकमा दिइएको सामुदायिक कार्य गर्न लगाउनुहोस् र सोको मूल्याङ्कन पनि गर्नुहोस् ।

## (छ) थप अध्ययन सामग्री

### १. घटना अध्ययनका लागि घटनाहरू

**घटना १**

हुम्ला जिल्लाको सिमकोट गाउँपालिकाकी २३ वर्षीय महिलालाई परपुरुषसँग लागेको आरोपमा उनका श्रीमान्सहित गाउँका मानिसहरूले दुर्व्यवहार गरेका छन् । शुक्रबार बिहान ८ बजेबाट ती महिला र उनीसँग सम्बन्ध भएको भनीएका व्यक्तिलाई अपराह्न २ बजे सुरक्षाकर्मीको टोली नजाउन्जेलसम्म दुर्व्यवहार गरिएको र दिसासमेत खुवाइएको पाइएको जिल्ला प्रहरी कार्यालय हुम्ला प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदीले बिबिसीलाई बताए । त्यसपछि उनका श्रीमान्सहित ७ जनालाई पक्राउ गरिएको छ ।

स्रोत : बिबिसी न्युज नेपाली (३ अक्टोबर २०२०)

**घटना २**

काठमाडौं रानीबारीमा बस्ने इन्जिनियर हेमन्त श्रेष्ठ र उनकी पत्नी अञ्जलीको २०५९ असार ३१ गते खुकुरी प्रहार गरी हत्या भयो । घटनामा श्रेष्ठ दम्पतीकी ७ वर्षकी छोरी भाग्यले बाँचिन् । अपराधीले कुनै सबुत नछोडेको उक्त घटनाले सनसनी मच्चायो । त्यो घटना सुल्झिसक्यो । तर अनुसन्धान गर्ने प्रहरी र मुचुल्का तयार पार्दा घटनास्थलमा पुगेका स्थानीयबासीको आङ सिरिङ अझै हुन्छ । त्यो घटनाले काठमाडौँ उपत्यका मात्रै होइन, मुलुकलाई नै तरङ्गीत पारेको थियो । राजधानी जस्तो सुरक्षा पहुँच भएका ठाउँमा बीभत्स हत्या हुँदा त्रास फैलिनु स्वाभाविक थियो ।

स्रोत : अन्नपूर्ण पोस्ट (१२ भदौ, २०७७)

## पाठ : ७ सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

हरेक समाजमा समस्याहरू रहेका हुन्छन् । ती समस्या समाधानका लागि सामूहिक प्रयास पनि भइरहेका हुन्छन् । यसका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू पनि यस्ता कार्यमा लागि रहेका हुन्छन् । नेपालमा पनि यस्ता अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू सामाजिक समस्या समाधानमा प्रयासरत छन् ।

यस पाठमा विद्यार्थीलाई सामाजिक समस्या समाधानमा सक्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू युनिसेफ, संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, आइ.एल.ओ. र ट्रान्सपरेन्सी इन्टरनेशनलको भूमिका सम्बन्धमा जानकारी गराउने विषयवस्तुहरू समावेश गरिएका छन् । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरू तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकता अनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई सामाजिक समस्या समाधानमा भूमिका खेलिरहेका अन्तर्राष्टिय संस्थाहरूबारे जानकारी दिई त्यस्ता कार्यमा उत्प्रेरित गर्नु नै यस पाठको मूल उद्देश्य रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - सामाजिक समस्याहरू पहिचान, असरको विश्लेषण एवम् समाधानका उपायहरू खोजी गर्न | - सामाजिक सुधारमा अन्तर्राष्ट्रिय संस्थाले खेलेको भूमिका उल्लेख गर्न<br>○ युनिसेफ<br>○ संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष<br>○ आइ.एल.ओ.<br>○ ट्रान्सपरेन्सी इन्टरनेशनल |

### (ग) शैक्षणिक सामग्री

युनिसेफ, संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, आइ.एल.ओ. र ट्रान्सपरेन्सी इन्टरनेसनलको लोगो

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

युनिसेफ, संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष ९ग्लँएब०, आइ.एल.ओ. र ट्रान्सपरेन्सी इन्टरनेसनलको लोगो देखाउनुहोस् । यी संस्थाहरूका बारेमा निम्न प्रश्नहरू गर्दै छलफल गराउनुहोस् ।

यो लोगो कुन संस्थाको हो ?

यो सरकारी संस्था हो कि गैरसरकारी संस्था हो ?

यसले कुन क्षेत्रमा कार्य गर्दछ ?

नेपालमा यसको भूमिका के के छन् ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह कार्य**

विद्यार्थीलाई ४ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एक एक जना टोली नेता छनोट गर्न लगाउनुहोस् । हरेक समूहलाई माथि छलफल गरिएका युनिसेफ, संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष, आइ.एल.ओ. र ट्रान्सपरेन्सी इन्टरनेसनलमध्ये एक एक संस्थाका बारेमा पाठ्यपुस्तक तथा स्रोत सामग्री अध्ययन गरी निम्नानुसारको विवरण तयार गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई न्युजप्रिन्टमा लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषणसहित शिक्षकले थप प्रस्ट पार्नुहोस् ।

- संस्थाको नाम र लोगो
- संस्थाको मुख्य कार्यालय रहेको स्थान
- संस्थाको मुख्य कार्य क्षेत्र
- संस्थाले नेपालमा गरेका कार्यहरू

**क्रियाकलाप २ द्रुत लेखन**

यस पाठमा सिकेका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउने र केही विद्यार्थीलाई पालैपालो भन्न लगाउने गरी द्रुत लेखन क्रियाकलाप गराउनुहोस् ।

## (ङ) मूल्याङ्कन

तलका वा यस्तै प्रश्नहरू सोधेर मूल्याङ्कन गर्नुहोस् । (सिकाइ क्रियाकलापको बिच बिचमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।)

१. युनिसेफको पूरारूप लेख्नुहोस् ।

२. आई.एल.ओ.ले नेपालमा गरेका मुख्य कार्य उल्लेख गर्नुहोस् ।

३. ट्रान्सपरेन्सी इन्टरनेशनलले कुन क्षेत्रमा कार्य गर्दछ ?

## (च) थप अध्ययनका लागि निम्न लिङ्क प्रयोग गर्न सक्नुहुन्छ :

जततउकस्ररधधधागलष्अभाायचनरलभउबरि

जततउकस्ररलभउबाागलाउबायचनरभल

जततउकस्ररधधधाषियायचनरपबतक्रबलमगरबिलन((भलरष्लमभहाजतक

जततउकस्ररधधधातचबलकउबचभलअथायचनरभलरअयगलतचष्भकरलभउर्बा

# एकाइ पाँचः नागरिक चेतना

कार्यघण्टा : १८

## १. एकाइ परिचय

नागरिकलाई उनीहरूको हक अधिकार, समाज र राष्ट्रप्रतिको दायित्व तथा कानुनको परिपालन साथै सार्वजनिक चासोका विषयमा प्रदान गरिने चेतना नागरिक चेतना हो । यसले राज्यको संविधानले व्यवस्था गरेका मौलिक अधिकार र कर्तव्य, नागरिकतासम्बन्धी प्रावधान, शासन प्रणाली, निर्वाचन प्रणाली, संविधान, कानुन र न्याय प्रणालीलगायत सार्वजनिक चासोका विषयवस्तुबारे जानकारी गराउँदै नागरिकलाई आफ्नो समाज र राष्ट्र कसरी सञ्चालन भइरहेको छ भन्ने विषयमा सचेत गराउँछ । विद्यार्थीलाई नागरिक चेतनासम्बन्धी शिक्षा दिनुको मुख्य उद्देश्य उनीहरूलाई आफ्ना अधिकार र कर्तव्य साथै लोकतान्त्रिक मूल्य मान्यताप्रति सजग गराई सचेत र असल नागरिक बन्न सहयोग पुऱ्याउनु हो ।

विश्वका कतिपय देशहरूमा विद्यालय तहमा नागरिक चेतनाको छुट्टै पाठ्यक्रम निर्माण गरी पठनपाठन गरेको पाइन्छ भने नेपालमा यसका विषयवस्तुहरूलाई सामाजिक अध्ययन विषयमा समावेश गरिएको छ । यसैअनुरूप कक्षा दशका लागि निर्धारित विषयवस्तुहरूलाई यस एकाइमा समेटिएको छ । यसमा राज्यका अङ्गहरू, राजनीतिक दल, निर्वाचन प्रक्रिया, मानव अधिकार तथा उपभोक्ता अधिकारसम्बन्धी विषयवस्तु समेटिएका छन् । यी विषयवस्तुहरूको सहजीकरणका क्रममा पाठ्यक्रमले अपेक्षा गरेका सञ्चार सिप, सिर्जनात्मक चिन्तन, समालोचनात्मक चिन्तन, सहकार्यलगायतका व्यवहारकुशल सिपहरूको विकासमा सहयोगी हुने खालका छलफल र अन्तरक्रिया, परियोजना कार्य, खोज अनुसन्धान, अभिनय, सिमुलेसन, घटना अध्ययन र प्रयोगात्मक विधिहरू अवलम्बन गर्नुपर्छ ।

## २. विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| क्र. स. | पाठ | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ. कार्य घण्टा |
|---|---|---|---|---|
| १. | व्यवस्थापिका | राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्ध उल्लेख गर्न , | - नेपालको व्यवस्थापिकाको स्वरूप उल्लेख गरिएको चार्ट /स्लाइड<br>- विधेयकको नमुना<br>- प्रतिनिधि सभा, राष्ट्रिय सभा वा प्रदेश सभा बैठकसम्बन्धी फोटो, भिडियो<br>- नेपालको संविधान | ३ |
| २. | सङ्घीय कार्यपालिका | राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्ध उल्लेख गर्न | **– नेपालको तीन तहका कार्यपालिका उल्लेख गरिएको चार्ट**<br>**– नेपालको संविधान** | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | – **सङ्घीय मन्त्रीपरिषद्को बैठकका फोटो** | |
| ३. | न्यायपालिका | राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्ध उल्लेख गर्न | ● अदालत र न्यायिक निष्पक्षताको सङ्केत ९बिमथ व्याकतष्अभ क्तबतगभ० का फोटा तथा चित्र<br>● नेपालको संविधान<br>● घटना अध्ययनका लागि घटना विवरण | २ |
| ४. | राजनितिक दल | राजनीतिक दलको भूमिका र जिम्मेवारी उल्लेख गर्न | – राजनीतिक दलको झन्डा, घोषणा पत्र र चुनाव चिह्नहरूको चित्र<br>– नेपालको संविधान<br>– दल दर्ता गर्ने प्रावधान लेखिएको तालिका | २ |
| ५. | निर्वाचन प्रक्रिया र नागरिकको भूमिका | निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका बताउन | ● मतदान प्रक्रिया चलिरहेको फोटो वा भिडियो<br>● निर्वाचन प्रक्रियाको सूची वा फ्लोचार्ट<br>● निर्वाचन आयोगले प्रकाशीत गरेका ( युट्युब र गुगलमा उपलब्ध) चेतनामूलक गीत तथा अन्य सामग्रीहरू<br>● सानो बल<br>● मतदाता नामावली, मतपत्र, मतदाता परिचय पत्र, मतपेटिका, स्वस्तिक चिह्नलगायतका निर्वाचनमा प्रयोग हुने सामग्री | ३ |
| ६. | मानव अधिकार | मानव अधिकारको अधिकार बताउन र सचेत रहन, | – एलेनोर रुजवेल्टको फोटो<br>– मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्रका मूलभूत सा लेखिएको चार्ट<br>– मानव अधिकार तथा यसको संरक्षणमा सक्रिय सङ्घ संस्थाहरूको लोगो | ४ |
| ७. | मानव अधिकार संरक्षणमा सङ्घसंस्थाको भूमिका | मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिकासँग परिचित हुन, | | |
| ८. | उपभोक्ता अधिकार | उपभोक्ता अधिकारसम्बन्धी अवधारणा बताउन र सचेत रहन | – उपभोक्ता अधिकार लखिएको चार्ट<br>– बजारबाट किनेर प्रयोग गरिएका विभिन्न वस्तुहरूको प्याकेट वा खोल | २ |

# पाठ : १ व्यवस्थापिका

**अनुमानित कार्यघण्टा : ३**

### (क) पाठ परिचय

लोकतान्त्रिक व्यवस्थामा राज्य शक्तिको प्रयोगका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका गरी तीनओटा संस्थाहरूको व्यवस्था गरिएको हुन्छ । यसरी राज्य सञ्चालन गर्ने शक्ति वा अधिकार विभाजन गरी फरक फरक संस्थाबाट प्रयोग गरिने प्रक्रियालाई शक्ति पृथकीकरण भनिन्छ भने यी तीन संस्थालाई राज्यका अङ्ग भनिन्छ । संविधानले यी तीन अङ्गहरूलाई भिन्दाभिन्दै अधिकार प्रदान गरेको हुन्छ । जसअनुसार व्यवस्थापिकाले कानुन निर्माण, कार्यपालिकाले कानुनको कार्यान्वयन र न्यायपालिकाले कानुन र संविधानको व्याख्या गर्ने काम गर्छन् ।

यस पाठमा राज्यका तीन अङ्गहरूमध्ये व्यवस्थापिकाको परिचय, गठन र यसका कार्यहरूको चर्चा गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, जिग्सअ, रनिङ डिक्टेसन, सिमुलेसन, द्रुत लेखन, समूह कार्य जस्ता विद्यार्थी केन्द्रित विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलाप छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई राज्यका तीन प्रमुख अङ्गमध्ये व्यवस्थापिकाको परिचय, गठन, कार्यहरू र कानुन निर्माण प्रक्रियाका सम्बन्धमा जानकारी दिनु नै यस पाठको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्ध उल्लेख गर्न | - सङ्घीय र प्रदेश व्यवस्थापिकाको गठन प्रक्रिया तथा कार्यहरू बताउन<br>- कानुन निर्माण प्रक्रिया उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालको व्यवस्थापिकाको स्वरुप उल्लेख गरिएको चार्ट /स्लाइड
- विधेयकको नमुना
- प्रतिनिधि सभा, राष्ट्रिय सभा वा प्रदेश सभा बैठकसम्बन्धी फोटो, भिडियो
- नेपालको संविधान

### (घ) सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

प्रतिनिधि सभा अथवा राष्ट्रिय सभाको बैठकको भिडियो वा चित्र वा फोटो प्रस्तुत गर्दै त्यसमा के भइरहेको छ, त्यसमा देखिने व्यक्तिहरू को को हुन्, उनीहरूले के गरिरहेका छन् ? आदि प्रश्नमा छलफल गराउनुहोस् ।


(आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ मन्तिष्क मन्थन र छलफल**

विद्यालय, टोल सुधार समिति, सहकारी संस्था, वन उपभोक्ता समिति वा यस्तै कुनै एक संस्थाको उदाहरण दिँदै त्यसको सञ्चालनका लागि नियम कानुन बनाउने, त्यसको कार्यान्वयन र व्याख्या गर्ने अधिकारसमेत निश्चित व्यक्ति वा व्यक्ति समूहलाई मात्र दिएमा के होला भन्ने विषयमा मस्तिष्क मन्थन गराउनुहोस् । यस विषयमा विद्यार्थीले प्रस्तुत गरेका धारणामा पृष्ठपोषण दिँदै यी तीनै अधिकार एकै स्थानबाट प्रयोग हुँदा संस्था निरङ्कुश बन्न सक्ने सम्भावनाबारे प्रस्ट पारिदिनुहोस् । यसै क्रममा राज्यलाई एउटा संस्थाका रूपमा चिनाउनुहोस् र लोकतान्त्रिक शासन व्यवस्थामा राज्यलाई निरङ्कुश हुनबाट रोक्न राज्य सञ्चालनको शक्ति र अधिकार तीन भिन्न अङ्गहरूबाट प्रयोग हुने शक्ति पृथकीकरणको संवैधानिक व्यवस्थाबारे जानकारी गराउनुहोस् । यसै प्रसङ्गमा व्यवस्थापिकालाई कानुन निर्माण गर्ने, कार्यपालिकालाई कानुन कार्यान्वयन गर्ने र न्यायपालिकालाई कानुन र संविधानको व्याख्या गर्ने अङ्गका रूपमा परिभाषित् गरिदिनुहोस् ।

**क्रियाकलाप २ चार्ट पेपर प्रस्तुति र छलफल**

चार्टपेपरमा तल दिइएको जस्तै तालिका देखाएर एक सदनात्मक र दुई सदनात्मक व्यवस्थापिकाको परिचय साथै दुई सदनात्मक व्यवस्थापिकाको औचित्य प्रस्ट पार्दै नेपालको व्यवस्थापिकाको स्वरूपबारे छलफल गराउनुहोस् ।




**क्रियाकलाप ३ समूह कार्य**

निर्वाचन क्षेत्र, निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली) को सामान्य अवधारणासम्बन्धी सहजीकरण गरी कक्षालाई तीन समूहमा विभाजित गर्नुहोस् । एउटा समूहलाई प्रतिनिधि सभा, दोस्रोलाई राष्ट्रिय सभा र तेस्रोलाई प्रदेश सभाको गठन प्रक्रिया र प्रत्येकको कार्यकाल तथा उम्मेदवारहरूको योग्यता सम्बन्धमा पाठ्यपुस्तकमा दिइएको विषयवस्तु अध्ययन गरी छलफल गर्न लगाई प्रत्येक समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ रनिङ डिक्टेसन**

विद्यार्थीले थाहा नपाउने गरी एउटा चार्टपेपरमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यका लागि आवश्यक योग्यताका बुँदाहरू लेखी कक्षाकोठाभन्दा बाहिर टाँस्नुहोस् । कक्षालाई विभिन्न समूहमा विभाजन गरी हरेक समूहमा एक जना टिपोटकर्ता र बाँकीलाई टिपोट गरेको विषयवस्तु टिपोटकर्तालाई सुनाउनु पर्ने जिम्मेवारी तोक्नुहोस् । त्यसपछि चार्टपेपर टाँसिएको स्थान बताई त्यसमा लेखिएका बुँदाहरू आफूले पढ्दै दौडिएर आई टिपोटकर्तालाई सुनाउन

लगाउनुहोस् । टिपोटकर्तालाई आफूले प्राप्त गरेको जानकारी लेख्न लगाउनुहोस् । यसरी सबै बुँदा लेखिसकेपछि प्रत्येक समूहका सबै जनालाई एकै स्थानमा बसी सबै बुँदा पढ्न र छलफल गर्न लगाउनुहोस् । कार्य सम्पन्न भएपछि ताली बजाउन लगाउनुहोस् । सबै समूहले कतिको शुद्ध र सबै विवरण समेटेका छन्, टिपोट गरेको विवरण पढ्न लगाई मिल्यो मिलेन जाँच गर्नुहोस् । सबै विवरण मिलाउने र पहिले सक्ने समूहलाई पुरस्कृत गर्नुहोस् ।

**क्रियाकलाप ५ जिग्स**

विद्यार्थीलाई चार चार जनाको समूह निर्माण गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई कुनै नाम दिनुहोस् वा मातृ समूह (होम ग्रूप) भनी चिनाउनुहोस् । प्रत्येक होम ग्रुपका चार जनालाई १, २, ३, ४ सङ्ख्या रोज्न लगाई सबै समूहका एउटै अङ्क रोज्नेहरूबाट अर्को छुट्टै समूह निर्माण गर्न लगाउनुहोस्, जस्तैः (प्रत्येक होम ग्रुपका १,१,१,१ मिलाएर एउटा समूह, २,२,२,२ मिलाएर अर्को समूह.............) यसरी बनेका ४ समूहको नाम विज्ञ समूह वा एक्स्पर्ट समूह भनी चिनाउनुहोस् । अब प्रत्येक विज्ञ समूहलाई व्यवस्थापिकाका कार्यहरू कानुनी, प्रशासनिक, आर्थिक र संविधानसम्बन्धी कार्यहरूमध्ये एक एकओटा कार्य अध्ययन र छलफल गर्न लगाई आवश्यक सहजीकरण गर्नहोस् । आआफ्ना विषयमा प्रत्येक समूहका प्रत्येक सदस्यले विज्ञता हासिल गरिसकेपछि सबैलाई आआफ्नो मातृ समूहमा जम्मा हुन भन्नुहोस् । त्यसपछि प्रत्येक मातृग्रुपका प्रत्येक सदस्यलाई पालैपालो आफूले विज्ञता हासिल गरेको विषयमा बाँकी साथीहरूलाई राम्रोसँग बुझाउन लगाउनुहोस् । यो विधिलाई जिग्स विधि भनिन्छ ।

**क्रियालाप ६ : सिमुलेसन**

विधेयक र विधेयकबाट कानुन निर्माण गर्ने प्रक्रियासम्बन्धी विषयवस्तुको सहजीकरणपश्चात् कानुन निर्माण गर्ने प्रक्रिया सम्बन्धमा सिमुलेसन गराउनुहोस् । यसका लागि दिइएको वा त्यस्तै कुनै एक क्षेत्रमा आवश्यक कानुन निर्माणका लागि विधेयक तयार

**विधेयकको नमुना**

**परिच्छेद १**

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "मादक पदार्थ उत्पादन सेवन र बेचबिखन नियन्त्रण सम्बन्धी ऐन" हुने छ ।

**२. प्रारम्भ :** यो ऐन पारित भएको मितिदेखि लागु हुने छ ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) मादक पदार्थ भन्नाले स्थानीय परम्परागत प्रविधि र आधुनिक प्रविधिबाट उत्पादित कुनै पनि ब्रान्डका रक्सी, वियर, वाइनलगायतका मात लाग्ने पेय पदार्थ सम्झनुपर्दछ ।

**परिच्छेद २**

**मादक पदार्थ उत्पादन बिक्री वितरण र सेवनमा बन्देजसम्बन्धी व्यवस्था**

यस ऐनबमोजिम निम्नलिखित अवस्थामा मादक पदार्थ उत्पादन बिक्री वितरण र सेवनमा बन्देज गरिएको छः

१. मन्दिर, शिक्षण संस्था, अस्पताल, वृद्धाश्रम, अनाथालय र अन्य सार्वजनिक स्थलको वरपर पाँच सय मिटर क्षेत्रभित्र मादक पदार्थ उत्पादन र बिक्री वितरण गर्न नपाइने

२. अठार वर्ष उमेर नपुगेका बालबालिकालाई मादक पदार्थ बिक्री वितरण गर्न नपाइने

**परिच्छेद ३**

**चाडवाड र संस्कार कर्महरुमा मादक पदार्थ सेवनमा बन्देजसम्बन्धी व्यवस्था**

(क) कुनै पनि धर्म वा जातीय संस्कृतिअन्तर्गतका चाडवाड, विवाह, पास्नीलगायतका परम्परागत संस्कारमा मादक पदार्थको प्रयोग गर्न नपाइने ।

गरिदिनुहोस्  वा सम्भव भए विद्यार्थीलाई नै गर्न लगाउनुहोस् ।  विधेयक तयार पारेपछि विधेयकको फोटोकपी सबै विद्यार्थीलाई उपलब्ध गराई अध्ययन गर्न लगाउनुहोस् त्यसपछि छलफल र प्रमाणीकरणको निम्नलिखित प्रक्रिया गराउनुहोस् :

- संसद् सचिवालयको कर्मचारीको भूमिका दिई एक जना विद्यार्थीलाई विधेयकमा आफ्नो मत राख्न चाहने सदस्यको सूची बनाई सभामुखलाई दिन लगाउनुहोस् ।
- एक जना विद्यार्थीलाई मन्त्री र एक जनालाई राष्ट्रपतिको भूमिका दिनुहोस् । अब बाँकी विद्यार्थीलाई दुई समूहमा बाँडेर एउटालाई प्रतिनिधि सभा र अर्कोलाई राष्ट्रिय सभाको भूमिकामा बैठक हलमा जस्तै गरी सभामुख र अध्यक्षलाई अगाडि बस्न लगाउनुहोस् । राष्ट्रपतिको भूमिकामा रहेका विद्यार्थीलाई लाई अलग अलग स्थानमा बस्न लगाउनुहोस् ।
- पहिले प्रतिनिधि सभाको बैठकमा सभामुखलाई "माननीय सदस्यहरू, आजको बैठकको कार्वाही सुरु हुन्छ । बैठकको प्रारम्भमा म स्वास्थ्य मन्त्री .......... लाई मादक पदार्थ उत्पादन र बेचविखन नियन्त्रणसम्बन्धी विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु" भन्न लगाउनुहोस् ।
- स्वास्थ्य मन्त्रीलाई अगाडि गएर "सभामुख महोदय, म यस सदन समक्ष मादक पदार्थ उत्पादन र बेचविखन नियन्त्रणसम्बन्धी विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु " भनेर एकप्रति विधेयक सभामुखको टेबुलमा राख्न लगाउनुहोस् ।
- सभामुखलाई "मानीय सदस्यहरू, अब विधेयकमाथि छलफल सुरु हुन्छ । यस क्रममा म माननीय सदस्य ......... लाई आफ्नो विचार राख्ने अनुमति दिन्छु भन्न लगाई बोल्न चाहने सबैलाई पालो पालो बोल्न लगाउनुहोस् ।
- पक्ष र विपक्षमा बोल्न चाहने सबै जनाले बोलेपछि सभामुखलाई "माननीय सदस्यहरू, अब  विधेयक निर्णयार्थ प्रस्तुत हुन्छ । यस विधेयकको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला, विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला " भन्न लगाउनुहोस् । त्यसपछि पुनः सभामुखलाई नै  "यस विधेयेकको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला" भन्न लगाई पक्षमा हुने सदस्यहरूलाई हुन्छ भन्न लगाउनुहोस् । त्यसैगरी विपक्षमा मत प्रस्तुत गर्न र गराउनका लागि सभामुखलाई निर्देशन दिनुहोस् । यस क्रममा विधेयक सर्वसम्मत वा बहुमतबाट पास हुने अवस्था बनाई सभामुखलाई "हुन्न भन्ने माननीयज्युहरूको आवाज नसुनिएकाले यो प्रस्ताव सर्वसम्मतबाट पारित भएको व्यहोरा जानकारी गराउँछु " भन्न लगाउनुहोस् । यसपश्चात् सभामुखलाई माननीय सदस्यहरू आजको बैठक यही समाप्त हुन्छ भन्न लगाई बैठक अन्त्य गराउनुहोस् । "
- प्रतिनिधि सभाको सचिवालयलाई निम्न व्यहोराको चिठी लेखी राष्ट्रिय सभामा पठाउन लगाउनुहोस् :

| |
|---|
| **मिति :** |
| श्री राष्ट्रिय सभाको सचिवालय, |
| विषयः विधेयक पारित गरी  पठाइको सम्बन्धमा । |
| प्रस्तुत सम्बन्धमा स्वास्थ्य मन्त्रालयअन्तर्गतको “मादक पदार्थ उत्पादन सेवन र बेचबिखन नियन्त्रणसम्बन्धी ऐन-२०८०” यस प्रतिनिधि सभाबाट सर्वसम्मतीले पारित गरी पठाइएको बेहोरा जानकारी गराउँछु । |
| महासचिव |
| प्रतिनिधि सभा |

- प्रतिनिधि सभाको बैठक जस्तै गरी राष्ट्रिय सभाको बैठक राष्ट्रिय सभाका अध्यक्षलाई आरम्भ गर्न लगाउनुहोस् । उनलाई प्रतिनिधि सभाबाट पारित भई  आएको  “मादक पदार्थ उत्पादन सेवन र बेचबिखन नियन्त्रणसम्बन्धी ऐन-२०८०” प्रस्तुत गर्न स्वास्थ्य मन्त्रीलाई अनुमति दिन्छु भन्न लगाई प्रतिनिधि सभामा जस्तै गरी छलफल गराई प्रस्ताव पारित गर्न लगाउनुहोस् । त्यसपछि राष्ट्रिय सभाको सदस्यलाई निम्न बेहोराको पत्र लेखी प्रतिनिधि सभा सचिवालयमा मा पठाउन लगाउनुहोस् ।

| |
|---|
| मिति : |
| श्री प्रतिनिधि सभाको सचिवालय, |
| विषयः विधेयक पारित गरी  पठाइको सम्बन्धमा । |
| प्रस्तुत सम्बन्धमा त्यस प्रतिनिधिसभबाट पारित् गरी पठाइएको स्वास्थ्य मन्त्रालयअन्तर्गतको “मादक पदार्थ उत्पादनसेवन र बेचबिखन नियन्त्रणसम्बन्धी ऐन, २०८०”  यस सभाबाट समेत सर्वसम्मतीले पारित गरी पठाइएको बेहोरा जानकारी गराउँछु । |
| सचिव |
| राष्ट्रिय सभा |
| |

- दुवै सदनबाट पारित भएको पत्र र विधेयकको एक प्रति प्रमाणीकरणका लागि प्रतिनिधि सभाको सचिवालयले राष्ट्रपति समक्ष पेस गर्न लगाउने
- राष्ट्रपतिलाई त्यसमा हस्ताक्षर गराई छाप लगाएर प्रतिनिधि सभामा फिर्ता पठाउन लगाउने
- प्रतिनिधिसभाका सभामुखलाई विधेयक प्रमाणित भई आएको कुरा बैठकमा जानकारी गराउन लगाउने

विधेयकको औचित्यबारे छलफल, विधेयक खारेज, विधेयकमाथि संशोधन प्रस्ताव, राष्ट्रपतिबाट संशोधनका लागि फिर्ता हुन सक्ने प्रावधान, अर्थ विधेयक प्रतिनिधि सभामा मात्र तथा अन्य विधेयक दुवै सदनमा उत्पत्ति हुन सक्ने प्रावधान, आदिका बारेमा सामान्य मौखिक जानकारी गराइदिनुहोस् ।

**क्रियाकलाप ७ द्रुत लेखन**

यो पाठबाट सिकेका मुख्य मुख्य विषयवस्तु ३ मिनेटभित्र लेख्न लगाउनुहोस् । लेख्दा कलम रोक्न नपाइने कुरा बताइदिनुहोस् । बिच बिचमा समयको जानकारी दिँदै जानुहोस् । समय सकिएपछि केही विद्यार्थीलाई आफूले लेखेको कुरा सुनाउन लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्

१. राज्यका अङ्ग कुन कुन हुन् ? राज्यको शक्ति र अधिकारलाई किन भिन्दाभिन्दै अङ्गहरूबाट प्रयोग गर्ने व्यवस्था मिलाइएको हो ?

२. नेपालको सङ्घीय संसद्लाई दुई सदनात्मक बनाउनुको उद्देश्य के होला ? आफ्नो धारणा बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

३. राष्ट्रिय सभा र प्रतिनिधि सभाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

४. निम्न तालिकामा प्रतिनिधि सभा राष्ट्रिय सभासम्बन्धी विवरण भर्नुहोस् :

| विवरण | प्रतिनिधि सभा | राष्ट्रिय सभा |
|---|---|---|
| सदस्य सङ्ख्या | | |
| सदस्य निर्वाचन गर्ने निर्वाचन प्रणाली | | |
| सदस्यहरूको कार्य काल | | |
| अध्यक्षता | | |
| सदस्यको उम्मेदवारीका लागि उमेरको हद | | |

५. विधेयक भनेको के हो ? विधेयक कसरी कानुनमा परिणत हुन्छ ? यसको प्रक्रियालाई चरणबद्ध रूपमा उल्लेख गर्नुहोस् ।

६. सङ्घीय व्यवस्थापिकाका कार्यहरू के हे हुन् ? छोटकरीमा चर्चा गर्नुहोस् ।

## पाठ : २ सङ्घीय कार्यपालिका

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

कार्यपालिका कानुनको कार्यान्वयन गर्ने निकाय हो । कानुन तथा नीति नियम लागु गर्ने साथै राज्यका महŒवपूर्ण निर्णय गर्ने कार्यपालिकाको अधिकारलाई कार्यकारिणी अधिकार भनिन्छ । संविधानअनुसार नेपालको कार्यकारिणी अधिकार मन्त्रीपरिषद्मा निहित् हुन्छ । त्यसैले मन्त्री परिषद् नै कार्यपालिका वा कार्यकारिणी अधिकार प्रयोग गर्ने अङ्ग हो । सङ्घीय व्यवस्था लागु भएपछि नेपालमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा कार्यपालिका रहने व्यवस्था छ त्यसैअनुरूप केन्द्रमा सङ्घीय मन्त्रीपरिषद्, प्रदेशमा प्रदेश मन्त्रीपरिषद् र स्थानीय तहमा गाउँ तथा नगर कार्यपालिकाले कार्यकारिणी अधिकारको प्रयोग गर्दछन् ।

यस पाठमा तीन तहका कार्यपालिकामध्ये सङ्घीय कार्यपालिकाको गठन प्रक्रिया र यसका कार्यहरूका बारेमा चर्चा गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकता अनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुनेछ । विद्यार्थीहरूलाई राज्यका तिन प्रमुख अङ्ग मध्ये कार्यपालिकाको परिचय, गठन, कार्यहरूका सम्बन्धमा जानकारी दिनु नै यस पाठको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्ध उल्लेख गर्न | - राज्यको एक अङ्गका रूपमा सङ्घीय कार्यपालिकाको परिचय दिन<br>- सङ्घीय कार्यपालिकाको गठन प्रक्रिया र कार्यहरू उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालको तीन तहका कार्यपालिका उल्लेख गरिएको चार्ट
- नेपालको संविधान
- सङ्घीय मन्त्रीपरिषद्को बैठकका फोटो, भिडियोहरू

### (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ) सुरुआती क्रियाकलाप

कक्षामा मनिटर किन चाहिन्छ, कक्षा मनिटरका जिम्मेवारी के के हुन् र ती जिम्मेवारी पूरा गर्न के कस्ता अधिकार आवश्यक पर्छ भन्ने प्रश्न सोधी विद्यार्थीहरूबाट आएका जवाफलाई मिलाउँदै बोर्डमा टिप्दै जानुहोस् र कक्षामा जस्तै

कुनै समूह, सङ्घ, संस्था वा समाज र राज्यलाई व्यवस्थित गर्न निश्चित व्यक्ति वा व्यक्ति समूहलाई जिम्मेवारी र अधिकार दिनुपर्छ भन्ने कुरा अवगत गराई कार्यकारी अधिकारसम्बन्धी अवधारणा प्रस्ट पारिदिनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**


**क्रियाकलाप १ समूह कार्य**

कक्षालाई विभिन्न समूहमा विभाजन गरी राज्यलाई व्यवस्थित गर्न के के काम गर्नुपर्छ ? ती काम गर्ने कार्यकारी अधिकार कसलाई हुन्छ ? ती अधिकार र जिम्मेवारी कसले तोकिदिन्छ ? भन्ने विषयमा समूहगत छलफल गराई प्रत्येक समूहलाई पालैपालो निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । यसै प्रसङ्गमा समूहहरूबाट आएका विचारलाई समेट्दै निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

> राज्यलाई व्यवस्थित गर्न कानुनको कार्यान्वयन, शान्ति सुरक्षाको व्यवस्था, दैनिक प्रशासन, स्रोत र साधनको परिचालन र विकास निर्माणलगायतका कामहरू गर्नुपर्छ र ती कामहरू मन्त्रीपरिषद्ले नेपाल सरकारका नाममा गर्ने हुँदा मन्त्रीपरिषद् नै कार्यपालिका हो । मन्त्रीपरिषद्को गठन, यसका जिम्मेवारी र कार्यकारी अधिकार संविधानले तोकेबमोजिम् हुन्छ ।

**क्रियाकलाप २ चार्ट प्रस्तुति र छलफल**

दिइएजस्तै चार्ट प्रस्तुत गरी सङ्घीय व्यवस्थाअन्तर्गत कार्यपालिकाको स्वरूप वा तीन तहका कार्यपालिका सम्बन्धमा छलफल गराउनुहोस् । यस क्रममा तीनै तहका कार्यपालिकाको सदस्य सङ्ख्या र कार्यकारी प्रमुख (सरकार प्रमुख) बारे जानकारी गराउनुहोस् ।




**क्रियाकलाप ३ समूह कार्य**

नेपालको संविधानको धारा ७६ मा भएको सङ्घीय मन्त्रीपरिषद्को गठन प्रक्रियाकाबारेमा सहजीकरण गर्नुहोस् र सहजीकरणपश्चात् कक्षालाई ६ समूहमा विभाजन गरी संविधानको धारा ७६ को १ देखि ६ सम्मका उपधारामा उल्लिखित सङ्घीय मन्त्रीपरिषद् गठनका प्रावधानबारे छलफल गरी प्रत्येक समूहलाई क्रमैसँग व्याख्या गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ सन्दर्भ सामग्री अध्ययन र छलफल**

विद्यार्थीलाई चार समूह बनाउन लगाउनुहोस् । प्रत्येक समूहबाट एक एक जना अगाडि बोलाई उनीहरूलाई चिट्ठाका माध्यमबाट छलफलको शीर्षक (सङ्घीय कार्यपालिकाका कार्यहरू, प्रशासनिक, आर्थिक, सैन्य र सुरक्षासम्बन्धी कार्य)

रोजाई आफ्नो समूहमा परेको शीर्षकअन्तर्गत सङ्घीय कार्यपालिकाले के के काम गर्छ भन्ने कुरा पाठ्यपुस्तक र अन्य स्रोतहरूबाट खोजी गरी पालैपालो बुँदागत रूपमा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । .

**क्रियाकलाप ५ चार्ट प्रदर्शन र छलफल**

प्रदेश र स्थानीय सरकार गठनसम्बन्धी संवैधानिक व्यवस्था उल्लेख भएको चार्ट प्रदर्शन गरी सो सम्बन्धमा सहजीकरण गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. राज्यको कार्यकारी अधिकार भनेको के हो ? नेपालको संविधानअनुसार राज्यको कुन अङ्गले कार्यकारी अधिकार प्रयोग गर्छ र कार्यकारी प्रमुख को रहन्छ ?

२. वि.सं २०६३ पछिका नेपालका कार्यकारी प्रमुखहरूको नाम र तिनीहरूको कार्यकालसम्बन्धी जानकारी खोजी गरी तालिका बनाइ देखाउनुहोस् ।

३. कार्यपालिकाको सुरक्षासम्बन्धी कार्यहरूलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

४. प्रतिनिधि सभामा कुनै पनि दलले बहुमत प्राप्त नगरेको अवस्थामा सरकारको गठनसम्बन्धी संवैधानिक व्यवस्था उल्लेख गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**नेपालको संबिधानको धारा ७६ मा व्यवस्था गरिएको मन्त्रीपरिषद् गठन सम्बन्धी व्यवस्था**

मन्त्रिपरिषद्‌को गठन :

(१) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्‌को गठन हुने छ ।

(२) उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने छ ।

(३) प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तिस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ ।

(४) उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तिस दिनभित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।

(५) उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने छ ।

(६) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्ने छ ।

(७) उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महीनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने छ ।

(८) यस संविधानबमोजिम भएको प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले पैंतिस दिनभित्र यस धाराबमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने छ ।

(९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रीपरिषद् गठन गर्ने छ ।

# पाठ : ३ न्यायपालिका

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

न्यायपालिका राज्यका तीन अङ्गमध्ये एक प्रमुख अङ्ग हो । यो संविधान र कानुनको व्याख्या गर्ने अङ्ग हो । यसले न्यायिक अधिकारको प्रयोग गरी संविधान प्रदत्त जनताका मौलिक हक र स्वतन्त्रता साथै मानव अधिकारको संरक्षण गर्दछ । यसबाहेक यसले सरकारलाई संविधानको गलत व्याख्या गरेर राज्य शक्तिको दुरूपयोग गर्न वा निरङ्कुश हुनबाट रोकी लोकतन्त्रलाई सार्थक बनाउन महŒवपूर्ण भूमिका निर्वाह गर्दछ । नेपालको संविधानअनुसार न्यायिक अधिकारको प्रयोग विभिन्न तहका अदालत र न्यायिक निकायहरूबाट हुन्छ । स्थानीय तहमा न्याय सम्पादनका लागि गठित न्यायिक समिति, जिल्ला अदालत, उच्च अदालत, विशेष अदालत र सर्वोच्च अदालत नेपालमा न्यायिक अधिकार प्रयोग गर्ने निकाय हुन् । ती निकायहरूमध्ये यस पाठमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत, ती अदालतहरूमा न्यायाधीशहरूको नियुक्ति र योग्यतासम्बन्धी संवैधानिक व्यवस्थाका बारेमा चर्चा गरिएको छ । यसबाहेक न्यायपालिकाका कार्यहरू र राज्यका तीन अङ्गहरूबिच अन्तरसम्बन्ध पनि यस पाठमा समेटिएका विषयवस्तु हुन् । यस पाठमा न्याय पालिकाको परिचय, कार्यहरू, न्याय पालिकाको संरचना, न्यायधिसहरूको नियुक्ति प्रक्रिया र राज्यका तीन अङ्गहरूबिचको अन्तरसम्बन्ध जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई राज्यका तीन प्रमुख अङ्गमध्ये न्यायपालिकाको परिचय, कार्यहरूका साथै राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्धसम्बन्धमा जानकारी दिनु नै यस पाठको मूल ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - राज्यका प्रमुख तीन अङ्गहरूको अन्तरसम्बन्ध उल्लेख गर्न | - राज्यको एक अङ्गका रूपमा न्यायपालिकाको परिचय दिन<br>- लोकतन्त्रमा स्वतन्त्र एवम् निष्पक्ष न्यायपालिकाको आवश्यकता र महŒव उल्लेख गर्न<br>- नेपालको न्यायपालिकाको संरचना उल्लेख गर्न<br>- न्यायाधीशहरूको नियुक्ति प्रक्रिया र आवश्यक योग्यता बताउन<br>- राज्यका तीन अङ्गहरूबिचको अन्तरसम्बन्ध बताउँदै नेपालको संविधानले व्यवस्था गरेको शक्ति सन्तुलन र नियन्त्रणको प्रावधान र त्यससम्बन्धी अभ्यासहरूको उदाहरण प्रस्तुत गर्न |

(ग) शैक्षणिक सामग्री

- अदालत र न्यायिक निष्पक्षताको संकेत ९बिमथ व्ाकतष्अभ क्तबतगभ० का फोटा तथा चित्र
- नेपालको संविधान

- घटना अध्ययनका लागि घटना विवरण
- न्याय पालिकाको संरचना र कार्यहरू उल्लेख गरिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

अदालत र न्यायिक निष्पक्षताको सङ्केत ९बिमथ ञाकतष्अभ क्तबतगभ० का फोटा तथा चित्र प्रदर्शन गरी ती चित्रहरूका सम्बन्धमा विद्यार्थीलाई पालैपालो आफ्ना धारणा प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूको धारणामा जोड्दै आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १  चार्ट प्रस्तुति र छलफल**

आफ्ना परिवार वा छरछिमेकमा मौलिक हक खोसिएका र अदालतको फैसलाबाट  फिर्ता भएका घटनाहरू विद्यार्थीलाई सुनाउन लगाउनुहोस् । यसै क्रममा  विद्यार्थीले प्रस्तुत गरेका घटनासँग न्यायपालिकालाई जोड्दै तल दिइए जस्तै चार्टका माध्यमबाट न्यायिक अधिकार प्रयोग गर्ने तीन तहका अदालतहरूको सामान्य परिचय दिनुहोस् ।

**न्यायपालिकाको  स्वरूप**

सर्वोच्च  अदालत (High Court)
**सङ्घीय राजधानीमा रहने,  नेपालको सबैभन्दा माथिल्लो तहको अदालत (सङ्ख्या-१)**

↓

उच्च अदालत (High Court)
**प्रदेशको राजधानीहरुमा रहने,  प्रदेशस्तरको अदालत (सङ्ख्या-७)**

↓

जिल्ला अदालत  अदालत (District  Court)
**जिल्ला सदरमुकाममा रहने,  जिल्लास्तरका अदालत (सङ्ख्या- ७७)**

**क्रियाकलाप २   घटना अध्ययन**

कक्षालाई दुई समूहमा विभाजन गरी दुवै समूहलाई तल दिइएका वा त्यस्तै एक एकओटा घटनाको अध्ययन गर्न लगाई सोधिएका प्रश्नहरूमा केन्द्रित भई छलफल गरी छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

घटना १

सर्वोच्च अदालतले इन्टरनेटमा खेलिने खेल पब्जी प्रतिबन्ध लगाउने सरकारी निर्णय तत्काल कार्यान्वयन नगर्न र पब्जी किन बन्द गर्नुपरेको हो भन्ने विषयमा १५ दिनभित्र अदालतमा कारण पेश गर्न सरकारलाई आदेश

दिएको छ । सरकारले पब्जीमाथि प्रतिबन्ध लगाउने निर्णय गरेपछि इन्टरनेट प्रयोग र अभिव्यक्ति स्वतन्त्रताको मौलिक हक हनन् भएको भन्दै सरकारी निर्णय विरुद्ध सर्वोच्चमा रीट परेपछि सर्वोच्च अदालतले सरकारी निर्णय कार्यान्वयन नगराउने आदेश दिएको हो ।

छलफलका लागि प्रश्न

- सर्वोच्च अदालतले सरकारले गरेको निर्णय लागु हुनबाट किन रोकेको होला ?

## घटना २

कान्छी चौध वर्षकी भइन् । परिवारको कमजोर आर्थिक अवस्थाका कारण उनी एक जना व्यापारीको घरमा बसेर साँझ बिहान काम गर्ने र दिनमा विद्यालय जाने गर्छिन् । व्यापारी र उनकी श्रीमतीले उनलाई अत्यधिक काम गराउने, समयमा खान नदिने, कामअनुसारको पैसा नदिने, गाली गर्ने र पिट्नेसमेत गर्छन् । कहिलेकाहीँ कामका बोझका कारण उनी विद्यालय जान पनि पाउँदिनन् ।

छलफलका लागि प्रश्न

- माथिको घटनामा कान्छीमाथि कस्तो अन्याय भएको छ ?
- उनले न्याय पाउन कहाँ जानुपर्छ ?
- न्याय दिने निकायले उनलाई न्याय दिनका लागि कस्तो प्रक्रिया अपनाउँछ होला ?

माथिका घटना अध्ययनपश्चात् दुवै समूहले प्रस्तुत गर्ने निष्कर्षका आधारमा संविधान र कानुनको व्याख्या गर्ने, नागरिकको मौलिक अधिकारको संरक्षण गर्ने साथै सरकारका काम कार्वाहीमाथि नियन्त्रण गर्नेलगायतका न्यायपालिकाको अधिकार क्षेत्र प्रस्ट पार्दै लोकतन्त्रमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको आवश्यकता र महŒवमाथि प्रकाश पारिदिनुहोस् ।

**क्रियाकलाप ३ अध्ययन र प्रश्नोत्तर**

तल दिइएका विषयवस्तु अध्ययन गर्न लगाई प्रश्नोत्तर गराउनुहोस् ।

**मानव अधिकार तथा वैवाहिक स्वतन्तन्त्रता**

विवाह पुरुष र महिलाबिच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नका लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन हो ।

नेपालमा अझै पनि बुबाआमाले छोरीको विवाहका लागि जीवन साथी खोज्ने, निर्णय गर्ने प्रथा, परम्परा तथा अभ्यास रहेको छ । विवाह गर्ने पुरुष पक्षका व्यक्तिहरू महिला पक्षका घरमा प्रस्ताव लिएर प्रस्तावित महिलालाई हेर्न जाने, बिनाकारण वा रूप, रङ, शारीरिक बनावट आदिमा कुनै खोट देखाएर एकतर्फी रूपमा अस्वीकार गर्ने तथा प्रस्तावित पुरुषतर्फबाट विवाह गर्न स्वीकार गरेमा प्रस्तावित महिलाको इच्छा नसुनी निजको बुबाआमाले विवाहको सहमति दिने

चलन छ । शिक्षित समाज, क्षेत्र तथा परिवारमा केही हदसम्म यो खराब चलन हटेको भए पनि उन्मुलन हुन सकेको छैन । यसले विवाहमा महिलाको चभअष्उचयअबि चष्नजत लाई हनन गरेको छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा १६ मा उमेर पुगेका पुरुष तथा महिलालाई जाति, राष्ट्रियता वा धर्मका कारणले लगाइने कुनै पनि सीमाबिना विवाह गरी परिवार बसाउने अधिकार हुने कुरा उल्लेख गरिएको छ ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६मा इच्छुक वरवधूको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ भन्ने उल्लेख छ । त्यस्तै महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ मा स्वतन्त्र रूपले वर रोज्ने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह गर्ने समान अधिकारको कुरा उल्लेख गरिएको छ । नेपाल यि दुवै महासन्धिको पक्षराष्ट्र बनेको हुँदा यसमा भएको व्यवस्था नेपाल कानुन सरह लागु हुन्छ ।

विवाह प्रत्येक वयस्क व्यक्तिको मौलिक हक एवम् मानव अधिकार हो । कुनै पनि महिलाले कसैको करकाप, प्रलोभन तथा अन्य कुनै कुरामा इच्छा विपरीतको सम्झौता गरी विवाह गर्नु हुँदैन । पुरुष तथा महिला मञ्जुरी नभई भएको विवाह स्वतः बदर हुने व्यवस्था मुलुकी देवानी संहिता २०७४ मा गरिएको छ । महिलाले आफूले विवाह गर्न लागेको पुरुष छनोटको निर्णय स्वतन्त्र रूपमा र पूर्ण सहमतिमा हुनुपर्छ । अभिभावकले सहजकता, व्यवस्थापक र आर्थिक सहयोगीको भूमिका निर्वाह गर्न सक्छन् तर छोरीको सहमतीबिना जीवनसाथी रोज्ने हक हुँदैन् । त्यसैले विवाह गर्दा पुरुषले मात्र महिलालाई एकतर्फी रूपमा वस्तुसरह हेर्ने र निर्णय गर्ने गलत अभ्यासलाई उन्मूलन गर्नुपर्दछ ।

प्रश्नहरू

(क) माथिका विषयवस्तु केसँग सम्बन्धीात छन् ।

(ख) विवाहमा पुरुष सरह महिला पनि हकदार हुन्छन् भन्ने पक्षमा यो फैसला आएको छ, यस भनाइलाई पुष्टि गर्नुहोस् ।

**क्रियाकलाप ४ समूह कार्य**

कक्षालाई तीन समूहमा विभाजन गरी प्रत्येकलाई नेपालको संविधान वा संविधानको न्यायपालिकासँग सम्बन्धित भाग र धाराको प्रतिलिपी उपलब्ध गराउनुहोस् । तीन समूहमध्ये एउटालाई सर्वोच्च अदालत, अन्य दुईलाई क्रमशः उच्च अदालत र जिल्ला अदालतको संरचना, न्यायाधीशहरूको योग्यता र नियुक्ति प्रक्रिया, प्रत्येकको अधिकार क्षेत्र, गठन प्रक्रिया आदि खोजी गर्न लगाई समूहगत छलफल गरी प्राप्त जानकारीलाई चार्टपेपरमा उतारेर पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक समूहको प्रस्तुतिमा आवश्यक पृष्ठपोषण प्रदान गर्दै न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक र न्याय परिषद्को परिचय दिनुहोस् ।

**क्रियाकलाप ५ चार्ट प्रदर्शन र छलफल**

न्यायपालिकाका कार्यहरू लेखिएको चार्ट प्रदर्शन गरी एक एक जना विद्यार्थीलाई उठाई एक एकओटा कार्य पढ्न लगाई प्रत्येकको व्याख्या गरिदिनुहोस् । यसै सन्दर्भमा नजिर, रिट, देवानी र फौज्दारी मुद्दाको अर्थ र अवधारणा बताइदिनुहोस् ।

रिट : कुनै मुद्दाको विषयमा व्यक्तिले कानूनी उपचारको निम्ति सर्वोच्च अदालतमा दिने निवेदन

नजिर : कुनै मुद्दाको सिलसिलामा सर्वोच्च अदालतले प्रतिपादन गरेको मान्यता सिद्धान्त आदि

देवानी मुद्दा : लेनदेन, अंशबन्डा, धनमाल सम्वन्धी फौजदारीबाहेकका मुद्दा

फौजदारी मुद्दा : देवानी वा लेनदेनबाहेकको खुन खराबीसम्वन्धी अपराधसम्बन्धी मुद्दा

**क्रियाकलाप ६ समूह प्रस्तुति**

कक्षालाई तीन समूहमा विभाजन गरी जिग्स विधिबाट राज्यका अङ्गहरूबिचको सम्बन्धका बारेमा छलफल गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहमा गई शक्ति सन्तुलन र नियन्त्रणको अवधारणा साथै नेपालको संविधानअनुसार राज्यका तीन अङ्गहरूबिचको शक्ति सन्तुलन र नियन्त्रण कसरी भइरहेको छ भन्ने विषयमा उदाहरणसहित् प्रस्ट पारिदिनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्, सिकाइ अवस्थामा सुधार गर्न सुधारात्मक सिकाइको आवश्यकता परेमा थप योजना गरी सहजीकरण गर्नुहोस् ।

१. न्यायपालिकाको परिचय दिँदै यसका कार्यहरूको सूची बनाउनुहोस् ।

२. देवानी र फौज्दारी मुद्दाबिच भिन्नता देखाउनुहोस् ।

३. नजीर भनेको के हो ? सर्वोच्च अदालतलाई किन अभिलेख अदालत भनिन्छ ?

४. शक्ति सन्तुलन र नियन्त्रण भन्नाले के बुझ्नुहुन्छ ? उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

५. व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिचको अन्तरसम्बन्ध बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

६. न्यायपालिका संविधान र कानुनको संरक्षक हो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(च) थप अध्ययन सामग्री

## संवैधानिक परिषद्

नेपालको संविधानको धारा २८४ मा विभिन्न संवैधानिक निकायहरूका प्रमुख तथा सदस्यहरू र सर्वोच्च अदालतका प्रधान न्यायाधीशको पदमा सिफारिस, कार्वाही, बर्खासी गर्न एक संवैधानिक परिषद्को व्यवस्था गरिएको छ जसमा निम्नानुसार पदाधिकारीहरू रहन्छन् :

क) प्रधानमन्त्री - अध्यक्ष
ख) प्रधान न्यायाधीश - सदस्य
ग) प्रतिनिधि सभाका सभामुख - सदस्य
घ) राष्ट्रिय सभाका अध्यक्ष - सदस्य
ङ) प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी दलका नेता- सदस्य
च) प्रतिनिधि सभाका उपसभामुख - सदस्य

प्रधान न्यायाधीशको पद रिक्त रहेमा सो स्थानमा सरकारको कानुन मन्त्रीलाई पनि यसको सदस्यमा नियुक्त गरिन्छ ।

## न्यायपरिषद्

नेपालको संविधानको धारा १५३ मा न्यायपरिषद्को व्याख्या गरिएको छ। यसले न्यायाधीशहरूको नियुक्ति, सरुवा, बर्खासी आदि विषयमा सिफारिस गर्दछ । न्यायपरिषद्मा निम्नानुसार पदाधिकारी रहन्छन् ।

क) प्रधान न्यायाधीश - अध्यक्ष
ख) एक जना सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश - सदस्य
ग) संघीय कानुन तथा न्याय मन्त्री - सदस्य
घ) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रद्वारा नियुक्त कानुनविद् १ जना - सदस्य
ङ) नेपाल बार एसोसियसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त १ जना वरिष्ठ अधिवक्ता - सदस्य

## पाठ : ४ राजनीतिक दल

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

निश्चित राजनीतिक विचार र सिद्धान्तअनुरूप राजनीतिक गतिविधि गर्ने र शासन सञ्चालन गर्ने उद्देश्यले सङ्गठित व्यक्तिहरूको समूहलाई राजनीतिक दल भनिन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा राजनीतिक दलहरूले निर्वाचनका माध्यमबाट प्रतिष्पर्धा गरी बहुमत प्राप्त गर्ने दलले सरकार गठन गर्ने प्रावधान रहेको हुन्छ । तसर्थ राजनीतिक दलहरूले जनताबिच आफूले अवलम्बन गरेको राजनीतिक दर्शन, विचारधारा र कार्यक्रमहरूबारे जानकारी गराई जनतालाई आकर्षित गर्दछन् भने जनताले दलहरूको सिद्धान्त, विचार, कार्यक्रम, नेता र उम्मेदवारहरू हेरी आफूलाई मन पर्ने दल र उम्मेदवारलाई मतदान गर्दछन् । नेपालमा सङ्गठित रूपमा राजनीतिक गतिविधि सञ्चालन गर्न र निर्वाचनमा सहभागी हुनका लागि संविधानले भाग २९ मा व्यवस्था गरेको प्रावधानअनुसार राजनीतिक दल दर्ता गर्नु पर्दछ । राजनीतिक दलको अवधारणा, राजनीतिक दल दर्तासम्बन्धी संविधानमा उल्लेख भएका प्रावधान, राजनीतिक दलको जिम्मेवारी साथै लोकतन्त्रको स्थापना र विकासमा दलहरूले खेलेको भूमिका यस पाठका मुख्य विषयवस्तु हुन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, अनुभव आदानप्रदान, घोषणापत्रको नमुना विकास, समूह कार्य, जोडी कार्य, भित्री बाहिरी खेल आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई नेपालमा लोकतन्त्रको स्थापना र विकासमा राजनीतिक दलको भूमिका र जिम्मेवारी सम्बन्धमा जानकारी दिनु नै यस पाठको मूल ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - राजनीतिक दलको भूमिका र जिम्मेवारी उल्लेख गर्न | - राजनीतिक दलको अवधारणा र दल दर्ता गर्ने संवैधानिक प्रक्रिया उल्लेख गर्न<br>- नेपालमा लोकतन्त्रको स्थापना र विकासमा राजनीतिक दलहरूले खेलेको भूमिकाको समीक्षा गर्न |

**(ग) शैक्षणिक सामग्री**

- राजनीतिक दलको झन्डा, घोषणा पत्र र चुनाव चिह्नहरूको चित्र
- नेपालको संविधान
- दल दर्ता गर्ने प्रावधान लेखिएको तालिका

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

राजनीतिक दलहरूको झन्डा, निर्वाचन चिह्न, घोषणा पत्र आदिको चित्र देखाई सो सम्बन्धमा विद्यार्थीको जोडी बनाई छलफल गर्न लगाउनुहोस् ।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ अनुभव आदान प्रदान**

विद्यार्थीले फरक फरक राजनीतिक दलहरूले गरेका निर्वाचन प्रचार प्रसार, विजय यात्रा, सभा सम्मेलन, आन्दोलनलगायत विभिन्न कार्यक्रमहरू देखेका हुनसक्छन् । त्यसै सम्बन्धमा तलका जस्तै प्रश्न सोधी राजनीतिक दल सम्बन्धमा उनीहरूको अनुभव बताउने अवसर प्रदान गर्नुहोस् र त्यसैका आधारमा क्रियाकलापहरू गराउँदै मुख्य विषयवस्तुलाई अगाडि बढाउनुहोस् ।

अन्तरक्रियाका लागि प्रश्न

- तपाईंले राजनीतिक दलहरूले के कस्ता कार्यक्रमहरू गरेको देख्नु भएको छ ?
- दलहरूले त्यस्ता कार्यक्रम किन गरेका होलान् ?
- मानिस किन फरक फरक राजनीतिक दलमा आबद्ध हुन्छन् ?


**क्रियाकलाप २ घोषणापत्रको नमुना विकास**

राजनीतिक दल सञ्चालनका लागि आवश्यक पर्ने विधान र घोषणापत्रको अवधारणा र आवश्यकता सम्बन्धमा छलफल र अन्तरक्रिया गराउनुहोस् । त्यसपछि कक्षालाई विभिन्न दलका रूपमा फरक फरक समूहमा विभाजित गरी आआफ्नो दलको काल्पनिक नाम राख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्दै तल दिइए जस्तै खाकामा घोषणापत्र तयार गर्न लगाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**दलको नाम :**

**निर्वाचन चिह्न**



**निर्वाचन घोषणा पत्र**

...................................................... **निर्वाचन** (२०.....)

**१. दल स्थापनाको संक्षिप्त पृष्ठभूमि र उद्देश्य**

**२ राष्ट्र हितका लागि दलले विगतमा गरेका योगदानको वर्णन**

**३. आगामी पाँच वर्षका  लागि दलको प्रतिबद्धता (शिक्षा,स्वास्थ्य, कृषि, रोजगारीलगायत विभिन्न क्षेत्रमा)**

### क्रियाकलाप ३ तालिका निर्माण र छलफल

राजनीतिक दल दर्ता गर्ने सम्बन्धमा संविधानमा व्यवस्था गरिएका प्रावधानलाई दिइएको जस्तै गरी तालिकामा उतारेर सबैले देख्ने गरी कक्षामा टाँस्नुहोस् । त्यसपछि समूह निर्माण गरी ती प्रावधानहरूबारे छलफल गर्न लगाई प्रत्येक समूहमा आवश्यक सहयोग गर्दै जानुहोस् ।

**राजनीतिक दल दर्ता गर्ने संवैधानिक प्रावधान**

| आवश्यक कागजपत्र | पूरा गर्नुपर्ने शर्तहरु |
|---|---|
| ✓ निवेदन<br>✓ दलको विधान<br>✓ दलको घोषणापत्र<br>✓ झन्डाको नमुना र सङ्घीय कानुनले व्यवस्था गरेअनुसारका अन्य कागजपत्र | ✓ दलको विधान र नियम प्रजातान्त्रिक हुनुपर्ने,<br>✓ प्रत्येक तहका पदाधिकारीहरू निर्वाचनद्वारा चयन हुने व्यवस्था हुनुपर्ने,<br>✓ सबै तहका कार्यसमितिमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने,<br>✓ नाम, उद्देश्य, झन्डा वा प्रतीकहरू साम्प्रदायिकताको भावना फैलाउने र राष्ट्रिय अखण्डतामा आँच पुऱ्याउने खालको हुन नहुने । |

### क्रियाकलाप ४. सन्दर्भ सामग्री अध्ययन र छलफल

विद्यार्थीलाई पाठ्यपुस्तक तथा विभिन्न स्रोतहरूबाट नेपालमा लोकतन्त्रको स्थापना र विकासमा राजनीतिक दलहरूले खेलेका भूमिका सम्बन्धमा पाठ्यपुस्तक वा अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाउनुहोस् र केही विद्यार्थीलाई अध्ययनको सार प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ छलफल र तालिका निर्माण**

राजनीतिक दलको जिम्मेवारीअन्तर्गत के के कुरा पर्छन् भन्ने प्रश्न सोधी विद्यार्थीबाट आएका जवाफलाई बोर्डमा टिप्दै जानुहोस् विद्यार्थीबाट नआएका अन्य महŒवपूर्ण जिम्मेवारी भए ती बुँदा विद्यार्थीलाई सुनाउँदै आफैँले थपिदनुहोस् । त्यसपछि राजनीतिक दलको जिम्मेवारी निम्नानुसार तालिका बनाई प्रस्तुत गर्नुहोस् ।

- राष्ट्र, राष्ट्रियता, लोकतन्त्रको संरक्षण
- शासन प्रणालीमा सुधार
- भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्ने
- जनताका आधारभूत आवश्यकता र समस्याका बारेमा आवाज उठाउने, समस्याको सम्बोधन गर्ने
- जनताबिच चेतना विस्तार गर्ने गर्नेसम्बन्धी जिम्मेवारी

**क्रियाकलाप ६ जोडीमा छलफल**

हित संयुक्तीकरण र हित अभिव्यक्तिसम्बन्धी अवधारणा स्पष्ट पारी माथि दिइएका कुन कुन जिम्मेवारी हित संयुक्तीकरण र कुन कुन जिम्मेवारी हित अभिव्यक्तिमा पर्छन् जोडी जोडीमा छलफल गरी तलको तालिका पूरा गर्न लगाउनुहोस् ।

| हित संयुक्तीकरण | हित अभिव्यक्ति |
|---|---|
| | |
| | |
| | |

**क्रियाकलाप ७ समूह छलफल**

कुनै पनि राजनीतिक दललाई निर्वाचनमा भाग लिनका लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्नु पर्छ भन्ने विषयमा जानकारी गराई ती प्रावधान के के हुन् भनी विद्यार्थीलाई समूह समूहमा रही संविधानबाट खोजी गर्न र कापीमा उतार्न लगाउनुहोस् र पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ८ भित्री बाहिरी खेल** ( क्ष्ल यगत अष्चअभि ऽभतजयम)

कक्षाकोठाबाहिर खुला स्थानमा लगी गोलो घेरा बनाई उभिन लगएर क्रमैसँग एक, दुई, तीन......... भन्न लगाउँदै बिजोर पर्ने विद्यार्थीहरूलाई एक दुई पाइला भित्र गएर अर्को घेरा बनाएर भित्र र बाहिर उभिने एक एक जनालाई मुखामुख गरी उभिन लगाउनुहोस् । कक्षाको कुल विद्यार्थी बिजोर भएमा एक जना विद्यार्थीको जोडी नहुन सक्छ । यस्तो भएमा उसको जोडी तपाइँ स्वयम् बनिदिनुहोस् । त्यसपछि भित्री घेरामा उभिने विद्यार्थीलाई त्यही पोजिसनमा उभिन लगाई बाहिरी घेरामा उभिएकाहरूलाई घडीको सुइको दिशातर्फ दौडिने सङ्केत दिनुहोस् र एकछिन् पछि रोकिने सङ्केत गर्नुहोस् । रोकिँदा आफ्नो नजिक भित्री घेरामा जो उभिएको छ उसैसँग मुखामुख गरी जोडी बनाउन लगाई

घुमेर आएका विद्यार्थीले भित्र उभिएका आप्ना जोडीलाई लोकतन्त्रको स्थापना र विकासमा राजनीतिक दलहरूले खेलेको भूमिकाका बारेमा आफूले अध्ययन गरेर बुझेका कुरा बताउन लगाउनुहोस् । सोका लागि २ मिनेटको समय दिनुहोस् । यो क्रमलाई दुईतीन पटक गरी फरक फरक प्रश्न वा विषयवस्तुमा छलफल गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१.नेपालका प्रमुख राजनीतिक दलहरूको नाम लेख्नुहोस् ।

२.तपाईँले कुनै राजनीतिक दलको घोषणापत्र लेख्ने जिम्मेवारी पाउनुभयो भने घोषणापत्रमा मतदातालाई आकर्षित गर्ने के कस्ता कार्यक्रम समावेश गर्नुहन्छ ?

३.राष्ट्रिय हित संरक्षणका लागि नेपालका राजनीतिक दलहरूले निर्वाह गर्दै आएको भूमिकाको मूल्याङ्कन गर्नुहोस् ।

४.राजनीतिक दलहरू दलीय स्वार्थभन्दा माथि उठ्न सकेमात्र जनताको बलिदानीबाट प्राप्त लोकतन्त्र जीवित रहन्छ । नेपालमा विभिन्न समयमा जनताका अधिकार र स्वतन्त्रता खोसिएका र राजनीतिक दलहरूले गरेका संयुक्त आन्दोलनहरूको सन्दर्भ केलाउँदै यस भनाइलाई पुष्टि गर्नुहोस् ।

## पाठ : ५ निर्वाचन प्रक्रिया र नागरिकको भूमिका

**अनुमानित कार्यघण्टा : ३**

**(क) पाठ परिचय**

मतदानका माध्यमबाट जनताले शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधि छनोट गर्ने लोकतान्त्रिक प्रक्रियालाई निर्वाचन भनिन्छ । यसले शासन सञ्चालनमा सहभागी हुने जनताको सार्वभौम अधिकारको रक्षा गर्छ । निर्वाचन राजनीतिक दल र नेताहरूलाई पुरस्कृत वा दण्डित गर्ने सशक्त माध्यम पनि हो । तसर्थ यसले राजनीतिक दल, तिनका नेता र सरकारलाई जिम्मेवार र जनउत्तरदायी बनाउन सहयोग गर्छ । निर्वाचनको परिणामबाट राजनीतिक दल र नेताहरूले आत्मसमीक्षा गरी आफ्ना कमी कमजोरी सुधार गर्न सक्छन् । यस पाठमा निर्वाचनको अवधारणा, निर्वाचनको महŒव, निर्वाचन प्रक्रिया र निर्वाचन प्रक्रियामा नागरिकले निर्वाह गर्नुपर्ने भूमिका आदि विषयवस्तु समेटिएका छन् । यस पाठको सिकाइ सहजीकरणको लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, अनुभव आदानप्रदान, समूह कार्य, चित्र निर्माण, गीिति प्रस्तुति, एक रहने अरू छरिने आदिजस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले
आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिकाको खोजी गर्न सक्षम बनाउनु यस पाठको मूल ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|

| | |
|---|---|
| - निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका बताउन | - निर्वाचनको अवधारणा, यसको महŒव र आवश्यकता उल्लेख गर्न<br>- नेपालमा हुने सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन प्रक्रिया बताउन<br>- निर्वाचन सम्पन्न गर्न सक्रिय निर्वाचन आयोगअन्तर्गतका निकायहरूको जिम्मेवारी उल्लेख गर्न<br>- निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिका खोजी गर्न |

**(ग) शैक्षणिक सामग्री**

- मतदान प्रक्रिया चलिरहेको फोटो वा भिडियो
- निर्वाचन प्रक्रियाको सूची वा फ्लोचार्ट
- निर्वाचन आयोगले प्रकाशीत गरेका (युट्युब र गुगलमा उपलब्ध) चेतनामूलक गीत तथा अन्य सामग्रीहरू
- सानो बल
- मतदाता नामावली, मतपत्र, मतदाता परिचय पत्र, मतपेटिका, स्वतिक चिह्नलगायतका निर्वाचनमा प्रयोग हुने सामग्री

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

निम्न प्रश्नका आधारमा तातो आलु खेलका माध्यमबाट निर्वाचनसम्बन्धी विद्यार्थीहरूको पूर्व ज्ञान र अनुभव सुन्दै विषयवस्तुमा प्रवेस गर्नुहोस् ।

प्रश्नहरू

- तपाईंले मतदान गरेको देख्नुभएको छ । मतदान किन गरिन्छ ?
- यस अगि पछिल्लो पटक भएको निर्वाचनमा तपाईंका बाबा आमाले मतदान गर्नुभयो होला तर तपाईंले किन गर्नुभएन ?
- मतदान गर्न नगए के हुन्छ ?
- मतदान भन्दा अगाडि टेलिभिजन, रेडियो र सामाजिक सञ्जालमार्फत मतदातालाई के कस्ता कुरामा सचेत बनाएको देख्नु वा सुन्नु भएको छ ? किन त्यसो गरेको होला ?
- मतदानभन्दा पहिल्यै यससँग सम्बन्धित अरू के के कुरा गरेको तपाईंले देख्नु भएको छ ?
- मतदान सकिएपछि के के हुन्छ ?


**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ समूह छलफल**

निर्वाचनको अवधारणा बताई यसको आवश्यकता र महŒवका बारेमा समूहगत छलफल गरी प्रत्येक समूहलाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले प्रस्तुत गरेका बुँदाहरू भाषा मिलाएर नदोहोरिने गरी बोर्डमा उतार्दै जानुहोस् उनीहरूले छुटाएका महŒवपूर्ण बुँदासमेत थपी व्याख्या गरिदिनुहोस् ।

**क्रियाकलाप २ सन्दर्भ सामग्री अध्ययन र प्रस्तुति**

दिइएजस्तै चार्ट प्रदर्शन गरी  निर्वाचन तयारी र सम्पन्न गर्ने निकायहरूसँग परिचित गराउनुहोस् । विद्यार्थीलाई पाठ्यपुस्तक वा संविधान वा निर्वाचन आयोगको वेबसाइट अध्ययन गर्न लगाई ती निकायहरूको जिम्मेवारी खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।




**क्रियाकलाप ३ एनिमेटेड भिडियो प्रदर्शन र व्याख्या**

युट्युबको जततउकस्रररधधधाथयगतगदभाअकरधबतअजरुख.क्ष्ज्छघीऋयक्ष्बजण ९ऋतर्चा बलम ऋष्अप तय ार्यियध ष्लिप० खोली नेपालमा निर्वाचन प्रक्रियासम्बन्धी एनिमेसन भिडियो देखाउनुहोस् वा तलको जस्तै टेबल प्रदर्शन गरी सो सम्बन्धमा व्याख्या गरिदिनुहोस् ।

### निर्वाचन प्रक्रिया *(Election Process)*

१. *निर्वाचनको मिति निर्धारण र घोषणा*
२. *निर्वाचनसम्बन्धी कानुनी प्रावधानको व्यवस्था*
३. *मतदाता शिक्षा कार्यक्रम सञ्चालन र निर्वाचनको प्रचार प्रसार*
४. *निर्वाचन कार्यक्रम प्रकाशन*
५. *निर्वाचन प्रयोजनका लागि दल दर्ता*
६. *उम्मेदवार मनोनयन*
७. *निर्वाचन चिन्ह वितरण*
८. *निर्वाचनमा प्रयोग हुने सामग्री मतपत्र, मतपेटिका, स्वस्तिक छाप, मार्कर पेन, विद्युतीय मतदान यन्त्र आदिको तयारी*
९. *निर्वाचन आचारसंहिता निर्माण र प्रकाशन*
१०. *मतदाता नामावली प्रकाशन*
११. *मतदान केन्द्र र उपकेन्द्र निर्धारण*
१२. *जनशक्ति (आवश्यकताअनुसार मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्मचारी) नियुक्त गरी अभिमुखीकरण तालिम प्रदान*
१३. *निर्वाचनमा सुरक्षा प्रबन्ध*
१४. *मतदान केन्द्रमा आवश्यक प्रबन्ध*
१५. *निर्वाचन तयारी सम्बन्धी अनुगमन*
१६. *मतदान*
१७. *मतदानको अनुगमन*
१८. *मत गणना*
१९. *परिणाम घोषणा*
२०. *विजयी उम्मेदवारलाई प्रमाणपत्र प्रदान ।*

**क्रियाकलाप ४ चित्र निर्माण र छलफल**

मतदाता नामावली, मतपत्र, मतदाता परिचय पत्र, मतपेटिका, स्वतिक चिह्न आदिको जानकारी गराई निर्वाचनमा प्रयोग हुने सामग्रीको नमुना वा चित्र बनाउन लगाई ती सामग्रीहरूको प्रयोगका विषयमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ५ खोजी प्रस्तुति**

मतदाता नामावलीमा नाम समावेश गराउने र मतदाता नामावली अद्यावधिक गर्ने प्रक्रिया खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ एक जना रहने अरू छरिने**

- कक्षामा विद्यार्थीलाई चार समूहमा विभाजित हुन भन्नुहोस् ।
- पहिलो समूहलाई नेपालमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचान प्रक्रिया र आवश्यक योग्यता
- दोस्रो समूहलाई राष्टिय सभा सदस्य निर्वाचन प्रक्रिया र आवश्यक योग्यता
- तेस्रो समूहलाई प्रदेश सभा सदस्य निर्वाचन र आवश्यकत योग्यता

- चौथो समूहलाई स्थानिय तहको प्रमुख र उपप्रमुखको निर्वाचन र आवश्यक योग्यता सम्बन्धमा खोजी गरी समूहगत प्रस्तुति दिन लगाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**क्रियाकलाप ७ चेतनामूलक गीत प्रस्तुति र छलफल**

**युट्युबको** जततउकस्ररधधधाबअभदययपाअफरधबतअजररुख.घद्धज्ञढडद्दछद्धद्धद्धढठठठद्द ९ऋतचा बलम ऋष्अिप तय ार्यायध ष्लिप० लिङ्क खोली वा अन्य कुनै निर्वाचनसम्बन्धी चेतनामुलक गीत सुनाई निर्वाचनका लागि एक जना मतदाताले ध्यान दिनुपर्ने कुरा के के हुन् भन्ने विषयमा विभिन्न समूहमा छलफल गरी छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ८ समूह छलफल र प्रस्तुति**

कक्षालाई तीन समूहमा विभाजन गरी नागरिकले निर्वाचन सम्पन्न गराउन निर्वाचनपूर्व, निर्वाचनको समयमा र निर्वाचनपश्चात् के के भूमिका निर्वाह गर्न सक्छन् भन्ने विषयमा छलफल गराई त्यसको निष्कर्षलाई बुँदागत रूपमा उतारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. मतदातालाई मतदानमा सहभागी हुन र कसैको दबाबमा नपरी मतदान गर्न रेडियो वा टेलिभिजनबाट प्रसारण गर्न उपयुक्त हुने चेतनामूलक रेडियो सन्देश रचना गर्नुहोस् ।

२. भोट दिएर के पाइन्छ र ? कसैले पैसा दिए भोट हालिन्छ नत्र मतदानका दिनमा आफ्नै घरको काम गरेर बसिन्छ' भन्ने मतदातालाई तपाईं के भनेर सम्झाउनुहुन्छ ? चार बुँदामा लेख्नुहोस् ।

३. तपाईंको उमेर १८ वर्ष पुगेको छैन भने तपाईंले मतदान गर्न पाउनुहुँदैन । तैपनि मतदान सफल पार्न विभिन्न प्रकारले निर्वाचन आयोगलाई सहयोग भने गर्न सक्नुहुन्छ । आफूले गर्न सक्ने त्यस्ता सहयोगहरूको सूची बनाउनुहोस् ।

४. नेपालमा निर्वाचनका क्रममा के कस्ता विकृति देखिएका छन्  ती विकृति समाधान गर्ने उपाय के के हुनसक्छन् भन्ने विषयमा स्थानीय बुद्धिजीवीसँग अन्तरक्रिया गरी प्राप्त जानकारीलाई बुँदागत रूपमा उतार्नुहोस् ।

**(च) परियोजना कार्य**

१. उपयुक्त ढाँचामा तल दिइएको परियोजनाकार्य गरी उपयुक्त ढाँचामा प्रस्तुत गर्न लगाई मूल्याङ्कनको श्रेणीमापन विधि प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् ।

(क) मतपत्र बदर हुने भनेको के हो ? कस्तो कस्तो अवस्थामा मतपत्र बदर हुन्छ ? मतपत्र बदर हुन नदिने उपाय के के हुनसक्छन् स्थानीय राजनीतिक कार्यकर्तासँग छलफल गरी प्राप्त जानकारीमा आधारित भई एक प्रतिवेदन तयार गर्नुहोस् ।

चेतनामूलक सन्देश मूल्याङ्कनका लागि रुब्रिक्सको नमुना

| **शीर्षक** | **उत्कृष्ट** | **मध्यम** | **सुधार आवश्यक** |
|---|---|---|---|
| **विषयवस्तुको प्रभावकारिता** | | | |
| **लयात्मकता** | | | |
| **शब्द छनोट र प्रस्तुतीकरण शैली** | | | |

## पाठ : ६ मानव अधिकार

## पाठ : ७ मानव अधिकार संरक्षणमा सङ्घ संस्थाको भूमिका

**अनुमानित कार्य घण्टा : ४**

### (क) पाठ परिचय

मानव अधिकार मानव जीवनको स्वतन्त्रतासँग सम्बन्धित विश्वव्यापी अधिकार हो । राष्ट्रिय, अन्तर्राष्ट्रिय नियम कानुन, राष्ट्रियता, सामाजिक व्यवस्था, परम्परा, जाति, भाषा, धर्म, लिङ्ग, शारीरिक अवस्था, तथा सामाजिक र आर्थिक अवस्थालगायत कुनै पनि कुराले व्यक्तिको जीवनसँग सम्बन्धित विषयमा अवरोध सिर्जना गर्न हुँदैन भन्ने मानव अधिकारको मूलभूत मान्यता हो ।

यी पाठहरूमा मानव अधिकारको अवधारणा, मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मुख्य मुख्य प्रावधान, मानव अधिकार संरक्षणमा सङ्घसंस्थाहरूले खेलेको भूमिका आदि विषयवस्तु समेटिएका छन् । यी पाठको सिकाइ सहजीकरणको लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अनुभव आदानप्रदान, समूह कार्य, जोडीमा छलफल, तातो आलु, क्उभभम मबतष्लन आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीमा मानव अधिकारको अवधारणा विकसित गर्नुका साथै विश्वमा मानव अधिकारसम्बन्धी सरोकारको ऐतिहासिक पृष्ठभूमि, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र र यसका प्रावधानहरूसँग परिचित गराई मानव अधिकारका विषयमा सचेत गराउनुका साथै मानव अधिकार संरक्षणमा क्रियाशील सङ्घसंस्थाहरूको भूमिकासँग परिचित गराउनु रहेको छ यी दुई पाठहरूको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - **मानव अधिकारको अवधारणा बताउन र सचेत रहन**<br>- **मानव अधिकार संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था/निकायको भूमिकासँग परिचित हुन** | - **मानव अधिकारको अवधारणा बताउन**<br>- **मानव अधिकारको विश्वव्यापी घोषणामा उल्लेख भएका मुख्य मुख्य प्रावधान उल्लेख गर्न**<br>- **मानव अधिकार संरक्षणमा क्रियाशील संङ्घ संस्थाहरूले खेलेको भूमिका वर्णन गर्न** |

### (ग) सिकाइ सहजीकरण सामग्री

- एलेनोर रुजवेल्टको फोटो
- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्रका मूलभूत सा लेखिएको चार्ट
- मानव अधिकार तथा यसको संरक्षणमा सक्रिय सङ्घ संस्थाहरूको लोगो


### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई खुला स्थानमा लैजानुहोस् र मैले एकजना सामाजिक अभियन्ताले भनेको कुरा सुनाउछु  तपाईँहरूमध्ये उनको भनाइमा  सहमत हुनेहरू मेरो दायाँतिर, सहमत नहुनेहरू मेरो बायाँतिर र सहमत वा असहमत भनी आफ्नो विचार बनाउन नचाहनेहरू मेरो अगाडि लाइन बनाएर उभिनुहोस् भनी निम्न विचार सुनाएर विद्यार्थीलाई तलको चित्रमा जस्तै गरी आफ्नो दायाँ बायाँ उभिन लगाउनुहोस्  ।

**शिक्षकले सुनाउने विचार**

**बलात्कार र ठुला ठुला अपराध गर्नेलाई जेल सजायँ हैन मृत्यु दण्ड दिनुपर्छ।**




यसरी विद्यार्थीहरू विभाजित भएपछि पहिले सहमत असहमत र तटस्थ रहनेहरूलाई आआफ्नो समूहमा रही आफ्ना पक्षमा तर्कहरूमा छलफल गर्न लगाउनुहोस्। बिच बिचमा तपाईं गएर सहजीकरण गर्नुहोस्।

अब सबै समूहमा छलफल सकिएपछि सहमत हुनेहरूलाई तपाईंहरू किन सहमत हुनुभयो ? भनी प्रश्न गर्ने र पालैपालो आफ्ना तर्क र विचार प्रस्तुत गर्न लगाउनुहोस्।  उनीको तर्क अन्य दुई लाइनमा उभिएका कसैलाई चित्त बुझेमा सहमत हुनेको लाइनमा गई उभिन लगाई विश्वास दिलाउन सक्ने विद्यार्थीलाई सबैले ताली बजाएर प्रशंसा गर्न

लगाउनुहोस् । सहमत हुनेतर्फका एक जनाले आफ्नो विचार राखेपछि असहमत हुनेतर्फ पनि त्यसरी नै पालै पालो आफू असहमत हुनुको कारण बताउँदै अन्य लाइनका साथीहरूलाई आफ्नो पक्षमा ल्याउने प्रयास गर्न लगाई अगिजस्तै कुनै

विद्यार्थीलाई चित्त बुझेमा असहमत हुनेको लाइनमा उभिन पठाउनुहोस् । आफ्नो विचार नबनाउने वा तटस्थ रहने विद्यार्थीको पनि विचार सुन्नुहोस् । तिनैओटा समूहका विद्यार्थीले आफ्ना तर्क राखेपछि यो क्रियाकलाप सकिन्छ । सबै जनाले विचार राखिसक्दा पनि कोही कुनै पक्षबाट प्रभावित नभएमा पनि कुनै फरक पर्दैन ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ प्रश्नोत्तर र छलफल**

**सबै** विद्यार्थी अगि सुनाएको सामाजिक अभियन्ताको विचारमा मेरो धारणा के छ सुन्नुहुन्छ ? भनी 'मेरो विचारमा कुनै पनि अपराधमा मृत्यु दण्ड दिनु हुँदैन किनकि जन्मिएपछि जीवन बाँच्न पाउनु हरेक मानवको अधिकार हो । यो मानव अधिकारको विषय हो भन्दै तपाईँहरूलाई मानव अधिकारका बारेमा केही जानकारी छ ? भनी प्रश्न गर्नुहोस् र विद्यार्थीले प्रस्तुत गरेका कुराहरूलाई सम्बोधन गर्दै मानव अधिकारसम्बन्धी अवधारणा प्रस्ट पारिदिनुहोस्

**क्रियाकलाप २ फोटो वा चित्र प्रदर्शन र छलफल**

एलेनोर रुजवेल्टको फोटो देखाई उनको परिचयसहित मानव अधिकारको अवधारणा अगि सार्न र यसको विश्वव्यापी घोषणा पत्र तयार गर्न उनले खेलेको भूमिकाबारे चर्चा गर्नुहोस् ।

**क्रियाकलाप ३ तातोआलु खेल**

मानव अधिकार घोषणा पत्रको परिचय दिँदै विद्यार्थीलाई मानव अधिकारको विश्वव्यापी घोषणा पत्रका उल्लिखित मूलभुत पक्षहरू अध्ययन गर्न लगाई तातो आलु खेल खेलाउँदै एक एकओटा बुँदा भन्न र व्याख्या गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ जोडीमा छलफल**

विद्यार्थीलाई दुई दुई जनाको जोडा बनाउन लगाई पाठ्य पुस्तकबाट नेपालमा मानव अधिकारको संरक्षणका लागि भएका प्रयासहरू खोजी गरी बुँदागत रूपमा उतार्न लगाउनुहोस् । त्यसपछि कुनै एक जोडीले तयार पारेका बुँदाहरू सुनाउन लगाई आवश्यक परिमार्जनसहित बोर्डमा उतारेर व्याख्या गरिदिनुहोस् ।

**क्रियाकलाप ५ समूह छलफल**

कक्षालाई तीन समूहमा विभाजन गरी मानव अधिकार संरक्षणका लागि नेपालमा क्रियाशील संस्थाहरू- राष्ट्रिय मानव अधिकार आयोग, अनौपचारिक सेवा केन्द्र र एमनेष्टीइन्टर नेशनलका बारेमा अध्ययन र छलफल गराई छुट्टाछुट्टै समूहलाई छुट्टाछुट्टै संस्थाको परिचय र त्यसको भूमिकाका बारेमा बताउन लगाउनुहोस् ।

**क्रियाकलाप ६ अनुभव प्रस्तुति र जोडीमा छलफल**

कक्षाका विद्यार्थीले कुनै एक जनालाई आफूले सुनेका वा देखेका घटनाहरूमध्ये मानव अधिकारको उल्लङ्घन भएको कुनै एक घटनासँग सम्बन्धित व्यक्तिहरूको नाम परिवर्तन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र त्यस घटनामा मानव अधिकार उल्लङ्घन कसरी भयो ? त्यसको दोषी को थियो ? त्यस घटनाबाट सिक्नुपर्ने पाठ के हो भन्ने जस्ता विषयमा सँगै बस्ने दुई दुई जनाको जोडी बनाई छलफल गर्न लगाउनुहोस् ।

(ङ) **मूल्याङ्कन/प्रतिबिम्बन**

**दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :**

१. तलको रुजुसूची (चेकलिस्ट) मा आफूलाई ठिक लाग्ने विकल्पमा ठिक चिह्न लगाई शिक्षकलाई देखाउनुहोस् । प्रत्येक सही उत्तर बराबर एक अङ्क मानी आफ्नो कुल प्राप्ताङ्क निकाल्नुहोस् । त्यसपछि प्राप्ताङ्कको प्रतिशतलाई लाई आधार मानेर आफ्नो मानव अधिकारसम्बन्धी सचेतनाको परीक्षण गर्नुहोस् ।

| घटना | मानव अधिकारको हनन हुन्छ । | मानव अधिकारको हनन हुँदैन । |
|---|---|---|
| कुनै सहरमा आन्दोलनकारीले आन्दोलन गरेका कारण नराम्रो घटना घट्नसक्ने भन्दै सुरक्षा प्रशासनले कर्फ्यु (निषेधाज्ञा) जारी गर्दा | | |
| नागरिकता बनाउने क्रममा सेवाग्राहीले कर्मचारीलाई घुस दिन बाध्य पार्दा | | |
| साथीहरूलाई दुःख दिने अत्यन्त अनुशासनहीन विद्यार्थीलाई विद्यालय प्रशासनले विद्यालयबाट निष्कासन गर्दा | | |
| तपाईंले सामान किन्ने क्रममा व्यापारीले सामान रोज्न नदिँदा | | |
| पढाइमा कमजोर विद्यार्थीलाई शिक्षकले सिकाउने क्रममा शारीरिक सजाय दिँदा | | |
| कुनै मुद्दामा आमालाई जेल सजाय सुनाई जेल पठाएपछि आमा नभई एक्लै बस्न नमान्ने नाबालकलाई आमासँगै बस्ने व्यवस्था मिलाउँदा | | |
| सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउँदा | | |
| जात नमिल्ने केटासँग आफूखुशी बिहे गर्न लागेकी भन्दै आफ्नो छोरीलाई जात मिल्ने केटा खोजी अभिभावकले बिहे गरिदिँदा | | |
| सरकारविरुद्ध शान्तिपूर्ण आन्दोलन गर्न सडकमा निस्केका मानिसलाई प्रहरीले रोक्दा | | |
| महिलाले गर्भवती अवस्थामा लगाउने पाउनु पर्ने स्वास्थ्य सेवा सरकारले व्यवस्था गर्न नसक्दा | | |

२. तपाईं स्वयम् पनि कैयौं पटक मानव अधिकारबाट वञ्चित बनाइएको हुन सक्नुहुन्छ । मानव अधिकारबाट आफू वञ्चित हुन परेका कुनै चार घटना लेख्नुहोस् ।

३. मानव अधिकारसँग सम्बन्धित सङ्घ संस्थाहरूको प्रतिवेदनमा मानव अधिकार उल्लङ्घनका धेरैजसो घटनामा राज्य नै दोषी भएका घटना बढी देखिन्छ । यस्तो अवस्थामा सरकारलाई मानव अधिकार सम्बन्धमा सजग र जिम्मेवार बन्नका लागि दिन सकिने कुनै चारओटा गहकिला सुझाव प्रस्तुत गर्नुहोस् ।

## पाठ : ८ उपभोक्ता अधिकार

**अनुमानित कार्य घण्टा : २**

### (क) पाठ परिचय

वस्तु तथा सेवाको खरिद तथा उपभोगका क्रममा हुन सक्ने दुर्व्यवहार, ठगी, उपभोग्य वस्तुबाट हुने हानिलगायतका कुराहरूबाट उपभोक्तालाई सुरक्षित राख्दै उनीहरूको स्वतन्त्रता सुनिश्चित गर्ने अधिकार उपभोक्ता अधिकार हो । विश्वमा सबैजसो राष्ट्रले उपभोक्ताका अधिकार सुनिश्चित गर्न लागि कानुनी व्यवस्था गरेका छन् । नेपालको संविधानको भाग ३, धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवाको उपभोग गर्न पाउने अधिकार हुने छ भन्ने कुरा उल्लेख गरेको छ । यसैअनुरूप नेपालमा उपभोक्ता संरक्षण ऐन २०५४ ले उपभोक्ता अधिकारको संरक्षण गर्दछ । उपभोक्ता अधिकारको सुनिश्चितताका लागि कानुनी प्रावधान जत्तिकै महŒवपूर्ण पक्ष उपभोक्ता सचेतना पनि हो ।

यस पाठमा उपभोक्ता अधिकारको अवधारणा, नेपालको कानुनले संरक्षण गरेका उपभोक्ता अधिकारहरू र उपभोक्ता अधिकार संरक्षणमा एउटा सचेत नागरिकको भूमिकासम्बन्धी विषयवस्तुहरू समेटिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, समूह कार्य, अवलोकन, खोज र भूमिका अभिनय आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । उपभोक्ता अधिकार सम्बन्धी अवधारणा बुझाई यसमा सचेत बनाउनु यस पाठको मूल ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| - उपभोक्ता अधिकारसम्बन्धी अवधारणा बताउन र सचेत रहन | - उपभोक्ता अधिकारको अबधारणा उल्लेख गर्न<br>- नेपालको कानुनले संरक्षण गरेका उपभोक्ताका अधिकारहरू बताउन |

### (ग) शैक्षणिक सामग्री

- उपभोक्ता अधिकार लखिएको चार्ट
- बजारबाट किनेर प्रयोग गरिएका विभिन्न वस्तुहरूको प्याकेट वा खोल

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

कक्षामा प्रवेश गरेपछि अनौपचारिक तरिकाले “हिजो एउटा मोबाइल फोन किनेको थिएँ, चार्ज गर्ने पोर्ट नै बिग्रेको परेछ । व्यापारीले फिर्ता गरेर अर्को माग्दा पनि मानेनन् । मलाई त ठुलो घाटा पर्‍यो नि के गर्ने होला” भनी सबैले सुन्ने गरी भन्नुहोस् र विद्यार्थीको प्रतिक्रिया एक एक गरी सुन्नुहोस् । तीमध्ये उपभोक्ता अधिकार सम्बन्धमा सचेत देखिएका विद्यार्थीमध्येबाट कुनै एक जनालाई उठाएर निम्नलिखित प्रश्नको जवाफ सबैले सुन्ने गरी भन्न लगाउनुहोस् :

प्रश्न

मैले मोबाइल किन्दा बिग्रेको मोबाइल परेर ठगिए जस्तै उपभोक्ताहरू अन्य कस्तो कस्तो अवस्थामा ठगिने, अन्यायमा पर्ने र असुरक्षित हुने सक्छन् ?


**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ खोजी र प्रस्तुति**

अगिल्लो क्रियाकलापअन्तर्गत सोधिएको प्रश्नमा विद्यार्थीले बताएका अवस्थाहरूलाई सम्वोधन गर्दै उपभोक्ताले आफूप्रति भएको ठगी, अन्याय, दुर्व्यवहार र उपभोग गरिएका वस्तुहरूहरूबाट भएको हानिका विरुद्ध क्षतिपूर्ति दाबी गर्ने कानुनी आधार उपभोक्ता अधिकार हो भन्ने अवधारणा उदाहरणसहित प्रस्ट पारिदिनुहोस् । त्यसपछि उपभोक्ता अधिकार सबैभन्दा पहिले कहाँबाट कसरी सुरु भयो भन्ने प्रश्नसहित् पाठ्यपुस्तकबाट यसको ऐतिहासिक पृष्ठभूमि खोजी गर्न लगाई एक दुई जनालाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ चार्ट प्रस्तुति**

नेपालमा उपभोक्ता अधिकार संरक्षणका लागि गरिएको कानुनी व्यवस्थालाई चार्टमा प्रस्तुत गरी विद्यार्थीलाई पालैपालो उठाई एक एकओटा पढेर सुनाउन साथै आफूले पढेको बुँदाको उदाहरण भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक परेको खण्डमा पृष्ठपोषण दिनुहोस् । यस्तै चार्ट बनाउने अभ्यास गराउनुहोस् ।




**क्रियाकलाप ३ अवलोकन, खोजी र छलफल**

. विद्यार्थीलाई बजारबाट किनेर आफ्नो परिवारमा उपभोग गरिएका वस्तुहरू औषधी, चियापत्ती, साबुन, हर्लिक्स, तेललगायतका वस्तुको प्याकेट (खोल), बट्टा आदि लिएर आउन भन्नुहोस् । त्यसपछि उपभोक्ताको सुसूचित हुने अधिकारको सुनिश्चितताका लागि ती वस्तुहरूमा आवश्यकतअनुसार तलका कुराहरू उल्लेख गरिएका छन् कि छैनन् एक एक गरी हेर्न लगाउनुहोस् । यसै क्रममा ती कुराहरू उत्पादित वस्तुहरू प्रत्येक एकाइमा उत्पादकले नै उल्लेख गर्नुपर्ने कानुनी प्रावधानबारे पनि जानकारी गराइदिनुहोस् ।

- मूल्य
- उत्पादनमा प्रयोग भएका तत्त्वहरू
- उत्पादन गरिएको मिति
- वस्तुको उपभोगबाट पर्न सक्ने असर
- उद्योगको नाम र ठेगाना
- तौल
- उपभोग गर्न सकिने अन्तिम मिति
- फुट्ने वा जल्ने वस्तु भएमा सोबारे जानकारी
- उपभोग गर्दा पर्न सक्ने असरबाट सुरक्षित हुने उपाय
- उद्योगको दर्ता नम्बर ब्याच नम्बर आदि

**क्रियाकलाप ४. छलफल**

माथिकै क्रियाकलापमा आधारित रही निम्न प्रश्नहरूमा छलफल गराउनुहोस्

प्रश्नहरू

- उत्पादित वस्तुमा उद्योगको नाम, ठेगाना, दर्ता नम्बर किन उल्लेख गर्नु परेको होला ?
- उत्पादन अनुसार माथिका कुराहरू उल्लेख नहुँदा उपभोक्तालाई के असर पर्छ ? छलफल गरी दुई चारओटा उदाहरण खोजी गर्नुहोस् ।

**क्रियाकलाप ५ . समूह छलफल**

तपाईंहरूमध्ये वस्तु तथा सेवा खरिद गरेपछि कस कसले बिल माग्नुहुन्छ ? त्यसपछि बिल लिँदा हुने फाइदाबारे समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**बिल लिँदा हुने फाइदाहरू**

- **सचेत र जिम्मेवार उपभोक्ताको परिचय कायम हुन्छ ।**
- **व्यापारीले राज्यलाई तिर्नुपर्ने कर छल्न पाउँदैनन् ।**
- **गैरकानुनी धन्दा र कारोबार नियन्त्रण गर्छ ।**
- **उपभोक्ता ठगिनबाट जोगिन्छन् ।**
- **बिललाई आवश्यक पर्दा प्रमाणको रूपमा पेस गर्न सकिन्छ ।**

**क्रियाकलाप ६ समूह छलफल र प्रस्तुति**

उपभोक्तालाई ऐन कानुनले व्यवस्था गरेका उपभोक्ताका अधिकारहरूबारे सचेत गराउने शिक्षालाई उपभोक्ता शिक्षा भनिन्छ भन्ने जानकारी गराउनुहोस् । त्यसपछि कक्षालाई दुई समूहमा विभाजित गरी एक समूहलाई उपभोक्ता शिक्षा अन्तर्गत के कस्ता सचेतना गर्नुपर्छ र कसरी गराउन सकिन्छ भन्ने विषयमा र अर्को समूहलाई उपभोक्ता शिक्षाको महत्त्वका बारेमा छलफल गरी छलफलको निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ भूमिका अभिनय**

उपभोक्ताले आफू ठगिएको, असुरक्षित भएको वा दुर्व्यवहारमा परेको खण्डमा सिधै नजिकको प्रहरी कार्यालयमा आफैँले उजुरी गरेर वा उपभोक्ता हकहितसँग सम्बन्धित संस्थामार्फत जिल्ला प्रशासन कार्यालय अथवा वाणिज्य विभागमा उजुरी दर्ता गराई कानुनी उपचार पाउन सक्ने प्रावधानबारे जानकारी गराइदिनुहोस् र ठगिएको वा दुर्व्यवहार भएको वा हानी नोक्सानी भएको अवस्थामा ती संस्थामा उजुरी गरेको सन्दर्भलाई भूमिका अभिनयमार्फत प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठमा दिइएका प्रश्नको साथै तलका जस्तै प्रश्न निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ।

१. उपभोक्ता अधिकार किन आवश्यक छ ?

२. तपाईँले उपभोग गर्नु भएका उपभोक्ता अधिकारको सूची बनाउनुहोस् ।

**(च) परियोजना कार्य**

दिइए जस्तै प्रश्नावली तयार गर्नुहोस् र प्राप्त जानकारी अध्ययन गरी उपभोक्ता अधिकार सम्बन्धमा समुदायका उपभोक्ता र व्यापारीहरू के कति सचेत छन् भन्ने निष्कर्ष निकाली कक्षामा प्रस्तुत गर्नुहोस् ।

प्रश्नावलीको नमुनाः (उपभोक्ताका लागि)

(क) तपाईंले बजारमा पैसा तिरेर वस्तु तथा सेवा लिँदा बिल माग्नु हुन्छ ?

(ख) प्याकेटमा राखिएका सामान किन्दा खाने कुराहरू किन्दा प्याकेटमा लेखिएका कुराहरू हेरेर किन्नुहुन्छ कि नहेरी ? हेर्ने भए के के कुरा हेर्नुहुन्छ ?

(ग) किनेका सामान बिग्रिएका, फुटेका रहेछन् भने के गर्नुहुन्छ ?

(घ) तपाईंले सामान रोज्नुहुन्छ कि व्यापारीले जुन दियो त्यही लिनुहुन्छ ?

(ङ) तपाईँले बिलमाग्दा कुनै व्यापारीले दिन मानेनन् भने के गर्नुहुन्छ ?

प्रश्नावलीको नमुना : (व्यापारीका लागि)

(क) तपाईँले उपभोक्तालाई अनिवार्य रूपमा बिल दिने गर्नुभएको छ ?

(ख) ग्राहकले किनेको सामान फिर्ता गर्न आएमा के गर्नुहुन्छ ?

(ग) तपाईँले पसलमा सामान राख्दा सामानको उत्पादन मिति र उपभोग गरिसक्नु पर्ने मिति हेर्नु हुन्छ ?

# एकाइ : छ हाम्रो पृथ्वी

**कार्यघण्टा : १८**

**१.एकाइ परिचय**

सामाजिक अध्ययनको यस एकाइमा विद्यार्थीलाई आफू बसोबास गरेको स्थान, देश वा विश्वको हावापानीमा प्रभाव पार्ने तŒवहरू, विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभावको जानकारी गराइएको छ । यसका साथै महादेशको भौगोलिक अवस्था र त्यहाँको सामाजिक र आर्थिक क्रियाकलापको समेत जानकारी दिने उद्देश्य यस एकाइले राखेको छ । नेपालमा समय समयमा विपत् निम्त्याउने भूकम्पको परिचय गराई यसबाट जोगिन जोखिम कम गर्ने उपायहरूको जानकारी गराउनुको साथै नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गराई र नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिको उपयोग गर्न सिकाउने लक्ष्य पनि यस एकाइको रहेको छ ।

यस्ता विषयवस्तुहरूको सहजीकरणका क्रममा पाठ्यक्रमले अपेक्षा गरेका सञ्चार सिप, सिर्जनात्मक चिन्तन, समालोचनात्मक चिन्तन, सहकार्यलगायतका व्यवहारकुशल सिपहरूको विकासमा सहयोगी हुने खालका छलफल र अन्तरक्रिया, परियोजना कार्य, खोज तथा अनुसन्धान, नाटकीकरण, घटना अध्ययन, सिमुलेसन, प्रयोगात्मक विधि र सामुदायिक कार्य, परियोजना कार्य जस्ता क्रियाकलाप अवलम्बन गर्नुपर्दछ ।

**२. विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण**

| पाठ | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्य घण्टा |
|---|---|---|---|---|
| १. | हावापानीमा प्रभाव पार्ने तŒवहरू | हावापानीमा प्रभाव पार्ने तŒवहरू र यसले हवापानीमा पार्ने प्रभाव बताउन | - नेपालको भौतिक तथा राजनीतिक नक्सा,<br>- विश्वको भौतिक तथा राजनीतिक नक्सा<br>- ग्लोब<br>- हावापानीलाई प्रभाव पार्ने तŒव लेखिएको चार्ट<br>- हावापानीलाई प्रभाव पार्ने तŒवहरू झल्काउने चित्र<br>- समुद्रिधारको नक्सा वा भिडियो<br>- पाठसँग सम्बन्धित भिडियो, फोटो<br>- टर्चलाइट आदि । | १ |
| २. | विश्वका हावापानीका प्रकारहरू | विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन | - ग्लोब<br>- विश्वको नक्सा<br>- तापमण्डल देखाउने चित्र<br>- विभिन्न ताप मण्डलको विशेषता झल्कने चित्र, फोटो, भिडियो | १ |

| | | | | |
|---|---|---|---|---|
| ३. | उष्ण मण्डल | उष्ण मण्डलीय हावापानीका प्रकार, अवस्थिति, अवस्था त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन | - उष्ण हावापानीको क्षेत्र देखाउने विश्वको नक्सा<br>- उष्ण मण्डल र त्यसअन्तर्गतका भूमध्य रेखीय क्षेत्र, उष्ण तृणभूमिको क्षेत्र, उष्ण मरुस्थलीय क्षेत्र र उष्ण मौसमी क्षेत्रको विशेषता झल्काउने चित्र, फोटो,<br>- सम्बन्धित भिडियो<br>- सम्बन्धित चार्ट | २ |
| ४. | समशीतोष्ण मण्डल | समशीतोष्ण मण्डलीय हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभाव बताउन | - समशीतोष्ण हावापानीको क्षेत्र देखाउने विश्वको नक्सा र चार्ट<br>- समशीतोष्ण मण्डलमा मुख्य छओटा हावापानीका क्षेत्रहरूको विशेषता झल्काउने चित्र, फोटो<br>- समशीतोष्ण मण्डलीय हावापानीसम्बन्धी भिडियो क्लिप आदि | २ |
| ५. | शीत प्रदेश | शीत मण्डलीय हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन | - विश्वको शीत मण्डल देखाउने नक्सा<br>- शीत मण्डलसँग सम्बन्धित चित्र, फोटो र चार्ट<br>- ग्लोब | २ |
| ६. | विश्वको हावापानी : धरातलीय विविधता र प्रभाव | हावापनी र धरातलीय विविधताबाट जनजीवनामा परेको प्रभावहरू बताउन | - विश्वको नक्सा<br>- विश्वका विभिन्न हावापानी र धरातलीय स्वरूप देखाउने चित्र र फोटो<br>- भूमध्ये रेखीय गर्मी क्षेत्रको भौगोलिक अवस्था र त्यसले मानव जनजीवनमा पारेको प्रभावसम्बन्धी चित्र, फोटो<br>- चिसो क्षेत्र र त्यसले मानव जीवनमा पारेको प्रभाव देखाउने चित्र, फोटो<br>- घाँसे भूमि र त्यसले मानव जीवनमा पारेको प्रभाव देखाउने चित्र, फोटो | १ |
| ७. | उत्तर अमेरिका महादेश | उत्तर अमेरिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न | - उत्तर अमेरिका महादेशको नक्सा र त्यहाँका मुख्य विशेषताहरू झल्कने चित्र वा फोटो<br>- विश्वको नक्सा/ग्लोब<br>- उत्तर अमेरिका महादेशको जनजीवन झल्कने चित्र तथा फोटोहरूसहितको स्लाइड | १ |
| ८. | दक्षिण अमेरिका महादेश | दक्षिण अमेरिका महादेशको भौगोलिक अवस्था, सामाजिक र | - दक्षिण अमेरिका महादेशको नक्सा र त्यहाँका मुख्य विशेषताहरू झल्कने चित्र वा फोटो<br>- विश्वको नक्सा | १ |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक क्रियाकलाप उल्लेख गन | - दक्षिण अमेरिका महादेशको नक्सा<br>- दक्षिण अमेरिका महादेशको आर्थिक क्रियाकलाप र जनजीवन झल्कने चित्र तथा फोटोहरू सहितको स्लाइड | |
| ९. | अफ्रिका महादेश | अफ्रिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न | - विश्वको नक्सा<br>- अफ्रिका महादेशको नक्सा र त्यहाँका मुख्य विशेषताहरू झल्कने चित्र वा फोटो<br>- अफ्रिका महादेशको नक्सा<br>- अफ्रिका महादेशको आर्थिक क्रियाकलाप र जनजीवन झल्कने चित्र तथा फोटोहरू सहितको स्लाइड | १ |
| १०. | प्राकृतिक प्रकोप भूकम्प | भूकम्पको परिचय दिन र यसबाट जोगिने उपायहरूको अभ्यास गर्न | - भूकम्पको भिडियो<br>- टेक्टोनिक प्लेटको चित्र<br>- भूकम्प मापन गर्ने तरिका सम्बन्धी फोटोसहितको स्लाइड<br>- भूकम्पले पुऱ्याउने क्षेति र त्यसबाट सुरक्षित हुने उपायकासम्बन्धी चित्र र चार्ट | १ |
| ११. | नक्सा कार्य | नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गर्न | - विभिन्न प्रकारका भौतिक र राजनीतिक नक्साहरू<br>- गुगल अर्थको चित्र र भिडियो<br>- ट्रेसिङ् पेपर, टेम्प्लेट<br>- कार्बन पेपर<br>- ग्राफ पेपर<br>- नक्सामा प्रयोग गरिने सङ्केतको चित्र<br>- नेपालको र महादेशहरूको रेखाङ्कित नक्सा आदि | ३ |
| १२. | नक्सा सम्बन्धी आधुनिक प्रविधि | नक्सा सम्बन्धी आधुनिक व्यावहारिक प्रविधिको उपयोग गर्न | - कुनै स्थान विशेषको नक्सा<br>- जिआइएस् नक्सा र त्यस सँग सम्बन्धित चित्र<br>- जिपिएस् उपकरणको चित्र र एनिमेटेड भिडियो<br>- गुगल अर्थको भिडियो | २ |

## पाठ : १ हावापानीमा प्रभाव पार्ने तŒवहरू

अनुमानित कार्यघण्टा : १

### (क) पाठ परिचय

कुनै स्थानको वर्षभरिको मौसमको औसत अवस्थालाई हावापानी भनिन्छ । पृथ्वीको सबै ठाउँमा एकैनासको हावापानी छैन । ठाउँअनुसार हावापानी फरक फरक पाईन्छ । कतै वर्षैभरि गर्मी र वर्षा हुन्छ भने कतै वर्षैभरि मध्यम खालको ताप र वर्षा हुन्छ त कतै वर्षैभरि ठण्डा र सुक्खा हुन्छ । विश्वको हावापानीमा प्रभाव पार्ने केही तŒवहरू रहेका हुन्छन् । साधारणतया ३० वर्षभन्दा बढी समयको हावापानीको विशेषतामा परिवर्तन आउँछ भने त्यस्तो अवस्थालाई जलवायु परिवर्तनका रूपमा लिने गरिन्छ । यो पाठ शिक्षण गर्दा शिक्षकले ग्लोब, नक्सा स्लाइड आदिको प्रयोगबाट विश्वको हावापानीमा प्रभाव पार्ने तŒवहरूका सम्बन्धमा अन्तरक्रिया, प्रश्नोत्तर, खोज तथा प्रदर्शन विधि आदिको प्रयोग गरी छलफल गराई आफूले निष्कर्ष प्रस्तुत गर्नुपर्दछ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - हावापानीमा प्रभाव पार्ने तŒवहरू, हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा पार्ने प्रभाव बताउन | - हावापानीको परिचय दिन<br>- हावापानीलाई प्रभाव पार्ने तŒवहरूको सूची तयार पार्न र कसरी प्रभाव पार्छ भनी उल्लेख गर्न<br>- आफू बसोबास गरेको क्षेत्रको हावापानीको अवस्थालाई प्रभाव पार्ने तŒवहरू बताउन |

### (ग) शैक्षणिक सामग्री

- विश्वको भौतिक नक्सा,
- ग्लोब
- हावापानीलाई प्रभाव पार्ने तŒव लेखिएको चार्ट
- हावापानीलाई प्रभाव पार्ने तŒवहरू झल्काउने चित्र
- समुद्रीधार जनाउने नक्सा
- पाठसँग सम्बन्धित भिडियो, फोटो, टर्चलाइट आदि ।

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ)सुरुआती क्रियाकलाप


नेपालको सबै स्थानको हावापानी एकै किसिमको छ ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीको उत्तरका आधारमा विभिन्न ठाउँको हावापानीमा भिन्नता देखिनुका कारणहरू सम्बन्धमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : चार्ट वा स्लाइड प्रस्तुति र छलफल**

विश्वमा सबै ठाउँमा फरक फरक हावापानी पाइनुमा विभिन्न तŒवहरूले प्रभाव पारिरहेका हुन्छन् भनी हावापानीलाई प्रभाव पार्ने तŒवहरूको सूची चार्ट वा स्लाइड प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

**विश्वको हावापानीमा प्रभावपार्ने तŒवहरू निम्नलिखित छन् :**




**क्रियाकलाप २ भिडियो प्रदर्शन र छलफल**

चित्र, विश्वको नक्सा वा एनिमेटेड भिडियो प्रदर्शन गर्दै सामुद्रिक दुरीको फरकले पृथ्वीको विभिन्न ठाउँको हावापानीमा कसरी प्रभाव पर्छ भनी नेपाल, चिन र भारतको उदाहरण दिएर प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ उदाहरण, चित्र, चार्ट मार्फत प्रस्तुति**

पहाडको उपस्थितिले हावापानीमा प्रभाव पार्ने कुरा नेपाल र चिनको सिमानामा हिमालय पर्वत शृङ्खला रहेको र जसले गर्दा तिब्बतको पठारबाट आउने चिसो सिरेटोलाई रोकेर नेपालमा अत्याधिक जाडो नहुने र हिन्द महासागरबाट बहने मौसमी वायुलाई हिमालले रोकेको कारण तिब्बतमा सुख्खा रहने सन्दर्भ विभिन्न उदाहरण र चित्रमार्फत स्पष्ट पारिदिनुहोस् । *(नेपालकै पोखरा र मनाङ/मुस्ताङको उदाहरण दिएर पनि बुझाउन सकिन्छ ।)*

**क्रियाकलाप ४ चित्र वा भिडियो प्रस्तुति**

समुद्रीधारको चित्र वा एनिमेटेड भिडियो प्रदर्शन गर्दै सामुद्रिक धारले समुद्री किनारको हावापानीमा प्रभाव पार्ने तथ्य उदाहरण दिएर प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ उदाहरण प्रस्तुति**

तातो वा आद्र वायु र चिसो वा शुष्क वायुले कुनै ठाउँको हावापानीमा कसरी प्रभाव पर्छ भनी स्थानीय उदाहरण दिएर वायुको स्वभावले पनि हावापानीमा प्रभाव पार्ने तथ्य बुझाउनुहोस् ।


## (ङ) मूल्याङ्कन /प्रतिबिम्बन

पाठमा दिइएका वा यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् ।


१. मौसम र हावापानीको परिचय दिनुहोस् ।
२. नेपालको हिमालमा हिउँ पर्नु र तराईमा गर्मी हुनुका कारणहरू खोजी गर्नुहोस् ।
३. विश्वको हावापानीलाई प्रभाव पार्ने तŒवहरूको सूची तयार पार्नुहोस् ।
४. अमेरिकाको पूर्वी किनारी भागमा न्यानो र पश्चिम किनारी भागमा चिसो हुनुका कारण के हो होला ?
५. नेपालको हावापानीमा प्रभाव पार्ने प्रमुख तीन तŒवहरू के के हुन् ?
६. समूहगत प्रस्तुतीकरण गर्दा विद्यार्थीले देखाएको सक्रियता, सहभागीता र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्यांकन गर्नुहोस् ।

## (च) सन्दर्भ सामग्री

हावापानीमा प्रभावपार्ने तŒव झल्कने चित्रहरू




पर्वतको उपस्थिति




समुद्री धार

».

## पाठ : २ विश्वका हावापानीका प्रकारहरू

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

विश्वमा फरक फरक स्थानमा फरक फरक प्रकारका हावापानी पाईन्छ। सूर्यबाट प्राप्त तापक्रमको आधारमा पृथ्वीलाई उष्ण मण्डल, समशीतोष्ण मण्डल र शीतमण्डल गरी तीनओटा तापमण्डलमा विभाजन गर्न सकिन्छ। उष्णमण्डलमा प्रायः वर्षैभरि सूर्यको किरण सिधा पर्ने भएकाले यहाँ वर्षैभरि तापक्रम उच्च रहन्छ र गर्मी हुन्छ। उष्ण मण्डलमा चार प्रकारका हावापानी पाईन्छ। समशीतोष्ण मण्डलमा सूर्यको किरण सामान्य छड्के पर्ने भएकाले यस क्षेत्रमा वर्षैभरि न्यानो अवस्था रहन्छ। यस मण्डलमा छ प्रकारका हावापानी पाइन्छ। त्यसैगरी शीतमण्डलमा वर्षैभरि सूर्यको किरण प्रायः छड्के पर्ने भएकाले यस मण्डलमा वर्षैभरि ठण्डा हुन्छ। शीतमण्डलमा दुई प्रकारका हावापानी पाइन्छ। यसरी विश्वमा १२ प्रकारका हावापानी पाइन्छ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - हावापानीमा प्रभाव पार्ने तŒवहरू, विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन | – तापमण्डलको परिचय दिन<br>– उष्ण मण्डलको परिचय दिन र विशेषता बताउन एवम् यस मण्डलमा पर्ने हावापानीका क्षेत्रहरू बताउन<br>– समशीतोष्ण मण्डलको परिचय दिन र विशेषता बताउन एवम् यस मण्डलमा पर्ने हावापानीका क्षेत्रहरू बताउन<br>– शीत मण्डलको परिचय दिन र विशेषता बताउन एवम् यस मण्डलमा पर्ने हावापानीका क्षेत्रहरू बताउन<br>– विश्वका हावापानीका क्षेत्रहरूमा नेपाल कुन ताप मण्डलमा पर्छ पहिचान गर्न |

### (ग) शैक्षणिक सामग्री

- ग्लोब
- विश्वको नक्सा
- तापमण्डल देखाउने चित्र
- विभिन्न ताप मण्डलको विशेषता झल्कने चित्र, फोटो, एनिमेटेड भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

हावापानीका तीनओटा प्रदेश वा तापमण्डल स्पष्ट देखिने चार्ट वा स्लाइड प्रदर्शन गर्नुहोस् र सोसँग सम्बन्धित रही उष्ण मण्डलमा गर्मी, समशीतोष्णमा न्यानो र शीत मण्डलमा चीसो हावापानी किन भएको होला भनी विद्यार्थीलाई आफ्नो विचार राख्न लगाउनुहोस्।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : नक्सा, चार्ट प्रदर्शन र छलफल**

विद्यार्थीलाई ग्लोब वा विश्वको नक्सा वा चार्टमा उष्ण मण्डल पहिचान गर्न लगाउनुहोस् । उष्ण मण्डलमा पाइने हावापानीका नाम यस मण्डलका विशेषता झल्कने चित्र, फोटो वा भिडियो प्रदर्शन गर्दै उष्ण मण्डलअन्तर्गत पर्ने हावापानीका क्षेत्रका विशेषता सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ : संवाद**

समशीतोष्ण मण्डलमा पाइने हावापानीका क्षेत्र र विशेषताहरू खोजी गर्न लगाई सोका आधारमा कक्षामा संवाद तयार गर्न लगाई संवाद गर्नुहोस् ।

**क्रियाकलाप ३ : नक्सा अध्ययन**

विद्यार्थीलाई ग्लोब वा शीत मण्डल देखिने विश्वको नक्सा वा चार्टमा शीतमण्डल पहिचान गर्न लगाउने र शीत मण्डलमा पाइने हावापानीका नाम, यस मण्डलका विशेषता झल्कने चित्र, फोटो वा भिडियो प्रदर्शन गर्दै यसका विशेषता सम्बन्धमा छलफल गराउनुहोस् ।

शीतमण्डलका विशेषता

- पृथ्वीको दुवै गोलार्धको ६० डिग्री देखि ९० डिग्री अक्षांस क्षेत्रमा पाइने
- वर्षैभरि सूर्यको किरण छड्के पर्ने हुँदा करिब १० महिना तापक्रम ० डिग्रीभन्दा तल रहने
- अत्याधिक जाडो हुने
- वर्षा अति कम हुने
- ग्रिन्नल्यान्ड, आइसल्याण्ड र अन्टार्कटिका जस्ता क्षेत्रहरू पर्ने
- चिसो र सुक्खा वायु वहने
- हावापानीका दुईओटा क्षेत्र पर्ने
- यो हावापानी पाइने ध्रुवीय क्षेत्रमा सामान्यतया ६ महिना दिन र ६ महिना रात हुने

**क्रियाकलाप ४ :** पाठमा दिइएको हावापानी चार्ट प्रदर्शन गरी छलफल गर्नुहोस् र यस्तै चार्ट तयार पारी कक्षा कोठामा टाँस्न लगाउनुहोस् ।

(ङ) **मूल्याङ्कन/प्रतिबिम्बन**

यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. तापमण्डल भनेको के हो ?

२. पृथ्वीलाई तापक्रमको फैलाबटका आधारमा कतिओटा तापमण्डलमा वर्गीकरण गरिएको छ ?

३. उष्ण मण्डलको परिचय हिनुहोस् ।

४. समशीतोष्ण क्षेत्रमा न धेरै गर्मी न धेरै जाडो अर्थात् ठिक्कको हावापानी

पाइनुका कारण के के हुन्, उल्लेख गर्नुहोस् ।

५. कुन ताप मण्डलमा ताप र वर्षा सबैभन्दा उच्च हुन्छ ?

**समूहगत प्रस्तुतीकरण गर्दा विद्यार्थीले देखाएको सक्रियता, सहभागीता र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् ।**

| क्र.स. | समूहको नाम | समूह छलफलमा सहभागीता/सक्रियता | प्रस्तुतीकरण शैली | तथ्य, प्रमाण, उदाहरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(च) परियोजना/प्रयोगात्मक कार्य**

तीनओटा ताप मण्डल स्पष्ट देखिने चार्ट निर्माण गरी ताप मण्डलको नाम पनि अंकित गर्नुहोस् र कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ३ उष्ण मण्डल

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

तापक्रमका आधारमा पृथ्वीलाई तीनओटा मण्डलमा विभाजन गर्न सकिन्छ । त्यसमध्ये उष्ण मण्डल एउटा हो । भूमध्येरेखादेखि ३० डिग्री उत्तर र ३० डिग्री दक्षिणबिचको क्षेत्रलाई उष्ण मण्डल भनिन्छ । यस क्षेत्रका प्राय वर्षैभरि सूर्यको प्रकाश सिधा पर्ने हुनाले तापक्रम बढी हुन्छ । तीनओटा तापमण्डलमध्ये बढी तापक्रम हुने हुनाले यस मण्डललाई उष्ण मण्डल भनीएको हो । यस मण्डलमा चारओटा हावापानीका क्षेत्र रहेका छन् । ती हुन् भूमध्येरेखीय हावापानी, उष्ण तृणभूमिको हावापानी, उष्ण मरुस्थलीय हावापानी र उष्ण मौसमी हावापानी ।

उष्ण मण्डलमा पाइने विभिन्न प्रकारका हावापानीको क्षेत्र, विशेषता र जनजीवनमा पारेको प्रभावसम्बन्धी ज्ञान, सिप र धारणा विकास हुने अपेक्षा गरिएको छ । यस पाठले हावापानी क्षेत्रको वनस्पति र जीवजन्तु एवम् हावापानीको विशेषताको जानकारी प्रदान गरी त्यस क्षेत्रको हावापानी वा धरातलीय विविधताबाट जनजीवनमा परेको प्रभाव उदारहरण सहित प्रस्तुत गर्ने उदेश्य रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| उष्ण मण्डलीय हावापानीका प्रकार, अवस्थिति, अवस्था त्यसले वनस्पति, जीवजन्तु र मानविय जनजीवनमा पार्ने प्रभाव बताउन | – उष्ण मण्डलको परिचय दिन<br>– उष्ण मण्डलमा पाइने हावापानीको सूची तयार पार्न<br>– भूमध्यरेखीय, उष्ण तृणभूमि, उष्ण मरुस्थलीय र उष्ण मौसमी हावापानीको क्षेत्रको अवस्थिति, हावापानीको अवस्था, वनस्पति र वन्यजन्तु, जनजीवन र आर्थिक क्रियाकलाप बताउन |

### (ग) शैक्षणीक सामग्री

- उष्ण हावापानीको क्षेत्र देखाउने विश्वको नक्सा
- उष्ण मण्डल र त्यसअन्तर्गतका भूमध्य रेखीय क्षेत्र, उष्ण तृणभूमिको क्षेत्र, उष्ण मरुस्थलीय क्षेत्र र उष्ण मौसमी क्षेत्रको विशेषता झल्काउने चित्र, फोटो
- उष्ण मण्डलका हावापानीका क्षेत्रसँगसम्बन्धित नक्सा, चित्र, भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

पाठसँग मेलखाने कथा, कविता, गीत प्रस्तुत गरी कक्षाको सुरुआत गर्नुहोस् ।

**नमुना कविता**

० देखि ३० डिग्री अक्षांशमा पाइन्छ

गर्मी धेरै हुने हुँदा पातला लुगा लाइनछ ।

उष्ण मण्डल वर्षैभरि गर्मी धेरै हुने

हावापानीका चार क्षेत्र सधैँ मनमा गुने ।

भूमध्यरेखीय हावापानीमा जङ्गल हुने घना

उष्ण तृणभूमि हो विश्वको चिडियाखाना ।

उष्ण मरुस्थलीयमा मरुभूमि धेरै

उष्ण मौसमी हावापानीको देश हो मेरै ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : नक्सा वा चार्ट प्रदर्शन र छलफल**

विद्यार्थीलाई विश्वको हावापानी झल्कने चार्ट, नक्सा वा पाठ्यपुस्तकको पृष्ठ १३२ को चार्ट प्रदर्शन गरी उष्ण मण्डलमा पर्ने हावापानीको क्षेत्र पहिचान गर्न लगाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र




**क्रियाकलाप २ : प्रदर्शन र छलफल**

भूमध्येरेखीय हावापानीको क्षेत्रको अवस्थिति, हावापानीको अवस्था, वनस्पति र जनजीवन तथा आर्थिक क्रियाकलाप सम्बन्धमा इन्टरनेट, स्रोत सामग्री र पाठ्यपुस्तक अध्ययन गर्न लगाई छलफल गराउनुहोस् । छलफलपश्चात् स्थानीय हावापानीको अवस्थासँग तुलना गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ : एक रहने अरू छरिने** (इलभ कतबथक, यतजभचक कतचबथ)

कक्षालाई चार समूहमा विभाजन गरी निम्नानुसार विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् ।

समूह १ : उष्ण तृणभूमिको हावापानी पाइने अवस्थिति

समूह २ : उष्ण तृणभूमिको हावापानीको अवस्था

समूह ३ : उष्ण तृणभूमिको हावापानी क्षेत्रमा पाइने वन्यजन्तु र वनस्पति

समूह ४ उष्ण तृणभूमिको हावापानी क्षेत्रको जनजीवन र आर्थिक क्रियाकलाप

समूहमा छलफल गरी सकेपश्चात् हरेक समूहमा समूह नेता छनोट गर्न लगाउनुहोस् । अब हरेक समूहका समूह नेता समूहमा वस्ने र वाँकी विद्यार्थी अरू समूहमा गएर समूह नेताबाट सिक्नु पर्ने कुरा बताइदिनुहोस् र

घडी घुम्ने दिशामा पालैपालो अरू समूहमा गई छलफल गर्दै सिक्न लगाउनुहोस् । शिक्षकले हरेक समूहमा गएर सहजीकरण गर्नुहोस् ।

जस्तै समूह १ का विद्यार्थी समूह २ मा गएर सिक्दै गर्दा समूह २ का ३ मा ३ को चार र ४ को समूह १ मा गएर सिक्नुपर्ने हुँदा सोहीअनुसार गर्न लगाउनुहोस् । हरेक समूहमा छलफल गर्न समय तोकिदिनुहोस् । पालैपालो सबै समूहमा गएर सिके पछि आफ्नै समूहमा फिर्ता जान भन्नुहोस् । अब सबै मिलेर आआफ्नो समूह नेतालाई आफूले सिकेका कुरा पालैपालो भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ४: तालिका निर्माण र प्रस्तुति**

कक्षालाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई उष्ण मरुस्थलीय हावापानी र अर्को समूहलाई उष्ण मौसमी हावापानीसँग सम्बन्धित रही तलको तालिका भर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| हावापानीको प्रदेश | भौगोलिक अवस्थिति | हावापानीका विशेषता | वनस्पतिका विशेषता | जनजीवन र आर्थिक गतिविधि |
|---|---|---|---|---|
| समूह १ उष्ण मरुस्थलीय हावापानी | | | | |
| समूह २ उष्ण मौसमी हावापानी | | | | |

**क्रियाकलाप ५ : अब मेरो पालो** ( एभलक ष्ल तजभ ञ्ष्ममभि )

- विद्यार्थीलाई गोलो घेरा बनाई समूहमा बस्न लगाउनुहोस् । यो क्रियाकलाप अगाडि पछाडिका दुई दुईओटा बेन्चका विद्यार्थीबिच पनि गराउन सकिन्छ ।
- सबै विद्यार्थीलाई आफ्नो कलम टेबुल वा आफ्नो अगाडि एकै ठाउँमा राख्न लगाउनुहोस् । अब अगि छलफल गरिएका विषयवस्तुमा आधारित भई कुनै एक प्रश्न सोध्नुहोस् । जस्तै उष्णमण्डलमा पर्ने कुनै एक हावापानीको क्षेत्र भन्नुहोस् ।
- प्रश्न सोध्दा सम्भावित उत्तर हुने खालका प्रश्न सोध्नुहोस् । अब हरेक समूह वा बेन्चमा रहेका विद्यार्थीलाई पालैपालो उत्तर दिन लगाउनुहोस् । सही उत्तर दिनेलाई आफ्नो कलम फिर्ता लिन लगाउनुहोस् । उत्तर नमिलाउनेलाई पनि सही उत्तरका लागि सहयोग गरी कलम फिर्ता लाने वातावरण बनाउन लगाउनुहोस् । १/२ जनालाई के भनेर कलम फिर्ता लानुभयो भनी सोध्नुहोस् ।
- अब फरक प्रश्न सोध्नुहोस् । जस्तै उष्ण मौसमी हावापानीको कुनै एक विशेषता भन्नुहोस् । अगिकै प्रक्रिया ४/५ चोटीसम्म दोहोऱ्याउनुहोस् । शिक्षकले बिच बिचमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

अभ्यासमा दिइएका र यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. उष्ण मण्डलको परिचय दिनुहोस् ।

२. भूमध्यरेखीय क्षेत्रमा किन वर्षैभरि गर्मी र वर्षा  हुन्छ ?

३. उष्ण तृणभूमिका मानिसको कमजोर आर्थिक अवस्थालाई कसरी सुधार गर्न सकिन्छ ?

४. विश्वको नक्सामा भूमध्यरेखीय हावापानीका क्षेत्रहरू सङ्केत गर्नुहोस् ।

५. उष्ण मौसमी हावापानीको क्षेत्र 'मानव स्वास्थ्य र कृषिकार्यका लागि उपयुक्त छ ।' भन्ने तथ्यलाई उदाहरणसहित स्पष्ट गर्नुहोस् ।

६. मरुस्थलीय क्षेत्रमा काँडेदार विरुवा, खस्रा र चिप्ला पातयुक्त क्याक्टस जातका वनस्पति मात्र पाइनुका कारण के के होलान ?

७. दिइएको तालिका पूरा गर्नुहोस् :


| **क्र.स.** | **हावापानीको नाम** | **हावापानीको  विशेषताहरू** |
|---|---|---|
| १. | **भूमध्य रेखिय हावापानी** | |
| २. | **उष्ण तृणभूमि हावापानी** | |
| ३. | **उष्ण मरुस्थलीय हावापानी** | |
| ४. | **उष्ण मौसमी हावापानी** | |

**(च) थप स्रोत सन्दर्भ सामग्री**

विभिन्न हावापानीको अवस्था झल्कने नक्सा

**उष्ण तृणभूमिको हावापानीको क्षेत्र**






**उष्ण मरुस्थलीय हावापानीको क्षेत्र**

पाठ्यक्रम विकास केन्द्र

### उष्ण मौसमी हावापानीको क्षेत्र




पाठ्यक्रम विकास केन्द्र

## पाठ : ४ समशीतोष्ण मण्डल

**अनुमानित कार्य घण्टा : २**

### (क) पाठ परिचय

उत्तर र दक्षिण दुवै गोलार्धको ३० डिग्रीदेखि ६० डिग्री अक्षांशका बिचको भागलाई समशीतोष्ण मण्डल भनिन्छ । समशीतोष्ण मण्डलमा सूर्यको किरण उष्ण मण्डलमा झैं सिधा नपरी अलि छड्के पर्ने हुँदा प्राय वर्षैभर न्यानो हुन्छ । मानव वसोवासका हिसाबले विश्वमा नै अनुकुल हावापानीको क्षेत्र भएकाले यहाँ मानव बसोबास सघन रहेको छ । त्यसैगरी विश्वका विकसित क्षेत्रहरू जस्तैः उत्तर अमेरिकाको मध्य भाग, एसियाको मध्य भाग, युरोप यसै मण्डलमा रहेका छन् । यस ताप मण्डलमा भूमध्य सागरीय हावापानी, समशीतोष्ण मरुस्थलीय हावापानी, समशीतोष्ण मौसमी हावापानी, समशीतोष्ण सामूद्रिक हावापानी, समशीतोष्ण तृणभूमिको हावापानी र सेन्ट लरेन्स वा मन्चुरियाको हावापानी गरी ६ ओटा हावापानीका क्षेत्रहरू रहेका छन् ।

यस पाठमा यी सबै प्रकारका हावापानीको क्षेत्र, विशेषता, वनस्पति, जीवजन्तु र त्यहाँको जनजीवन सम्बन्धमा स्पष्ट पार्ने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - समशीतोष्ण मण्डलीय हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानव जनजीवनमा पार्ने प्रभाव बताउन | – समशीतोष्ण मण्डलको परिचय दिन र विश्वको नक्सामा समशीतोष्ण मण्डलीय क्षेत्र देखाउन<br>– समशीतोष्ण मण्डलमा पाईने हावापानीका नामको सूची तयार पार्न<br>– समशीतोष्ण मण्डलीय हावापानीका प्रकार, अवस्थिति, विशेषता, वनस्पति, जीवजन्तु र मानव जनजीवनमा परेको प्रभावहरू बताउन |

### (ग) शैक्षणिक सामग्री

- समशीतोष्ण हावापानीको क्षेत्र देखाउने विश्वको नक्सा र चार्ट
- समशीतोष्ण मण्डलमा मुख्य छओटा हावापानीका क्षेत्रहरूको विशेषता झल्काउने चित्र, फोटो
- समशीतोष्ण मण्डलीय हावापानीसम्बन्धी भिडियो क्लिप आदि

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

**(अ) सुरुआती क्रियाकलाप**

केही विद्यार्थीलाई आफू बसोबास गरेको स्थानको हावापानीको अवस्थाको जानकारी कक्षामा भन्न लगाउनुहोस् । उनीहरूको विचारलाई जोड्दै  समशीतोष्ण मण्डलको सम्बन्धमा  भिडियो, चार्ट, नक्सा वा स्लाइड प्रदर्शन गरी निम्नलिखित प्रश्नमा आधारित भई विद्यार्थीहरूलाई छलफल गराउनुहोस् ।

१. समशीतोष्ण मण्डल भन्नाले पृथ्वीको कुन क्षेत्रलाई बुझाउँछ ?

२. समशीतोष्ण मण्डलमा कति प्रकारका हावापानी पाइन्छन् ?

३. समशीतोष्ण मण्डलमा जनआवादी घना हुनुका कारण के के होलान् ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : समूह छलफल र प्रस्तुति**

समशीतोष्ण मण्डलमा मुख्य छओटा हावापानीका क्षेत्रहरू रहेका छन् भनी ६ प्रकारको हावपानीको नाम लेखिएको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । तीनओटा हावापानीका बारेमा छलफल चलाउनुहोस् ।  विद्याथीलाई तीन समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई यहाँ दिइएअनुसार दुई दुईओटा हावापानीको क्षेत्रको भौगोलिक अवस्थिति, हावापानीका विशेषता, वनस्पतिका विशेषता, जनजीवन र आर्थिक गतिविधिको टिपोट गर्न लगाउनुहोस् ।

| **हावापानीको क्षेत्र** | **भौगोलिक अवस्थिति** | **हावापानीका विशेषता** | **वनस्पतिका विशेषता** | **जनजीवन र आर्थिक गतिविधि** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**क्रियाकलाप २ भिडियो वा चार्ट प्रदर्शन र छलफल**

भूमध्यसागरीय हावापानीको क्षेत्रको अवस्थिति, हावापानीको अवस्था, वनस्पति र जनजीवन तथा आर्थिक क्रियाकलाप सम्बन्धमा चित्र, फोटो, भिडियो, चार्ट प्रदर्शन गर्दै छलफल चलाउनुहोस् ।



**क्रियाकलाप ३ तालिका भरौँ**

हावापानीसँग सम्बन्धित विशेषता पहिचान गरी तलको तालिका पूरा गर्न लगाउनुहोस् ।

सुन्तला, अङ्गुर, कागती जस्ता फलफूल उत्पादन हुने, कोणधारी वनस्पति पाइने, बढी मात्रामा पशुपालन गरिने, ३० डिग्री देखि ४५ डिग्री अक्षांशबिचमा पाइने, प्रेरिज, पम्पास जस्ता घाँसे मैदान पाइने, वर्षैभर वर्षा हुने, खस्रा घाँसका वनस्पति पाइने, महादीपको पूर्वी किनारामा चिसो पानीको धार वहने, अन्न बढी उत्पादन हुने, चक्रवाती वर्षा हुने, हिउँदमा वर्षा हुने, दुग्धपेटिका रूपमा चिनिने

| भूमध्य सागरिय हावापानी | समशीतोष्ण मरुस्थली हावापानी | समशीतोष्ण मौसमी हावापानी | समशीतोष्ण सामुद्रिक | समशीतोष्ण तृणभूमिको हावापानी | सेन्ट लरेन्स र मन्चुरियाको हावापानी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**क्रियाकलाप ४ : समूह छलफल र प्रस्तुति**

भूमध्यसागरीय क्षेत्रमा फलफूल उत्पादन गरेर प्रशस्त आम्दानी गरे जस्तै नेपालमा पनि फलफूल उत्पादन हुने स्थान रहेका छन् र त्यहाँको जस्तै व्यावसायिक फलफूल खेती गरी आयआर्जन गर्न नेपालमा के गर्नुपर्छ ? सामूहिक छलफलबाट कक्षामा निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ५ तातो आलु खेल**

पाठका विषयवस्तुको आधारमा प्रश्न निर्माण गरी विद्यार्थीलाई तातो आलु खेल खेलाउनुहोस् ।

नमुना प्रश्नहरू

(क) समशीतोष्ण तृणभूमिको क्षेत्रमा पाइने घाँसे मैदानको नाम भन्नुहोस् ।

(ख) समशीतोष्ण मौसमी क्षेत्रमा कुन कुन कृषि कार्य गर्न उपयुक्त हुन्छ ?

(ग) भूमध्य सागरीय हावापानीको क्षेत्रमा फलफुल खेती हुनको कारण के हो ?

(घ) भूमध्यसागरीय हावापानीको क्षेत्रलाई विश्वको बगैँचा किन भनीएको हो ?

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

तलका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :


१. भूमध्यसागरीय क्षेत्रमा हिउँदमा वर्षा हुनाको कारण के होला ?

२. समशीतोष्ण मरुस्थलीय हावापानीको क्षेत्रमा मानिसको वस्ती अत्यन्त कम छ किन ?

३. समशीतोष्ण मौसमी क्षेत्रको हावापानीको कुनै दुई विशेषता उल्लेख गर्नुहोस् ।

४.समशीतोष्ण सामुद्रिक हावापानीको क्षेत्रमा वर्षैभरि पानी परिरहनुको कारण के हो ?

५.समशीतोष्ण तृणभूमिको हावापानीको क्षेत्रमा रहेका घाँसेभूमि विश्वको नक्सामा देखाउनुहोस् ।




६. विश्वको खाली नक्सामा समशीतोष्ण हावापानीका क्षेत्रहरू औंल्याउनुहोस् ।

## पाठ : ५ शीत प्रदेश

**अनुमानित कार्य घण्टा : २**

### (क) पाठ परिचय

दुवै गोलार्धको ६० देखि ९० डिग्री अक्षांशको क्षेत्रलाई शीतमण्डल हावापानीको क्षेत्र भनिन्छ । यस क्षेत्रमा सूर्यको किरण वर्षैभरि अति छड्के पर्छ । फलस्वरुप यस क्षेत्रमा वर्षैभरि ठण्डा हुन्छ । यहाँ दिन र रातको लम्बाइमा निकै फरक हुनुको साथै ९० डिग्री अक्षांशको वरिपरि छ महिनाको दिन र छ महिनाको रात हुन्छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थी शीत मण्डलमा पाइने हावापानीका क्षेत्र, विशेषता, वनस्पति, जीवजन्तु तथा मानव जनजीवनमा पार्ने प्रभाव बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| - शीत मण्डलीय हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानव जनजीवनमा पार्ने प्रभाव बताउन | – विश्वको नक्सामा शीतमण्डलको क्षेत्र पहिचान गर्न<br>– शीतमण्डलमा पाइने हावापानीको सूची बनाउन<br>– शीतमण्डलमा पाइने हावापानीका क्षेत्र, विशेषता, वनस्पति, जीवजन्तु तथा मानव जनजीवनमा पार्ने प्रभाव बताउन |

### (ग) शैक्षणिक सामग्री

- विश्वको शीतमण्डल देखाउने नक्सा
- शीतमण्डलसँग सम्बन्धित चित्र, फोटो र चार्ट
- ग्लोब

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईँमध्ये को को मुक्तिनाथ, मुस्ताङ वा अन्य हिमाली क्षेत्रको भ्रमणमा जानुभएको छ भनी प्रश्न गर्नुहोस् । यदि कोही गएको भए अनुभव प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूको अनुभव सिकाइ पाटीमा टिप्दै जानुहोस् । उनीहरूको अनुभवलाई जोड्दै शीतमण्डलका अवधारणा प्रस्तुत गर्नुहोस् ।


#### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : भिडियो प्रस्तुति र छलफल**

शीतमण्डलसम्बन्धी इन्टरनेटबाट छोटो भिडियो खोजी गरी विद्यार्थीलाई देखाउनुहोस् । त्यसपछि विद्यार्थीलाई तपाइँहरूले भिडियोबाट के के जानकारी पाउनुभयो भनी प्रश्न गर्नुहोस् र आएका उत्तरलाई बोर्डमा टिपोट गर्दै जानुहोस् ।

**क्रियाकलाप २ : नक्सा वा स्लाइड प्रदर्शन र छलफल**

नक्सा वा चार्टका माध्यमबाट विद्यार्थीलाई दुवै गोलार्धको ६० डिग्री देखि ९० डिग्री अक्षांशका बिचको भागलाई शीतमण्डल भनिन्छ भनेर परिचय दिनुहोस् । साथै शीतमण्डलमा ठण्डा समशीतोष्ण समुद्री हावापानी र टुण्ड्रा हावापानी गरी मुख्य दुईओटा हावापानीका क्षेत्रहरू रहेका छन् भनी विश्वको नक्सा र स्लाइड प्रदर्शन गर्दै देखाउनुहोस् । विद्यार्थीका कुनै जिज्ञासा भए सहजीकरण गर्दै जानुहोस् ।





**क्रियाकलाप ३ : तालिका निर्माण**

शीत प्रदेशमा मुख्य दुईओटा हावापानीका क्षेत्रहरू रहेका छन् भनी २ प्रकारको हावापानीको नाम लेखिएको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस र एउटा समूहलाई ठण्डा समशीतोष्ण समुद्री हावापानी र अर्को समूहलाई टुन्ड्रा प्रदेशिय हावापानी वा ध्रुविय हावापानीको अवस्थिति, हावापानीका विशेषता, वनस्पतिका विशेषता, जनजीवन र आर्थिक गतिविधि जस्ता एक पक्षका बारेमा टिपोट गर्न जिम्मेवारी दिनुहोस् ।

| हावापानीको क्षेत्र | भौगोलिक अवस्थिति | हावापानीका विशेषता | वनस्पतिका विशेषता | जनजीवन आर्थिक गतिविधि |
|---|---|---|---|---|
| | | | | |

**क्रियाकलाप ४ : यात्रा विवरण**

पाठमा दिइएको यात्रा विवरण अध्ययन गर्न लगाई कुन कुन ठाउँमा कस्तो खालको हावापानीको अवस्था देखाइएको छ, टिपोट गर्न लगाउनुहोस् र कक्षामा सुनाउन लगाउनुहोस् । विद्यार्थीलाई कुनै ठाउँमा यात्रा गर्दा आफूले देखेका र महसुस गरेका हावापानी, मौसम,त्यहाँ पाइने वनस्पति र वन्यजन्तु र मानिससँग जोडेर यात्रा विवरण तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : समूह कार्य**

नेपालको हिमाली क्षेत्रमा ध्रुवीय क्षेत्रमा जस्तै टुण्ड्रा हावपानी पाईन्छ तर जनजीबन भने फरक छ, चार समूहमा विभाजन भई कारण खोजी गर्नुहोस् र प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ६ : सिर्जनात्मक सोच र तालिका निर्माण**

तपाइँ अपर मुस्ताङको यात्रामा निस्कदै हुनुहुन्छ भने तपाइँले के कस्ता सामग्री लिएर जानुहुन्छ र तपाइँलाई ती सामग्री किन आवश्यक लाग्यो, लेख्नुहोस् ।

| **क्र.सं.** | **आवश्यक सामग्रीको नाम** | **सामग्री आवश्यक पर्नाका कारण** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

**क्रियाकलाप ७ : बुलेटिन बोर्ड निर्माण**

शीत प्रदेशसँग सम्बन्धित जनजीवन, वनस्पति, जीवजन्तु, वासस्थान आदिको चित्र, फोटो, समाचारको कटिङ सङ्कलन गरी बुलेटिन बोर्ड तयार पार्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

पाठको अभ्यासमा वा यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्: :

१. शीत प्रदेशको परिचय दिनुहोस् ।

२. टाइगाको परिचय दिनुहोस् र टाइगाको कुनै पाँचओटा महŒव उल्लेख गर्नुहोस् ।

३. इग्लु भनेको के हो ? टुन्ड्रा हावापानीको क्षेत्रमा बस्ने आदिवासीहरूले काठ र ढुङ्गामाटोबाट घर नबनाइ किन हिउँको ढिक्काबाट घर बनाएका होलान् ? कारण दिनुहोस् ।

४. के कारणले ध्रुवीय क्षेत्रमा छ महिनाको दिन र छ महिनाको रात हुन्छ, पुष्टि गर्नुहोस् ।

## पाठ : ६ विश्वको हावापानी : धरातलीय विविधता र प्रभाव

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

विश्वको हावापानी र धरातलीय विविधताबाट वनस्पति, जीवजन्तु र मानवीय जनजीवनमा अनेकौं प्रभाव परेको देख्न सकिन्छ । उहाहरणका लागि नेपालमा उष्ण मौसमी हावापानी पाइने भए तापनि हिमाल, पहाड र तराइको वनस्पति, जीवजन्तु र मानवीय क्रियाकलापमा विविधता पाउन सकिन्छ ।

यस पाठमा भूमध्यरेखीय, समशीतोष्ण र मौसमी क्षेत्रको हावापानी र धरातलीय विविधताबाट जनजीवनामा परेको प्रभावसम्बन्धी विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थी विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानव जीवनमा पार्ने प्रभाव बताउन सक्षम हुने अपेक्षा गरिएको छ । यस पाठको सिकाइ सहाजीकरणका लागि विद्यार्थी केन्द्रित र रचनात्मक विधि क्रियाकलापहरूको प्रयोग गर्नुपर्छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हावापानी र धरातलीय विविधताबाट जनजीवनमा परेको प्रभावहरू बताउन | – विश्वमा हावापानीका प्रकार र त्यसले वनस्पति, जीवजन्तु र मानव जीवनमा पार्ने प्रभाव बताउन |

### (ग) शैक्षणिक सामग्री

- विश्वको नक्सा
- विश्वका विभिन्न हावापानी र धरातलीय स्वरूप देखाउने चित्र र फोटो
- भूमध्यरेखीय क्षेत्रको भौगोलिक अवस्था र त्यसले जनजीवनमा पारेको प्रभावसम्बन्धी चित्र, फोटो
- चिसो क्षेत्र र त्यसले मानव मानव जीवनमा पारेको प्रभाव देखाउने चित्र, फोटो , भिडियो
- घाँसे भूमि र त्यसले जीवनमा पारेको प्रभाव देखाउने चित्र, फोटो, भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

शिक्षकले कक्षाकोठामा प्रवेश गर्ने वित्तिकै कुनै जाडो वा गर्मी स्थानको हाउभाउ समेत देखाएर एक दुई मिनेट अभिनय गर्नुहोस् । विद्यार्थीलाई प्रश्न गर्नुहोस्, भन्नुहोस त मेरो अभिनयबाट तपाईंहरूले मेरो घर कुन भौगोलिक प्रदेशमा पर्ने अनुमान गर्नुभयो ? तपाईँहरूले यो सबै कुरा के आधारमा बताउनु भयो ? दुईचार जनाको उत्तर सुनिसकेपछि हावापानी र धरातलीय स्वरूपले जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ भनेर जानकारी गराउनुहोस् र विद्यार्थीका अनुभवहरू पनि लिनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र प्रश्नोत्तर**

विश्वमा सबै ठाउँमा फरक फरक जनजीवन पाइनुमा हावापानी र धरातलीय विविधताले प्रभाव पारिरहेका हुन्छन् भनी विविध जनजीवनसम्बन्धी छोटो भिडियो, फोटो वा स्लाइड प्रदर्शन गर्दै निम्नानुसार प्रश्न गर्नुहोस् ।

(क) चित्र वा फोटो वा भिडियो केसँग सम्बन्धित छ ?

(ख) चित्रमा दिइएको सन्दर्भ र तपाईं बस्ने क्षेत्रको हावापानी र जनजीवनमा के समानता वा भिन्नता पाउनुभयो ?

**क्रियाकलाप २ : समूह छलफल**

त्यसपछि समूह समूहमा पाठ अध्ययन गर्न लगाउनुहोस् पाठमा ब्राजिल, जर्मन र क्यानाडाबाट आएको प्रतिनिधिले आआफ्नो देशको अवस्था कसरी चित्रण गरे ? किन उनीहरूको देशको जनजविन भिन्नाभिन्नै देखियो कारण खोजी गर्न  लगाउनुहोस् । र पालैपालो भन्न प्रोत्साहित गर्नुहोस् । र अन्तिममा शिक्षकले निम्नानुसारको निष्कर्ष प्रस्तुत गरिदिनुहोस् ।

कुनै पनि ठाउँमा जनजीवन त्यहाँ पाइने हावापानी र धरातलिय स्वरूपमा आधारित हुन्छ । मानिसले हावापानी अनुकूल हुने गरी लवाइखवाइ, रहनसहन, पेसा अवलम्बन गर्ने गर्दछ । पाठमा उल्लिखित पात्रहरू फरक फरक हावापानी क्षेत्रबाट प्रतिनिधित्व गर्ने हुँदा उनीहरूले फरक फरक जीवनशैली, हावापानीको अवस्था, वन्यजन्तु र वनस्पतिको चर्चा गरेका हुन् ।

**क्रियाकलाप ३ : भूमिका अभिनय**

भूमध्यरेखीय, समशीतोष्ण र मौसमी क्षेत्रको हावापानी र धरातलीय विविधताबाट जनजीवनमा परेको प्रभावहरूका सम्बन्धमा विद्यार्थीलाई तीन समूहमा विभाजन गरी हरेक समूहबाट पाठमा उल्लिखित पात्र वनी भूमिका अभिनय गर्न लगाउनुहोस् । सबै प्रस्तुतिलाई प्रशंसा गर्दै धन्यवाद दिनुहोस् ।

**क्रियाकलाप ४ : समूह छलफल**

कक्षालाई चार समूहमा विभाजन गरी हरेक समूहलाई चिसो क्षेत्र, उष्ण मरुभूमि क्षेत्र, समशीतोष्ण तृणभूमिको क्षेत्र, भूमध्य सागरीय क्षेत्रमध्ये कुनै एक पर्ने गरी सो क्षेत्रको भौगोलिक अवस्था र त्यसले मानव जनजीवनमा पारेको प्रभावका सम्बन्धमा चित्र, फोटो प्रदर्शन सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५: घुलमिल, स्थिर र जोडी** (:ष्ह(ँचभभशभ( एबष्च)

यस विधिबाट विद्यार्थीको सिकाइको अवस्थाको प्रतिबिम्बन गराउन सकिन्छ । यसको लागि विद्यार्थीलाई कक्षाकोठाको खुला ठाउँ वा विद्यालयको मैदानमा लैजानुहोस् । उनीहरूलाई कुनै गीत वा मादलको तालमा स्वतन्त्र रूपमा नाच्न लगाउनुहोस् । गीत वा मादल बज्न रोकिएपछि आफू जहाँ छ त्यही उभिन भन्नुहोस् र आफू नजिक रहेको साथीसँग जोडी बन्न लगाउनुहोस् । उनीहरूलाई एक मिनेट समय दिएर सो समयमा आफूलाई जानेको कुरा साथीलाई पालैपालो भन्न लगाउनुहोस् । छलफलका लागि विषयवस्तु भन्नुहोस्, जस्तैः

- भुमध्ये रेखिय हावापानीको क्षेत्रमा पाइने वन्यजन्तु र वनस्पतिको नाम भन्नुहोस् ?

- छलफलपश्चात् के के कुराको छलफल भयो केही जोडीलाई सोध्नुहोस् ।
  यसै गरी फेरि गीत वा मादल वजाउन लगाउनुहोस् । रोकिँदा बन्ने नयाँ जोडीलाई छलफल गर्न अर्को विषयवस्तु दिनुहोस् जस्तैः भूमध्य सागरिय हावापानीका विशेषता उल्लेख गर्नुहोस्

**(ङ) मूल्याङ्कन**

**तलका जस्तै प्रश्नहरू सोधी मूल्याङ्कन गर्नुहोस् ।**

**नमुना प्रश्नहरू**

१. विश्वको सबै स्थानमा एकै किसिमको जनजीवन नहुनुका कारण खोजी गर्नुहोस् ।

२. नेपालको पाँच हजार मिटरभन्दा माथिको उचाइमा मानिस मात्र होइन बोटबिरुवा पनि पाइँदैनन्, किन होला ?

३. अमेजन र कङ्गो बेसीमा मानव बस्ती कम हुनुको कारण उल्लेख गर्नुहोस् ।

**(च) परियोजना कार्य**

तपाइँ बसोबास गर्ने क्षेत्रको हावापानीको अवस्था र धरातलीय स्वरूपले पारेको प्रभाव पहिचान गरी तालिकामा भर्नुहोस् ।

| धरातलीय स्वरूप र हावापानी | वनस्पति | जीवजन्तु | जनजीवनमा परेको प्रभाव |
|---|---|---|---|
| | | | |

## पाठ : ७ उत्तर अमेरिका महादेश

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

उत्तर अमेरिका क्षेत्रफको हिसाबले विश्वको तेस्रो ठुलो महादेश हो । यसको क्षेत्रफल करिब २,४७,०९,००० वर्ग कि.मि. रहेको छ । यसले विश्वको १६.९ प्रतिशत भूभाग ओगटेको छ । यो महादेशको उत्तर दक्षिण सरदर लम्बाइ ७२०० कि.मि. र पूर्व पश्चिम चौडाइ लगभग ४८०० कि.मि. रहेको छ ।

यस पाठमा उत्तर अमेरिकाको भौगोलिक अवस्था, सामाजिक र आर्थिक जनजीवन सम्बन्धमा चर्चा गरिएको छ । साथै यो पाठ सिकाइ सहजीकरण गर्न आवश्यक शैक्षणिक सामग्री र उपयुक्त हुने सहजीकरण विधि पनि प्रस्तुत गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थी उत्तर अमेरिका महादेशको भौगोलिक अवस्था,

सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न तथा उत्तर अमेरिका र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनबिच तुलना गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| - उत्तर अमेरिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न | – उत्तर अमेरिका महादेशको भौगोलिक अवस्था बताउन<br>– उत्तर अमेरिकाको सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न<br>– उत्तर अमेरिका र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनबिच तुलना गर्न |

**(ग) शैक्षणिक सामग्री**

- उत्तर अमेरिका महादेशको नक्सा र त्यहाँका मुख्य विशेषता झल्कने चित्र वा फोटो
- विश्वको नक्सा/ग्लोब
- उत्तर अमेरिका महादेशको जनजीवन झल्कने चित्र तथा फोटोसहितको स्लाइड, भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

सर्वप्रथम विश्वको नक्सा प्रदर्शन गर्दै उत्तरअमेरिका महादेशका सम्बन्धमा निम्नलिखित प्रश्न सोध्दै पूर्वज्ञानको पुनरवलोकन गर्नुहोस् :

– उत्तर अमेरिका महादेश कुन गोलार्धमा पर्छ ?
– उत्तर अमेरिका महादेशमा पर्ने कुनै एक देशको नाम भन्न सक्नुहुन्छ ?
– उत्तर अमेरिका एसिया महादेशभन्दा सानो वा ठुलो के छ ?





(आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : नक्सा अध्ययन**

विश्वको नक्सा वा ग्लोबमा विद्यार्थीलाई उत्तर अमेरिका महादेश पत्ता लगाउन भन्नुहोस् । विद्यार्थीले उत्तर अमेरिका पत्ता लगाइसकेपछि उनीहरूलाई यसको बारेमा के के जानकारी छ पालैपालो भन्न लगाउनुहोस् र बोर्डमा टिप्दै जानुहोस् ।

उत्तर अमेरिका महादेशको नक्सा वा एटलसको सहायताले समूह समूहमा रही विभिन्न भौगोलिक प्रदेशहरू जस्तै महादेशको सिमाना, रकी पर्वत, मरुभूमि क्षेत्र, प्रेरिज घाँसे मैदान, ग्रेट तालको क्षेत्र, अपलेचियन पर्वत, क्यानाडाको जङ्गल, पूर्वी किनार र पश्चिमी किनारी क्षेत्र आदि खोजी गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : नक्सा, चित्र, चार्ट, तालिका प्रदर्शन र छलफल**

उत्तर अमेरिका महादेशको नक्सा र त्यहाँको जनजीवन झल्कने चित्र, फोटोसहितको स्लाइड प्रदर्शन तथा भिडियो प्रदर्शन गर्दै उत्तर अमेरिकाको भौगोलिक क्षेत्र, अवस्थिति र हावापानीको बारेमा स्पष्ट पारिदिनुहोस् ।

क्यानाडाको सुदूरउत्तरको चिसो ओसिलो भागमा टुन्ड्रा वनस्पति पाइन्छ, क्यानाडाको उत्तरी क्षेत्रमा कोणधारी जङ्गल पाइन्छ र मध्य मैदानी भागमा घाँसे मैदान, दक्षिण पुर्वी भाग र सेन्टलरेन्स क्षेत्रमा पतझर जङ्गल र मध्य दक्षिणी क्षेत्रमा उष्ण सदाबहार जङ्गल पाइन्छ ।

**क्रियाकलाप ३ : अनुभव आदानप्रदान**

विद्यार्थीलाई अमेरिकाको आर्थिक गतिविधि र सामाजिक जनजीवन कस्तो होला भनेर प्रश्न गर्नुहोस् । उनीहरूका कोही आफन्त अमेरिकामा छन् भने उनीहरूले बताएका अनुभवहरू पनि सुनाउन लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

- सुरुमा युरोपबाट बसाइँ सरी गएका गोरा जातिका मानिसले यहाँका आदिवासीलाई शासन गरेका विगतमा फ्रेन्च र अङ्ग्रेजी भाषीहरूको बढी बसोबास रहेको
- आजभोलि संसारका सबै क्षेत्रबाट मानिस पुगेका
- संयुक्त राज्य अमेरिका संसारका मानिसको मिश्रित बसोबास रहेको देश
- विभिन्न प्रकृतिको भिसाबाट अमेरिका र क्यानाडामा पुग्ने मानिसको सङ्ख्या बढ्दो
- लोकतन्त्र, स्वतन्त्रता, समानता, समावेशीता र समता यहाँको सामाजिक जीवनका विशेषता
- मानव सुरक्षादेखि आयआर्जनका प्रशस्त सुविधा भएकाले यस महादेशका मानिसको जीवनशैली उन्नत रहेको
- उत्तरी भेगमा भने अझै फिरन्ते इन्युट जातिका मानिको बसोवास्
- आर्थिक गतिविधि र सामाजिक जनजीवन उत्तर अमेरिका विश्वको विकसित महादेश
- क्यानाडा र संयुक्त राज्य अमेरिकाले अतुलनीय पूर्वाधारको निर्माण, सञ्चालन र आर्थिक वृद्धि गरेका
- दक्ष जनशक्तिको पर्याप्तता र उचित व्यवस्थापन, अधिकतम स्रोत र साधनको परिचालन भएकाले उत्तर अमेरिकाको आर्थिक अवस्था निकै मजबुत रहेको
- विश्वका उच्च प्रतिव्यक्ति आय हुने मुलुकहरूमा अमेरिका र क्यानाडा पनि पर्दछन् ।
- सेवा तथा उद्योग एवम् प्रविधिमा यहाँका मानिसको संलग्नता रहेको

- कृषिमा मानिसको कम संलग्नता भए पनि आधुनिक र व्यावसायिक खेतीका कारण उत्पादन प्रशस्त हँदा देश आत्मनिर्भर बनेका
- गहुँ र मकै यहाँका प्रमुख खाद्यवाली यहाँ पर्यटन उद्योग फस्टाएको
- तामा, फलाम, कोइला, सुन, निकेल, प्लाटिनम, चाँदीलगायतका खनिजमा आधारित उद्योग सञ्चालित
- यहाँ प्रशस्त मात्रामा पेट्रोलियम पदार्थ उपलब्ध हुन्छ ।

**क्रियाकलाप ४**: क्उभभम मबतष्लन नकभ

– विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् ।

– दुई समूहमध्ये एउटा समूहलाई भित्री र अर्को समूहलाई बाहिरी घेरामा आमनेसामने हुने गरी उभिन लगाउनुहोस् । भित्री समूह अचल हुने र बाहिर समूह चलायमान हुने बताउनुहोस् ।

– अब कुनै शीर्षकमा आमनेसामने उभिएका सहभागीबिच आफूले सिकेको कुरा बताउन १ वा २ मिनेटको समय दिनुहोस्, जस्तै (क) उत्तर अमेरिकाको भौगोलिक अवस्था बताउनुहोस् ? यो विषयमा आफूले सिकेका कुरा साथीलाई पालैपालो बताईसकेपछि बाहिर समूहका सहभागीलाई एक स्टेप अगाडि बढ्न भन्नुहोस् । अब नयाँ साथीसँग अर्को प्रश्नमा छलफल गर्न लगाउनुहोस्, जस्तैः ग्रेटताल क्षेत्रको अवस्थिति र हावापानी सम्बन्धमा पालैपालो साथीलाई बताउनुहोस् ।

– हरेक प्रश्न वा विषयवस्तुमा छलफल गरिसकेपछि बाहिरी समूहका विद्यार्थीलाई एक स्टेप अगाडि बढ्न लगाउनुहोस् । अरू तीनचारओटा प्रश्नहरू थप गरी क्रियाकलाप गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

पाठको अभ्यास, क्रियाकलापमा र यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. उत्तर अमेरिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस् ।

२. उत्तर अमेरिका र नेपालबिचको प्राकृतिक सम्पदा र सामाजिक आर्थिक जनजविनको तुलना गर्नुहोस् ।

## पाठ : ८ दक्षिण अमेरिका महादेश

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

दक्षिण अमेरिका महादेश १२° उत्तरी अक्षांशदेखि ५५° दक्षिणी अक्षांशसम्म फैलिएको छ र ३५° पश्चिमी देशान्तरदेखि ८०° पश्चिमी देशान्तरसम्म फैलिएको छ । दक्षिण अमेरिकाको क्षेत्रफल १७८४०००० वर्ग कि.मि. रहेको छ । यस महादेशले विश्वको ११.९६ प्रतिशत भूभाग ओगटेको छ । त्यसैले यो महादेश क्षेत्रफलको आधारमा विश्वको चौंथो ठुलो महादेश
हो ।

यस पाठमा दक्षिण अमेरिकाको भौगोलिक अवस्था, सामाजिक र आर्थिक जनजीवन सम्बन्धमा चर्चा गरिएको छ । यस पाठको सिकाइ सहजीकरण गर्न आवश्यक शैक्षणिक सामग्री र उपयुक्त हुने सहजीकरण विधि पनि प्रस्तुत गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थी दक्षिण अमेरिका महादेशको भौगोलिक परिचय। हावापानी, वनस्पति, आर्थिक सामाजिक गतिविधि र जनजीवन तथा दक्षिण अमेरिका महादेश र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनबिच तुलना गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| दक्षिण अमेरिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न | – दक्षिण अमेरिका महादेशको भौगोलिक परिचय दिन<br>– दक्षिण अमेरिका महादेशको हावापानी, वनस्पति, आर्थिक सामाजिक गतिविधि र जनजीवन बताउन<br>– दक्षिण अमेरिका महादेश र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनबिच तुलना गर्न |

**(ग) शैक्षणिक सामग्री**

- दक्षिण अमेरिका महादेशको नक्सा र त्यहाँका मुख्य विशेषता झल्कने चित्र वा फोटो
- विश्वको नक्सा
- दक्षिण अमेरिका महादेशको नक्सा
- दक्षिण अमेरिका महादेशको आर्थिक क्रियाकलाप र जनजीवन झल्कने चित्र तथा फोटोसहितको स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विश्वको नक्सा प्रदर्शन गर्दै दक्षिण अमेरिका महादेशका सम्बन्धमा निम्न प्रश्न सोध्दै पूर्वज्ञानको पुनरवलोकन गर्नुहोस् ।

– जस्तै दक्षिण अमेरिका महादेश कुन गोलार्धमा पर्छ ?
– दक्षिण अमेरिका महादेशमा पर्ने कुनै देशको नाम भन्न सक्नुहुन्छ ?





**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ नक्सा अध्ययन**

विश्वको नक्सा वा ग्लोबमा विद्यार्थीलाई दक्षिण अमेरिका महादेश पत्ता लगाउन लगाउनुहोस् । विद्यार्थीले पत्ता लगाइसकेपछि उनीहरूलाई दक्षिण अमेरिकाका बारेमा के के जानकारी छ पालैपालो भन्न लगाउनुहोस् र बोर्डमा टिप्दै जानुहोस् । दक्षिण अमेरिका महादेशको नक्सा वा एटलसको सहायताले समूह समूहमा रही विभिन्न भौगोलिक प्रदेशहरू जस्तै महादेशको सिमाना, एण्डिज पर्वत, अटाकामा र पाटागोनिया मरुभूमि क्षेत्र, घाँसे मैदान (पम्पास, लानोस, क्याम्पोस), टिटिकाका ताल, सेल्वास जङ्गल, अमेजन नदी, अमेंजन बेसी, पूर्वी किनार र पश्चिमी किनारी क्षेत्र खोजी गर्न
लगाउनुहोस् ।

**क्रियाकलाप २ जोडीमा छलफल**

दक्षिण अमेरिका महादेशको भौगोलिक अवस्थासम्बन्धी विवरण जोडी जोडीमा सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ रनिङ डिक्टेसन**

- सहभागीलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- समूहमा एक जना टिपोटकर्ता छान्न भन्नुहोस र बाँकीलाई भित्तामा टाँसिएको विवरण सम्झेर टिपोटकर्तालाई भन्ने जिम्मेवारी दिनुहोस् ।
- कक्षाबाहिर वा कक्षाभित्रै पनि भित्तामा चार ठाउँमा दक्षिण अमेरिका महादेशको हावापानीको विशेषता लेखिएको कागज टाँस्नुहोस् ।
- त्यसपछि समूहमा टिपोटकर्ता तथा अन्य विद्यार्थीको जिम्मेवारी सुनाउनुहोस् र टाँसिएका विषयवस्तुको फोटो खिच्न वा लेखेर आउन नपाइने नियम बताइदिनुहोस् ।
- एक मिनेटजति हरेक समूहलाई कसरी अगाडि बढ्ने भन्ने सोच्न र सल्लाह गर्न समय दिनुहोस् ।
- बाहिर गएर पढेर आउन र टिपोटकर्तालाई सम्झेका कुरा भन्न समय दिनुहोस् । अगि गरेको सल्लाहअनुसार कामलाई कसरी व्यवस्थित छिटो र प्रभावकारी बनाउन अभिप्रेरित गर्नुहोस् ।
- लेख्ने काम सकिएपछि हरेक समूहमा ताली बजाएर सकिएको जनाउ दिन लगाउनुहोस्
- पहिला काम सक्ने समूहलाई विशेष धन्यवाद दिनुहोस् ।
- अब हरेक समूहले तयार पारेको दक्षिण अमेरिकाको हावापानी सम्बन्धमा पालैपालो पढ्न लगाउनुहोस् र मूल विषयवस्तुसँग मिले नमिलेको जाँच्नुहोस् । गल्ती भएमा सच्याउन लगाउनुहोस् ।

**दक्षिण अमेरिका महादेशमा पाइने हावापानी**

- अमेजन बेसी क्षेत्रमा बर्सैभरि गर्मी ओसिलो हावापानी
- भूमध्य रेखीय क्षेत्र आसपासको स्थानमा दैनिक घनघोर वर्षा हुने र बाढी आइरहने
- महादेशका किनारी क्षेत्रमा पनि सामुद्रिक प्रभावले बर्सैभरि वर्षा भइरहने
- यस महादेशको मध्य क्षेत्रका कतिपय भूभागमा अनिश्चित वर्षा हुनेहुँदा लामो खडेरी भइरहने
- यस महादेशको पूर्वोत्तर क्षेत्रमा असामयिक वर्षा र बढी गर्मी हुने
- निरन्तर हावाहुरीको प्रकोप भइरहन्छ ।

- यसरी यो महादेशमा हावापानीको विविधता रहेको छ

**क्रियाकलाप ४ : प्रदर्शन र छलफल**

दक्षिण अमेरिका महादेशको नक्सा र त्यहाँको वनस्पति र जीवजन्तु झल्कने चित्र, फोटासहितको स्लाइड प्रदर्शन गर्दै छलफल गर्नुहोस् र बिच बिचमा प्रश्नोत्तर गर्दै धारणालाई मजबुत पार्नुहोस् ।

**वनस्पति**

- अमेजन बेसीमा घना उष्ण सदावहार जङ्गल फैलिएको
- 'सेल्भास' नामले चिनिने यो संसारकै सबैभन्दा विस्तृत क्षेत्रमा फैलिएको जङ्गल
- जङ्गलमा कडा काठका अग्ला र मोटा वनस्पति पाइने
- पूर्वोत्तर क्षेत्रको उच्च भूमिमा घाँसेभूमि पाइने
- मध्य र दक्षिण पूर्वीक्षेत्रमा पम्पास भनिने घाँसे मैदानी क्षेत्र
- सबैजसो मरुस्थलीय क्षेत्र वनस्पति बिहीन रहेका

**क्रियाकलाप ५ अनुभव आदानप्रदान**

विद्यार्थीलाई दक्षिण अमेरिकाको आर्थिक गतिविधि र सामाजिक जनजीवन कस्तो होला भनेर प्रश्न गर्नुहोस् । उनीहरूका कोही आफन्त अमेरिकामा छन् भने उनीहरूले बताएका अनुभवहरू पनि सुनाउन लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**दक्षिण अमेरिकाको सामाजिक आर्थिक क्रियाकलाप**

- इतिहासमा लामो समयसम्म यरोपेली उपनिवेशबाट गुज्रिएको
- दक्षिण अमेरिका महादेशको सामाजिक आर्थिक क्रियाकलाप यरोपबाट प्रभावित
- अमेजन बेसीमा प्रारम्भिक जीवनशैलीका रेड इन्डियनहरूको बसोबास
- युरोपबाट स्पेनिस पोर्चुगालीहरू बसाइँ सरी दक्षिण अमेरिका पुगेका र उनीहरुले दक्षिण अमेरिकाका आदिवासीलाई परास्त गरी त्यहाँको इन्का सभ्यता लोप गराई आफ्नो शासन सत्ता स्थापित गरेका
- विभिन्न अवसरको खोजीमा मानिस मध्य क्षेत्रबाट महादेशको किनार क्षेत्र र ठुला सहरमा बसाइँ सरिरहेका
- पूर्वी किनारी क्षेत्रमा जनआवादी निकै घना छ भने मध्यक्षेत्रमा जनशक्तिको अभाव
- ब्राजिल संसारमा सबैभन्दा धेरै मात्रामा कोका, कफी र उखु उत्पादन गर्ने राष्ट्र
- अर्जेन्टिनामा प्रशस्त मात्रामा गहुँको उत्पादन हुने
- यहाँको पम्पासलगायत घाँसे मैदान क्षेत्रमा ठुलो सङ्ख्यामा भेडा तथा गाइवस्तु पालिने एन्डिज पर्वतीय क्षेत्रमा आदिवासीले लामा (Lhama) जातका भेडा पाल्छन् ।
- यहाँका भेडा मासु र ऊनका लागि प्रयोग हुन्छन् भने भारी बोकाउन पनि प्रयोग हुँदै आएका छन् ।
- पर्वतीय क्षेत्रमा पशुपालनका साथै पर्यटन कार्य पनि फस्टाउँदो छ ।
- तामा, फलाम, सुन, आल्मुनियम, पेटोल, हिरा, कोइला आदि यो महादेशमा पाइने खनिज हुन् ।
- अटाकामा मरुभूमिमा विशाल सुनखानी रहेका छ । त्यहाँ सुनको उत्खनन गर्न बहुराष्ट्रिय कम्पनीहरू संलग्न छन् । यो महादेशको अधिकांश व्यापार युरोपसँग हन्छ ।
- यहाँका मानिसले रोमन क्याथोलिज्म, प्रोटेस्टेन्ट क्रिस्चियन, हिन्दु र इस्लाम धर्म मान्छन् ।
- रोमन क्याथोलिज्म, प्रोटेस्टेन्ट क्रिस्चियन, हिन्दु र इस्लाम धर्म मानिने
- पुर्तगाली, रेड इन्डियन, निग्रो, म्युलेटोस, मेस्टिजोस आदि यहाँका प्रमुख जाति

**(ङ) मूल्याङ्कन**

यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. दक्षिण अमेरिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस्

२. दक्षिण अमेरिका र नेपालबिचको प्राकृतिक सम्पदा र सामाजिक आर्थिक जनजविनको तुलना गर्नुहोस् ।

३. किन दक्षिण अमेरिकीहरूको जीवनशैली युरोपियनहरूसँग मिल्दोजुल्दो छ ? कारण दिनुहोस् ।

**(च) परियोजना/प्रयोगात्मक कार्य**

दक्षिण अमेरिकाको नक्सा सादा कागजमा कोर्नुहोस् र त्यसमा एन्डिज पर्वत, मराइकाइबो खाडी, अमेजन नदी, प्रमुख ताल, पम्पास घाँसेभूमि, अटाकामा र पाटागोनिया मरुभूमि, खनिज उत्पादन हुने क्षेत्र भर्नुहोस् ।

## पाठ : ९ अफ्रिका महादेश

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

अफ्रिका क्षेत्रफलका आधारमा एसियापछि विश्वको दोस्रो ठुलो महादेश हो । यसले विश्वको करिब २०.२५प्रतिशत अर्थात् ३०२२१५३२ वर्ग कि.मि.क्षेत्रफल ओगटेको छ । यो महादेश ३७° उत्तरी अक्षांशदेखि ३५° दक्षिणी अक्षांशसम्म र १८° पश्चिमी देशान्तरदेखि ५१° पूर्वी देशान्तरसम्म फैलिएको छ । यो महादेशको बिचबाट भूमध्यरेखाले काटेको हुनाले अधिकांश भूभाग उष्ण मण्डलमा रहेका छन् । त्यसैले यहाँको तापक्रम वर्षैभरि उच्च रहन्छ । विश्वको सबैभन्दा ठुलो मरुभूमि साहारा मरुभूमिका साथै कालाहारी र नामिव मरुभूमि पनि यही महादेशमा पर्छन् ।

यस पाठमा अफ्रिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक जनजीवन सम्बन्धमा चर्चा गरिएको छ । साथै यो पाठ सिकाइ सहजीकरण गर्न आवश्यक शैक्षणिक सामग्री र उपयुक्त हुने सहजीकरण विधि पनि प्रस्तुत गरिएको छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थी अफ्रिका महादेशको भौगोलिक, हावापानी र वनस्पति, आर्थिक सामाजिक गतिविधि उल्लेख गर्न तथा अफ्रिका र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनबिच तुलना गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| | |

| | |
|---|---|
| अफ्रिका महादेशको भौगोलिक अवस्था, सामाजिक र आर्थिक क्रियाकलाप उल्लेख गर्न | – अफ्रिका महादेशको भौगोलिक परिचय दिन<br>– अफ्रिका महादेशको हावापानी र वनस्पति उल्लेख गर्न<br>– अफ्रिका महादेशको आर्थिक र सामाजिक गतिविधि बताउन<br>– अफ्रिका र नेपालबिच प्राकृतिक सम्पदा र सामाजिक, आर्थिक जनजीवनबिच तुलना गर्न |

**(ग) शैक्षणिक सामग्री**

- विश्वको नक्सा
- अफ्रिका महादेशको नक्सा र त्यहाँका मुख्य विशेषता झल्कने चित्र वा फोटो
- अफ्रिका महादेशको नक्सा
- अफ्रिका महादेशको आर्थिक क्रियाकलाप र जनजीवन झल्कने चित्र तथा फोटासहितको स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

कक्षामा प्रवेश गरेपछि विद्यार्थीलाई पूर्वपाठको पुनरवलोकन गराउनुहोस् र त्यसपछि संसारको कुन महादेशलाई अन्धकारको महादेश भनेर चिनिन्छ, किन ? भनेर प्रश्न सोध्नुहोस् । बढीभन्दा बढी विद्यार्थीलाई प्रश्नको उत्तर भन्ने अवसर दिनुहोस् ।

विद्यार्थीबाट आएका उत्तरलाई समेटेर शिक्षाको राम्रो विकास नभएको, औद्योगिक विकासमा पछि परेको, गृह युद्ध, अनिकाल, भोकमरी, अशिक्षाको कारणले अन्य महादेशको तुलनामा निकै पछाडि परेकोले अफ्रिकालाई अन्धकारको महादेशको रूपमा चिनिन्छ भनेर बुझाउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १: नक्सा अध्ययन र पहिचान**

विद्यार्थीलाई नक्सा वा एटलस हेर्न लगाई निम्न क्षेत्रहरू पहिचान गर्न लगाउनुहोस् अब एक जना विद्यार्थीलाई अगाडि बोलाउनुस् र बोर्डमा अफ्रिका महादेशको सामान्य नक्सा मार्करले कोर्न लगाउनुहोस । त्यसपछि अर्को विद्यार्थीलाई अफ्रिकाको चार सिमाना देखाउन लगाउनुहोस । अर्को विद्यार्थीलाई साहारा, कालाहारी र नामिव मरुभूमिका क्षेत्र संकेत गर्न लगाउनुहोस् । अर्को विद्यार्थीलाई उष्ण सदावहार जङ्गल, भेल्ड र सभाना घाँसेभूमिको सङ्केत गर्न लगाउनुहोस् । तपाइँले आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।



**क्रियाकलाप २ : प्रदर्शन र चिनारी**



मुख्य विशेषता झल्कने चित्र र फोटो वा भिडियो प्रदर्शन गर्दै अफ्रिका महादेशको परिचय दिनुहोस् । अफ्रिका महादेशको नक्सा प्रदर्शन गर्दै त्यसमा विभिन्न भौगोलिक प्रदेशहरू र त्यहाँको अवस्थिति, हावापानी र वनस्पतिका सम्बन्धमा जानकारी गराउनुहोस् ।

अफ्रिकामा महादेशमा विभिन्न वनस्पति र जीवजन्तुहरू पाइन्छन् । यहाँको साहारा, कालाहारी र नामिव मरुभूमिको क्षेत्रमा मरुस्थलीय वनस्पति जस्तैः क्याक्टस प्रजातिका काँडेदार, बाक्लो र चिल्ला पात भएका, लामा जरा भएका, खस्रा घाँस जस्ता वनस्पति पाइन्छन् । भूमध्यसागरीय हावापानी पाइने उत्तरी र दक्षिणी भागमा भूमध्यसागरीय सदावहार वन झाडीका रूपमा पाइन्छन् ।

त्यसैगरी महादेशको मध्य तथा भित्री भागमा सभाना घासे मैदान पाइनुका साथै यहाँ जेब्रा, जिराफ, अस्ट्रिच, इमु, जलगैँडा आदि जीवजन्तु पाइन्छन् । कङ्गो बेसीमा उष्ण सदाबहार जङ्गल पाइन्छ ।


**क्रियाकलाप ३ : प्रदर्शन र छलफल**

अफ्रिका महादेशको नक्सा र त्यहाँको आर्थिक सामाजिक क्रियाकलाप झल्कने चित्र तथा फोटोहरू प्रदर्शन गर्नुहोस् । विश्वमा सबैभन्दा ठुलो हिराको खानी कहाँ पाइन्छ भनेर प्रश्न गर्नुहोस् । विश्वमा अफ्रिकाले सबैभन्दा बढी हिरा निर्यात गर्ने महादेश हो । यहाँ विश्वको सबैभन्दा ठुलो हिरा खानी छ भनेर बताउनुहोस् ।

त्यसपछि विद्यार्थीहरूलाई अफ्रिकाको आर्थिक गतिविधि र सामाजिक जनजीवन कस्तो होला भनेर प्रश्न गर्नुहोस् त्यसपछि अफ्रिका एसियापछि धेरै जनसङ्ख्या रहेको दोस्रो ठुलो महादेश भएको कुरा बताउनुहोस् ।


आठ सयभन्दा बढी जातजाति दुई हजारभन्दा बढी भाषा बोलिने यो महादेश विविधतायुक्त महादेश हो । वन्यजन्तुको विविधता, इजिप्टको पिरमिड, भिक्टोरिया ताल र झरना, नाइल नदी, मिश्रको सभ्यता स्थल, हिरा, सुन, चाँदी, बहुमूल्य खनिज, विशाल घाँसे मैदान, आदि अफ्रिकाको उन्नत्तिको सम्भावना हुन् । लामो समयसम्म गृहयुद्ध, रोग, अशिक्षा र गरिबीबाट आक्रान्त अफ्रिका पछिल्ला दिनमा शान्ति, विकास र समृद्धितर्फ उन्मुख हुँदै गएको पाइन्छ भन्ने कुरा बताउनुहोस् । यसका लागि अफ्रिकाको नक्सा सम्भव भएमा छोटो भिडियो प्रयोग

गर्नुहोस् ।






| S/N | Country | 2020 GDP ($bn) | 2021 GDP ($bn) | Share of the Economy in Africa |
|---|---|---|---|---|
| 1 | Nigeria | 429.423 | 480.482 | 18.4% |
| 2 | S.Africa | 335.344 | 415.315 | 15.9% |
| 3 | Egypt | 363.243 | 396.328 | 15.2% |
| 4 | Algeria | 147.6 | 145.812 | 6.29% |
| 5 | Morocco | 114.482 | 126.035 | 4.84 |
| 6 | Kenya | 102.427 | 109.491 | 4.2 |
| 7 | Ethiopia | 96.611 | 92.757 | 3.56 |
| 8 | Ghana | 68.498 | 75.487 | 2.9 |
| 9 | Angola | 58.376 | 70.339 | 2.7 |
| 10 | Tanzania | 64.403 | 69.238 | 2.66 |




**क्रियाकलाप ४ : समूह कार्य**

विद्यार्थीलाई चार समूहमा विभाजन गरी निम्नअनुसारको कार्य विभाजन गरी खोजी गर्न लगाउनुहोस् र चारै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

| समूह | संयोजकको नाम | जिम्मेवारी |
|---|---|---|
| क | | अवस्थिति, धरातलीय स्वरूप, हावापानीको अवस्था |
| ख | | प्राकृतिक स्रोत र साधन, वनस्पति, खनिज र अन्य सम्पदा |
| ग | | आर्थिक तथा सामाजिक जनजीवनको अवस्था र नेपालसँगको तुलना |
| घ | | नदी, ताल, उच्चसमस्थली, मरुभूमि, पर्वत, टापु |

**क्रियाकलाप ५: द्रुत लेखन**

यो पाठबाट सिकेका मुख्य मुख्य विषयवस्तु तीन मिनेट भित्र बुँदागत रूपमा लेख्न लगाउनुहोस् र केही विद्यार्थीलाई भन्नसमेत लगाउनुहोस् । यो क्रियाकलाप गराउँदा कलम नरोकीकन निरन्तर लेखिरहनुपर्ने कुरा बताउनुहोस् । बिच बिचमा शिक्षकले बाँकी समयको संकेत गर्नुहोस् । अन्तिममा केही विद्यार्थीलाई लेखेका कुराहरू भन्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन /प्रतिबिम्बन**

अभ्यासमा दिइएका वा यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् र आवश्यकता पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. अफ्रिकाको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक वनस्पतिको छोटो परिचय दिनुहोस् ।

२. अफ्रिका र नेपालबिचको सामाजिक आर्थिक जनजीवनको तुलना गर्नुहोस् ।

**(च) परियोजना/प्रयोगात्मक कार्य**

अफ्रिकाको नक्सा कोरी त्यसमा निम्नलिखित तथ्यहरू भरेर देखाउनुहोस् :

साहारा, कालाहारी र नामिब मरुभूमि, भेल्ड घाँसे मैदान, मडागास्कर टापु, नाइल नदी, भिक्टोरिया ताल, धसान घाँटी, भूमध्यरेखीय हावापानीको क्षेत्र, भूमध्यरेखा, लालसागर, स्वेज नहर, किलिमन्जरो पर्वत, हिरा खानी

**(छ) सन्दर्भ तथा स्रोत सामग्री**

जततउकस्ररगउयिबमाधष्पह्मभमष्बायचनरधष्पष्उभमष्बरअफ्कयलकरभरभढरःबउबचष्अबक्ष्शभानष

पाठ्यक्रम विकास केन्द्र

## पाठ : १० प्राकृतिक प्रकोप : भूकम्प

**अनुमानितकार्यघण्टा : २**

**(क) पाठ परिचय**

भूकम्प एक प्राकृतिक प्रकोप हो । यसले धनजनको क्षती गराउँनुका साथै विपद्को सिर्जना गर्छ । नेपाल भूकम्पीय जोखिमको हिसाबले विश्वमा ११ औँ स्थानमा रहेको छ । वि.सं. १९९० र २०७२ मा गएका भूकम्पले नेपालमा ठुलो जनधनको क्षति भएको थियो । यो प्राकृतिक प्रकोप हो यसलाई हामीले रोक्न नसके पनि यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यो पाठले विद्यार्थीलाई भूकम्प भनेको के हो ? के कारणले भूकम्प आउँछ ? यसको शक्तिको मापन कसरी गरिन्छ ? यसबाट कसरी जोगीने भन्ने बारेमा जानकारी दिने जसको कारण भूकम्पबाट ठुलो धनजनको क्षति व्यहोर्न नपर्ने सचेतना प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यो पाठ शिक्षण गर्दा भूकम्पसम्बन्धी भिडियो, तस्बिरहरू, चार्ट, नक्सा आदिको प्रयोग गर्न सकिन्छ । साथै विद्यार्थीलाई सिमुलेसन अभ्यास गराई खोज र क्रियाकलापमा आधारित सिकाइलाई जोड दिइने छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| भूकम्पको परिचय दिन र यसबाट जोगिने उपायहरूको अभ्यास गर्न | – प्राकृतिक प्रकोपको परिचय दिन<br>– भूकम्पको परिचय दिन<br>– भूकम्प जाने कारणहरू बताउन<br>– भूकम्प मापनको तरिका उल्लेख गर्न<br>– भूकम्पको क्षतिबाट बच्ने उयाय अबलम्बन गर्न |

**(ग) शैक्षणिक सामग्री**

- भूकम्पको भिडियो
- टेक्टोनिक प्लेटको चित्र
- भूकम्प मापन गर्ने तरिका सम्बन्धमा फोटासहितको स्लाइड
- भूकम्पले पुऱ्याउने क्षति र त्यसबाट सुरक्षित हुने उपायका सम्बन्धमा चित्र/ चार्ट ,भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

प्राकृतिक प्रकोप र विपत् (बाढी, पहिरो, भूकम्प, आगलागी, ज्वालामुखी, हावाहुरी, हिमताल विष्फोटन आदि) सम्बन्धी विद्यार्थीका अनुभवहरू सुन्दै आफ्ना अनुभव पनि सुनाउँदै विषय प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : भिडियो प्रस्तुति र प्रश्नोत्तर**

- नेपालको भूकम्पसम्बन्धी एउटा छोटो भिडियो देखाउनुहोस् । त्यसपछि उनीहरूलाई प्रश्न सोध्नुहोस् । छ्ज त्तगभकतष्यल जस्तैः के, कहाँ, कहिले, किन, कसरी जस्ता प्रश्न सोध्नुहोस् ।

  आवश्यक भएमा भिडियो लिङ्क

  १. जततउकस्ररथयगतगा।दभरत्रछलाटधछित्स्क्ष　　२. जततउकस्ररथयगतगा।दभरःख्थढावबह्धभ

- भर्खरै देखाएको भिडियोमा के के गरेको भए क्षति कम हुन्थ्यो होला भनेर विद्यार्थीलाई प्रश्न सोध्नुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २ : सोच जोडीमा छलफल आदान प्रदान** (त्जष्लप(उबष्च(कजबचभ स्तएक)

त्यसपछि विद्यार्थीलाई भूकम्प के कारणले जान्छ होला ? भनेर प्रश्न सोधी तएक विधि प्रयोग गरी विद्यार्थीका विचार राख्न लगाई सिकाइ पाटीमा टिप्दै जानुहोस् र विद्यार्थीका विचारलाई जोड्दै निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

भूकम्प प्राकृतिक प्रकोप हो । दुई प्लेटहरू एक आपसमा ठोक्किदा वा एउटा प्लेटमुनि अर्कोप्लेट घुस्दा पनि भूकम्प जान्छ । ठुला भूकम्पले विपत्को सिर्जना गर्न सक्छ । भूकम्प आउनुका दुई कारण छन् । १. मानवीय कारण २. प्राकृतिक कारण । दुई कारणमध्ये प्राकृतिक कारणको असर बढी हुन्छ ।


मानवीय कारणः विकास निर्माण कार्य, आणविक हतियार विस्फोटन आदि

प्राकृतिक कारणः प्लेटहरू चलाइमान हुनु, आन्तरिक हलचल, ज्वालामुखी विस्फोट आदि

प्लेटहरू चलाइमानसम्बन्धी भिडियो लिंक : जततउकस्ररथयगतगा।दभरटइज्च्द)इम्य(त्त

**क्रियाकलाप ३ : प्राविधिक शब्द पहिचान**

यसपछि भूकम्पसम्बन्धी निम्न केही प्राविधिक शब्दहरूको जानकारी गराउनुहोस् ।





**हाइपोसेन्टर** ज्यउयअभलतभच **(उद्गम बिन्दु)** : धरातलमुनी भूकम्पको पहिलो कम्पन वा उत्पति हुने ठाउँ

**इपिसेन्टर** भ्उष्अभलतभच **(केन्द्रबिन्दु)** : हाइपोसेन्टरबाट ठिकमाथि पृथ्वीको सतह जहाँ हलचलको पहिलो झट्का महसुस गरिन्छ ।

**मुख्य हलचल** (:बष्ल क्जयअप) : भूकम्पको ठुलो धक्का

**पराकम्पन** (बतभचकजयअपक) : मुख्य कम्पनपछि आउने ससाना कम्पन

**सिस्मोग्राफ** : भूकम्प मापन गर्ने यन्त्र



**रेक्टर स्केल :** भूकम्प मापन गर्ने एकाइ



**क्रियाकलाप ४ : प्रदर्शन र छलफल**

भूकम्प मापन गर्ने तरिका वा सिस्मोग्राफले कसरी काम गर्छ भन्ने सम्बन्धमा  फोटासहितको स्लाइड वा भिडियो प्रदर्शन गर्नुहोस् र छलफल चलाउनुहोस् ।

**क्रियाकलाप ५ : भिडियो प्रदर्शन र छलफल**

नेपालमा भूकम्प आउनुको मुख्य कारण तिब्बतीयन प्लेट र भारतीय प्लेटको ठक्कर हो भन्ने कुरा पाठ्यपुस्तकको तथ्यबाट पुष्टि गरिदिनुहोस् । यसमा नेपालको भूखण्डमुनि दक्षिणतर्फको इन्डियन प्लेट निरन्तर रूपमा उत्तरतर्फ रेहेको तिब्बत

(युरेसियन) प्लेटको दक्षिणी भागमा प्रति वर्ष २ से.मि.का दरले घुसिरहेको कुरा बताउनुहोस् माथि लिङ्कमा दिएको प्लेटहरू चलाइमानसम्बन्धी भिडियो देखाएर प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : चार्टमा उतार र प्रदर्शन**

भूकम्पले पुऱ्याउने क्षेती र त्यसबाट सुरक्षित हुने उपायका पाठ्यपुस्तकबाट चार्टपेपरमा उतार गरी कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।

**भूकम्प तथा यसको क्षतिबाट सुरक्षित हुने उपाय**

भूकम्पलाई रोक्न सकिँदैन तर यसबाट हुने क्षतिलाई भने कम गर्न सकिन्छ । जनचेतनासँगै निर्माण संहिताको प्रयोग गरी भूकम्प प्रतिरोधी संरचना निर्माणलगायतका निम्नलिखित सावधानी अपनाउँदा सुरक्षित हुन सकिन्छ :

१. एक दुई दिनका लागि पुग्ने चिउरा तथा चाउचाउ जस्ता सुक्खा खाना, टर्चलाइट, सिटी, खानेपानीका बोतल, औषधी र आफ्नो परिचयपत्र रहेको आपत्कालिन झोला सधैँ तयारी अवस्थामा राख्ने
२. भूकम्प प्रतिरोधि संरचनाको निर्माण गर्ने
३. चर्किएका वा भत्किन लागेका घर एवम् अन्य संरचना भित्र नबस्ने
४. भूकम्पका वेला टेबुल, खाट वा डेस्कबेन्चमुनि घुँडा टेकेर गुडुल्किने, ओत लागेर समात्ने र बिस्तारै सुरक्षित खुला ठाउँतिर लाग्ने
५. भूकम्प गएका बेला विद्युत् र ग्याँसको स्विच बन्द गर्ने
६. आपतमा परेकालाई आवश्यक सहयोग गर्दै उद्धार कार्यमा संलग्न हुने र सूचनाका लागि रेडियोलगायतका सञ्चारका साधन सुन्ने
७. भूकम्प रोकिएपछि आगलागी हुने, पहिरो जाने, ढुङ्गा खस्ने, बाढी आउनेलगायतका जोखिम पनि हुन सक्छन् तसर्थ सावधानी अपनाउने ।

**क्रियाकलाप ७ : सिमुलेसन अभ्यास**

भूकम्प आएका वेलामा कसरी सावधानी अपनाउन सकिन्छ भन्ने विषयमा सोही कक्षाका र अर्को कक्षाका विद्यार्थीलाई सहभागी गराएर एउटा सिमुलेसन कार्यक्रम गर्नुहोस् । सिमुलेसनका लागी विद्यार्थीलाई आवश्यक निर्देशन, जानकारी तथा सुझाव शिक्षकले पहिला नै दिनुपर्ने हुन्छ ।

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

अभ्यासमा दिइएका र यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् र आवश्यकत पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. भूकम्प जाने कारणहरू र भूकम्पका असरहरूको सूची बनाउनुहोस् ।

२. भूकम्पबाट सुरक्षित हुने उपायहरू लेख्नुहोस् ।

विद्यार्थीले अभ्यास गरेको सिमुलेसन क्रियाकलापलाई निम्नानुसार मूल्याङ्कन गर्नुहोस् ।

- सहभागिता
- समन्वय
- अभिनय प्रस्तुति
- निर्देशनको पालना
- अनुभव प्रस्तुति

**(च) परियोजना/प्रयोगात्मक कार्य**

भूकम्पबाट हुने जोखिमको व्यवस्थापन गर्न भूकम्प आउनु पूर्व, भूकम्पको समय र भूकम्प पछि गर्नुपर्ने सुरक्षाका उपायहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(छ) सन्दर्भ तथा स्रोत सामग्री**

सिस्मोग्राफले कसरी काम गर्छ र यो कसरी सजिलै बनाउन सकिन्छ भनेर जान्न यो भिडियो हेर्नुहोस् :

जततउकस्ररधधध।थयगतगदभ।अफरधबतअजरुख.द्धज्ञच्शन्धश्क्ल्इप

वि.सं. २०७२को शक्तिशाली भूकम्पसम्बन्धी सामग्री : जततउस्ररतष्लथगचा।अफरथगडद्धगधठव

## पाठ : ११ नक्सा कार्य

**अनुमानित कार्य घण्टा : ३**

**(क) पाठ परिचय**

वर्तमान विश्व जगत्मा घुलमिल हुन र सो अनुकूल व्यवहार प्रदर्शन गर्न नक्सासम्बन्धी जानकारी पनि आवश्यक छ । यस कार्यका लागि विद्यार्थीमा नक्सा उतार्ने विभिन्न विधि तथा तरिकाको अभ्यासको अभ्यास यस पाठमा समावेश गरिएको छ ।

यस पाठमा विद्यार्थीलाई नक्साको परिचय दिई उनीहरूलाई नक्सा उतार्ने विभिन्न विधिहरू सिकाउनु पर्छ । विशेष गरी नेपालको नक्सा उतार्ने तरिका सिकाइ हिमाल, पहाड, ताल, नदी, झरना, सडक, रेलमार्ग, रोप वे, धार्मिक स्थल, कृषि उत्पादन क्षेत्र, राष्ट्रिय निकुन्ज आदि तथ्यहरू उपयुक्त सङ्केत प्रयोग गरी भर्ने तरिका सिकाउनु पर्छ । यो पाठ शिक्षण गर्दा विभिन्न किसिमका नक्सा उतार्ने विधिको प्रयोगात्मक अभ्यास गराउँदै नेपाल तथा विश्वको नक्सामा विभिन्न तथ्यहरू उपयुक्त सङ्केतसहित भर्न लगाउने गर्नु सान्दर्भिक हुने छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
| --- | --- |
| नक्सा उतार्ने विभिन्न विधि/तरिकाको अभ्यास गर्न | – नक्साको परिचय दिन<br>– नक्सा उतार्ने विधिको पहिचान र अभ्यास गर्न |

**(ग) शैक्षणिक सामग्री**

- विभिन्न प्रकारका भौतिक र राजनीतिक नक्साहरू
- गुगल अर्थको चित्र र भिडियो
- ट्रेसिङ् पेपर, टेम्प्लेट, कार्बन पेपर, ग्राफ
- नक्सामा प्रयोग गरिने सङ्केतको चित्र
- नेपालको र महादेशहरूको रेखाङ्कित नक्सा आदि

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

सर्वप्रथम पूर्व पाठको पुनरवलोकन गर्नुहोस् । त्यसपछि विद्यार्थीको ध्यान आकर्षित गर्न एउटा गाउँखाने प्रश्न सोध्नुहोस् । जस्तैः **समुद्र छ पानी छैन, देश छ जनता छैनन्, जङ्गल छ रुख छैनन् के हो ?** त्यसपछि विद्यार्थीले दिमाग खेलाउन थाल्नेछन् र उनीहरूले विभिन्न उत्तर दिन सक्ने छन् । सबैको उत्तर ध्यानपूर्व सुन्नुहोस् । विद्यार्थीले उत्तर दिन नसकेमा यसको सही उत्तर नक्सा हो भनेर बताई दिनुहोस् र भन्नुहोस् आज हामी यही नक्सा कार्य पाठको सम्बन्धमा छलफल गर्ने छौँ भनेर उनीहरूलाई उत्सुकता जगाउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : मष्तिष्क मन्थन**

विभिन्न प्रकारका नक्सा प्रदर्शन गर्दै पाठ सुरुआत गर्नुहोस् । नक्सा भनेको के हो ? भनी प्रश्न गरी विद्यार्थीलाई मष्तिष्क मन्थन गराउनुहोस्, यसका लागि सुरुमा प्रश्न सोधी विद्यार्थीलाई व्यक्तिगत विचार लेख्न लगाउनुहोस् अनि पालैपालो आफूले लेखेको विचार भन्न लगाउनुहोस् । शिक्षकले सिकाइ पाटीमा टिप्दै जानुहोस् र अन्त्यमा निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

पृथ्वीको कुनै अंश, ठाउँ वा क्षेत्रलाई निश्चित नापोका आधारमा कुनै कागज वा कपडामा उतारिएको आकृतिलाई नक्सा भनिन्छ अथवा सानो आकारमा निकालिएको पृथ्वीको कुनै पनि क्षेत्रको भू अकृतिलाई नक्सा भनिन्छ । जमिनलाई कुनै निश्चित मान नापमा उतारिएको चित्रलाई नक्सा भनिन्छ नक्सालाई प्राकृतिक र राजनीतिक गरेर मुख्य दुई भागमा विभाजन गर्न सकिन्छ ।

विश्वको प्राकृतिक नक्सा



विश्वको राजनीतिक नक्सा



**क्रियाकलाप २ : पूर्व जानकारी सङ्कलन र प्रस्तुति**

विद्यार्थीसँग नक्साको प्रयोगसम्बन्धी पूर्व अनुभव सम्बन्धमा छलफल गर्नुहोस् । नक्साको उपयोग सम्बन्धमा निम्नलिखित जानकारी प्रदान गर्नुहोस् ।

**नक्साको उपयोग**

- **प्राकृतिक स्रोत र साधनको अवस्था देखाउन**
- **देशको जनसङ्ख्याको वितरण प्रस्तुत गर्न तथा जनघनत्व देखाउन**
- **सेवा सुविधाको विस्तार र सञ्चालनका लागि भौगोलिक अवस्था थाहा पाउन**
- **जमिनको वितरण देखाउन तथा जमिनको अवस्था देखाउन**
- **पर्यटकलाई कुनै ठाउँको विविध अवस्थाको जानकारी दिन**
- **दुरी पत्ता लगाउन**
- **विकासका योजना निर्माण गर्न**

**क्रियाकलाप ३ : समूह छलफल र प्रस्तुति**

विद्यार्थीलाई समूहमा विभाजन गरी एक समूहलाई नक्साका आधारभूत तŒवहरू जस्तैः नक्साको दिशा, अर्को समूहलाई नक्सामा प्रयोग हुने सङ्केत, अर्को समूहलाई नापो (स्केल) र अर्को समूहलाई नक्साको उपयोग सम्बन्धमा पाठ्यपुस्तक र विभिन्न सन्दर्भ सामग्री र पूर्व अनुभवका आधारमा छलफल गरी टिपोट गर्न लगाउनुहोस् । यस कार्यका लागि समय सीमा तोक्नुहोस् । त्यसपछि सबै समूहलाई आफ्नो प्रस्तुति राख्ने अबसर दिनुहोस् । आवश्यक परेको ठाउँमा पृष्ठपोषण गर्दै जानुहोस् ।

नक्साको विशेषता

- नक्सामा प्राकृतिक र राजनीतिक तथ्यहरू देखाइएको हुन्छ ।
- नक्साबाट विभिन्न प्रकारका सूचना तथा सङ्केत प्राप्त गर्न सकिन्छ ।
- विज्ञान र प्रविधिको विकासले नक्सा बनाउने कार्यमा सजिलो हुँदै गएको छ ।
- नक्सामा अन्तर्राष्ट्रिय र प्रान्तीय सिमाना देखाइएको हुन्छ ।
- हाल कम्प्युटरको सहायताले नक्सा बनाउने गरिन्छ ।
- पृथ्वीको नक्सा खिच्नका लागि भूउपग्रह पनि प्रयोग गर्ने गरिन्छ ।
- नक्सालाई आवश्यकताअनुसार सानो वा ठुलो बनाएर हेर्न सकिन्छ ।
- ठुला नक्सा सडक, पुल, भवन निर्माणका लागि सहयोगी हुन्छन् ।
- नक्सामा विस्तृत विवरण प्रदान गर्न सानो वा ठुलो नापोमा खिच्न सकिन्छ ।

नापो


- नक्सामा देखाइएको दुरी जमिनमा त्यसको वास्तविक नापभन्दा कति गुणा घटाइएको छ भनी देखाउने नापलाई स्केल वा नापो भनिन्छ ।
- मानचित्रमा देखाइएको दुई स्थानको दुरी र धरातलमाथी दुई स्थानवीचको आपसी अनुपातलाई स्केल भनिन्छ ।
- स्केल वा नापको प्रयोग क्षेत्र, देखाउनुपर्ने विवरण र कागजको आकारमा भर पर्छ ।
- सानो नापो भएका नक्साले सीमित विवरण दिन्छन् भने ठुलो नापो भएका नक्साले बढी विवरण दिन्छन् ।

नक्सामा नापोलाई तीन तरिकाबाट प्रस्तुत गर्न सकिन्छ :

- कथनात्मक नापो : जस्तै : १ सेन्टिमिटर = १० मिटर वा १ इन्च = १० माइल

- प्रतिनिधि भिन्न नापो : जस्तै : ँ ज्ञस ज्ञण्ण्ण्ण्ण

- **चित्रात्मक नापो :**




सङ्केत

१. लाइन सङ्केत (सडक, नदी, सीमा आदि ।)


२. बिन्दु सङ्केत (सहर, राजधानी,केन्द्र आदि ।)

३. क्षेत्र सङ्केत (ताल, जङ्गल, चुचुरो, भञ्ज्याङ आदि ।)

४. अक्षर सङ्केत

५. चित्र सङ्केत

- नक्सा बनाउँदा धरातलमा भएका तथ्यहरूलाई वर्णन गर्ने चिह्न सङ्केत हो ।
- सङ्केतले नक्सामा प्रयुक्त चिह्न, आकार, रङ आदिलाई जनाउँछ ।
- यसले नक्सा प्रयोग कर्तालाई नक्सामा प्रयुक्त तथ्यहरू सम्प्रेषण गर्छ ।
- नक्सामा तथ्यहरू देखाउन निश्चित रङ वा सङ्केतको प्रयोग गरिन्छ ।
- रङ वा सङ्केतको प्रयोगले त्यस्ता तथ्य पढ्न तथा बुझ्न सजिलो हुन्छ ।
- यस्ता सङ्केत विश्वव्यापी हुन्छन् ।
- त्यसैले प्रयुक्त रङको आधारमा सबै मानिसका बुझाइ समान हुन्छन् ।
- पानीको भाग देखाउन निलो तथा जमिनको भाग देखाउन खैरो रङको प्रयोग हुन्छ ।
- यसले गर्दा नक्सामा प्रयोग हुने सङ्केत/चिह्नमा पनि एकरूपता कायम हुन्छ ।




**क्रियाकलाप ४ : प्रदर्शन र प्रयोग**

पाठ्यपुस्तकमा दिएको नक्सा उतार्ने विधिहरू सम्बन्धमा छलफल गराउनुहोस् ।

**टेम्प्लेट र स्टेन्सिल विधि**

- सर्वप्रथम  कुनै नापको नेपालको नक्सा लिने
- कार्बन पेपर राखेर उक्त नक्सालाई चार्टपेपरमा उत्तार्ने
- त्यसपछि होसियारीपूर्वक उक्तनक्सालाई ब्लेड वा कैँचीले काटेर निकाल्नुहोस ।
- अब उक्त निकालिएको नक्सा टेम्पलेटका लागि र नक्साको आकारमा खालि भएको (प्वाल) चार्टपेपर स्टेन्सिलको लागि तयार भयो ।

कार्वन विधि


- वास्तविक नक्साको तल कार्बन पेपर राख्ने
- कार्बन पेपरको तल साधा कागज राख्ने
- माथिको नक्सामा सिसाकलम वा कुनै कलमले कोर्दै गएमा सेतो कगजमा माथिको नक्सा छापिन्छ ।


**ट्रेसिङ** विधि


- सर्वप्रथम एउटा सफा र स्पष्ट नक्सा लिने
- सो नक्सामाथि ट्रेसिङ पेपर राख्ने
- ट्रेसिङ पेपरबाट तलको नक्साका सीमारेखा देखिन्छ ।
- त्यसलाई सिसाकलमले उतार्ने र पछि कालो कलमले लाइन तानेर नक्सा तयार पार्ने

**क्रियाकलाप ५ स्वतन्त्र विधिबाट नक्सा निर्माण अभ्यास**

सामान्य आकार प्रकार मिल्ने गरी नेपालको नक्सा उतार्न सिकाउने पुस्तकमा दिएको स्वतन्त्र विधिबाट नेपालको नक्सा बनाउने अभ्यास गराउनुहोस् ।  यसरी नै अफ्रिका, उत्तर अमेरिका र दक्षिण अमेरिकाको नक्सा बनाउने अभ्यास पनि गराउनुहोस् ।


**चरण** १. नेपाल आयतकार छ। 

**चरण** २. नेपाल पश्चिमबाट पूर्वतर्फ ढल्केको छ। 

**चरण** ३. नेपाल पश्चिममा हल्का फराकिलो र पूर्वमा साँघुरिँदै गएको छ। 

**चरण** ४. नेपाल करिब अर्ध चन्द्राकार जस्तै : मध्यउत्तर भागमा बाङ्गिएको छ। 

**चरण** ५. सिमा क्षेत्रमा स्पष्ट देखिने गरी बाहिर निस्केका चुच्चे भागहरू  पश्चिम उत्तरबाट क्रमश: लिपुलेक लिम्पियाधुरा, मुस्ताङ, लाङटाङ, गौरीशङ्कर, सगरमाथा र कञ्चनजङ्घा रहेका छन्। पूर्वमा पाँचथर दक्षिणमा विराटनगर, जनकपुर, चितवन, भैरहवा र धनगढीमा भित्रतिर घुसेका क्षेत्र रहेका छन्।




स्वतन्त्र विधिअन्तर्गत यो अर्को जालिदार/वर्ग विधि पनि अभ्यास गराउन सक्नुहुने छ।

आवश्यक सामग्री : पेन्सिल, कलम, रुलर, इरेजर र आधार नक्सा


- सर्वप्रथम आधार नक्सा (चित्र क) र कागजमा जालीदार रेखाचित्र कोर्ने
- त्यसपछि (चित्र (ख) मा देखाएअनुसार कोठा बनाउने
- (चित्र ग) मा चिनो लगाए जस्तै आधार नक्सामा चिनो लगाउने
- (चित्र घ) मा चिनो सजिलै रेखा कोर्न सकिने, सजिलै सम्झिने र केही फरक लाग्ने अग्लो र होचो ठाउँमा लगाउने।
- (चित्र ङ) मा बाँकी रेखाहरू कोर्ने नेपालको नक्सा तयार हुन्छ।

- त्यसपछि (चित्र न.च) मा नेपालको नक्साको भित्र रहेको रेखाहरू मेटिदिने


(चित्र "क)





(चित्र "ख)





(चित्र "ग)





(चित्र "घ)




(चित्र "ङ)



(चित्र “च)






**क्रियाकलाप ५ : नक्सा निर्माण अभ्यास**


**वर्ग विधि प्रयोग गरी महादेशको नक्सा निर्माण गर्ने नमुना**


वर्ग विधि


- सर्वप्रथम एउटा सफा र स्पष्ट नक्सा लिने
- सो नक्साको माथि समान स्केलका बराबर वर्गाकार कोठाहरू तान्ने र सबैभन्दा माथि र बायाँपट्टि क ख ग घ वा ब द्य ऋ म को सङ्केत लेख्ने त्यसपछि एउटा सादा कागजमा ठुला ठुला वर्गाकार कोठाहरूको निर्माण गरी माथि झैँ क ख ग घ वा ब द्य ऋ म को सङ्केत लेख्ने
- अब मूल नक्साको वर्ग कोठाको रेखाअनुसार सादा कागजमा कोरिएको वर्ग कोठाभित्र लाइन तान्दै जाने
- नक्सा तयार भएपछि नक्साको भित्र परेका रेखाहरू मेटिदिने
- अब ठुलो नक्सा तयार भयो











अफ्रिकाको नक्सा (वर्ग विधिद्वारा तयार गरिएको)

पाठ्यक्रम विकास केन्द्र

**क्रियाकलाप ६ : तथ्य भर्ने अभ्यास**

विद्यार्थीलाई खाली नक्सामा विभिन्न तथ्य भर्ने अभ्यास गराउनुहोस् । यस कार्यमा नेपाल, उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिकाको नक्सामा विद्यार्थीलाई समूहगत जिम्मेवारी दिएर कार्य गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन / प्रतिबिम्बन**

अभ्यासमा र यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. नक्साको परिचय दिई नक्साका प्रकारहरू उल्लेख गर्नुहोस् ।

२. नक्सा निर्माण विधिको छोटकरिमा परिचय दिनुहोस् ।

३. वर्तमान विश्वमा नक्सा निर्माण सिप र नक्सासम्बन्धी जानकारी  किन आवश्यक छ ?

**(च) थप सन्दर्भ सामग्री**

पाठमा दिएको तरिकाअनुसार नेपालको नक्सा बनाउने तरिका देखाइएको थ्यगत्गदभ ीष्लप र जततउकस्रधधधाथयगतगदभाअफरधबतअजरुख.थ्यज्दघफद्धजहय

## पाठ : १२ नक्सासम्बन्धी आधुनिक प्रविधि

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

विज्ञान प्रविधिको विकाससँगै नक्सा निर्माण र अध्ययनमा अनेकौँ अत्याधुनिक प्रविधि प्रयोगमा आइरहेका छन् । यस्ता प्रविधिका् प्रयोगले हाम्रो चेतनाको स्तर वृद्धि गर्नुको साथै मानव जीवनलाई सरल र सहज बनाइदिएको छ । तसर्थ यस्ता प्रचलित नक्सासम्बन्धी प्रविधिको सम्बन्धमा विद्यार्थीलाई जानकारी दिई व्यावहारिक अभ्याससम्बन्धी विषयवस्तु यस पाठमा समावेश गरिएका छन् ।

त्यसैले विद्यार्थीलाई नक्सासम्बन्धी आधुनिक व्यावहारिक प्रविधिहरू न्क्ष्क, न्एक,न्ययनभि भ्बचतज लगायत अन्य विधिको सामान्य परिचय दिई यी प्रविधिको व्यावहारिक उपयोगिता सम्बन्धमा छलफल गरी व्यावहारिक प्रयोगमा सक्षम बनाउनु यस पाठको मुख्य ध्येय हो ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| - नक्सासम्बन्धी आधुनिक व्यवहारिक प्रविधिको उपयोग गर्न | – जिआइएस्को परिचय र उपयोग बताउन<br>– जिपिएस् परिचय र उपयोग बताउन<br>– गुगल अर्थ प्रयोग गरी आवश्यक जानकारी लिन |

**(ग) शैक्षणिक सामग्री**

- कुनै ठाउँको नक्सा
- जिआइएस् नक्सा र त्यससँग सम्बन्धित चित्र
- जिपिएस् उपकरणको चित्र र एनिमेटेड भिडियो
- गुगल अर्थको भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई तपाईँहरूमध्ये कसैले पठाओ वा इनड्राईभबाट यात्रा गर्नुभएको छ भनेर प्रश्न गर्नुहोस् । छ भन्ने उत्तर आएमा यात्राको सुरुदेखिको प्रक्रिया र घटना बताउन लगाउनुहोस् । यदि छैन भने वा त्यस्तो सुविधा उपलब्ध नभएको स्थान भएमा शिक्षक आफैँले पठाओ वा इनड्राइभबाट यात्रा गरेको कुरा कथाकथन विधिमार्फत सुनाएर विद्यार्थीलाई आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ :** स्लाइड वा चार्ट प्रदर्शन

नक्सासम्बन्धी आधुनिक प्रविधि सम्बन्धमा कसलाई के जानकारी छ, सोध्नुहोस् । जानकारी भएकालाई भन्न प्रेरित गर्नुहोस् । त्यसपछि नक्सासम्बन्धी आधुनिक प्रविधिहरू जस्तैः १. भौगोलिक सूचना प्रणाली २.भूमण्डलीय अवस्थिति मापन प्रणाली ३. गुगल अर्थ बोर्डमा लेख्नुहोस् वा स्लाइडमा प्रदर्शन गर्नुहोस् ।

**क्रियाकलाप २ : जि.आई.एस. प्रविधिको व्याख्या**

जिआइ एस् नक्साको परिचय र यसको उपयोग सम्बन्धमा स्लाइड तथा चित्र प्रदर्शन गर्दै त्यसका बारेमा जानकारी गराउनुहोस् ।

भौगोलिक सूचना प्रणाली कम्प्युटरको प्रयोगबाट भौगोलिक तथ्यहरू विश्लेषण गर्ने प्रविधि हो । भौगोलिक सूचना प्रणालीको सुरुआत सन् १९६२ मा रोजर तोमिल्सनले गरेका हुन् । भौगोलिक सूचना प्रणाली कम्प्युटरमा आधारित भौगोलिक सूचनाहरूको सङ्कलन गर्ने, प्रविष्ट गर्ने, मिलाउने, विश्लेषण गर्ने, व्यवस्थापन गर्ने, छाप्ने तथा देखाउने प्रविधि हो । यस प्रविधिलाई भौगोलिक सूचना विज्ञान पनि भनिन्छ ।

भौगोलिक सूचना प्रणालीले अवस्थितिमा आधारित सूचना प्रदान गर्छ । भौगोलिक सूचना प्रणालीले तथ्याङ्कलाई विश्लेषण गरेर नतिजा निकाल्न सहयोग गर्छ । भौगोलिक सूचना प्रणालीमा प्रयोग गरिने तथ्याङ्क विभिन्न स्रोतहरूबाट लिइन्छ ।

सूचनाहरू लिन कागजी नक्सा, हवाई तस्बिर, ग्लोबल पोजिसनिङ प्रणाली, दूर संवेदनका बिम्बहरू आदि प्रयोग गरिन्छ ।

भौगोलिक सूचना प्रणालीमा सङ्कलित सूचनाहरूलाई निश्चित ढाँचामा डिजिटल बनाउने र तिनलाई कम्प्युटर प्रणालीमा प्रविष्ट गरेर संयोजन र व्यवस्थापन गरिन्छ । जमिन सर्वेक्षण (क्गचखभथ) को आधारमा र कम्प्युटरमा आधारित भौगोलिक सूचना प्रणाली ९न्भयनचबउजष्अ क्ष्लाईचकबतष्यल क्थकतझ(न्क्ष्क्०  का आधारमा यस्ता नक्सा बनाइन्छ ।

**क्रियाकलाप ३ : प्रदर्शन र छलफल**

क्ष्ल्तीबद मा भए कम्प्युटरबाट नभएमा आफ्नै मोबाइलमा जिपिएस एप इन्टल गरेर सो पनि सम्भव नभए चित्र, एनिमेटेड भिडियो तथा फोटो प्रदर्शन गर्दै जिपिएस प्रणालीको सम्बन्धमा जानकारी गराउनुहोस् । ग्लोबल पोजिसनिङ सिस्टमलाई वैश्विक स्थान निर्धारण प्रणाली भनिन्छ ।

यो प्रणाली उपग्रह, ग्राउन्ड स्टेसन, रिसिभर र प्रयोगकर्ताहरू मिलेर बनेको हुन्छ भन्नेकुरा तस्बिर देखाएर प्रस्ट पार्नुहोस् ।





जिपिएसमा मोबाइल फोन जस्तै एक रिसिभर हुन्छ, जसले उपग्रहबाट आएका सङ्केतहरूलाई अभिलेख गर्छ । सङ्केतहरूले दुरी कति छ भनेर गणना गर्छ र त्यही त्यसको आधारमा कुनै पनि ठाउँको अवस्थिति पत्ता लगाउन सकिन्छ । विश्व अवस्थिति प्रणाली भूउपग्रहको सहायताबाट जमिनको अवस्थिति पत्ता लगाउन विशेष यन्त्रको सहयोगमा सूचनाहरू प्राप्त गरिन्छ ।

त्यसपछि सो सूचनाका आधारमा कुनै पनि क्षेत्रको नक्साङ्कन सजिलै गर्न सकिन्छ । मुख्यतः यस विधिबाट अक्षांश, देशान्तर, उचाइलगायतका सूचनाहरू प्राप्त हुने हुनाले नक्सा कोर्न आधारभूत तथ्यहरू प्राप्त हुन्छन् ।

संयुक्त राज्य अमेरिकाको रक्षा विभागले सबैभन्दा पहिले जिपिएसको प्रयोग गरेको थियो । जिपिएसले जस्तोसुकै समय र मौसममा काम गर्छ । यो उपकरण जल, स्थल र हवाई यात्राका लागि उपयोगी हुन्छ ।

**जिपिएसको महŒव र प्रयोग**

**१. स्थान : अवस्थिति पहिचान गर्न**

**२. नेभिगेसन : एक स्थानबाट अर्कोमा जान वा पुग्न**

**३. अनुगमन : वस्तु वा व्यक्तिलाई अनुगमन गर्न**

**४. नक्साङ्कन : विश्वको नक्सा तयार गर्न**

**५. समय : वास्तविक समय मापन गर्न**

**क्रियाकलाप ४ : मष्तिष्क मन्थन**

विद्यार्थीलाई कौतुहलता जगाउन निम्न प्रश्नहरू राख्नुहोस् :

- के घरमै बसेर निःशुल्क विश्व भ्रमण गर्न सम्भव छ होला ?
- के हामीले कुनै स्थानको भर्चुअल भ्रमण गरी त्यस स्थानको वास्तविक जानकारी दिन पाउन सक्छौँ ?
- के कुनै नयाँ स्थानको भ्रमणमा निस्कनु अगि त्यस ठाउँको विस्तृत जानकारी अगाडि नै पाउन सकिन्छ होला ?
- के हामी विदेशमा बस्ने आफन्तको ठेगानाबाट उनीहरू बसेको घर यहींबाट देख्न सक्छौँ ?

- के एकस्थानदेखि अर्को स्थानको दुरी, सडकको अवस्था र त्यहाँ पुग्न लाग्ने समय पहिलेनै थाहा पाउन सकिन्छ होला ?
- के कुनै पनि स्थानलाई चराले झैँ माथि आकाशबाट र तल ओर्लेर वास्तविक झैँ हेर्न सक्ने कुनै प्रविधि होला त ?

प्रश्न पछि विद्यार्थीको प्रतिक्रिया लिनुहोस् र माथिको सबै प्रश्नको उत्तर गुगल अर्थबाट सम्भव छ भनेर बताउनुहोस् ।

**क्रियाकलाप ५ : प्रयोग र छलफल**

कम्प्युटर वा मोबाइलमा गुगल अर्थ खोल्नुहोस् र माथि तपाईंले सोधेका सबै प्रश्नहरू एकएक प्रयोग गरेर विद्यार्थीलाई देखाइदिनुहोस् ।






**क्रियाकलाप ६ : गुगल अर्थमा खोजी**

पाठ्यपुस्तकमा दिएको रसुवा वा त्यस्तै तपाईंको छिमेकी कुनै जिल्लाको ऐतिहासिक वा भौगोलिक क्षेत्रको भ्रमण योग्य स्थानका बारेमा गुगल अर्थमा खोज गर्न सिकाउनुहोस् । तपाईंले प्रत्यक्ष निगरानी राख्नुहोस् र आवश्यक पर्दा सहजीकरण गर्नुहोस् ।

शिक्षकले नक्सा सम्बन्धी आधुनिक व्यावहारिक प्रविधि पाठ शिक्षणपछि विद्यार्थीलाई भ्रमण लाने योजना गर्नुभयो । नुवाकोटको विदुरमा अवस्थित एक विद्यालयका विद्यार्थीलाई रसुवाको स्याप्रुबेसीमा भ्रमण लैजाने कार्यक्रम तय भयो । भ्रमणको अगिल्लो दिन विद्यार्थीले नक्सासम्बन्धी विभिन्न व्यावहारिक प्रविधिको उपयोग गरी पहिचान गरेका क्षेत्र तल प्रस्तुत गरिएको छ :

(क) रसुवा जिल्लासम्बन्धी विभिन्न सूचना जस्तै : दिशा, अवस्थिति, राजमार्ग र दुरी भ्रमणको रुट र लाग्ने समय

(ख) रसुवाको उचाइ, तापक्रम र भौतिक वातावरण पत्ता लगाई सोअनुरूपका सामानको बन्दोबस्ती र तयारी

(ग) आवश्यक वस्तु तथा सेवाको उपलब्धता जस्तै: होटल, पार्किङ, पर्यटकीय स्थल

(घ) बिरामी वा आपत पर्दा उपलब्ध हुन सक्ने सेवा जस्तै : अस्पताल, एम्बुलेन्स आदि

(ङ) भ्रमण जानुपूर्व स्याफ्रुबेसीमा हुने गतिविधिको अवलोकन गरी आफूले त्यहाँ गएपछि गर्न सकिने मनोरञ्जन कार्य तय

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

अभ्यासमा र यहाँ दिइए जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. नक्सासम्बन्धी सूचनाको सम्बन्धमा पहिले र अहिलेको अवस्थाको खोजी गरी जानकारी टिपोट गर्नुहोस् ।

२. जिपिएस र जिआइएसको भिन्नता देखाउनुहोस् ।

३. नक्सासम्बन्धी आधुनिक प्रविधिको महŒव बुँदागत रूपमा लेख्नुहोस् ।

**(च) परियोजना/प्रयोगात्मक कार्य**

गुगल अर्थमा आफ्नो र साथीको घर पत्ता लगाई पिन गर्नुहोस् र कक्षा शिक्षकलाई उहाँकै मोबाइलमा देखाउनुहोस् ।

## एकाइ : सात हाम्रो विगत

पाठ्यक्रम विकास केन्द्र

**कार्यघण्टा : १४**

## १. एकाइ परिचय

विगतले इतिहासलाई जनाउँछ। विगतमा मानव क्रियाकलाप, सभ्यता र राज्य व्यवस्थामा घटेका घटनाहरूलाई तथ्य र तिथि मितिसहित तयार गरिएको विवरणलाई इतिहास भनिन्छ। हाम्रो विगत एकाइमा नेपालको आधुनिक इतिहासअन्तर्गत वि.सं. २००७ सालदेखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले नेपालको सामाजिक आर्थिक पक्षमा पारेको प्रभावको अध्ययन गरिने छ। यस एकाइमा २००७ सालमा प्रजातन्त्र स्थापनाको लागि भएको सशस्त्र क्रान्ति त्यसको कारण र परिणाम, वि.स. २००७ साल देखि २०१७ साल सम्मको प्रजातान्त्रिक समयावधिको एक दशक, २०१७ देखि २०४६ साल सम्मको पञ्चायती व्यवस्था र प्रजातन्त्र स्थापना, वि.सं. २०४६ साल पछिको प्रजातान्त्रिक शासन

अवधिदेखि हालसम्मका प्रमुख राजनीतिक घटनाक्रमहरू र त्यसले पारेको प्रभावको अध्ययन एवम प्रथम र द्वितीय विश्वयुद्धको कारण, प्रमुख घटनाक्रम, प्रभाव र नेपालले खेलेको भूमिका, स्थानीय क्षेत्रका ऐतिहासिक स्थलको पहिचान र संरक्षण जस्ता विषयवस्तु रहेका छन्। यस एकाइको अध्ययन पछि विद्यार्थीमा हाम्रो विगत र विरासत प्रति गर्व गर्ने र सो अनुकूलको ज्ञान, सिप र अवधारणाको विकास हुने साथै आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकको खोजी र संरक्षणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## २. विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** | **अका. घ.** |
|---|---|---|---|---|
| १. | **वि.सं. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता** | वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न | – चार सहिदहरू (गङ्गालाल श्रेष्ठ, धर्मभक्त<br>– माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्री) को<br>– फोटो चित्र, तस्विर<br>– वि.सं. २००७ सालको क्रान्तिका कारणहरू<br>– समावेश भएको चार्ट वा स्लाइड<br>– वि.सं. २००७ सालको दिल्ली सम्झौतामा मूख्य<br>– बुँदा समावेश चार्ट/स्लाइड<br>– वि.सं. २००७ सालको क्रान्तिको परिणामहरू<br>– समावेश चार्ट/स्लाइड | २ |

| | | | | |
|---|---|---|---|---|
| २. | **प्रजातान्त्रिक व्यवस्थाका एक दशक (वि.सं. २००७ देखि २०१७)** | वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न | – वि.सं. २००७ सालदेखि २०१७ सालसम्मका प्रमुख घटनाहरू समावेश भएको चार्ट/स्लाइड<br>– २००७ सालदेखि २०१७ सालसम्म महŒवपूर्ण व्यक्तिहरूको फोटो<br>– २००७ सालदेखि २०१७ सालसम्म प्रमुख सामाजिक आर्थिक उपलब्धि समावेश भएको चार्ट/स्लाइड<br>– २००७ देखि २०१७ सालसम्मका प्रमुख घटना समावेश गरी तयार गरेको समय रेखाका नमुनाहरू | २ |
| ३. | **वि.सं. २०१७ देखि २०४६ सम्मका राजनीतिक घटनाहरू** | वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न | – राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाउँदाको ख्ममभय क्लिप<br>– वि.सं. २०१७ देखि २०४६ सम्म घटेका प्रमुख घटनाहरूको सूची चार्ट/स्लाइड<br>– २०४६ सालको जनआन्दोलनका तस्बिर तथा भिडियो क्लिप<br>– पञ्चायती व्यस्था र अन्त्य हुनका कारणहरू समावेश चार्ट/स्लाइड | १ |
| ४. | **वि.सं. २०४६ देखि २०६३ सम्मका प्रमुख राजनीतिक घटनाहरू** | वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न | – वि.सं. २०४६ देखि २०६३ साल सम्म<br>– घटेका प्रमुख घटनाको तस्बिर, भिडियो<br>– तथा चार्ट/स्लाइड | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | – वि.सं. २०४६ देखि २०६३ साल सम्म<br>– घटेका घटनाहरूको चार्ट/स्लाइड<br>– नेपाल सरकार र ने.क.पा. माओवादी<br>– बिच विस्तृत शान्ति सम्झौता हुँदाको<br>– तस्बिर फोटो | |
| ५. | **वि.सं. २०६३ देखि हालसम्मका राजनीतिक घटनाक्रम** | वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न | – संविधान सभाको निर्वाचनसँग सम्बन्धित चित्र/फोटो, पोस्टर भिडियोको नमुना<br>– गणतन्त्र नेपालका प्रथम राष्ट्रपति, उपराष्ट्रपतिको फोटो/तस्बिर/भिडियो<br>– वि.सं. २०६३ देखि हालसम्मका प्रमुख घटनाहरू समावेश चार्ट/स्लाइड<br>– वि.सं. २०६२/६३ को आन्दोलनपछिको, आर्थिक सामाजिक र राजनीतिक परिवर्तनका सूची, चार्ट/स्लाइड | १ |
| ६ र ७ | **प्रथम विश्वयुद्ध : कारण र घटनाक्रम**<br>**प्रथम विश्वयुद्धको परिमाण** | प्रथम र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भूमिका प्रस्तुत गर्न | प्रथम विश्वयुद्धको समयको विश्वको नक्सा<br>- प्रथम विश्वयुद्ध प्रमुख कारणहरू समावेश भएको चार्ट/स्लाइड<br>- समय रेखाको नमुना<br>- प्रथम विश्वयुद्धका परिणाम समावेश स्लाइड तथा डकुमेन्ट्री भिडियो | ३ |
| ८ र ९ | **दोस्रो विश्वयुद्ध र यसको कारण**<br>**दोस्रो विश्वयुद्धका परिणाम र नेपालको भूमिका** | प्रथम र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भूमिका प्रस्तुत गर्न | – एडल्फ हिटलर, बेनिटो मुसोलिनी र जनरल फ्रान्सिस्को को चित्र/ फोटो | ३ |

पाठ्यक्रम विकास केन्द्र

| | | | | |
|---|---|---|---|---|
| | | | – दोस्रो विश्वयुद्ध प्रमुख कारणहरू समावेश भएको चार्ट/स्लाइड<br>– दोस्रो विश्वयुद्धका प्रमुख घटना समावेश भएको तालिका/चार्ट<br>– भिडियोको नमुनाहरू<br>– दोस्रो विश्वयुद्धको समयको विश्वको राजनीतिक नक्सा | |
| १०. | **स्थानीय क्षेत्रका ऐतिहासिक स्थलको पहिचान र संरक्षण** | आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान, संरक्षण र संवर्धन गर्न | – आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक स्थालहरूको चित्र, फोटो वा भिडियो<br>– आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक स्थालहरूको सूची समावेश चार्ट/स्लाइड | १ |

पाठ्यक्रम विकास केन्द्र

# पाठ : १ वि.स. २००७ सालको क्रान्ति र दिल्ली सम्झौता

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

नेपालमा वि.सं. १९०३ बाट सुरु भएको निरंकुश जहाँनिया राणा शासन वि.सं. २००७ सालमा अन्त्य भयो । १०४ वर्षसम्म चलेको निरंकुश राणा शासनको अन्त्य गर्न नेपाली काङ्ग्रेसले सशस्त्र क्रान्ति सुरु गऱ्यो । राणा विरोधी सङ्गठन र राजनीतिक दलको स्थापना, जनचेतनामा भएको वृद्धि, राणाहरूको अन्याय र भत्याचारको बढोत्तरीले यो क्रान्ति भएको थियो । तत्कालीन राजा त्रिभुवनले पनि उक्त क्रान्तिमा सहयोग पुऱ्याउने उद्देश्यले राजगद्दी त्यागेर भारत गएका थिए । राणा प्रधानमन्त्री मोहन शमशेरले राजा त्रिभुवनका माइला नाती ज्ञानेन्द्रलाई राजा बनाएर शासन सञ्चालन गरे । नेपाली काङ्ग्रेसको सशस्त्र क्रान्तिको कारण काठमाडौँमा राणा विरोधी प्रर्दशन बढ्दै गएकोले स्थिति भयावह भएपछि प्रधानमन्त्री मोहन शमशेरले भारतीय प्रधानमन्त्रीलाई मध्यस्थता गर्न अनुरोध गरे । भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा २००७ फाल्गुण १ गते राणा, नेपाली काङ्ग्रेस र राजा त्रिभुवनबिच त्रिपक्षिय सम्झौता भयो । यसलाई दिल्ली सम्झौता पनि भनिन्छ । उक्त सम्झौताअनुसार राजा त्रिभुवनले वि.सं. २००७ फाल्गुणा ७ गते राणा शासनको अन्त्य गर्दै प्रजातन्त्र स्थापनाको घोषणा गरे ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि : | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न, | - वि.सं. २००७ सालको क्रान्तिका कारणहरू बताउन,<br>- वि.सं. २००७ सालको क्रान्तिको प्रमुख घटनाक्रम उल्लेख गर्न,<br>- वि.सं. २००७ मा भएको दिल्ली सम्झौताका मुख्य बुँदा बताउन<br>- वि.सं. २००७ सालको क्रान्तिको परिणामहरू चर्चा गर्न, |

**(ग) शैक्षणिक सामग्री**

- चार सहिदहरू (गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्री) को फोटो चित्र, तस्बिर
- वि.सं. २००७ सालको क्रान्तिका कारणहरू समावेश भएको चार्ट वा स्लाइड
- वि.सं. २००७ सालको दिल्ली सम्झौताका मुख्य बुँदा समावेश चार्ट/स्लाइड
- वि.सं. २००७ सालको क्रान्तिको परिणामहरू समावेश चार्ट/स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

शिक्षकले राणा विरोधी आन्दोलनमा सहादत प्राप्त गर्ने चार जना सहिदको फोटो वा तस्विर प्रदर्शन गर्दै तस्बिरमा देखाइएका व्यक्तिहरू को को हुन् ? उनीहरूको योगदान के के होला ? उनीहरूलाई राणाहरूले किन मृत्यु दण्ड दिएका होलान ? भनी प्रश्न  गर्दै छलफल गर्नुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई जोड्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप नं १ वृक्षचित्र प्रस्तुति र छलफल**

वि.सं. २००७ सालको क्रन्तिका कारणहरू समावेश भएको चार्ट तथा स्लाइड प्रदर्शन गर्दै उक्त कारणहरूका बारेमा विभिन्न उदाहरण दिँदै प्रस्ट पार्नुहोस् र विद्यार्थीलाई वि.सं. २००७ सालको क्रन्तिका कारणहरू समावेश गर्दै वृक्षचित्र बनाउन लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।




**क्रियाकलाप नं २ :   अध्ययन र छलफल**

विद्यार्थीलाई पाठ्यपुस्तकमा दिइएको २००७ सालको क्रान्तिको प्रमुख घटनाक्रमहरू अध्ययन गर्न लगाउनुहोस । विद्यार्थीले उक्त अनुच्छेद अध्ययन गरिसकेपछि समूहमा प्रश्न सोध्ने, एकक्षण रोक्ने, एक/एक जना विद्यार्थीबाट उत्तरको अपेक्षा गर्ने, विद्यार्थीको उत्तर सुन्ने र मूल्याङ्कन गर्ने विधि ( ब्एीभ त्भअजलष्त्रभ ) प्रयोग गरि  विद्यार्थीले पढेका विषयवस्तुसँग सम्बन्धित प्रश्न सोध्नुहोस् । विद्यार्थीले उत्तर दिइसकेपछि आवश्यकताअनुसार पृष्ठपोषण  दिँदैं विद्यार्थीलाई २००७ सालका क्रान्तिको प्रमुख घटनाहरूबारे  प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : चार्ट/ स्लाइड प्रस्तुति र छलफल**

दिल्ली सम्झौताका प्रमुख बुँदाहरू समावेश भएका चार्ट/स्लाइड प्रर्दशन गर्नुहोस् । विद्यार्थीलाई दिल्ली सम्झौताका बुँदाहरूको अध्ययन गर्न लगाउनुहोस् ।। विद्यार्थीले दिल्ली सम्झौताका बुँदाहरूको अध्ययन गरिसकेपछि उक्त बुदाँहरूको विश्लेषण गर्न लगाउनुहोस् ।

**दिल्ली सम्झौताका मुख्य सर्तहरू**

(क) जनताद्वारा निर्वाचित विधान सभाले संविधान निर्माण गर्ने

(ख) १० जना (५ नेपाली काङ्ग्रेस र ५ राणाहरू) सदस्य रहेका अन्तरिम मन्त्री मण्डल गठन गर्ने

(ग) श्री ३ मा निहित भएका सबै अधिकार राजालाई सुम्पिने र वैधानिक राजा त्रिभुवन नै हुने

(घ) राजनीतिक सङ्गठन खोल्न कुनै प्रतिबन्ध रहने छैन । फौजदारी अभियोग लागेका बाहेक अरू राजबन्दीलाई बिना सर्त रिहा गर्ने

(ङ) आन्दोलनकारीहरूले सरकारलाई आफ्ना हतियारहरू बुझाउनुपर्ने र आन्दोलन रोक्नुपर्ने

विश्लेषणका **बुँदा**

- १०४ वर्ष देखिको निरंकुश राणा शासन अन्त्य भएको
- प्रजातन्त्र स्थापना भएको
- प्रजातन्त्र स्थापनापछि पनि राणा प्रधानमन्त्रीको निरन्तरता दिइएको
- नेपालको आन्तरिक राजनीतिमा भारतको हस्तक्षेप बढेको
- सम्झौता गरी आन्दोलनलाई अन्त गरिएको

**क्रियाकलाप ४ : गोलमेच छलफल**

वि.सं. २००७ सालको क्रान्तिका परिणामहरू समावेश भएको चार्ट वा स्लाइड प्रर्दशन गर्नुहोस् । विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी एउटा समूहलाई कुनै एउटा परिणामको बारेमा राउन्ड टेबुल छलफल विधिको माध्यमबाट छलफल गर्न लगाई कक्षामा निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

- **वि.सं. २००७ सालको क्रान्तिका परिणाम**
- नेपाली जनताले शिक्षा प्राप्त गर्ने अवसर पाए ।
- जनतामा चेतना वृद्धि भयो ।
- नेपालमा १०४ वर्ष चलेको राणा शासनको अन्त्य भयो ।
- प्रजातान्त्रिक शासन व्यवस्थाको आधार तयार भयो ।
- अन्तरिम शासन विधान निर्माण भई कार्यान्वयनमा ल्याइयो ।
- विकास निर्माणलगायत समग्र क्षेत्रमा जनसहभागीतामा वृद्धि हुन थाल्यो ।

**क्रियाकलाप ५ : वक्तृत्वकला प्रस्तुति**

विद्यार्थीलाई दिइएको कुनै एक शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् । विद्यार्थीमध्येबाट सञ्चालक, सभापति, निर्णायक मण्डल छनोट गर्नुहोस् साथै वक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्नुहोस् ।

**वक्तृत्वकला प्रतियोगिताको शीर्षक**

- प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको भूमिका
- दिल्ली सम्झौता : तात्कालीन समयको उपलब्धि
- २००७ सालको क्रान्तिले जहानियाँ शासनको अन्त्य र अर्को निरङ्कुश शासनको प्रादुर्भाव

वक्तृत्वकलाको नमुना

शीर्षक : प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको भूमिका महŒवपूर्ण थियो

यस सभाका सभाध्यक्षज्यू
मञ्चमा आसिन अतिथिगण,
गुरुवर्ग, निर्णायक मण्डल र मेरा प्यारा साथीहरू,

आज यस विद्यालयमा आयोजित वक्तृत्वकला प्रतियोगितामा सहभागी भएर विचार राख्न पाउँदा अत्यन्तै गौरवको महसुस गरेकी छु । आजको वक्तृत्वकलाको शीर्षक रहेको छ 'प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको भूमिका' । अब म यस शीर्षकमा केन्द्रित रहेर आफ्नो भनाइ राख्न चाहान्छु । आदरणीय सभाध्यक्षज्यू, प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको महŒवपूर्ण भूमिका रहेको पाइन्छ । राजा त्रिभुवनले राणा सरकारले वि.सं. २००७ असोजमा पक्राउ परेका गणेशमान सिंहलगायत व्यक्तिहरूलाई फाँसी दिन लाग्दा राजाले अस्विकार गरेका थिए ।नेपाल प्रजा परिषद् स्थापनापछि राणा विरोधी आन्दोलनलाई आर्थिक तथा नैतिक सहयोग उपलब्ध गराउँदै आएका थिए । वि.सं. २००७ साल कार्तिक २१ गते नेपाली काङ्ग्रेसले सुरु गरेको आन्दोलनलाई समर्थन गर्न राजगद्धी त्याग गरी भारतीय राजदूतावासमा शरण र २००७ कार्तिक २६ गते भारतीय बिमानद्वारा दिल्ली गएका थिए ।दिल्लीमा बसेर राणाविरोधी आन्दोलनमा सहयोग पुऱ्याउनुका साथै २००७ फाल्गुण १ गते दिल्ली सम्झौता गरे । फाल्गुण ४ गते नेपाल फर्के भने फाल्गुण ७ गते राणाशासनको अन्त्य गर्दै प्रजातन्त्रको स्थापन गरे । त्यसैले प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको महŒवपूर्ण थियो भन्दै मेरो भनाइ अन्त्य गर्दछु धन्यवाद ।

### (ङ) मूल्याङ्कन

पाठसँग सम्बन्धित निम्नलिखित प्रश्न र अन्य प्रश्नहरू थप गरी मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. प्रजापरिषद् स्थापनाको मूख्य उद्देश्य के थियो ?

२. राजनीतिक दलको स्थापना र राजा त्रिभुवनको गद्दी त्याग वि.सं. २००७ सालको क्रान्तिको मुख्य कारण हो, प्रस्ट पार्नुहोस् ।

३. प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको योगदान थियो भन्ने आधारहरू प्रस्तुत गर्नुहोस् ।


४. कक्षाकार्यको विभिन्न क्रियाकलापमा विद्यार्थीको सहभागिता र प्रस्तुतिका आधारमा निम्नलिखित अवलोकन फारम भरि मूल्याङ्कन गर्नुहोस् ।

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **कक्षाकार्यमा सक्रियता** | **विश्लेषणात्मक क्षमता** | **निष्कर्ष प्रस्तुति** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

धेरै राम्रो -३, राम्रो - २, सुधार गर्नुपर्ने -१

### (छ) थप स्रोतसामग्री

**नेपालको इतिहास,** जततउकस्रुयाबानयखालउरबदयगत(लभउबरिजष्कतयचथ(या(लभउबरि



२००७ साल फागुन ७ गते राजा त्रिभुवनले गर्नुभएको सम्बोधन

# शाही घोषणा

स्वस्तिश्री गिरिराज चक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा, ॐ राम पट्ट, अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रवल गोरखा दक्षिणवाहु, महाधिपति श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम सदा समरविजयिनाम्–

आगे हाम्रो भरमुलुकका भाइ भारदार सन्त महन्त रैती दुनियाँ साहू महाजन गैह्रके यथोचित

उप्रान्त सम्वत् १९०३ सालमा त्यस समयमा यो राज्यको गद्दीमा राज भएको हाम्रो स्वर्गीय पूज्य जिज्यूबराज्यू श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम शाहदेवले धेरै गम्भीर र महत्वपूर्ण कारणले आफ्ना र आफ्ना उत्तराधिकारीहरूको तर्फबाट यो मुलुकको शासनभार श्री ३ महाराज जङ्गबहादुर राणालाई सुम्पिबक्सेको हुनाले,

उपरोक्त श्री ३ महाराज जङ्गबहादुर राणाका उत्तराधिकारीहरूले हाम्रा पूर्वजहरूको तर्फबाट मौसूफहरूका प्राइम मिनिष्टरहरूको हैसियतमा यो राज्यको शासन चलाइआएकोले

औ वर्तमान समयमा श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणाले हाम्रो तर्फबाट औ हाम्रो नाममा यो राज्यको शासन चलाइआएको हो,

औ हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले

औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्यसम्पादन गर्नामा मद्दत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मंत्रिमण्डलको संगठन होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले,

तस्वर्थ हामीबाट यो घोषणापत्रद्वारा हामीलाई हाम्रो कार्यको संपादनमा मद्दत गर्न, हाम्रा अति विश्वासपात्र र प्रिय श्री ३ महाराज मोहन शमशेर जङ्गबहादुर राणा हाम्रो प्राइम मिनिष्टर र परराष्ट्रमंत्री,

श्री मिनिष्टर बबर शमशेर जङ्ग बहादुर राणा, रक्षामंत्री,

श्री विश्वेश्वर प्रसाद कोइराला, गृहमंत्री,

श्री सुवर्ण शमशेर, अर्थमंत्री,

श्री चूडाराज शमशेर, वन–विभागको मंत्री,

श्री गणेशमानसिङ, उद्योग र वाणिज्यमंत्री,

श्री नृप जङ्ग राणा, शिक्षामंत्री,

श्री भद्रकाली मिश्र, यातायातमंत्री,

श्री यज्ञ बहादुर बस्न्यात, स्वास्थ्य र स्थानीय स्वायत्त शासनमंत्री,

श्री भरतमणि शर्मा, खाद्य र कृषिमंत्री, समेत अरू मंत्रीहरू सम्मिलित भएको एक मंत्रीमण्डल संगठन र नियुक्त गरिबक्सिन्छौं।

माथि उल्लेख गरिएका मंत्रीहरू हाम्रो इच्छाअनुसार आफ्ना ओहदामा रहनेछन्, औ संयुक्त रूपमा हामीपनि जिम्मेदार रहनेछन्। यो राज्यको शासनसम्बन्धी विषयहरूमा मंत्रिमण्डलका सबै निर्णयहरू हामीलाई जाहेर गर्ने हाम्रो प्राइम मिनिष्टरको कर्तव्य हुनेछ। औ यो राज्यको शासनसम्बन्धी विषयहरूका बारेमा हामीले खोजिबक्सेको सबै समाचार पनि उनले हामीलाई जाहेर गर्ने उनको कर्तव्य हुनेछ।

औ हामी यसद्वारा हाम्रा सबै प्रजालाई, हामी र हाम्रा उत्तराधिकारीप्रति सदा वफादारी धारण गर्नाको निमित्त आमन्त्रण गर्दछौं। औ हाम्रा सबै जङ्गी निजामती अफिसरहरू र यस राज्यका अरू बासिन्दाहरूलाई आज्ञाकारी भई हाम्रा मन्त्रीहरूलाई निजको कर्तव्यको संपादनमा मद्दत र सहायता गर्नालाई आदेश गरिबक्सन्छौं।

राजनैतिक अपराधमा परेकाहरू सबैलाई निजहरू २००७।१२।२०।२ अघि आफ्ना आफ्ना घर फर्की शान्तिमय काम काजमा लागे भने निजहरूलाई माफी र विस्मृति दिने, औ त्यस्ता अपराधमा जफत भएको निजहरूको जायदाद तिनीहरूलाई फिर्ता दिने हाम्रो शाही इच्छा छ।

यो हाम्रो आन्तरिक आशा छ कि यो नयाँ व्यवस्थामा सरकार र दुनियाँले मिलीजुली नेपालको उन्नति र संवृद्धिको निमित्त प्रयत्न गर्नेछन्। परमेश्वरले हामीलाई र हाम्रा अधिकारी वर्गलाई हाम्रा प्रजाको हितको निमित्त उपरोक्त हाम्रा इच्छाहरू पालना गर्ने शक्ति दिऊन्।

नारायणहिटी दरबार,
काठमाडौं,
२००७।११।७।१

*२००७ साल फागनु ८ गते प्रकाशित गोरखापत्रबाट साभार*

## पाठ : २ प्रजातान्त्रिक व्यवस्थाका एक दशक : (वि.स. २००७ देखि २०१७)

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

विक्रम संवत् २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि मोहन शमशेरको नेतृत्वमा राणा र नेपाली काङ्ग्रेसको संयुक्त सरकार गठन भयो । उक्त सरकारले वि.सं. २००७ चैत्र १७ गते नेपालको अन्तरिम शासन विधान २००७ जारी गऱ्यो । वि.सं. २००८ सालमा विद्यार्थी नेता चिनियाँ काजीको हत्या भयो । उक्त घटनामा राणा र काङ्ग्रेसले एकअर्कालाई दोषारोपण गर्न थाले । जसको परिणाम स्वरूप राणा र नेपाली काङ्ग्रेसका मान्त्रीहरूबिच एकआपसमा मतभेद सुरु भयो । नेपाली काङ्ग्रेसका नेता तथा तत्कालीन गृहमन्त्री वि.पी. कोइरालाले मोहन शमशेरको नेतृत्वमा सरकार रहुन्जेलसम्म प्रजातन्त्र आउन नसक्ने अभिव्यक्ति दिएपछि वि.सं. २००८ कार्तिक २५ गते नेपाली काङ्ग्रेसका मन्त्रीहरूले राजीनामा दिए । कार्तिक २६ गते प्रधानमन्त्री मोहन शमशेरले पनि पदबाट राजीनामा दिएपछि संयुक्त मन्त्रीमण्डल विघटन भयो । त्यसपछि गठन भएका सरकार पनि लामो समयसम्म टिक्न सकेन । पटक पटक सरकार गठन र विघटन भइरह्यो । यसै क्रममा राजा महेन्द्रले वि.सं २०१७ पुस १ गतेको शाही घोषणबाट नेपालका राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए सँगसँगै २००७ सालमा स्थापना भएको बहुदलीय व्यवस्थाको अन्त्य भयो ।

यस पाठमा वि.सं. २००७ देखि २०१७ साल सम्मका राजनितीक घटनाक्रम र त्यसले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव जस्ता विषयवस्तु समावेश गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न | - वि.सं. २००७ देखि २०१७ सम्म धेरैओटा सरकार गठन र विघटन हुनका प्रमुख कारणहरू खोजी गर्न<br>- वि.सं. २००७ देखि २०१७ साल सम्मका प्रमुख राजनीतिक घटनाक्रमहरू उल्लेख गर्न<br>- वि.सं. २००७ देखि २०१७ सालसम्मका प्रमुख सामाजिक आर्थिक उपलब्धिको सूची तयार पार्न<br>- वि.सं. २००७ देखि २०१७ साल सम्ममा प्रमुख राजनीतिक घटनाहरूलाई समय रेखामा प्रस्तुत गर्न |

**(ग) शैक्षणिक सामग्री**

- वि.सं. २००७ सालदेखि २०१७ सालसम्मका प्रमुख घटनाहरू समावेश भएको चार्ट/स्लाइड

- २००७ सालदेखि २०१७ सालसम्मका प्रमुख पात्रका तस्बिरहरू
- २००७ साल देखि २०१७ सालसम्मका प्रमुख सामाजिक आर्थिक उपलब्धि समावेश भएको चार्ट/स्लाइड
- २००७ देखि २०१७ साल सम्मका प्रमुख घटना समावेश गरी तयार गरेको समय रेखाका नमुनाहरू

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

निम्नलिखित प्रश्नका आधारमा पूर्व पाठको पुनरवलोकन गराउँदै आजको पाठमा प्रवेश गर्नुहोस् ।

- दिल्ली सम्झौता भनेको के हो ?
- २००७ सालको क्रान्तिका दुईओटा कारण के के हुन् ?
- दिल्ली सम्झौताका मुख्य बुँदा के के थिए ?
- प्रजातन्त्र स्थापनामा राजा त्रिभुवनको भूमिकालाई दुई बुँदामा मूल्याङ्कन गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : जोडामा छलफल र प्रस्तुति**

विद्यार्थीलाई वि.सं. २००७ सालदेखि २०१७ सालसम्म किन धेरैओटा सरकार गठन र विघटन भएका होलान् ? भनी प्रश्न गर्नुहोस् । उक्त प्रश्नको उत्तर विद्यार्थीलाई व्यक्तिगत रूपमा सोचेर लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेको उत्तरहरू जोडी जोडीमा छलफल गरी साझा (समान) उत्तर लेख्न लगाउनुहोस् र अन्तमा केही जोडीहरूलाई आफूले लेखेको उत्तरहरू प्रस्तुत गर्न लगाउनुहोस् र स्पष्ट नभएका बुँदाहरू आफैँले प्रस्ट पारिदिनुहोस् ।

**सरकार गठन र विघटन हुनका कारणहरू**

- डा. के आई. सिंहको विद्रोह
- राणा र नेपाली काङ्ग्रेसका मन्त्रीबिच मनमुटाव
- राजनीतिक दलहरूबिच बेमेलको वातावरण
- सत्ता स्वार्थका कारण राजनीतिक दल विभाजन
- जनतामा राजनीतिक चेतनाको कमी
- नेपालको राजनीतिमा बाह्य हस्तक्षेप
- राजा त्रिभुवनद्वारा सरकार गठनमा हस्तक्षेप (परामर्शदातृ सरकार गठन)

**क्रियाकलाप २ समूह छलफल र प्रस्तुति**

कक्षाका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई २००७ साल देखि २०१७ सालसममका कुनै एउटा घटनाक्रमका बारेमा विवरण सङ्कलन गरी चार्ट पेपरमा लेख्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेको चार्टपेपर क्रमैसँग प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले नबुझेका प्रश्नहरू चार्ट तयार गर्ने समूहलाई सोधेर प्रस्ट हुने अवसर दिनुहोस् र अन्तमा आवश्यकताअनुसार पृष्ठ पोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३ रनिङ डिक्टेसन**


वि.सं. २००७ सालदेखि २०१७ सालसम्मका प्रमुख सामाजिक आर्थिक उपलब्धि समावेश भएको चार्ट कक्षाकोठाभन्दा बाहिर टाँस्नुहोस् । कक्षाका विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहका विद्यार्थीमध्ये एक जनालाई लेखक एक जनालाई प्रस्तुतकर्ता र बाँकीलाई रनर बनाउनुहोस् । त्यसपछि चार्ट पेपर टाँसेको स्थानको बारेमा रनरलाई बताई निश्चित समयभित्र चार्टपेपरमा लेखिएका विषयवस्तु पढेर आई लेखकलाई आफूले पढेका कुरा सुनाउन लगाउनुहोस् । लेखकले लेखिसकेपछि आवश्यकताअनुसार समूहमा छलफल गरी सुधार गर्न लगाउनुहोस् र प्रत्येक समूहले तयार गरेको विषयवस्तु पालैपालो प्रस्तुतकर्तालाई प्रस्तुत गर्न लगाई मूल्याङ्कन र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ४ समय रेखा निर्माण र प्रर्दशन**

विद्यार्थीलाई वि.सं. २००७ देखि २०१७ साल सम्म घटेका प्रमुख राजनीतिक घटनाक्रम समेटेर समय रेखा निर्माण गर्नको लागि समय रेखाका नमुनाहरू प्रस्तुत गर्दै समय रेखा बनाउने तरिकाका सम्बन्धमा आवश्यकताअनुसार समयरेखा निर्माण गरी प्रतिनिधिमूलक रूपमा केही विद्यार्थीलाई प्रस्तुत गर्न लागउनुहोस् ।

समय रेखाको नमुना

**वि. सं. २००७ साल देखि २०१७ सम्मका प्रमुख घटनाहरू**




**(ङ) मूल्याङ्कन**

पाठ्यपुस्तकमा दिइएका प्रश्नका साथसाथै निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :

१. डा. के. आई. सिंहले विद्रोह गर्नुका कारणहरू के के होलान् ?

२. टङ्कप्रसाद आचार्यको नेतृत्वमा रहेको सरकारले गरेका कार्यहरू चर्चा गर्नुहोस् ।

३. वि.सं. २००७ देखि २०१७ सम्मको एक दशकको अवधि राजनीतिक अस्थिरताको समय थियो भन्ने भनाइलाई पुष्टी गर्नुहोस् ।

४. परामर्श दातृ सरकार भन्नाले के बुझिन्छ ? उक्त सरकारका विशेषताहरू खोजी गर्नुहोस् ।

विद्यार्थीको समूह कार्यमा सक्रियताका आधारमा निम्नलिखित मूल्याङ्कन फारमको उपयोग गरी मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम | समूहमा सक्रियता | विषयवस्तुको अध्ययन र प्रस्तुति | जिम्मेवारी वहन | अन्य समूहलाई पृष्ठपोषण |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

उत्कृष्ट - ३, राम्रो - २, सुधार गर्नुपर्ने - १

**(च) थप अध्ययन सामग्री**

भिमदत्त पन्त : राजनीतिज्ञ तथा नेपाली किसान आन्दोलनका महान सहिद भिमदत्त पन्त वि.सं. १९८३ मङ्सिर १० गते आमा सरस्वती पन्त र बुबा तारानाथ पन्तका सुपुत्रका रूपमा डडेल्धुरामा जन्म भएको थियो । राणाविरोधी आन्दोलनमा सक्रिय भिमदत्त पन्तले क्रान्ति पूरा भएको छैन भनी राणासित मिलेर बनाएको सरकारको विरोध गरे । ग्रामीण क्षेत्रमा किसानहरूमाथि भएको अन्याय, अत्याचार र शोषणको विरोध गर्दै उनले विद्रोह गरेका थिए । किसान आन्दोलन चलाइरहेको अवस्थामा वि.सं. २०१० भदौ ७ गते नेपाल सरकारद्वारा भारतीय सेनाको सहयोगमा उनको हत्या भयो ।

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ३  वि.स. २०१७ देखि २०४६ सम्मका राजनीतिक घटनाहरू

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

राजा महेन्द्रले नेपालका राजनीतिक दलमाथि प्रतिबन्ध लगाएपश्चात् वि.स.२००७ सालमा स्थापना भएको बहुदलीय व्यवस्थाको अन्त्य भयो । राजा महेन्द्रले २०१७ पुस २२ गते औपचारिक रूपमा निरङ्कुश दलविहिन पञ्चायती व्यवस्थाको घोषणा गरे । त्यसपछि नेपालका राजनीतिक दलहरूले राजाको कदमको विरुद्ध आन्दोलन तथा सङ्घर्षका कार्यक्रहरूको सुरुआत भयो । यस पाठमा २०१८ सालको जनकपुर बम काण्ड, २०२८ सालको झापा विद्रोह, २०३० सालको बिमान अपहरण, २०३२ सालको सुखानी काण्ड ३०३६ सालको जनमत सङ्ग्रहको घोषणा तथा २०३७ सालको जनमत सङ्ग्रह, २०४० सालको पिस्कर हत्या काण्ड २०४२ सालको सत्याग्रह, तथा पञ्चायती व्यवस्थाले जनताहरू मानव अधिकार र मौलिक अधिकारबाट हनन एवम २०४६ सालमा प्रजातन्त्र प्राप्तीको लागि जनताले गरेका जनआन्दोलन जस्ता वस्तुहरू रहेका छन् । यस पाठको अध्ययनपश्चात् विद्यार्थी वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव उल्लेख गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव वर्णन गर्न, | - राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाउँदा लगाएका आरोपहरू खोजी गर्न,<br>- वि.सं. २०१७ देखि २०४६ साल सम्म घटेका प्रमुख घटनाहरू र त्यसको प्रभाव उल्लेख गर्न,<br>- नेपालमा पञ्चायती व्यवस्था सुरु र अन्त्य हुनको कारणहरू चर्चा गर्न<br>- वि.सं. २०१७ देखि २०४६ सम्मका सामाजिक आर्थिक उपलब्धिहरू प्रस्तुत गर्न |

### (ग) शैक्षणिक सामग्री

- राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाउन गरेको घोषणाको ख्र्मभय क्लिप
- वि.सं. २०१७ देखि २०४६ सम्म घटेका प्रमुख घटनाहरूको सूची चार्ट/स्लाइड
- २०४६ सालको जनआन्दोलनका तस्बिर तथा भिडियो क्लिप
- पञ्चायती व्यवस्थाको अन्त्य हुनका कारणहरू समावेश चार्ट/स्लाइड

पाठ्यक्रम विकास केन्द्र

**(घ) सिकाइ सहजीकरण प्रक्रिया**

**(अ) सुरुआती क्रियाकलाप**

वि.सं. २०१७ साल पौष १ गते राजा महेन्द्रले संसद् र सरकारलाई निलम्बन गरी राजनीतिक दलमाथि प्रतिबन्ध गरेको शाही घोषणाको भिडियो क्लिप  वा वि.सं.२०१७ सालको शाही घोषणाको कटिङ प्रदर्शन गरी छलफल गरी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १: एउटा दिने अर्को लिने विधि र छलफल**

विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा दिइएको **नेपालमा पञ्चायती व्यवस्थाको सुरुआत हुनाका कारणहरू** अध्ययन गर्न लगाउनुहोस् । उक्त विषयवस्तु अध्ययन गरेपछि विद्यार्थीलाई पुस्तक बन्द गर्न लगाई प्रत्येकलाई कुनै दुईओटा कारणहरू लेख्न लगाउनुहोस् । उनीहरूले लेखेको बुँदामध्ये नदोहोरिने गरी एकओटा बुँदा साथीलाई टिप्न लगाउने र साथीले लेखेको फरक बुदाँ आफूले टिप्न भन्नुहोस् । यसरी नै सबै बुँदाहरू नलेखुन्जेलसम्म अर्को साथीसँग सम्पर्क गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : ग्राफिटी**

कक्षाकोठामा रहेका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । कक्षामा धेरै जना विद्यार्थी भएमा धेरैओटा समूह बनाउनुहोस् । विद्यार्थीको समूहलाई पाठ्यपुस्तकमा दिइएका वि.सं. २०१७ सालदेखि २०४६ सालसम्म घटेका प्रमुख घटनाक्रमहरू समावेश चार्ट प्रदर्शन गर्दै  एउटा समूहलाई उक्त घटनामध्ये  एक वा दुईओटा घटनाको बारेमा पाठ्युपस्तक वा सन्दर्भ सामग्रीको सहयोगमा विद्यार्थीलाई न्यूज प्रिन्टमा लेख्न लगाउनुहोस् । केही समयपछि एउटा समूहले लेखेको न्युजप्रिन्ट पालैपालो अर्को समहुलाई दिन लगाउनुहोस् । उक्त समूहलाई कुनै कुरा थप गर्नुपर्ने भएमा थप गर्न लगाई अर्को समूहमा दिन लगाउनुहोस् । सबै समूहमा सबै न्युजप्रिन्ट पुगेपछि हरेक समहुमा पुगेर थप भएका विषयवस्तुसहित न्युजप्रिन्ट लेख्ने समूहलाई अन्य समूहले थपेका विषयवस्तुसहित पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । यस विधिलाई ग्राफिटी विधि भनिन्छ । विद्यार्थी समूहले प्रस्तुत गरेका विषयवस्तु प्रस्ट नभएमा शिक्षकले प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ : प्रतिवेदन लेखन**

विद्यार्थीलाई गाउ, नगर वा समुदायमा पञ्चायती व्यवस्थाको विरोधमा भएका आन्दोलनमा सहभागी भएका व्यक्तिहरूसँग सोधपुछ गरेर वा इतिहासका पुस्तक, पाठ्यपुस्तक तथा इन्टरनेटको सहयोगमा २०१७ साल देखि २०४६

सम्मका घटनाले देशको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा पारेको प्रभाव समावेश गरी प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

प्रतिवेदनको नमुना

शीर्षक : वि.स. २०१७ देखि २०४६ सम्मका घटनाले पारेको प्रभाव

परिचय : वि.स. २०१७ साल पौष १ गते राजा महेन्द्रले संसद र सरकारलाई निलम्बन गरी राजनीतिक दलमाथि प्रतिबन्ध लगाए । राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ मा उल्लिखित सङ्कटकालीन अधिकारको आफूखुसी प्रयोग गरेर दलमाथि प्रतिबद लगाएका थिए । राजा महेन्द्रको उक्त कदमसँगै देशमा निर्दलीय पञ्चायती व्यवस्थाको सुरु भयो । उक्त व्यवस्था २०४६ साल सम्म रह्यो ।

उद्देश्य : यस अध्ययनको उद्देश्य निम्नानुसार छ :

वि.सं. २०१७ देखि २०४६ सम्मका घटनाले देशको अर्थिक, सामाजिक तथा रातिक क्षेत्रमा परेको प्रभाव खोजी गर्नु

अध्ययन विधि : यस अध्ययनमा पञ्चायती व्यवस्था विरुद्ध आन्दोलनमा सहभागी व्यक्ति समुदायका राजनीतिक व्यक्तित्व र शिक्षकसँग सोधपुछ गरियो ।

प्राप्ति

वि.सं. २०१७ देखि २०४६ सम्म घटेका घटनाले देशको आर्थिक सामाजिक तथा राजनीतिक क्षेत्रमा प्रभाव पारेको थियो । यस अवधिमा भूमिसुधार कार्यक्रम लाग्नु भयो । राजमार्गको विकास र विस्तार, औद्योगिक क्षेत्रको स्थापना, हवाई सेवामा विस्तार, जनतामा राजनीतिक सचेतना वृद्धि हुनको साथै असंलग्नता, संयुक्त राष्ट्रसङ्घ जस्ता अन्तर्राष्ट्रिय फारममा नेपालको सहभागिता वृद्धि हुनु सकरात्मक प्रभाव हो भने ।

पञ्चायत विरोधी आन्दोलनमा धेरै ठुलो धनजनको क्षति हुनु, आर्थिक विकासले गति लिन नसक्नु, नगारिक अधिकार कुण्ठित हुनु यस अवधिका नकरात्मक प्रभाव हुन् ।

निष्कर्ष : वि.सं. २०१७ देखि २०४६ सालसम्मको निरङ्कुश पञ्चायती व्यवस्था विरुद्ध वि.सं. २०४६ साल फाल्गुन ७ गते बाट जनआन्दोलन सुरु भयो । उक्तआन्दोलनको परिणाम स्वरूप २०४६ चैत्र २६ गते प्रजातन्त्रको पुन : स्थापना भयो ।

**क्रियाकलाप ४ : प्रदर्शन र छलफल**

शिक्षकले पञ्चायती व्यवस्था अन्त्य हुनाको कारणहरू समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै विभिन्न उदाहरणको माध्यमबाट कक्षाकोठामा छलफल गरी पञ्चायती व्यवस्था अन्त्य हुनाको कारणहरू प्रस्ट पार्नुहोस् ।

**(ङ.) मूल्याङ्कन**

पाठ्यपुस्तकमा दिइएको प्रश्नका साथसाथै निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :

१. राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाउँदा लगाएका आरोपहरू चर्चा गर्नुहोस् ।

२. जनमत सङ्ग्रह २०३६ को पृष्ठभूमि र राजनीतिक दलहरूको भूमिका प्रस्ट पार्नुहोस् ।

३. नेपाल पञ्चायती व्यवस्था सुरु र अन्त्य हुनाको कारणहरू समावेश गर्दै दुई जना साथीबिचको संवाद तयार गर्नुहोस् ।

४. वि.सं. २०१७ देखि २०४६ सम्मका सामाजिक आर्थिक उपलब्धि समावेश गरी सम्पादकीय तयार गर्नुहोस् ।

५. वि.सं. २०१७ देखि २०४६ सम्मका प्रमुख राजनीतिक घटनाक्रम समावेश समय रेखा तयार गर्नुहोस् ।

**(च) थप अध्ययन स्रोत सामाग्री**

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ मा उल्लिखित व्यवस्था

धारा ५५. सङ्कटकालीन अधिकार : (१) श्री ५ को स्वविवेकमा कुनै गम्भीर सङ्कट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षा वा आर्थिक जीवन युद्धले वा बाहिरी आक्रमणले वा आन्तरिक उपद्रवले संतृप्त छ भन्ने

लागेको छ भने मौसुफबाट मौसुफकै स्वविवेकमा देहाय  बमोजिम गर्ने गरी घोषणा गर्न सकिबक्सने छ । यस संविधानको उपबन्धको प्रचलनलाई पूर्ण वा आंशिक मात्रामा निलम्बन गर्ने व्यवस्थाहरू लगायत घोषणाको उद्देश्य कार्यान्वित गर्नका लागि मौसुफबाट आवश्यक वा वाञ्छनीय सम्झिबक्सेको प्रासङ्गिक र आनुसाङ्गिक व्यवस्थाहरू यस्तो जुनसुकै घोषणामा रहन सक्ने छन् :

(क) घोषणामा तोकिएसम्म मौसुफको कार्यहरू मौसुफबाट स्वविवेकमा गरिबक्सने गरी

(ख) संसद् वा अन्य कुनै सरकारी निकाय वा अधिकारीमा निहित वा तिनीहरूद्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसुफले नै ग्रहण गरिबक्सने गरी

# पाठ : ४  वि.स. २०४६ देखि २०६३ सम्मका राजनीतिक घटनाहरू

**अनुमानित कार्यघण्टा :  १**

### (क) पाठ परिचय

वि.सं. २०४६ फाल्गुण ७ गतेबाट सुरु भएको संयुक्त जन आन्दोलनको परिणाम स्वरूप चैत्र २६गते बहुदलीय व्यवस्थाको पुन : स्थापना भयो । यस पाठमा वि.सं. २०४६ देखि २०६३ सम्मका प्रमुख राजनीतिक घटनाक्रमलाई सिलसिलेबार प्रस्तुत गरिएको छ साथै यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावहरू पनि समावेश गरिएको छ । यसपाठ यस पाठको अध्ययनपश्चात् विद्यार्थी वि.सं. २०४६ सालदेखि २०६३ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव विश्लेषण गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न, | - वि.सं. २०४६ देखि २०६३ सम्मका प्रमुख राजनीतिक घटनाक्रम उल्लेख गर्न,<br>- वि.सं. २०४६ देखि २०६३ सम्मका आर्थिक सामाजिक उपलब्धिहरूको सूची तयार पार्न<br>- नेपाल सरकार र  ने.क.पा. माओवादीबिच सम्पन्न विस्तृत शान्ति सम्झौता सम्बन्धमा प्रतिवेदन तयार गर्न |

### (ग) शैक्षणिक सामग्री

- वि.सं. २०४६ देखि २०६३ साल सम्म घटेका प्रमुख घटनासम्बन्धी तस्बिर, भिडियो तथा चार्ट/स्लाइड
- वि.सं. २०४६ देखि २०६३ सालसम्म घटेका घटनाहरूको चार्ट/स्लाइड
- नेपाल सरकार र ने.क.पा. माओवादी बिच विस्तृत शान्ति सम्झौता हुँदाको तस्विर फोटो र विस्तृत शान्ति सम्झौताका बुँदाहरू

(घ) **सिकाइ सहजीकरण क्रियाकलाप**

(अ) **सुरुआती क्रियाकलाप**

वि.सं. २०४६ सालको जनआन्दोलनको चित्र/ तस्बिर तथा उक्त आन्दोलनमा योगदान पुऱ्याउने व्यक्तिहरूको चित्र/तस्बिर तथा भिडियो क्लिप प्रदर्शन गर्दै उक्त आन्दोलनको नेतृत्व नेपाली काङ्ग्रेसका नेता गणेशमान सिंहले गरेका थिए । उक्त आन्दोलनमा व्यापक रूपमा जनसहभागिता भएकाले त्यसको परिणाम स्वरूप प्रजातन्त्रको स्थापना भयो भनी बताउनुहोस् । साथै वि.सं. २०४८ सालमा आम निर्वाचन भयो । उक्त निर्वाचनपश्चात् नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भएको र पाटी भित्रको आन्तरिक मतभेदका कारण प्रधानमन्त्रीले संसद् विघटन गरी मध्यावधि निर्वाचन गराएको लगायत ने.क.पा एमालेको अल्पमतको सरकार गठन, २०५८ राजदरबार हत्याकाण्ड भएकोलगायत विषयवस्तु समावेश भएको स्लाइड ५ मिनेटभित्र प्रस्तुत गर्न सकिने गरी राजदरबार हत्याकाण्डपछि के भयो होला एकछिन् सोच्नुहोस् भनी विद्यार्थीलाई कोतुहलता जगाउनुहोस् । विद्यार्थीलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् । यसका प्रकारको क्रियाकलापलाई सङ्गठित सिंहावलोकन विधि भनिन्छ ।

(आ) **मूख्य क्रियाकलाप**

**क्रियाकलाप १ : कथाकथन र छलफल**

शिक्षकले वि.सं. २०४६ साल देखि २०४७ सालका प्रमुख राजनीतिक घटनाक्रमहरूलाई समावेश गरी सङ्क्षिप्त कथाको रूपमा विषयवस्तु प्रस्तुत गर्नुहोस् :

जस्तै :
राजाको निरंकुश पञ्चायती शासन व्यवस्था विरुद्ध दलका नेताहरूले संयुक्त रूपमा जनआन्दोलन सुरु गरे । उक्त जनआन्दोलनमा विद्यार्थीको सक्रिय सहभागिता रह्यो त्यसै गरी शिक्षक, प्राध्यापक उद्योगि, व्यापारी, डक्टरलगायत सम्पूर्ण क्षेत्रका मानिस आन्दोलनमा सहभागी भए । आन्दोलनमा सरकारले दमन गर्ने नीति लियो जसको परिणाम स्वरूप हजारौँ मानिस घाइते हुनका साथै सयौ मानिस सहिद भए । त्यसपछि झन आन्दोलन चर्किंदै गयो आन्दोलन दिन प्रतिदिन व्यापक बन्दै गएपछि राजाले दलका नेताहरूसँग वार्ता गरी राजनीतिक दलहरूमाथि लगाइएको प्रतिबन्ध हटाउँदै देशमा बहुदलीय शासन व्यवस्थाको पुन : स्थापनको घोषणा गरे र बहुदलीय शासन व्यवस्थाको घोषणापश्चात् नेपाली जनतामा खुसियाली छायो । त्यसपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार गठन भयो उक्त सरकारले नेपाली जनताको चाहनाअनुसार संविधान जारी गऱ्यो ।

**क्रियाकलाप २ : घटना अध्ययन र छलफल**

शिक्षकले निश्चित अवधि (वि.सं. २०४६ देखि २०४७ साल) को घटनालाई कथाका रूपमा प्रस्तुत गरिसकेपछि विद्यार्थीलाई व्यक्तिगत रूपमा २०४७ देखि २०६३ सालसम्मका राजनीतिक घटनाक्रममध्ये निश्चित समयावधिको घटनाक्रम मात्र अध्ययन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ : कथा शृङ्खला प्रस्तुति**

विद्यार्थीले निश्चित अवधिको घटनाक्रम अध्ययन गरिसकेपछि शिक्षकले भनेको घटना क्रमसँग जोड्दै आफूले अध्ययन गरेको समयावधिका घटनालाई कथाका रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । एउटा विद्यार्थीले कथाका रूपमा विषयवस्तु, प्रस्तुत गरिसकेपछि क्रमश : अन्य विद्यार्थीलाई समेत उक्त घटनासँग जोड्दै विषयवस्तुलाई कथाका रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । यो क्रममा २०६३ सालमा ने.क.पा.माओवादी अन्तरिम व्यवस्थापिका संसद्मा सहभागी भएका घटनाक्रमसम्मका विवरण प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले विषयवस्तुलाई कथाका रूपमा प्रस्तुत गर्दा कमिकमजोरी देखिएमा आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् । यस प्रकारको क्रियाकलापलाई Chain story भनिन्छ ।

वि.सं. २०४६ फाल्गुण ७ गतेबाट सुरु भएको संयुक्त जन आन्दोलनको परिणाम स्वरूप चैत्र २६ गते बहुदलीय व्यवस्थाको पुनः स्थापना भयो । वि.सं. २०४७ वैशाख ६ गते कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । उक्त सरकालाई आम निर्वाचन गर्न र संविधान निर्माण गर्न मुख्य दुई जिम्मेवारी तोकिएको थियो । वि.सं. २०४७ कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा गरियो भने वि.सं. २०४८ वैशाख २९ गते आम निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरी गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । नेपाली काङ्ग्रेसभित्रको आन्तरिक द्वन्द्वका कारण संसद्बाट सरकारका नीति तथा कार्यक्रम पास नभएपछि गिरिजाप्रसाद कोइरालाले २०५१ असार २६ गते प्रतिनिधि सभा विघटन गरे । २०५१ कार्तिक २९ गते मध्यवधि निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा सबैभन्दा बढी सिट प्राप्त गरेको दल ने.क.पा. (एमाले) का नेता मनमोहन अधिकारी प्रधानमन्त्री भए ।

वि.सं. २०५२ भदौ २५ गते संसद्बाट अविश्वासको प्रस्ताव पास भई उक्त सरकार विघटन भयो । त्यसपछि सरकार बन्ने र विघटन हुने क्रम चलिरह्यो । वि.सं. २०५१ फाल्गुण १ गतेबाट राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासहितको माग राखी तत्कालीन ने.क.पा. माओवादीले सशस्त्र सङ्घर्ष सुरु गर्‍यो । वि.सं. २०५६ मा सम्पन्न आम निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गर्‍यो । वि.सं. २०५८ ज्येष्ठ १९ गते राजा वीरेन्द्रको वंश नास हुने गरी नारायणहिटी दरबार हत्याकाण्ड तथा दरबार हत्याकाण्ड पछि राजा बनेका ज्ञानेन्द्र शाहले २०६१ माघ १९ गते राजनीतक दलमाथी अघोषित प्रतिबन्ध लगाउँदै प्रत्यक्ष शासन सुरु गरे । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्ध २०६२ मंसिर ७ गते सात दल र ने.क.पा माओवादीबिच सम्झौता भयो । उक्त सम्झौताको जगमा २०६२ चैत्र २४ गतेबाट संयुक्त जनआन्दोलन भयो उक्त आन्दोलनको परिणाम स्वरूप २०६३ वैशाख ११ गते लोकतन्त्र स्थापना भयो ।

**क्रियाकलाप ४ : समूह कार्य**

शिक्षकले वि.सं. २०४६ साल देखि २०६३ साल सम्म घटेका घटनाहरूको चार्ट/स्लाइड प्रदर्शन गर्दै चार्ट/स्लाइडमा देखाएका घटनाहरूमध्ये कुनै ५ ओटा घटनाक्रमलाई समावेश गरी समय रेखा तयार गर्न लगाउनुहोस् । विद्यार्थीले

समयरेखा तयार गर्दा शिक्षकले उक्त कार्यको अवलोकन गरी आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीले समय रेखा तयार गरिसकेपछि केही विद्यार्थीलाई कक्षाकोठामा प्रदर्शन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ प्रतिवेदन लेखन**

वि.सं. २०६३ मङ्सिर ५ गते नेपाल सरकार र ने.क.पा. माओवादीबिच भएका विस्तृत शान्ति सम्झौताको फोटो प्रदर्शन गर्दै उक्त शान्ति सम्झौताले दश बर्से शसस्त्र सङ्घर्षको अन्त्य गर्दै नेपालमा शान्ति स्थापना भएका जानकारी दिनुहोस् साथै विद्यार्थीलाई उक्त शान्ति सम्झौताको खोजी गरी प्रदिवेदन तयार गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६: APPLE तरिकाबाट प्रश्नोत्तर**

विद्यार्थीलाई पाठ्यपस्तुकको पेज न. १९० मा दिइएको अन्तिम अनुच्छेद अध्ययन गर्न लगाउनुहोस । विद्यार्थीले उक्त अनुच्छेद अध्ययन गरिसकेपछि APPLE Technique प्रयोग गरी वि.सं. २०४६ देखि २०६३ सम्म आथिक सामाजिक क्षेत्रमा आएका परिवर्तनसँग सम्बन्धित प्रश्न सोधेर छलफल गर्नुहोस् ।

जस्तै :
- २०४६ सालपछि आर्थिक क्षेत्रमा के कस्ता परिवर्तन भए ?
- वि.सं. २०५२ सालमा ने.क.पा. माओवादीले सुरु गरेको सशस्त्र सङ्घर्षले जनताको चेतना स्तर कसरी अभिवृद्धि भयो ?
- वि.सं. २०४६ देखि २०६३ सम्म के कस्ता सामाजिक सुधारहरू भए ?

यी र यस्तै प्रकारका प्रश्नहरू पहिला सामूहिक रूपमा कक्षामा सोध्नुहोस् । विद्यार्थीलाई प्रश्न सोधेपछि केही समय विद्यार्थीलाई सोच्ने समय दिनुहोस् । (१-२ मिनेट) त्यसपछि विद्यार्थीलाई उत्तर भन्न उठाउनुहोस् । पालैपालो विद्यार्थीले भनेको उत्तरहरू सुनेर मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठ्यपुस्तकको अभ्यासमा दिइएका प्रश्नको साथ साथै निम्नलिखित प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

१.कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको अन्तरिम सरकारका मुख्य जिम्मेवारी के के थिए ?

२.वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनका सबल पक्षहरू खोजी गर्नुहोस् ।

३.वि.सं. २०६३ ज्येष्ठ ४ गते पुनः स्थापित प्रतिनिधि सभाले गरेको विशेष घोषणाका प्रमुख पक्षहरू प्रस्तुत गर्नुहोस् ।

४.वि.सं. २०४६ र वि.स. २०६२/६३ को आन्दोलनका मुलभूत समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

५.विद्यार्थीलाई वि.सं. २०४६ देखि २०६३ सम्मका प्रधानमन्त्रीको नाम विभिन्न माध्यमबाट सङ्कलन गरी चार्ट तयार गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् र त्यसका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

६.वि.सं. २०६२/६३ सालको जनआन्दोलनको कारण र परिणामका बारेमा परिवचरका विभिन्न माध्यमबाट विवरण सङ्कलन गरी प्रतिवेदन तयारी र प्रस्तुति गरेको आधारमा त्यसको विषयवस्तु, विषयवस्तुको पर्याप्तता, प्रतिवेदनको ढाँचा आदिका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

# पाठ : ५ वि.स. २०६३ देखि २०७९ सम्मका राजनीतिक घटनाक्रम

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

वि.सं. २०६३ मंसिर ५ गते नेपाल सरकार र ने.क.पा. माओवादीबिच विस्तृत शान्ति सम्झौता भयो । वि.सं. २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । उक्त संविधानमा भएको व्यवस्थाबमोजिम वि.सं. २०६४ चैत्र २८ गते ६०१ जना सभासद भएको संविधान सभाको निर्वाचन भयो । संविधान सभाको पहिलो बैठक (वि.सं. २०६५ जेठ १५ गते) ले शाहवंशीय राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गऱ्यो । सविधान सभाले तोकिएको समयमा संविधान जारी गर्न नसकेको कारण संविधान सभाको दोस्रो निर्वाचनपछि २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो । संविधानमा व्यवस्था भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिबाट सरकार सञ्चालन गरिरहेको अवस्था छ भने राष्ट्रपतिबाट राष्ट्र प्रमुखको भूमिका निवार्ह गरिरहेको अवस्था छ । यस पाठको अध्ययनपश्चात् विद्यार्थीले वि.स. २०६३ देखि २०७९ सम्मका राजनीतिक घटनाक्रमको विश्लेषण गर्न सक्ने अपेक्षा गरिएको छ ।

(ख) **सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वि.स. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको खोजी गर्न, | - वि.सं. २०६३ देखि हाल सम्मका राजनीतिक घटना क्रम उल्लेख गर्न<br>- नेपालमा गणतन्त्र स्थापनाका कारणहरूको सूची तयार गर्न<br>- पहिलो संविधान सभाले संविधान निर्माण गर्न नसक्नुको कारणहरू पहिचान गर्न<br>- वि.सं. २०६२/६३ को आन्दोलन पछि आर्थिक सामाजिक र राजनीतिक क्षेत्रमा आएका सकरात्मक परिवर्तनहरू खोजी गर्न<br>- नेपालमा गणतन्त्र स्थापना भएदेखि हालसम्मको प्रधानमन्त्रीहरूको विवरण सङ्कलन गरी चार्ट तयार पार्न |

**(ग) शैक्षणिक सामग्री**

- संविधान सभाको निर्वाचनसँग सम्बन्धित चित्र/फोटो, पोस्टर भिडियोको नमुना
- गणतन्त्र नेपालका प्रथम राष्ट्रपति, उपराष्ट्रपतिको फोटो/तस्बिर/भिडियो
- वि.सं. २०६३ देखि हालसम्मका प्रमुख घटनाहरू समावेश चार्ट/स्लाइड

- वि.सं. २०६२/६३ को आन्दोलन पछिको, आर्थिक सामाजिक र राजनीतिक परिवर्तनका सूची, चार्ट/स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

शिक्षकले पूर्व पाठसँग सम्बन्धित नमुना प्रश्नहरू सोध्दै विद्यार्थीलाई पाठप्रति उत्प्रेरित गर्नुहोस् ।

उदाहरणका लागि

१. वि.सं. २०६३ जेठ ४ को पुन : स्थापित प्रतिनिधि सभाको ऐतिहासिक घोषणा नेपालको इतिहासमा किन चर्चित छ ?

सम्भावित उत्तर

- नेपालको सम्पूर्ण कार्यकारीणी अधिकार प्रतिनिधि सभाद्वारा प्रयोग हुने
- श्री ५ को सरकारलाई अब उप्रान्त नेपाल सरकार भनिने
- नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरिएको
- राजाको आय र सम्पत्तिमाथि कर लगाउने

२. वि.सं. २०६२/६३ को जनआन्दोलनका प्रमुख कारण के हो ?

सम्भावित उत्तर

- राजा ज्ञानेन्द्रको वि.स. २०६१ माघ १९ को शाही घोषणा
- साल दल र माओवादीबिच १२ बुँदे समझदारी
- नेपाली जनतामा गणतन्त्रको चाहना हुनु

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ प्रदर्शन र छलफल**

वि.सं. २०६३ देखि हाल सम्मका राजनीतिकि घटनाक्रमसँग सम्बन्धित चित्र फोटो र भिडियोको नमुनासमेत समावेश भएको स्लाइड तथा चार्ट प्रदर्शन गर्नुहोस् । संविधान सभाको निर्वाचनको परिणाम तथा पहिलो संविधान सभाले संविधान निर्माण गर्न नसक्नुको कारणहरूका बारेमा छलफल गर्दै प्रस्ट पार्नुहोस्

संविधान निर्माण गर्नका लागि जनताबाट निर्वाचित प्रतिनिधिहरूको सभालाई संविधान सभा भनिन्छ । संविधान सभाको पहिलो निर्वाचन वि.स. २०६४ चैत २८ गते सम्पन्न भएको थियो । संविधान सभामा ६०१ जना सदस्य रहने व्यवस्था थियो । जसमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट २४० जना, समानुपातिक निर्वाचन प्रणालीबाट ३३५ जना र मन्त्रीपरिषद्बाट निर्वाचित हुने २६ जना थिए । संविधान सभाको निर्वाचनमा कुनै पनि दलको बहुमत नआउनु, २०६२/६३ सालको जनआन्दोलनमा सहकार्य गरेका दलहरूबिच निर्वाचनपश्चात् मतभेद हुनु, राजनीतिक दलहरू संविधान निर्माणभन्दा सरकार गठन तथा विघटनमा केन्द्रित हुनु, देशको शासकीय स्वरूप, सङ्घीय राज्यको विभाजनलगायतका विषयमा राजनीतिक दलहरूबिच सहमति हुन नसक्दा पहिलो संविधान सभाले संविधान निर्माण गर्न असमर्थ रह्यो ।

**क्रियाकलाप २ द्रुत लेखन**

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव र उपराष्ट्रपति परमानन्द झाको फोटो/तस्बिर प्र्दर्शन गर्दै विद्यार्थीलाई नेपालमा गणतन्त्र स्थापना हुनाको कारणको सम्बन्धमा आफूलाई लागेको विचार तुरुन्त लेख्न लगाउनुहोस् । विद्यार्थीलाई लेख्नका लागि करिब ५ मिनेटको समय दिनुहोस् । विद्यार्थीले नरोकीकन निरन्तर लेख्नुपर्छ

भनेर निर्देशन दिनुहोस् । यदि तोकिएको समयमा विद्यार्थीले उत्तर लेखेर भ्याउन सकेनन् भने कही समय थप गर्नुहोस् र विद्यार्थीले तयार गरेका विचार प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रियाकलपा ५-१० मिनेट भित्र सम्पन्न गर्नुहोस् ।

विद्यार्थीले लेख्न सक्ने बुँदाहरू

- राजा ज्ञानेन्द्रको निरङ्कुश शासन
- सात दल र ने.क.पा. माओवादीबिच १२ बुँदे समझदारी
- जनतामा राजतन्त्रप्रतिको घट्दो आस्था र विश्वास
- ने.क.पा. माओवादीको सशस्त्र सङ्घर्ष
- संविधान सभाको निर्वाचनमा गणतन्त्र पक्षधर राजनीतिक दलहरूको दुईतिहाइ बहुमत

**क्रियाकलाप ३ : समूह कार्य**

कक्षाका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र निम्नानुसारको  समूह कार्य गराई प्रस्तुति गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

| समूह | जिम्मेवारी |
|---|---|
| समूह १ | २०६२/६३ को जनआन्दोलनपछिको सामाजिक परिवर्तन |
| समूह २ | २०६२/६३ को जनआन्दोलनपछिको आर्थिक परिवर्तन |
| समूह ३ | २०६२/६३ को जनआन्दोलनपछिको राजनीतिक परिवर्तन |
| समूह ४ | २०४६ को जनआन्दोलन र २०६२/६३ को जनआन्दोलनबिचका समानता |
| समूह ५ | २०४६ को जनआन्दोलन र २०६२/६३ को जनआन्दोलनबिचका भिन्नता |

उदाहरणका लागि

नेपालमा वि.सं. २०६२/०६३ को आन्दोलनपछि सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा भएका सकारात्मक परिवर्तन

राजनीतिक क्षेत्रमा भएको सकारात्मक परिवर्तन

- संविधानसभाद्वारा नेपालको संविधान निर्माण भई लागु भएको
- राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भई गणतन्त्रको स्थापना
- नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना

सामाजिक क्षेत्रमा भएका सकारात्मक परिवर्तन

- समावेशीकरणको सिद्धान्तले पछाडि परेका समुदाय वा वर्गको, राज्यका हरेक तह, निकायमा पहुँच बिस्तार
- अन्धविश्वास, कुरीति, नराम्रा प्रथाहरू क्रमशः लोप हुँदै गएको
- शिक्षाको विकासले चेतनाको स्तर वृद्धि भएको
- आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा नीति लागु भएको
- गम्भीर प्रकृतिका रोगहरूको उपचारमा विविध सहुलियत
- द्वन्द्वको निरूपण र शान्ति स्थापना
- सडक विस्तार र सूचना एवम् सञ्चारको क्षेत्रमा अतुलनीय तथा द्रूत विकास भयो
- जातीय छुवाछुत तथा भेदभाव निराकरण उन्मुख भएको

- समाजमा मेलमिलाप, सहकार्य सहयोग, संस्कृतिका रूपमा विकसित भए

आर्थिक क्षेत्रमा भएका सकारात्मक परिवर्तन

- सरकारले स्वरोजगारको स्थापना गरी युवा स्वरोजगारी बढाएको र आत्मनिर्भरता वृद्धि भएको
- राजस्व सङ्कलनको नयाँ नीति अख्तियार गरी राष्ट्रिय आयमा उल्लेखनीय वृद्धि
- गरिबी न्यूनीकरण उल्लेखनीय रहेको
- तीनखम्बे अर्थनीति सार्वजनिक, निजी तथा सहकारी साझेदारी अबलम्बन गरिएको
- गाँउ टोलसम्म सहकारी स्थापना भई पुँजी परिचालन भएको र स्थानीय स्तरमा आर्थिक समुन्नति भएका
- राष्ट्रिय गौरवका महŒवपूर्ण २४ ओटा आयोजनाहरू सञ्चालनमा रहेका र यस्तै अन्य थपिने क्रम जारी रहेको
- वैदेशिक लगानी आकर्षण गर्ने नीति अबलम्बन गर्ने क्रममा छिमेकी राष्ट्रहरूसँग BIPPA सम्झौता गरिएको
- एसियाली राष्ट्रहरूको सडक सञ्जाल One Belt One Road कार्यान्वयनतर्फ अगाडि बढेको
- उर्जा सङ्कट समाधान गरिएको र अरबौ रकम राष्ट्रिय कोषमा सङ्कलन भएको

**वि.सं. २०४६ र वि.सं. २०६२/०६३ को आन्दोलनका समानता र मूलभूत भिन्नता**

वि.सं. २०४६ र वि.सं. २०६२/०६३ को आन्दोलनका समानता

- राजनैतिक दलहरू मिलेर सञ्चालित संयुक्त आन्दोलनहरू
- राजतन्त्रात्मक व्यवस्था विरुद्धको आन्दोलनहरू
- जनताको व्यापक सहभागीता
- वैदेशिक समर्थन
- जनताले उठाएका मागअनुरूपमा उपलब्धिहरू प्राप्त भएका आदि ।

वि.सं. २०४६ र वि.सं. २०६२/०६३ को आन्दोलनका मूलभूत भिन्नता

| जनआन्दोलन २०४६ | जनआन्दोलन २०६२/२०६३ |
|---|---|
| नेपाली काङ्ग्रेस र संयुक्त बाममोर्चाबिच सहमति भ सञ्चालित आन्दोलन | तत्कालीन सात राजनैतिक दल र विद्रोह सशस्त्र द्वन्द्व सञ्च पार्टी ने.क.पा. (माओवादी) बिच १२ बुँदे सम्झौता पश्चात्सञ्चालित आन्दोलन |
| लमो अवधिसम्म सञ्चालित (४९ दिने) | छोटो अबधि सञ्चालित (१९ दिने) |
| संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्था मुख्य उपलब्धिका रूपमा स्वीकार | राजतन्त्रको अन्त्य, लोकतन्त्र तथा गणतन्त्रको स्थापना |
| संवैधानिक सुझाव आयोगद्वारा परिवर्तनलाई आत्मस गर्ने संविधान निर्माण | संविधानसभाको चुनावद्वारा लगभग ९० प्रतिशत जनताका निर्वाचित प्रतिनिधिले बनाएको सङ्घीय गणराज्य उल्लेख गरिएको संविधान |
| असन्तुष्टबाट सशस्त्र द्वन्द्वको बिजारोपण | बृहत् शान्ति सम्झौता र सशस्त्र द्वन्द्वको अन्त्य |

**(ङ) मूल्याङ्कन**

पाठ्यपुस्तकको अभ्यासमा दिइएको प्रश्नको साथसाथै निम्नलिखित प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

१. वि.सं. २०६३ देखि हाल सम्मका राजनीतिक घटनाक्रम समावेश गरी समय रेखा बनाउनुहोस् ।

२. तपाईंको समुदायमा जनआन्दोलनपश्चात् भएका सकारात्मक परिवर्तनहरू प्रस्तुत गर्नुहोस् ।

३. राजनीतिक परिवर्तनले राजनीतिक र सामाजिक विकासमा प्रभाव पार्दछ भन्ने तथ्यलाई २०६२/६३ को राजनीतिक परिवर्तनका आधारमा प्रस्ट पार्नुहोस् ।

४. नेपालमा गणतन्त्र स्थापना भएपछि हालसम्मका प्रधानमन्त्रीको नाम तथा तस्बिर सङ्कलन गरी चार्ट तयार पारेर कक्षाकोठामा प्रदर्शन गर्न लगाउनुहोस् ।

## पाठ : ६ प्रथम विश्वयुद्ध : कारण र घटनाक्रम

## पाठ : ७ प्रथम विश्वयुद्ध परिणाम

**अनुमानित कार्यघण्टा : ३**

**(क) पाठ परिचय**

सन् १९१४ जुलाई २८ मा अस्ट्रिया- हङ्गेरीद्वारा सर्वियामाथि आक्रमण भएपछि प्रथम विश्वयुद्ध सुरु भएको थियो । यो युद्ध सन् १९१४ जुलाई २८ देखि सन् १९१९ जुन २८ सम्म चलेको थियो । यस विश्वयुद्धमा विश्वका सबै राष्ट्रहरू कुनै न कुनै रूपमा संलग्न भएका थिए । यस युद्धमा विश्वका शक्तिशाली देशहरू दुई गुटमा विभाजन भएका थिए । यी पाठमा प्रथम विश्वयुद्धका कारण, घटनाक्रम र परिणामका साथै प्रथम विश्व युद्धमा नेपालीको भूमिका जस्ता प्रमुख विषयवस्तुहरू समावेश गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| प्रथम र दोस्रो विश्वयुद्धको कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भुमिका उल्लेख गर्न | - प्रथम विश्वयुद्धका कारणहरू उल्लेख गर्न<br>- प्रथम विश्वयुद्धका प्रमुख घटनालाई समयरेखामा प्रस्तुत गर्न<br>- प्रथम विश्वयुद्धका परिणामहरू उल्लेख गर्न<br>- प्रथम विश्वयुद्धमा नेपालको भूमिका बताउन |

**(ग) शैक्षणिक सामग्री**

- प्रथम विश्वयुद्धको समयको विश्वको नक्सा
- प्रथम विश्वयुद्ध प्रमुख कारणहरू समावेश भएको चार्ट/स्लाइड
- समय रेखाको नमुना
- प्रथम विश्वयुद्धका परिणाम समावेश स्लाइड तथा डकुमेन्ट्री भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**




प्रथम विश्वयुद्धको समयको युरोपको नक्सा प्रदर्शन गर्नुहोस् । उक्त नक्सामा विद्यार्थीलाई युरोपका कुन कुन राष्ट्र कुन कुन समूहमा रहेछन् भनी पहिचान गर्न लगाउनुहोस् ।

जस्तै : जर्मनी, अस्ट्रिया-हङ्गेरी, बुल्गेरीया र टर्की धुरी राष्ट्र (Axis power) को समूहमा थिए । उक्त राष्ट्रहरूको समूहलाई केन्द्रीय शक्ति (Central power) पनि भनिन्थ्यो । फ्रान्स, इटली, रुस, इजिप्ट ग्रिस, बेलायतलगायतका देशहरू मित्र राष्ट्रको समूहमा थिए । स्पेन, नर्वे, स्विडेन, आइसल्यान्डलगायतका देशहरू तटस्थ थिए ।

विद्यार्थीले नक्सा अध्ययन गरी छलफल गरेपश्चात् शिक्षकले युरोपका यी राष्ट्रहरूबिचको गुटबन्दीको कारणले गर्दा प्रथम विश्वयुद्ध सुरु भएको हो भनी बताउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

प्रथम विश्वयुद्धका प्रमुख कारणहरू विद्यार्थीलाई सोध्नुहोस् । विद्यार्थीबाट प्राप्त उत्तरहरूलाई जोड्दै चार्ट वा स्लाइड प्रदर्शन गरी प्रथम विश्वयुद्ध हुनाको प्रमुख कारणहरू प्रस्ट पार्नुहोस् ।


**क्रियाकलाप २ : समूह छलफल**

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठ्युपस्तक तथा अन्य सन्दर्भ पुस्तकको अध्ययन गरी प्रत्येक समूहलाई प्रथम विश्व युद्धको कुनै एउटा कारणसँग सम्बन्धित विवरण समावेश गरी चार्ट तयार गर्न लगाउनुहोस् । सबै समूहका विद्यार्थीले चार्ट तयार गरिसकेपछि पालैपालो समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । अन्य समूहलाई पृष्ठपोषण दिन लगाउनुहोस् । सबै समूहले प्रस्तुत गरिसकेपछि स्पष्ट नभएका विषयवस्तु शिक्षकले विभिन्न उदाहरण दिँदै प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : समय रेखा निर्माण र प्रस्तुति**

प्रथम विश्वयुद्धका प्रमुख घटनाहरू समावेश भएको समय रेखा प्रदर्शन गर्दै प्रथम विश्वयुद्ध प्रमुख समावेश गरी विद्यार्थीलाई समय रेखा बनाउन लगाउनुहोस् । समय रेखा निर्माण गर्दा एक/एक वर्षको अन्तरालमा समय रेखा बनाउन लगाई उक्त समय रेखामा महिनासमेत देखाउन लगाउनुहोस् । विद्यार्थीले समय रेखा बनाउँदा अवलोकन गरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । साथै विद्यार्थीले समय रेखा बनाइसकेपछि कक्षाकोठामा टाँस्नुहोस् ।

प्रथम विश्वयुद्धका प्रमुख घटना




समय रेखाको नमुना

**क्रियाकलाप ४ : स्लाइड प्रदर्शन**

प्रथम विश्वयुद्धको परिणाम समावेश भएको स्लाइड प्रदर्शन गर्दै प्रथम विश्वयुद्धका परिणामहरू जस्तै भर्सेलिजको सन्धिमा हस्ताक्षर, जनधनको क्षति, राष्ट्रसङ्घको स्थापना, विश्वव्यापी आर्थिक सङ्कट, राजतन्त्रको अन्त्य र गणतन्त्रको

स्थापना, अधिनायकवादको उदय, नवीन आविस्कारहरूको प्रयोगका बारेमा छलफल गर्दै विभिन्न उदाहरणसहित प्रथम विश्वयुद्धको परिणामका बारेमा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ : वक्तृत्वकला प्रतियोगिता**

प्रथम विश्वयुद्धमा नेपालको सहभागिता र भूमिकाका सम्बन्धमा कक्षाकोठामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । उक्त वक्तृत्वकला प्रतियोगितामा विद्यार्थीहरूबाट नै सञ्चालक, सभाध्यक्ष, मूल्याङ्कन समिति बनाई वक्तृत्वकलाको मूल्याङ्कन गर्न लगाउनुहोस् । वक्तृत्वकला सम्पन्न भएपछि विद्यार्थीका तर्कहरू, उदाहरणलगायतका विषयमा शिक्षकले निष्कर्ष बताउनुहोस् । उक्त कार्यको आवश्यक मापदण्डका आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

**क्रियाकलाप ६ : खोजी प्रस्तुति**

विद्यार्थीलाई अस्ट्रिया हङ्गेरीका राजा फान्सिस जोसेफ, जर्मन चान्सलर अटोमन विस्मार्क र सम्राट कैजर विलियम द्वितीय, सर्वियाका राजा पिटर रुसका सम्राट जार निकोल्स द्वितीयका बारेमा विभिन्न स्रोतबाट विवरण सङ्कलन गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठ्यपुस्तकमा दिएको प्रश्नको साथसाथै निमनलिखित प्रश्नको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

१. गुटबन्दीले प्रथम विश्वयुद्धलाई निम्त्यायो, प्रस्ट पार्नुहोस् ।

२. वाल्कन प्रायद्वीपको समस्या प्रथम विश्वयुद्धको प्रमुख कारण हो, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

३. प्रथम विश्वयुद्धमा नेपालको भूमिका महŒवपूर्ण थियो, उदाहरणसहित लेख्नुहोस् ।

४. भर्सेलिजको सन्धिको प्रभावहरू उल्लेख गर्नुहोस् ।

५. युद्ध लडाइँ र झगडाबाट कसैलाई फाइदा हुँदैन भन्ने तथ्यलाई प्रथम विश्वयुद्धको प्रसङ्ग दिँदै दुई साथीबिच संवाद तयार गर्नुहोस् ।

**(च) थप अध्ययन सामग्री**

**https://www.history.com/topics/world-war-i/world-war-i-history**

# पाठ : ८ दोस्रो विश्वयुद्ध र यसको कारण
# पाठ : ९ दोस्रो विश्वयुद्ध परिणाम र नेपालको भूमिका

**अनुमानित कार्यघण्टा : ३**

## (क) पाठ परिचय

सन् १९३९ देखि सन् १९४५ सम्म भएको विनासकारी युद्धलाई दोस्रो विश्वयुद्ध भनिन्छ । यस युद्ध प्रथम विश्वयुद्ध समाप्त भएको बिस वर्ष ९ महिनापछि भएको थियो । प्रथम विश्वयुद्ध अन्त्य गर्न भएको भर्सेलिजको सन्धिले जर्मनीलाई विभिन्न प्रकारको प्रतिबन्ध लगाइएको थियो । यस सन्धिको पालना गरिरहनु जर्मनीको लागि असह्य भएको थियो त्यसैले जर्मनीले भर्सेलिजसको सन्धिको उल्लङ्घन गर्न थाल्यो जुन दोस्रो विश्वयुद्धको प्रमुख कारण बन्यो । सन् १९२० जनवरी १० मा स्थापना भएको राष्ट्रसङ्घको असफलता सदस्य राष्ट्रहरूका बिचमा शक्ति प्रदर्शनको होडबाजी, प्रतिस्पर्धा, अधिनायकवादको उदय, आर्थिक सङ्कट आदि दोस्रो विश्वयुद्धका प्रमुख कारण हुन् । यो युद्ध सन् १९४५ सेप्टेम्बर २ मा आधिकारीक रूपमा अन्त्य भएको थियो । यी पाठमा दोस्रो विश्वयुद्धका कारण, परिणाम र नेपालको भूमिकासम्बन्धी विषयवस्तु समावेश गरिएको छ । यी पाठको अध्ययनबाट विद्यार्थीहरूमा युद्धको परिणाम विश्लेषण गरी शान्ति र मेलमिलापको भावना विकास हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| प्रथम र दोस्रो विश्वयुद्धका कारण र परिणाम उल्लेख गर्दै यी युद्धमा नेपाल र नेपालीले खेलेको भूमिका उल्लेख गर्न | - दोस्रो विश्वयुद्धका कारणहरू उल्लेख गर्न<br>- दोस्रो विश्वयुद्धका प्रमूख घटनाक्रमलाई तालिकामा प्रस्तुत गर्न,<br>– दोस्रो विश्वयुद्धका प्रमुख घटनालाई समय रेखामा प्रस्तुत गर्न<br>- दोस्रो विश्वयुद्धका परिणामहरूको सूची तयार गर्न,<br>- दोस्रो विश्वयुद्धमा नेपालले खेलेको भूमिका बताउन |

## (ग) शैक्षणिक सामग्री

- एडल्फ हिटलर, बेनिटो मुसोलिनी र जनरल फ्रान्सिस्कोको चित्र/ फोटो
- दोस्रो विश्वयुद्धका प्रमुख कारणहरू समावेश भएको चार्ट/स्लाइड

- दोस्रो विश्वयुद्धका प्रमुख घटना समावेश भएको तालिका/चार्ट /भिडियोको नमुना
- दोस्रो विश्वयुद्धको समयको विश्वको राजनीतिक नक्सा

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

प्रथम विश्वयुद्धको परिणाम स्वरूप उदय भएका अधिनायकवादी शासकहरू जस्तै एडल्फ हिटलर, बेनिटो मुसोलिनी र फ्रान्सिस्कोको चित्र/फोटो प्रदर्शन गर्दै दोस्रो विश्वयुद्धमा उनीहरूको भूमिकाका बारेमा छलफल गर्नुहोस् । छलफलका क्रममा तिनीहरूले गरेका गतिविधि जस्तैः सत्ता कब्जा, सैनिक सङ्ख्या वृद्धि, हातहतियार निर्माण र सङ्कलन, नागरिकमा उग्रराष्ट्रवादी भावना जगाउने, युवालाई सेनामा सामेल गराउनेलगायतका गतिविधिले दोस्रो विश्वयुद्ध भएको सन्दर्भ जोड्दै पाठको सुरुआत गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : जिग्स बिधि**

दोस्रो विश्वयुद्धका कारणहरू भएको चार्ट/ स्लाइड प्रदर्शन गर्नुहोस् । आवश्यकताअनुसार समूह निर्माण गरी दोस्रो विश्वयुद्धका कारणहरू सम्बन्धमा जिग्स विधिबाट क्रियाकलाप गराउनुहोस । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

जस्तै :
समूह : १ - भर्सेलिजको सन्धि र जर्मनीद्वारा यसको उल्लङ्घन, राष्ट्रसङ्घको असफलता
समूह : २ - अधिनायकवादको उदय, अपवित्र गठबन्धन
समूह : ३ - साम्यवादको त्रास र तुष्टीकरणको नीति, स्पेनको गृहयुद्ध
समूह : ४ विश्वव्यापी अकार्थिक सङ्कट, तत्कालीन कारण
***यो समूह कार्य उदाहरणका लागि मात्र हो आवश्यकताअनुसार थप घट गर्न सकिन्छ ।***

**क्रियाकलाप २ : तातो कुर्सि**

विद्यार्थीलाई पाठ्यपुसतकमा भएको दोस्रो विश्वयुद्धका प्रमुख घटना समावेश भएको तालिका अध्ययन गर्न लगाउनुहोस् । उक्त तालिका अध्ययन गरिसकेपछि त्यसँग सम्बन्धित प्रश्नहरू विद्यार्थीलाई बनाउन लगाउनुहोस् । केही विद्यार्थीलाई पालैपालो अगाडि बोलाएर एउटा कुर्सी (तातो कुर्सी) मा बस्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई पालैपालो प्रश्न सोध्न लगाउनुहोस् । कुर्सीमा बसेको विद्यार्थीलाई प्रश्नको उत्तर पालैपालो भन्न लगाउनुहोस् । यस क्रियाकलापबाट दोस्रो विश्वयुद्धका प्रमुख घटनाको बारेमा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : ग्राफिटी**

कक्षाकोठामा रहेका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीलाई समूहगत रूपमा दोस्रो विश्वयुद्धका परिणामहरू मध्ये कुनै एउटा परिणामका सम्बन्धमा अध्ययन गरी न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् । विद्यार्थी समूहले न्यूज प्रिन्टमा लेखिसकेपछि उक्त न्युज प्रिन्ट पालैपालो अर्को समूहमा दिन लगाउनुहोस् ।  उक्त समूहलाई आफूलाई लागेको कुरा थप गर्नुपर्ने भएमा थप गर्न लगाउनुहोस् । सबै समूहले तयार गरेको न्युज प्रिन्ट अध्ययन गरीसकेपछि अन्य समूहले लेखेको विषयवस्तु सहित आफूले तयार गरेको विषयवस्तु पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थी समूहले प्रस्तुत गरेका विषयवस्तु प्रस्ट नभएमा शिक्षकले प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : वक्तृत्वकला प्रतियोगिता**

विद्यार्थीलाई सन् १९४१ डिसेम्बर ७ मा जापानले पार्ल हर्वरमा अमेरीकाको सेना र पानी जहाजमाथि बम हानी ध्वस्त बनाएको भिडियो, अमेरीकाले जापानको हिरोसिमा र नागासाकीमा एटम बम प्रहार गरेको भिडियोको नमुना प्रदर्शन गर्नुहोस् र आणविक हतियारको प्रयोगले निम्त्याउने विनास शीर्षकमा वक्तृत्ता तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : प्रश्नोत्तर**

विद्यार्थीलाई दोस्रो विश्वयद्धमा नेपालीको भूमिका सम्बन्धमा अध्ययन गर्न लगाउनुहोस् । विद्यार्थीहरूले उक्त विषय अधयरन गरिसकेपछि शिक्षकले उक्त विषयसँग सम्बन्धित नमुना प्रश्नहरू निमार्ण गरी Apple technique बाट प्रश्नोत्तर गराउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ५ : नक्सा प्रस्तुति र छलफल**

दोस्रो विश्वयुद्धको समयको राजनीतिक नक्सा प्रदर्शन गर्दै विद्यार्थीलाई विश्वको राजनीतिक नक्सालाई चार्टपेपरमा बनाई दोस्रो विश्वयुद्धको समयमा धुरी राष्ट्रमा सहभागी राष्ट्रहरूको नक्सामा एउटा कलर र मित्र राष्ट्रको समूहमा समावेश राष्ट्रहरूको नक्सामा अर्को कलर लगाउन लगाई कक्षाकोठामा प्रदर्शन गरी छलफल गर्नुहोस् ।



## (ङ) मूल्याङ्कन

पाठ्यपुस्तकमा दिइएका प्रश्नको साथ साथै निम्नलिखित प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :

१. दोस्रो विश्वयुद्धको तत्कालीन कारण के थियो ?

२. राष्ट्रसङ्घको असफलता दोस्रो विश्वयुद्धको प्रमुख कारण थियो प्रस्ट पार्नुहोस् ।

३. दोस्रो विश्वयुद्धका प्रमुख घटनाहरू समावेश गरी समय रेखा बनाउनुहोस् ।

४. प्रथम विश्वयुद्धको परिणाम र दोस्रो विश्वयुद्धका कारण एकअर्कामा अन्तरसम्बन्धित छन्, प्रस्ट पार्नुहोस् ।

५. दोस्रो विश्वयुद्धका परिणामहरू विश्लेषण गर्नुहोस् ।

## (च) थप अध्ययन सामग्री

### हिटल (Adolf Hitler)



एडोल्फ हिटलर (Adolf Hitler) जन्म सन् १८८९ अप्रिल २० मा अस्ट्रियामा भएको थियो । उनले सन् १९१८ मा नाजी पार्टीको स्थापना गरे । सन् १९३२ को चुनावमा हिटलर राष्ट्रपति निर्वाचनमा उम्मेदवार बने तर हिडनबर्गसँग पराजित भए । सन १९३३ मा चान्सलर बन्ने बित्तिकै हिटलरले राष्ट्रसङ्घको सदस्यता त्यागे र भावी युद्धलाई ध्यानमा राखेर जर्मनीको सैन्य शक्ति बढाउन सुरु गरे । प्रायः सबै जर्मन जातिलाई अनिवार्य सैनिक प्रशिक्षण दिइयो ।उनले जर्मन संसद् भङ्ग गरे, कम्युनिस्ट पार्टीलाई गैरकानुनी घोषित गरे र राष्ट्रलाई स्वावलम्बी बनाउनका लागि आह्वान गरे । सन् १९३९ मा हिटलरले भर्सेलिजको सन्धिमा पोल्यान्डले प्राप्त गरेको भूमि डान्जिङ र पोलिस कोरिडोर फिर्ता गर्न माग गरे । तर पोल्यान्डले फिर्ता गर्न अस्विकार गरेपछि हिटलरले रुससँग (Nazi Soviet Non- Agression Pact) नामक सन्धि गरे । उक्त सन्धिमा रुस र जर्मनीले १० वर्षसम्म एकआपसमा आक्रमण नगर्ने र पोल्यान्डलाई कब्जा गरी उसका भूभाग एक आपसमा बाँडेर लिने सहमति गरे । अन्त्यमा १ सेप्टेम्बर १९३९ मा जर्मनीका हिटलरले पोल्यान्डमाथि जमिन र आकाश दुवैतिरबाट आक्रमण गरे । फ्रान्स र बेलायतले पोल्यान्डको पक्षमा जर्मनी विरुद्ध युद्धको घोषणा गरेपछि द्वितीय विश्वयुद्धको सुरुआत भयो । अप्रिल २७ मा सोभियत र अमेरिकी सेनाको भेट जर्मनीको एल्ब नदीमा पुगेर भयो, र उनीहरूले जर्मन सेनालाई दुईतिर विभाजित पारिदिए । उनले सन् १९४५ अप्रिल ३० मा आत्म हत्या गरेका थिए ।

### बेनिटो मुसोलिनी (Benito Mussolini)



बेनिटो मुसोलिनी (Benito Mussolini) को जन्म सन् १८८३ जुलाई २९ मा इटलीमा भएको थियो । १९१२ डिसेम्बर १ मा मुसोलिनीले इटालियन समाजवादी अखबार अबन्तीको सम्पादकका रूपमा काम गर्न थाले । सन १९१४ मा आर्कड्युक फ्रान्ज फर्डिनान्डको हत्याले घटनाहरूको एक शृङ्खला सुरु गऱ्यो जुन पहिलो विश्वयुद्धको सुरुआतमा परिणत भयो । १९१४ अगस्ट ३ मा इटालियन सरकारले कडा रूपमा तटस्थ रहने घोषणा गऱ्यो ।१९१४ सेप्टेम्बर मा मुसोलिनीले युद्धमा इटालीको प्रवेशलाई समर्थन गर्नेहरूलाई समर्थन गर्दै धेरै लेखहरू लेखे । बेनिटो मुसोलिनले सन् १९२२ देखि १९४३ सम्म इटालीको ४० औं प्रधानमन्त्रीका रूपमा सेवा गरे । दोस्रो विश्वयुद्धमा एडोल्फ हिटलरको नजिकको सहयोगीको रूपमा रहे । इटाली र जर्मनी पराजयको कारण मुसोलिनीले स्पेन भाग्ने प्रयास गरे । बिमानमा चढ्न स्विट्जरल्यान्ड जाँदै गर्दा मुसोलिनी र उनकी श्रीमती क्लारेटा पेटासीलाई इटालियन पक्षपातीहरूले कब्जा गरे । सन् १९४५ अप्रिल २८ मा गोली हानेर हत्या गरियो ।

## पाठ : १० स्थानीय क्षेत्रका ऐतिहासिक स्थलको पहिचान र संरक्षण

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

स्थानीय क्षेत्रमा रहेका इतिहाससँग सम्बन्धित विभिन्न दरबार, मन्दिर, स्मारक किल्ला गढी आदि स्थानलाई स्थानीय क्षेत्रका ऐतिहासिक स्थल भनिन्छ । स्थानीय क्षेत्रमा रहेका ऐतिहासिक स्थालहरूको पहिचान गरी ती सम्पदाहरूको संरक्षण र संवर्धन कार्यमा सहभागी भई उक्त सम्पादको संरक्षण गर्नुपर्छ । यस्ता सम्पदाहरूका बारेमा अध्ययन गर्न सम्बन्धित क्षेत्रको भ्रमण गरी अवलोकन तथा अध्ययन गर्ने र सो सम्बन्धमा प्रतिवेदन तयार गरेको खण्डमा विद्यार्थीहरूमा खोजी तथा अध्ययन गर्ने सिपको विकास हुन्छ । विद्यार्थीमा वास्तविक व्यावहारिक र प्रत्यक्ष ज्ञान हाँसिल हुनुका साथै सिकाइ जीवन्त हुन्छ । विद्यार्थीहरूमा उनीहरूको स्थानीय ऐतिहासिक, धार्मिक स्थलको खोजी गरी तिनीहरूको संरक्षण कार्यमा सहभागी हुने ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्नु यस पाठको प्रमुख उद्देश्य रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो क्षेत्रका ऐतिहासिक स्थल एवम् स्मारकहरूको खोजी पहिचान, संरक्षण र संवर्धन गर्न | - आफ्नो क्षेत्रका ऐतिहासिक स्थलको पहिचान गर्न<br>- आफ्नो क्षेत्रका ऐतिहासिक स्थलको सोधखोज गरी प्रतिवेदन तयार पार्न<br>- आफ्नो क्षेत्रका ऐतिहासिक स्थलको संरक्षण कार्यमा सहभागी हुन |

**(ग) शैक्षणिक सामग्री**

- सम्बन्धित क्षेत्रमा रहेका ऐतिहासिक स्थल वा स्मारकहरूको चित्र, फोटो वा भिडियो
- आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक स्थलहरूको सूची समावेश चार्ट/स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

आफ्नो क्षेत्रमा रहेका विभिन्न ऐतिहासिक/धार्मिक स्थलहरूको चित्र फोटो वा भिडियो प्रस्तुत गर्नुहोस् । उक्त चित्र, फोटो वा भिडियो कुन स्थलसँग सम्बन्धित छ ? उक्त स्थान कुन ठाउँमा रहेको छ ? उक्तस्थल किन महŒवपूर्ण छ ? भनी प्रश्नोत्तर गर्दै पाठको सुरुआत गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट/ स्लाइडको प्रस्तुति**

विद्यार्थीलाई व्यक्तिगत रूपमा आफ्नो समुदायमा रहेका विभिन्न दरबार, मन्दिर, सङ्ग्रहालय, स्मारक, किल्ला आदिको सूची तयार गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेको सूची र शिक्षकले तयार गरेको चार्ट/स्लाइड बिच तुलना गरी स्थानीय क्षेत्रमा रहेका स्थलहरूको पहिचान गर्नुहोस् ।

**क्रियाकलाप २ : क्षेत्र भ्रमण**

आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक/धार्मिक क्षेत्र भ्रमण गराउनुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गरी उक्त ऐतिहासिक/धार्मिक क्षेत्रको अवस्था अध्ययन गरी संरक्षण तथा संवर्धनका लागि गर्नुपर्ने कार्यसहितको प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

प्रतिवेदनको नमुना ढाँचा
**शीर्षक :**
**परिचय :**
**उद्देश्य :**
**अध्ययन विधि :**
**पत्ता लगाएका कुरा :**
**निष्कर्ष र सुझाव :**

**(ङ) मूल्याङ्कन**

१. विद्यार्थीले आफ्ना क्षेत्रमा रहेका ऐतिहासिक स्थलहरूको सूची तयार गरेको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

२. विद्यार्थीले शैक्षिक अवलोकनपश्चात् तयार गरेको प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **प्रतिवेदन ढाँचा** | **प्रतिवेदनको विषयवस्तु** | **लेखन शैली** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

अति राम्रो - ३, राम्रो - २, सुधार गर्नुपर्ने - १

नोट : विद्यार्थीलाई अवलोकन भ्रमण लैजाने अवस्था नभएमा व्यक्तिगत रूपमा आफ्नो क्षेत्रमा रहेको ऐतिहासिक स्थलको भ्रमण गरी त्यसको आधारमा प्रतिवेदन तयार गरेर कक्षा कोठामा प्रस्तुत गर्न लगाउन सकिन्छ ।

**(छ) थप अध्ययन सामग्री/स्रोत**

स्थानीय स्तरमा प्रकाशीत बुलेटिन, https://ntb.gov.np

# एकाइ : आठ आर्थिक क्रियाकलाप

**कार्यघण्टा : १५**

## १.एकाइ परिचय

आर्थिक क्रियाकलाप अन्तर्गत देशको अर्थतन्त्रमा योगदान पुऱ्याउने कृषि, उद्योग, व्यापार, पर्यटन, रोजगारीलगायतका उत्पादनका विभिन्न क्षेत्रहरू समेटिन्छन् । यस एकाइमा पर्यटन र रोजगारी जस्ता उत्पादनका क्षेत्र साथै ती क्षेत्रहरूसँग प्रत्यक्ष रुपले सम्बन्धित ऊर्जा, वित्तीय व्यवस्था,आर्थिक योजना, बिमा, राजस्वलगायतका विषयवस्तुसँग सम्बन्धित पाठहरू राखिएका छन् । यी विषयवस्तुहरूलाई गहन र विश्लेषणात्मकभन्दा सामान्य जानकारीमूलक र सहज बनाउँदै विद्यार्थी स्वयम्लाई सक्रिय बनाउने विधिहरूको उपयोग गरी सहजीकरण गर्नुपर्दछ ।

यस एकाइअन्तर्गतका पाठहरूमध्ये वित्तीय शिक्षा, वित्तीय उपकरण, बचत र बिमालगायतका पाठका कतिपय विषयवस्तु विद्यार्थीको दैनिक पारिवारिक जीवनसँग सम्बन्धित छन् । तसर्थ उल्लिखित पाठहरूलाई उनीहरूकै परिवारको आर्थिक व्यवहारसँग जोडेर सहजीकरण गर्न सकिन्छ । यस एकाइका पाठहरूको सहजीकरणका लागि सम्भव भएसम्म सम्बन्धित क्षेत्रका विज्ञहरूलाई कक्षामा बोलाएर वा विद्यार्थीलाई सम्बन्धित कार्यालयमा लगी विज्ञहरूसँग अन्तरक्रिया गराउँदा अझ प्रभावकारी हुन्छ । सिकाइमा विद्यार्थीहरूको सक्रियता बढाउनका लागि समस्यामा आधारित सिकाइ विधि, परियोजना कार्य विधि, खोजमा आधारित विधि तथा क्रियाकलापमा आधारित शिक्षण विधिहरूको अबलम्बन गर्न सकिन्छ । पाठ्यक्रमले अपेक्षा गरेका विभिन्न प्रकारका व्यवहारकुशल सिपहरूलाई समेत मध्यनजर गर्दै सहजीकरणका क्रममा विद्यार्थीलाई छलफल, अन्तरक्रिया, सहकार्य र सामूहिक कार्यहरू साथै सोच्न बाध्य बनाउने खालका क्रियाकलापमा सहभागी हुने अवसर प्रदान गर्नुपर्छ ।

### २. विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्य घण्टा |
|---|---|---|---|---|
| १. | उर्जा र आर्थिक विकास | नेपालमा उर्जाको महŒव र सम्भावना बताउन एवम् उर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध पहिचान गर्न | - ऊर्जाका विभिन्न स्रोतहरूको चित्र<br>- नेपालमा जलविद्युत उत्पादनको परिमाणात्मक सम्भावना लेखिएको चार्ट | २ |
| २. | पर्यटन प्रवर्धन | नेपालमा पर्यटनको महŒव, सम्भावना र प्रवर्धनका उपायहरू व्याख्या गर्न | - पर्यटकहरूको पदयात्रा, बन्जी, र्‍याफ्टिङ वा अन्य गतिविधि झल्किने चित्र वा भिडियो<br>- पर्यटनको महŒव उल्लेख भएको चार्ट | २ |
| ३. | रोजगारी | रोजगारीको परिचय, प्रकार र यसले पारेका प्रभावहरू खोजी गर्न । | - वैदेशिक रोजगारमा रहेका श्रमिकहरूको फोटो वा भिडियो<br>- वैदेशिक रोजगारीको तयारीकासम्बन्धी जानकारी लेखिएको चार्ट | १ |

| | | | | |
|---|---|---|---|---|
| ४. | वित्तीय शिक्षा | वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - प्रश्नोत्तरका लागि प्रश्नावली<br>- रेखाचित्रका नमुना<br>- वित्तीय संस्थाहरूको फोटो, चित्र आदि | १ |
| ५. | वित्तिय उपकरण | वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - एटिएम कार्ड<br>- मोबाइल बैङ्किङ एप्स<br>- नोट सफा र सुरक्षित राख्ने उपाय लेखिएको चार्ट<br>- चेकको नमुना, | २ |
| ६. | सहकारी | वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महŒव बोध गर्न | - सहकारीका ब्रोसियर,<br>- सहकारीको सिद्धान्त उल्लेख भएको चार्ट<br>- सहकारीका गतिविधि झल्किने चित्र तथा फोटाहरू | १ |
| ७. | बचत र बिमा | वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - बिमा कम्पनीहरूको प्रचार सामग्री<br>- बिमा भुक्तानीसम्बन्धी पत्र पत्रिकामा प्रकाशीत समाचार<br>- बिमासम्बन्धी चित्र तथा फोटाहरू | २ |
| ८. | राजस्व | करको परिचय, प्रकार र महŒव उल्लेख गर्न र कर तिर्ने कार्यलाई नागरिक दायित्वका रूपमा आत्मसात् गर्न | - कर र राजस्वको छुट्टाछुट्टै परिभाषा लेखिएका मेटाकार्डहरू,<br>- राजस्व/आम्दानीका प्रकारहरू, करको भार एवम् असरका आधारमा करका प्रकारहरूको चार्ट<br>- नागरिकहरू कर तिर्दै गरेको चित्रहरू तथा भिडियो क्लिप्स<br>- नेपालमा प्रचलित करहरूको सूची चार्ट वा स्लाइड | २ |
| ९. | आवधिक योजना | आवधिक योजनाको परिचय दिन र चालु आवधिक योजनाका लक्ष्य र कार्यक्रमसँग परिचित हुन | - पछिल्लो पञ्च वर्षीय योजनाको आधारपत्र<br>- स्थानीय योजना तर्जुम प्रक्रियासम्बन्धी चार्ट<br>- योजनाका अङ्गहरू उल्लेख गरिएको चार्ट<br>- चालु योजनाका सोच, रणनीति, उद्देश्य आदि कुरा उल्लिखित चार्ट | २ |

# पाठ : १ उर्जा र आर्थिक विकास

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

ऊर्जा भनेको कुनै पनि कार्य गर्नका लागि आवश्यक पर्ने शक्ति हो । यस्तो शक्ति प्राकृतिक, भौतिक वा रासायनिक स्रोतको उपयोग गरी प्राप्त गर्न सकिन्छ । प्रकाश, बल शक्ति र ताप जस्ता शक्ति ऊर्जा हुन् । ऊर्जा र विकासबिच गहिरो सम्बन्ध छ । आर्थिक विकासका लागि ऊर्जा एउटा महŒवपूर्ण आधार हो । देशको कृषि, उद्योग, व्यापार, रोजगारीलगायत आर्थिक क्षेत्रमा मात्र हैन यातायात, शिक्षा, स्वास्थ्यलगायतका पूर्वाधारहरूको विकास गरी सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन पनि ऊर्जाको महŒवपूर्ण भूमिका रहेको हुन्छ ।

यस पाठमा उर्जाको परिचय, स्रोत, प्रकार, महŒवा, उर्जा र आर्थिक विकासको सम्बन्ध, नेपालमा जलविद्युत् उर्जाको अवस्था र सम्भावना सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, समूह कार्य, जोडीमा छलफल, एउटा लिने एउटा दिने आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई नेपालमा उर्जाको महŒव र सम्भावना बताउन एवम् उर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध पहिचान गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

(ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालमा उर्जाको महŒव र सम्भावना बताउन एवम् उर्जा र आर्थिक विकासको अन्तरसम्बन्ध पहिचान गर्न | – ऊर्जाको परिचय, स्रोत र प्रकार बताउन<br>– नेपालमा सम्भावित ऊर्जाका स्रोतहरू पहिचान गर्न<br>– ऊर्जाको महत्त्व बताउँदै ऊर्जा र आर्थिक विकासबिचको सम्बन्ध उल्ललेख गर्न<br>– नेपालमा जलविद्युत् ऊर्जाको सम्भावना र वर्तमान अवस्था उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- ऊर्जाका विभिन्न स्रोतहरूको चित्र
- नेपालमा जलविद्युत् उत्पादनको परिमाणात्मक सम्भावना लेखिएको चार्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

हवाई जहाजलगायतका यातायातका साधनहरू, उद्योगहरूमा प्रयोग हुने ठुला ठुला यन्त्रहरूलाई चलाउने शक्ति के होला ? तपाइँको घरमा के के कामका लागि कुन कुन ऊर्जाको प्रयोग गर्नुहुन्छ ? जस्ता प्रश्न गर्नुहोस् । उनीहरूको जवाफलाई समेट्दै ऊर्जाको परिचय दिनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : सूची तयारी**

विभिन्न उदाहरण र सन्दर्भ जोड्दै ऊर्जाका नवीकरणीय र अनवीकरणीय स्रोतको अवधारणा बताउँदै विद्यार्थीहरूलाई तिनीहरूको छुट्टाछुट्टै सूची तयार गर्न लगाउनुहोस् । यसै क्रममा अनवीकरणीय ऊर्जाका स्रोतहरू घट्दै जाने र भविष्यमा ऊर्जा सङ्कट हुन सक्ने सम्भावना  साथै ती ऊर्जाको प्रयोगबाट वातावरणमा पर्ने असरबारे सचेत गराउनुहोस् ।

**क्रियाकलाप २ : समूह छलफल र प्रस्तुति**

कक्षालाई दुई समूहमा विभाजन गरी एक समूहलाई ऊर्जा सङ्कटका कारण पहिचान गरी ऊर्जा सङ्कट आउन नदिने उपाय खोजी गर्न लगाउनुहोस् र अर्को समूहलाई वैकल्पिक ऊर्जाको  महŒवबारे छलफल गर्न लगाई दुवै समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३.  समूह छलफल र निष्कर्ष प्रस्तुति**

नेपालमा प्रयोग हुने ऊर्जाका स्रोतहरू सम्बन्धमा पाठ्यपुस्तकमा दिइएका विषयवस्तुलाई समूहगत रूपमा अध्ययन र छलफल गर्न लगाउनुहोस् । त्यसपछि एक एक गरी प्रत्येक समूहलाई आफ्नो समूहको निष्कर्ष प्रस्तुत गर्न लगाई बाँकी समूहलाई प्रस्तुत गरिएको निष्कर्षमा सुझाव पेस गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४. जोडीमा छलफल**

नेपालमा उर्जाका स्रोतहरूमध्ये जलविद्युत् सबैभन्दा भरपर्दो स्रोत मानिन्छ किन ? भन्ने प्रश्नमा सँगै बस्ने दुई दुई जनालाई जोडीमा छलफल गर्न लगाउनुहोस् । त्यसपछि केही विद्यार्थीलाई आफ्नो जोडीबिच भएको छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । यस क्रममा जलविद्युतलाई “सफा ऊर्जा” **(Clean Energy or White Coal)** पनि भनिन्छ भन्ने कुरा जानकारी गराइदिनुहोस् ।

**क्रियाकलाप ५. तालिका अध्ययन र छलफल**

तल दिइए जस्तै तालिका प्रस्तुत गर्दै नेपालमा तालिकमा दिइएअनुसार जलविद्युत् उत्पादन गर्न के कस्ता सम्भावना र चुनौतीहरू छन् भन्ने सम्बन्धमा छलफल गराउनुहोस् ।

| क्र.सं | नदीहरू | सैद्धान्तिक सम्भावना | प्राविधिक तथा आर्थिक सम्भावना |
|---|---|---|---|
| १. | कोसी | २३,३५० मेगावाट | १०,८६० मेगावाट |
| २. | गण्डकी | २०,६५० मेगावाट | ५,२७० मेगावाट |
| ३. | कर्णाली र महाकाली | ३६,००० मेगावाट | २७,३६० मेगावाट |
| ४. | अन्य नदीहरू | ४०,००० मेगावाट | ८८० मेगावाट |
| | जम्मा | ८३,००० मेगावाट | ४४,३७० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

**क्रियाकलाप ६ : एउटा लिने, एउटा दिने**

ऊर्जाले आर्थिक विकासमा कसरी सहयोग पु¥याउँछ भन्ने विषयमा तल दिइए जस्तै गरी एउटा लिने, एउटा दिने (Give One,Take One) क्रियाकलापका गराई उर्जा र आर्थिक विकासबिचको सम्बन्ध पहिचान गर्न लगाउनुहोस् ।

- **ऊर्जाले आर्थिक विकासमा कसरी सहयोग पु¥याउँछ भन्ने प्रश्न सोधी प्रत्येक विद्यार्थीलाई आफैँले सोचेर आफ्नो कापीमा दुई दुईओटा बुँदा लेख्न लगाउनुहोस् ।**
- **त्यसपछि आफूले लेखेका बुँदाभन्दा फरक बुँदा लेखेका साथीहरू खोज्दै उनीहरूलाई आफूले लेखेको मध्ये एउटा बुँदा उतार्न र साथीले लेखेको एउटा बुँदा सार्न लगाउनुहोस् ।**
- **यसरी ३ ओटा बुँदा बनेपछि फेरि साथीहरूले बनाएको आफ्ना कापीका तीनओटाभन्दा फरक बुँदाको**
- **खोजी गर्दै चौथो पाँचौँ र अन्य बुँदा थप्दै जान लगाउनुहोस् ।**

– **केही विद्यार्थीलाई उनीहरूले तयार पारेको बुँदाहरू प्रस्तुत गर्न लगाई निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. वैकल्पिक ऊर्जा भन्नाले के बुझिन्छ ?

२. जलविद्युत्लाई किन सफा ऊर्जा भनीएको हो ?

३. ऊर्जा सङ्कट कसरी हुन्छ ? ऊर्जा सङ्कट हुन नदिने उपायहरू लेख्नुहोस् ।

४. जलविद्युत्, नेपालको समृद्धिका आधार शीर्षकमा एउटा सम्पादकीय लेख तयार गर्नुहोस् ।

## पाठ : २ पर्यटन प्रवर्धन

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

पर्यटन भनेको विभिन्न उद्देश्यले आफ्नो घर परिवेशभन्दा बाहिरका स्थानमा गरिने घुमफिर हो । यसरी घुमफिर गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । पर्यटकलाई विभिन्न प्रकारका सेवा सुविधा आवश्यकता पर्दछ । पर्यटकका लागि आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराई आयआर्जन गर्नु पर्यटन व्यवसाय हो । पर्यटन व्यवसायले रोजगारीका अवसर सिर्जना गर्ने, स्थानीय सिप, प्रविधि र स्रोतहरूको उपयोग गर्ने, विदेशी मुद्रा आर्जनमा सहयोग गर्ने साथै यसका माध्यमबाट राज्यलाई राजस्व प्राप्त हुने हुँदा देशको आर्थिक विकासमा पर्यटनको महत्त्व रहेको छ ।

यस पाठमा पर्यटनको परिचय, प्रकार, नेपालमा पर्यटन उद्योगको सम्भावना, महत्त्व र नेपालमा पर्यटन प्रवर्धनका उपायहरू सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, TPS, चिट्ठा खेल, पालैपालो लेखन, मस्तिष्क मन्थन, समूह कार्य, जोडीमा छलफल, एउटा लिने एउटा दिने आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई नेपालमा पर्यटनको महत्त्व, सम्भावना र प्रवर्धनका उपायहरू **उल्लेख गर्न** सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|

| | |
|---|---|
| नेपालमा पर्यटनको महत्त्व, सम्भावना र प्रवर्धनका उपायहरू बताउन | - आर्थिक क्रियाकलापका रूपमा पर्यटनको परिचय दिँदै यसका प्रकारहरू उल्लेख गर्न<br>- नेपालमा पर्यटनको महत्त्व र सम्भावना उल्लेख गर्न<br>- नेपालका प्रमुख पर्यटकीय गन्तव्य र तिनीहरूमा हुने मुख्य पर्यटकीय गतिविधि पहिचान गर्न<br>- नेपालमा पर्यटन प्रवर्धनका उपायहरूको सूची बनाउन |

**(ग) शैक्षणिक सामग्री**

- पर्यटकहरूको पदयात्रा, बन्जी, र्‍याफ्टिङ वा अन्य गतिविधि झल्किने चित्र वा भिडियो
- पर्यटनको महत्त्व उल्लेख भएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई आफूले नयाँ ठाउँको भ्रमण वा घुमफिर गर्दाको अनुभव बताउन लगाउनुहोस् । यसै क्रममा पर्यटन, पर्यटक साथै आन्तरिक र बाह्य पर्यटकको परिचय दिनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ मष्तिष्क मन्थन**

पर्यटकका रुचि र उद्देश्य के के हुन सक्छन् ? तिनीहरूलाई के कस्ता सेवा सुविधा चाहिन्छ ? भन्ने प्रश्न सोधी विद्यार्थीबाट आएका जवाफहरूलाई बोर्डमा टिप्दै जानुहोस् । त्यसपछि ती सेवा सुविधा उपलब्ध गराउन कस्ता कस्ता व्यवसाय सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा छलफल गराई पर्यटन व्यवसायको अवधारणा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २ पालैपालो लेखन**

एउटा चार्ट पेपरमा “पर्यटनबाट के के फाइदा हुन्छ ?” भन्ने प्रश्न लेखी कक्षाको अगाडि एउटा डेस्कमा राख्नुहोस् । त्यसपछि विद्यार्थीलाई पालैपालो अगाडि पठाई त्यस सम्बन्धमा एक एक बुँदा लेख्न लगाउनुहोस् । यस क्रममा अगाडिको साथीले लेखेका बुँदाहरू पढेर मात्र नदोहोरिने गरी नयाँ बुँदा लेख्नु पर्ने र नयाँ बुँदा थप्न नसके अरूले लेखेका बुँदा पढेर मात्र फर्कनु पर्ने नियम सुनाउनुहोस् । सबै विद्यार्थीको पालो सकिएपछि कुनै एक विद्यार्थीलाई सबै बुँदा पढेर सुनाउन लगाउनुहोस् । त्यसपछि पर्यटनको महत्त्व उल्लेख भएको चार्ट प्रस्तुत गर्दै विद्यार्थीहरूले भनेका महत्त्वहरूलाई समेत् सम्बोधन हुने गरी पर्यटनको महत्त्व प्रस्ट पारिदिनुहोस् । यसै क्रममा पर्यापर्यटनको अवधारणा समेत प्रस्ट्याइदिनुहोस् ।

**पर्यटनको महत्त्व**

- ✓ विदेशी मुद्राको आर्जन
- ✓ राजस्वमा वृद्धि
- ✓ पूर्वाधार विकास
- ✓ रोजगारी र स्वरोजगारीका अवसर वृद्धि
- ✓ गरिबी नियन्त्रणमा सहयोगी
- ✓ कला संस्कृति र व्यापार प्रवर्धन
- ✓ घरेलु तथा साना उद्योगको विकास
- ✓ अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रचार प्रसार

**क्रियाकलाप ३ जोडीमा छलफल**

पाठमा दिइएको नेपालमा पर्यटन उद्योगको सम्भावनासम्बन्धी विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि सँगसँगै बस्ने विद्यार्थीहरूबिच जोडी बनाई छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस् ।

**पर्यापर्यटन वा पारिस्थितिक पर्यटन (Eco-tourism)**

पर्यटनको माध्यमबाट जैविक विविधताको संरक्षण गर्नुका साथै पर्यटकीय क्षेत्रको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने वातावरणमैत्री पर्यटनलाई पर्यापर्यटन वा पारिस्थितिक पर्यटन भनिन्छ ।

**साहसिक पर्यटन (Adventure Tourism)**

मनोरञ्जनका लागि चुनौतीपूर्ण प्रकृतिमा सहासिक खेलहरूकाका लागि गरिने पर्यटन साहसिक पर्यटन हो । पर्वतारोहण, बन्जी जम्पिङ, प्याराग्लाईडिङ, क्यानोनिङ, जङ्गल सफारी, ऱ्याफ्टिङ, बोटिङ, रक क्लाईम्बिङ, जिप लाइन, स्काइ डाइभिङ जस्ता गतिविधिहरू सहासिक पर्यटनअन्तर्गत पर्दछन् ।

**क्रियाकलाप ४ समूह छलफल**

कक्षाका विद्यार्थीहरूलाई चार समूहमा विभाजित गरी पहिलो समूहलाई नेपालमा पदमार्गका लागि उपयुक्त गन्तव्य, दोस्रोलाई धार्मिक पर्यटनका लागि उत्कृष्ट गन्तव्य, तेस्रोलाई सहासिक पर्यटनका लागि प्रख्यात गन्तव्य, चौथोलाई कला संस्कृतिको अध्ययनका लागि उत्कृष्ट गन्तव्य खोजी गर्न लगाई प्रत्येकको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ समूह कार्य**

विद्यार्थीहरूको दुई समूह बनाई एक समूहलाई नेपालमा पर्यटकको आगमनले पार्नसक्ने सकारात्मक र अर्को समूहलाई नकारात्मक पक्षहरूबारे खोजी गर्न लगाई छलफलको निश्कर्षलाई बुँदागत रूपमा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**पर्यटन आगमनले पार्ने सकारात्मक र नकारात्मक प्रभाव**

| सकारात्मक प्रभाव | नकारात्मक प्रभाव |
|---|---|
| **विदेशी मुद्राको आर्जन हुन्छ ।** | विदेशी संस्कृतिले प्रभाव बढ्न जान्छ । |
| **रोजगारीको अवसर वृद्धि हुन्छ ।** | अपराधका घटनाहरू वृद्धि हुन सक्छ । |
| **सामाजिक र सांस्कृतिक मूल्य मान्यताको प्रवर्धन हुन्छ ।** | |
| **देशको कला संस्कृतिको प्रचार प्रसार हुन्छ ।** | |

**क्रियाकलाप ६ सोच, जोडीमा छलफल र आदानप्रदान**

नेपालमा पर्यटन प्रवर्धनका उपायहरू सम्बन्धमा व्यक्तिगत रूपमा टिपोट गर्न लगाउनुहोस् । जोडी जोडीमा रही अगि टिपोट गरेका कुरालाई एकीकृत गरी साझा बुँदा तयार पार्न लगाउनुहोस् । अब पालैपालो सबै जोडीलाई आफ्ना विचार राख्ने अवसर प्रदान गर्नुहोस् । जोडीका विचार सिकाइ पाटीमा टिप्दै जानुहोस् । उनीहरूको विचारलाई जोड्दै नेपालमा पर्यटन प्रबर्धनका उपायहरू सम्बन्धमा बुँदागत प्रस्तुति दिनुहोस् ।

**क्रियाकलाप ७ चिठ्ठा खेल**

साना साना कागजका टुक्रामा कक्षाका सबै विद्यार्थीको नामलेखी एउटा झोला वा बट्टामा राख्नुहोस् । त्यसपछि चिट्ठा तानेर पाँच जना विद्यार्थीलाई आफूलाई परेको विषयवस्तुको सम्बन्धमा अगाडि बोलाई पालैपालो निम्न विषयमा आफूले सिकेका कुराहरू भन्न लगाउनुहोस् ।

- पर्यटनको महत्त्व
- नेपालमा पर्यटनको सम्भावना
- नेपालका पर्यटकीय गन्तव्यहरू
- नेपालमा पर्यटन प्रवर्धन गर्ने उपायहरू

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्:

१. पर्यटन व्यवसायलाई पर्यटन उद्योग किन भनिन्छ ?

२. सहासिक पर्यटन भनेको के हो ? नेपालमा सहासिक पर्यटनका के कस्ता सम्भावना छन् ?

३. पर्यापर्यटन भनेको के हो ? वातावरण संरक्षण र समुदायको विकासका लागि यसको महत्त्व उल्लेख गर्नुहोस् ।

४.तपाईंको समुदाय वरपरको कुनै एक पर्यटकीय स्थलमा पर्यटन प्रवर्धन गर्नका लागि एक पोस्टर वा रेडियोबाट प्रस्तुत गर्ने एक गीति सन्देश (जिङ्गल) तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

# पाठ : ३ रोजगारी

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

रोजगारी जीवनयापनका लागि आयआर्जन गर्ने उद्देश्यले गरिने काम हो । रोजगारीबाट एकातिर व्यक्तिले आफ्नो र परिवारको जीवन निर्वाह गरिरहेको हुन्छ भने अर्कातिर राष्ट्रिय उत्पादन र आयमा समेत वृद्धि भइरहेको हुन्छ । त्यसैले रोजगारी आर्थिक विकासको एउटा महत्त्वपूर्ण आधार हो ।

यस पाठमा रोजगारीको परिचय, प्रकार, वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभाव तथा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने सन्दर्भमा यसका लागि आवश्यक तयारीका प्रक्रिया सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, मस्तिष्क मन्थन, समूह कार्य, चार्ट अध्ययन र नाटक प्रस्तुति आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई रोजगारीको परिचय, प्रकार र यसले पारेका प्रभावहरू खोजी गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| रोजगारीको परिचय, प्रकार र यसले पारेका प्रभावहरू खोजी गर्न | - रोजगारीको परिचय दिँदै वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभावहरूको उल्लेख गर्न<br>- वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन आवश्यक तयारीका प्रक्रिया उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- वैदेशिक रोजगारमा रहेका श्रमिकहरूको फोटो वा भिडियो
- वैदेशिक रोजगारीको तयारी सम्बन्धी जानकारी लेखिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

के तपाईंहरूले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको अनुभव, उहाँहरूले गरेको प्रगति, उहाँहरूले भोग्नु परेका समस्या, दुर्घटना आदिका बारेमा देख्नु वा सुन्नु भएको छ ? भन्ने प्रश्न सोधी यस सम्बन्धमा विद्यार्थीलाई आफूले देखे सुनेका कुरा भन्न लगाउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १. छलफल**

रोजगारीको परिचय दिई किन नेपाली युवाहरू रोजगारीका लागि विदेश जान्छन् भनी प्रश्न गर्नुहोस् । यसै क्रममा नेपालमा वैदेशिक रोजगारीको प्रवृत्ति (औसत वैदेशिक रोजगारमा जाने युवाहरूको सङ्ख्या, नेपाली युवाहरू रोजगारीमा जाने मुख्य देशहरू, वैदेशिक रोजगारीम नेपाली युवाहरूले गर्ने काम आदि) का सम्बन्धमा छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ चार्टपेपरमा बुँदा लेखन**

पाठमा दिइएको मनोवाद अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि एउटा चार्टपेपरमा "वैदेशिक रोजगारीका सकारात्मक पक्ष" र अर्कोमा "वैदेशिक रोजगारीका सकारात्मक पक्ष"  लेखी दुई स्थानमा टेबुलमाथि राखिदिनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई लाइनमा बसी पालैपालो दुवै चार्टपेपरमा आफूले जानेका एक एक बुँदा लेख्न लगाउनुहोस् । यस क्रममा साथीहरूले लेखेका बुँदा नदोहोऱ्याउन र आफूले कुनै बुँदा थप्न नसके पनि सबै बुँदा राम्रोसँग अध्ययन गरेर मात्र अगाडि बढ्ने निर्देशन दिनुहोस् । सबैजनाको पालो सकिएपछि दुवै चार्ट पेपरमा लेखिएका बुँदाहरूमा आवश्यक संशोधन गर्दै वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक पक्षबारे निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक प्रभावहरु**

| सकारात्मक असर | नकारात्मक असर |
|---|---|
| ✓ रेमिटान्समार्फत विदेशी मुद्रा आर्जन हुने ।<br>✓ बेरोजगारी समस्या समाधानमा सहयोग पुग्ने ।<br>✓ गरिबी निवारणमा सहयोग पुग्ने ।<br>✓ जनताको जीवन स्तरमा सुधार हुने ।<br>✓ आधुनिक ज्ञान तथा सिप आर्जन हुने ।<br>✓ वैदेशिक सम्बन्ध बलियो हुने ।<br>✓ वैदेशिक रोजगारीबाट आर्जित सिप र प्रविधिको ज्ञानले स्वदेशमै स्वरोजगारीको सिर्जना गर्न सकिने ।<br>✓ देशहरूबिच सांस्कृतिक आदानप्रदान हुने | ✓ दक्ष जनशक्तिको विदेश पलायन (Brain Drain) का कारण देशमा आवश्यक जनशक्ति अभाव ।<br>✓ विदेशमा काम गर्दा श्रमको उचित मूल्य नपाउनु ।<br>✓ परनिर्भरता बढ्ने ।<br>✓ विभिन्न प्रकारका सङ्क्रामक रोगहरू भित्रिने ।<br>✓ सम्मानजनक काम नपाइने र जोखिमपूर्ण कामका कारण शरीरिक अशक्तता हुने र विभिन्न किसिमका दुर्घटनाहरूमा ज्यान जाने ।<br>✓ देशभित्रका एजेन्सी तथा विदेशी कम्पनीहरूबाट ठगिने । |

**क्रियाकलाप ३ समूह छलफल**

नेपाली श्रमिकहरूलाई वैदेशिक रोजगारीको तयारीकै क्रममा स्वदेशमा र रोजगारीका क्रममा विदेशमा आइपर्न सक्ने समस्या वा ठगिन सक्ने अवस्था के के हुन् भन्ने विषयमा समूहगत छलफल गराई प्रत्येक समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ मष्तिष्क मन्थन**

वैदेशिक रोजगारीका क्रममा नेपाली श्रमिकहरूले प्रायः गाह्रो, खतरा र फोहर (Difficult, Danger and Dirty) काम गर्नुपर्छ  भन्ने सुनिन्छ । यस्तो अवस्थामा वैदेशिक रोजगारलाई मर्यादित र सम्मानजनक बनाउन के गर्नुपर्ला भन्ने विषयमा मष्तिष्क मन्थन गराई विद्यार्थीहरूको विचार सुन्नुहोस् र यस सम्बन्धमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ५ चार्ट अध्ययन र नाटक प्रस्तुति**

वैदेशिक रोजगाारीको तयारी सम्बन्धी निम्न प्रक्रिया लेखिएको चार्ट कक्षामा टाँसी अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि वैदेशिक रोजगारीको तयारीसम्बन्धी सबै कुरा समेटिने गरी एउटा छोटो नाटकको स्क्रिप्ट तयार गरी अभिनय गर्न लगाउनुहोस् ।

- वैदेशिक रोजगारीसम्बन्धी सम्पूर्ण कुराहरूबारे विस्तृतमा जानकारी लिने । यसका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा त्यसअन्तर्गतको वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्धन बोर्ड आदिमा सम्पर्क गर्ने
- वैदेशिक रोजगारका लागि प्रवेशाज्ञा (भिसा) प्राप्त गर्न राहदानी (Passport) आवश्यक पर्छ । यसका
- लागि आफ्नो नागरिकता वा राष्ट्रिय परिचय पत्र र पासपोर्ट साइजको फोटो, राहदानी दस्तुरसहित जिल्ला प्रशासन कार्यालयमा गई राहदानी आवेदन फारम भर्ने
- राहदानी, आफ्नो शैक्षिक योग्यता, सिप तथा अनुभवका प्रमाणपत्रसहित नेपाल सरकारद्वारा स्वीकृति प्राप्त मेनपावर कम्पनीमा आफैँ गई आफूले जान चाहेको देश, आफ्नो काम, तलब सुविधालगायतका कुराहरूबारे राम्रोसँग बुझी सबै कुरा चित्त बुझेमा आफूले लगेका कागजपत्रहरू बुझाउने
- यसरी बुझाएका कागजपत्र र निवेदकका अन्य योग्यताहरूको आधारमा सोही मेनपावर कम्पनीमार्फत भिसा उपलब्ध हुन्छ ।
- विदेशमा आफूले गर्नुपर्ने कामसम्बन्धी तालिम लिने
- सम्भव भएसम्म आफू जाने देशको भाषा सिक्ने
- सम्बन्धित देशको श्रम ऐनबारे जानकारी लिने
- हिंसा तथा आतङ्ककारी घटनाहरू भइरहने देशमा जानका लागि भिसा आवेदन नगर्ने
- भिसा प्राप्त भएपछि सम्बन्धित मेनपावर कम्पनीसँग सम्झौता गर्ने र सम्झौतापत्रको १ प्रति घरपरिवारलाई बुझाउने । सम्बन्धित मेनपावर कम्पनीमार्फत बिमा गराउने
- सम्बन्धित मेनपावर कम्पनीमार्फत आधिकारिक स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउने
- प्रस्थान गर्नुअगि वैदेशिक रोजगार विभागबाट अभिमुखीकरण तालिम (Orientation Training) लिने यसबाट विदेशमा कुनै आपत्ति आइपरे, दुर्घटनामा परे वा पासपोर्ट हराए कहाँ सम्पर्क गर्ने भन्ने जानकारी लगायत सँगै लैजानुपर्ने कागजपत्र, भिसा थप गर्ने प्रक्रिया आदि विषयमा जानकारी लिन सकिन्छ ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्:

१. विप्रेषण भनेको के हो ?

२. नेपालमा भित्रिने विप्रेषण प्रायः घर आवाास निर्माण र मनोरञ्जनमा खर्च भइरहेको छ । के यो ठिक हो ? विप्रेषणको सही प्रयोग कसरी गर्नुपर्छ भन्ने विषयमा आफ्ना भनाइ एक अनुच्छेदमा प्रस्तुत गर्नुहोस् ।

३. तपाईं भविष्यमा रोजगारीका लागि विदेश जाने पक्षमा हुनुहुन्छ कि नजाने पक्षमा ? किन ?

४. वैदेशिक रोजगारीबाट आर्जन गरेको सिप र प्रविधिसम्बन्धी ज्ञानलाई नेपालको आर्थिक विकासमा कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

५. वैदेशिक रोजगारीलाई मर्यादित बनाउने उपायहरू उल्लेख गर्नुहोस् ।

६. वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले ख्याल गर्ने पर्ने कुनै चार कुरा उल्लेख गर्नुहोस् ।

# पाठ : ४ वित्तीय शिक्षा

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

व्यक्तिलाई वित्तीय स्रोतहरूको उचित प्रयोग र व्यवस्थापन गर्न साथै वित्तीय निर्णय गर्न सक्षम बनाउने शिक्षा वित्तीय शिक्षा हो । यसले व्यक्तिलाई आफ्नो पारिवारका लागि आवश्यक खर्च व्यवस्थापन गर्ने लगानी गर्ने, बचत गर्ने, ऋण लिने, जग्गा जमिन खरिद बिक्री गर्नेलगायत आर्थिक व्यवस्थापनसम्बन्धी कुराहरूका बारेमा उचित निर्णय गर्न सक्षम बनाउँछ ।

वित्त र वित्तीय शिक्षाको अवधारणा र महत्त्वलगायत वित्तीय प्रणालीको अर्थ, वित्तीय संस्थाहरूको प्रकार र कार्य यस पाठका मुख्य विषयवस्तु हुन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, मस्तिष्क मन्थन, समूह कार्य, चार्ट अध्ययन र अन्तरक्रिया, घटना अध्ययन आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई वित्तीय शिक्षासँग परिचित हुन र महत्त्व बोध गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | – वित्तीय शिक्षाको अवधारणा र महत्त्व उल्लेख गर्न<br>– वित्तीय प्रणालीको अर्थ बताउन<br>– वित्तीय संस्थाहरूको प्रकार र कार्यहरूको सूची तयार गर्न |

**(ग) शैक्षणिक सामग्री**

- प्रश्नोत्तरका लागि प्रश्नावली
- रेखाचित्रका नमुना
- वित्तीय संस्थाहरूको फोटो, चित्र आदि ।
- वित्तीय संस्थाहरूको प्रकार र कार्यहरूको सूची

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

निम्न घटनासँग सम्बन्धित समस्याको समाधान खोजी गरी प्रस्तुत गर्न लगाई विद्यार्थीलाई वित्तीय शिक्षासम्बन्धी पूर्व ज्ञान र अनुभव प्रस्तुत गर्न लगाउनुहोस् ।

(क) शान्तिका काकालाई पैसाको निकै जरुरत परेको थियो । उहाँले कोही कसैबाट ऋण पाउनु भएको थिएन । एक दिन रामलाल नामका व्यक्तिले महिनाको ३६ प्रतिशत ब्याज दिने र समयमा ब्याज नबुझाए ब्याज रकम पनि मूलधन ( साउँ) मै जोड्दै जाने सर्तमा उहाँलाई ऋण लिने भए दिन्छु भने । शान्तिका काकाको ठाउँमा तपाईं भए रामलालसँग ऋण लिनुहुन्थ्यो कि लिनुहुन्नथ्यो ? किन ?

(ख) केशरीलालले छोरीको बिहे धुमधामसँग गर्नका लागि पैसा नपुगेपछि जग्गा बेच्ने निर्णय गरेका छन् । उनको निर्णय तपाईँलाई कस्तो लाग्यो ? तपाईं उनलाई के सुझाव दिन चाहनुहुन्छ ?

(ग) सुनमायाँले मजदुरी गर्छिन् । उनले महिनाभर कमाएको पैसाबाट परिवारका लागि खर्च गरेर बचेको पैसा सहकारीमा जम्मा गर्छिन् । अब केही महिनापछि सहकारीमा जम्मा भएको पैसा निकाली केही ऋणसमेत लिएर ८-१० ओटा बाखाका पाठापाठी किनेर पाल्ने विचार गरेकीछन् । सुनमायाको व्यवहार र विचारबारे तपाईं के भन्नुहुन्छ ?

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १. मष्तिष्क मन्थन**

विद्यार्थीलाई आम्दानी, खर्च, योजना, वजेट आदि सम्बन्धी धारणाहरू लिनुहोस् । उनीहरूको विचारलाई समेत जोड्दै विभिन्न उदाहरणसमेतमा आधारित भई वित्तीय शिक्षालाई आम्दानी र खर्चको व्यवस्थित परिचालन साथै खर्च योजना, बजेट, ऋण, आदि कुराको व्यवस्थित परिचालनका लागि आवश्यक ज्ञान, सिप र क्षमताका रूपमा परिचित गराउनुहोस् ।

**क्रियाकलाप २ : समूह कार्य**




विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । त्यसपछि एक एकओटा व्यवसाय सञ्चालनका लागि प्रत्येक समूहलाई निम्न कुरा समेटी लगानी योजना तयार पारेर कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् :

- लगानीको क्षेत्र वा व्यवसायको नाम :
- अनुमानित लागत रकम :
- आवश्यक पर्ने ऋण रकम :
- ऋणका लागि धितो :
- ऋणको अनुमानित ब्याज :
- अन्य अनुमानित खर्च (भवन निर्माण वा भाडा, मेसिन, बिजुली, पानी, कर, विज्ञापन, इन्धन, श्रमिक वा कर्मचारीको तलब ......
- अनुमानित आम्दानी :
- अनुमानित मुनाफा

**क्रियाकलाप ३ : चार्ट निर्माण**

पाठबाट वित्तीय शिक्षाको आवश्यकता र महत्त्व खोजी गरी उपयुक्त चार्ट बनाई प्रस्तुत गर्न लगाउनुहोस् :

**चार्टका नमुना**

**वित्तीय शिक्षाको आवश्यकता वा महत्त्व**


- सम्पत्ती र पैसाको महत्त्व बुझ्न
- आम्दानीको सही र उत्पादनशील क्षेत्रमा प्रयोग गर्न
- बचत गर्ने बानीको विकास गर्न
- खर्च योजना गराउन र बजेट बाँडफाँट गर्न
- बिमा गर्न र भविष्यका लागि आर्थिक योजना बनाउन
- करसम्बन्धी सामान्य ज्ञान प्राप्त गर्न
- वित्तीय संस्था र तिनीहरूबाट प्राप्त गर्न सकिने सेवाबारे जानकारी प्राप्त गर्न
- जीवनमा आर्थिक दुर्घटनाबाट सुरक्षित रहन

**क्रियाकलाप ४ समूह कार्य**

नेपालमा वित्तीय साक्षरतासम्बन्धी चेतनाका लागि भएका प्रयासहरू सम्बन्धमा पाठ्यपुस्तक अध्ययन गर्न लगाई बुँदा टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ५ मष्तिष्क मन्थन**


सहभागीहरूलाई एक एकओटा मेटाकार्ड उपलब्ध गराउनुहोस् । सहभागीहरूलाई बैङ्कको वारेमा कुनै एक वाक्य लेख्न लगाउनुहोस् । सो वाक्य जस्तैः बैङ्कको परिभाषा, महत्त्व वा अन्य कुनै जानकारी सँगसम्बन्धित हुनुपर्ने छ । सहभागीले तयार पारेको मेटाकार्डलाई कक्षा अगाडि बोर्डमा टाँस्न लगाउनुहोस् । सहभागीका विचारलाई जोड्दै बैङ्क र वित्तीय प्रणाली सम्बन्धमा प्रस्ट पार्नुहोस् ।




पाठ्यक्रम विकास केन्द्र

**क्रियाकलाप ६ सूची तयारी र छलफल**

वित्तीय संस्थाहरूको चित्र वा फोटो प्रस्तुत गर्दै वित्तीय प्रणालीको परिचय दिनुहोस् । त्यसपछि नेपालका वित्तीय संस्थाहरूको सूची तयार गर्न लगाई तिनीहरूको कार्यका बारेमा छलफल गराउनुहोस् ।




**क्रियाकलाप ७ अन्तरक्रिया**

ऋण के हो, किन लिइन्छ ? ऋणको उपयोग कसरी गर्नुपर्छ ? ऋण प्रदान गर्ने संस्था कुन कुन हुन् ? ऋण लिँदा ध्यान दिनु पर्ने कुरा के के हुन् ? भन्ने विषयमा अन्तरक्रिया गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्:

१. वित्तीय शिक्षाको आधारभूत ज्ञानअन्तर्गत के के कुरा पर्दछन् ?

२. ऋण लिँदा हैन ऋणको सही उपयोग नगर्दा आर्थिक अवस्था चौपट हुन्छ । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३. आफ्नो परिवारलाई आर्थिक जोखिमबाट मुक्त राख्न के के गर्नुपर्ने रहेछ ?

४. वित्तीय शिक्षाको महत्त्वलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

**(च) थप अध्ययन सामग्री**

**व्यक्तिगत वित्त व्यवस्थापनका आधारभूत नियमहरू वा आधारभूत वित्तीय साक्षरता**

- ✓ वित्तीय लक्ष्यहरूको निर्धारण गर्ने ।
- ✓ आफ्नो स्रोत र साधनहरूमा बाँच्ने ।
- ✓ ऋणको सदुपयोग गर्ने ।
- ✓ ऋणको भाखा ननघाउने ।
- ✓ खर्च गर्न सतर्कता अपनाउने ।
- ✓ समय सँगसँगै पैसाको मूल्यको तुलना गर्ने ।
- ✓ चक्रवृद्धि ब्याजको असर बारेमा थाहा पाउने ।
- ✓ लगानी गर्दा आवश्यक जोखिम वहन गर्ने ।
- ✓ बचत गर्ने ।
- ✓ लगानी र सम्पत्तिको विविधीकरण गर्ने ।
- ✓ आफ्नो लगानी र प्रतिफलको तुलना गर्ने ।
- ✓ अनुत्पादक क्षेत्रमा लगानी नगर्ने

## पाठ : ५ वित्तीय उपकरण

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

नगदमा रूपान्तरण गर्न सकिने कुनै पनि वित्तीय सुरक्षण वा सम्झौतालाई वित्तीय उपकरण (Financial Instrument) भनिन्छ । वित्तीय उपकरणहरू सिर्जना गर्न, बिक्री गर्न, संशोधन गर्न, स्थानान्तरण गर्न र मौद्रिक कारोबार गर्न सकिन्छ । स्टक (Stock),बोन्ड (Bond), बैङ्क निक्षेप (Bank Deposit), ट्रेजरी बिल (Tresury Bill), सेयर (Share) आदि वित्तीय उपकरण हुन् ।

वित्तीय उपकरणको अवधारणा, वित्तीय उपकरणका रूपमा बैङ्क निक्षेप र धितोपत्रको परिचय, धितोपत्रका प्रकार, सेयरको परिचय, प्रकार र महत्त्व, नेपाल राष्ट्र बैङ्कले जारी गरेको सफा नोट नीति, बैङ्क खाता र प्रकार, एटिएम, विद्युतीय बैङ्किङ र बैङ्किङ एप्सको प्रयोग आदि यस पाठका मुख्य विषयवस्तु हुन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, जिग्स, समूह कार्य, सूचना अध्ययन, जोडीमा छलफल आदि विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - वित्तीय उपकरणको अर्थ बताई विभिन्न प्रकारका वित्तीय उपकरणहरूको परिचय दिन<br>- वित्तीय उपकरणका रूपमा बैङ्क निक्षेप र धितोपत्रको परिचय दिन साथै धितोपत्रका प्रकारहरू उल्लेख गर्न<br>- शेयरको परिचय र प्रकार उल्लेख गर्दै यसको महत्त्व बताउन<br>- अग्राधिकार र साधारण शेयरबिच भिन्नता प्रस्तुत गर्न ।<br>- नेपाल राष्ट्र बैङ्कले जारी गरेको सफा नोट नीतिसँग परिचित हुन<br>- बैङ्क खाताका प्रकार र प्रत्येकको विशेषता बताउन<br>- बैङ्ककबाट उपलब्ध एटिएम, विद्युतीय बैङ्किङ र बैङ्किङ एप्ससम्बन्धी |

### (ग) शैक्षणिक सामग्री

- एटिएम कार्ड चेकको नमुना, मोबाइल बैङ्किङ एप्स

पाठ्यक्रम विकास केन्द्र

– नोट सफा र सुरक्षित राख्ने उपाय लेखिएको चार्ट, भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई कस कसले बैङ्कमा पैसा जम्मा गर्ने गरेको छ ? छ भने तपाइँको आफ्नै खाता हो कि अभिभावकको संरक्षकत्वमा खोलिएको खाता हो ? आदि प्रश्न गर्दै विद्यार्थीको बैङ्क र बचतसम्बन्धी धारणा र अनुभव सङ्कलन गर्नुहोस् र त्यसैमा आधारित भई वित्तीय उपकरणको अवधारणा बताइदिनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १. प्रदर्शन र छलफल**

बैङ्कले आफ्ना ग्राहकहरूलाई दिने सुविधा वा वित्तीय उपकरण प्रयोगका लागि उपयोग गरिने वित्तीय साधनहरू जस्तै मोबाइल बैङ्किङ एप्स, एटिएम कार्ड, क्रेडिट कार्ड, बैङ्क चेक अथवा तिनीहरूको नमुना प्रदर्शन गरी तिनीहरूको प्रयोग गर्ने तरिका र उपयोगिता सम्बन्धमा विद्यार्थीको अनुभव र जानकारी सङ्कलन गरी छलफल गराउनुहोस् ।

**क्रियाकलाप २. जिग्स**

विद्यार्थीलाई चार चार जनाको समूह निर्माण गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई कुनै नाम दिनुहोस् वा मातृ समूह ( होम ग्रूप) भनी चिनाउनुहोस् । प्रत्येक मातृ समूहका चार जनालाई १, २, ३, ४ सङ्ख्या रोज्न लगाई सबै समूहका एउटै अङ्क रोज्नेहरूबाट अर्को छुट्टै समूह निर्माण गर्न लगाउनुहोस् जस्तैः (प्रत्येक मातृ समूहका १,१,१,१ मिलाएर एउटा समूह, २,२,२,२ मिलाएर अर्को समूह.............) यसरी बनेका ४ समूहको नाम विशेषज्ञ समूह वा एक्स्पर्ट समूह भनी चिनाउनुहोस् । अब प्रत्येक विशेषज्ञ समूहमध्ये पहिलो समूहलाई चल्ती खाता, दोस्रो समूहलाई बचत खाता, तेस्रो समूहलाई मुद्दती खाता र चौथो समूहलाई बैङ्कमा खाता खोल्ने प्रक्रियाबारे अध्ययन र छलफल गर्न लगाई आवश्यक सहजीकरण गर्नहोस् । त्यसपछि सबैलाई आआफ्नो मातृ समूहमा जम्मा हुन लगाई हरेक सदस्यलाई पालैपालो आफूले विज्ञता हासिल गरेको विषयमा बाँकी साथीहरूलाई राम्रोसँग सिकाउन लगाउनुहोस् । नबुझेमा वेला वेलामा प्रश्न गर्ने, जिज्ञासा राख्ने कुरा पनि सम्झाउनुहोस् ।

**क्रियाकलाप ३ सूचना अध्ययन र छलफल**

कक्षामा एउटा कम्पनीले प्रकाशन गरेको बोन्ड निष्कासनसम्बन्धी दिइएको सूचना टाँसी विद्यार्थीहरूलाई सूचना पढ्न लगाउनुहोस् त्यसपछि विद्यार्थीलाई उक्त कम्पनीको बोन्डमा लगानी गर्ने निम्न प्रक्रिया बताई तलका प्रश्नहरूमा आधारित भई प्रश्नोत्तर गराउनुहोस् । ।

**श्री एबिसी कम्पनी लिमिटेडद्वारा सर्वसाधारणका लागि जारी गरिएको बोन्ड (ऋणपत्र)**
**कुल रकमः** रु. ५,०००००००००
**ब्याजदर :** ७ प्रतिशत
**सुरक्षण :** कम्पनीको अचल सम्पत्ती
**ऋणपत्र जारी मिति :** २०८०।१२।२६
**ऋवधि :** १० वर्ष
**भुक्तानी प्रक्रिया :** मासिक/त्रैमसिक/अर्धवार्षिक/वार्षिक
**न्यूनतम लगानी रकम :** रु. १ लाख

**नियमनकारी निकाय :** नेपाल धितोपत्र बोर्ड
**लगानी फारम उपलब्ध वेबसाइटः** www.abccompany.com

**लगानी गर्ने प्रक्रिया**

सरकार वा कुनै पनि सङ्गठित संस्थाहरूले आफ्नो वेबसाइटमा सूचना प्रकाशीत गरी यहाँ दिइए जस्तै बोन्ड निष्कासन गर्दछन् । इच्छुक लगानी कर्ताले सम्बन्धित कम्पनीको वेबसाइटमा उपलब्ध गराइएको अनलाइन फारम भरी आफ्नो डिम्याट खातामा लगानी गर्न चाहेको रकमसमेत जम्मा गरेर उक्त बोन्डमा लगानी गर्न सक्छन् ।

**प्रश्नहरू**

तपाईँले एबिसी कम्पनीको बोन्डमा लगानी गर्न चाहनुहुन्छ ? चाहनुहुन्छ भने यसमा कति रकम लगानी गर्नुहुन्छ ?
यो कम्पनीमा लगानी गर्दा तपाईँलाई के फाइदा हुन्छ ?

**क्रियाकलाप ४ : सूचना अध्ययन र छलफल**

बोन्ड जस्तै गरी कुनै एक कम्पनीले जारी गरेको धितोपत्र (सेयर) सम्बन्धी सूचना टाँसी विद्यार्थीहरूलाई शेयरमा लगानी गर्ने तरिका र यसबाट हुने फाइदा सम्बन्धमा समूहगत छलफल गर्न लगाई छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ जोडीमा छलफल**

दुई दुई विद्यार्थीको जोडी बनाई प्रत्येक जोडीमा एक जनालाई अग्राधिकार सेयर र अर्कोलाई साधारण सेयरका विशेषता लेखी एकआपसमा छलफल गर्न लगाउनुहोस् ।

| अग्राधिकार सेयर र साधारण सेयरबिच भिन्नता | |
|---|---|
| अग्राधिकार सेयर | **साधारण सेयर** |
| - यसमा लगानी गर्ने सेयरधनीलाई अन्य सेयरधनीलाई भन्दा पहिल्यै लाभांश वितरण गरिन्छ ।<br>- यो सेयरलाभांश निश्चित गरी निष्कासन गरिन्छ ।<br>- यसका सेयरधनीले पाउने लाभांश निश्चित हुन्छ ।<br>- यसमा लगानी गर्ने सेयरधनीलाई जोखिम हुँदैन ।<br>- यसका सेयरधनीहरूलाई कम्पनीको साधारण सभामा भाग लिने र भोट हाल्ने अधिकार हुँदैन । | - यसमा लगानी गर्ने शेयरधनीलाई अग्राधिकार सेयरधनीको धनीको लाभांश वितरण गरेर बाँकी रहेको मुनाफालाई मात्र वितरण गरिन्छ ।<br>- यो सेयर निष्कासन गर्दा लाभांश निश्चित गरिएको हुँदैन ।<br>- यसमा लगानी गर्ने सेयरधनीलाई जोखिम हुन्छ ।<br>- यसका सेयरधनीहरूलाई कम्पनीको साधारण सभामा भाग लिने र भोट हाल्ने अधिकार हुन्छ । |

**क्रियाकलाप ६ वोर्ड वा चार्टमा प्रस्तुति**

नोटलाई किन सुरक्षित राख्नुपर्छ भन्ने प्रश्नमा मष्तिष्क मन्थन गराउनुहोस् । त्यसपछि नोटको हिफाजत कसरी गर्न सकिन्छ भन्ने प्रश्न सोधी विद्यार्थीलाई पालैपालो अगाडि बोलाएर बोर्ड वा चार्टपेपरमा लेख्न लगाउनुहोस् । त्यसपछि सफा नोटसम्बन्धी राष्ट्र बैङ्कबाट तयार पारिएको भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् ।

**नोट संरक्षणका उपायहरू**

नयाँ नोट हाम्रो सभ्यताको प्रतीक हो । त्यसैले नयाँ नोटको जतन गर्नु हामी सबैको दायित्व हो । हामीले दैनिक रूपमा किनमेल गर्दा जतनपूर्वक पैसाको कारोबार गर्ने, पैसालाई नदोबार्ने, नखुम्च्याउने तथा स्टीच नलगाउने गर्नुपर्छ । त्यसका साथै चाडबाडमा पैसामा टीका तथा रङ नलगाउने, पानीमा नभिजाउने तथा जतनपूर्वक प्रयोग गर्ने गर्नुपर्छ ।

नोट जतन गर्ने सवालमा सर्वोच्च अदालतले समेत राष्ट्र बैङ्क, अर्थ मन्त्रालय र सरकारको नाममा बैङ्क नोटमा स्टिच नगर्न, केरमेट नगर्न, जथाभावी च्यात्न नपाउने व्यवस्था गर्न अन्तरिम आदेश जारी गरेको थियो । त्यसपछि नयाँ नोटमा केरमेट गर्ने, फोहोर गर्ने, मैलो बनाउने गर्न पूर्ण रूपमा बन्देज लगाइएको छ ।

**व्यावहारिक उपायहरू**

- कसैलाई दक्षिणा दिँदा खुला रूपमा नोट दिनुभन्दा खाममा राखेर दिँदा नोटमा रङ लत्पतिन पाउँदैन र नोट सुरक्षित हुन्छ ।
- मोबाइल बैङ्किङ कनेक्ट आइपिएस वा वालेटमार्फत दक्षिणा दिने
- नोट बोक्दा धेरै नबोक्ने खुम्च्याएर वा पट्याएर पर्समा नराख्ने सिधा राख्ने बानी गरौँ । अहिले बजारमा नोट सुरक्षित राख्न सकिने लेडिज / जेन्स पर्स किन्न पाइने हुँदा त्यस्ता पर्समा नोटलाई सिधा र सुरक्षित राख्ने गरौँ ।
- मन्दिर गुम्बा चर्च जस्ता धार्मिक स्थलमा नोटको सट्टा सिक्का चढाउने गरौँ ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. वित्तीय उपकरणको परिचय दिनुहोस् ।

२. सेयरमा लगानी गर्दा कसरी फाइदा हुन्छ ?

३. सेयरमा लगानी गर्न चाहने तर जोखिम उठाउन नचाहने लगानीकर्तालाई तपाईँ के सल्लाह दिनुहुन्छ ?

४. तपाईँ बैङ्किङ एप्सको प्रयोग गरेर के के काम गर्न सक्नुहुन्छ ? सूची बनाउनुहोस् ।

**(च) थप अध्ययन सामग्री**

**नोटको सुरक्षाका लागि नेपाल राष्ट्र बैङ्कको अनुरोध**

- ✓ अनिवार्य रूपमा मनी ब्याग प्रयोग गर्ने बानी बसालौं।
- ✓ नोटमा केरमेट नगरौं।
- ✓ सुकिला नोटको प्रयोग गर्ने बानी बसालौं।
- ✓ नोटको जतन गरी छपाइ खर्च घटाऔं।
- ✓ नोटलाई माटो, धमिरा, आगो र पानीबाट जोगाऔं।
- ✓ नोटलाई गाड्ने, धेरै समयसम्म पोको पारेर राख्ने कार्य नगरौं।
- ✓ नोटको हिफाजत गर्ने कुरा अरूलाई पनि सिकाऔं।
- ✓ नोटको कारोबार गर्दा फोहोर गर्ने प्रवृत्तिलाई त्यागौं।
- ✓ रङ लागेको तथा मैलिएका हातहरूले सकेसम्म नोट नछोऔं।
- ✓ नोटमा टाँचा वा स्टिच नलगाऔं
- ✓ शंकास्पद नोटहरू पाइएमा बैङ्कमा दाखिला गरौं।
- ✓ नोटमा रङ, अबिर, पानी, दूध, रगत आदि नपारौं।

सफा नोट नीति

राष्ट्र बैङ्कले नयाँ नोटलाई संरक्षण गर्न विभिन्न समयमा विभिन्न नीतिगत व्यवस्थाहरू गर्दै आएको छ। जसलाई सफा नोट नीति भनिन्छ। ती नीतिहरूले नयाँ नोटको संरक्षण कसरी गर्ने भन्ने उल्लेख गरिएको छ। साथै यस सम्बन्धमा विभिन्न नीतिगत व्यवस्था गरिएको छ। राष्ट्र  बैङ्कले नयाँ नोट छपाइ गर्दा आर्थिक रूपमा राज्यले ठुलो धनराशि खर्च गर्नुपर्ने हुन्छ। त्यसैले नोटको प्रयोग घटाएर विद्युतीय कारोबार गराउनु पनि राष्ट्र बैङ्कको लक्ष्य रहेको छ।

**सफा नोटसम्बन्धी नीतिगत व्यवस्था**

राष्ट्र बैङ्कले मुलुकभर सफा नोट चलनचल्तीमा ल्याउने उद्देश्यले आर्थिक वर्ष २०६७-६८ मा मौद्रिक नीतिमार्फत 'सफा नोट नीति' सुरु गरेको हो। आर्थिक वर्ष २०७३ वैशाख १२ गते सफा नोट नीति जारी गरेको थियो। मिति २०७७-२-११मा यो नीतिमा संशोधन भएको थियो।

यसको मुख्य उद्देश्य भनेकै सर्वसाधारण जनतामा सफा तथा गुणस्तरीय र सफा नोट चलनचल्तीमा ल्याउने, पुराना नोट हटाउँदै जाने तथा नोटको प्रयोग घटाउन सफा नोट नीति अवलम्बन गर्न जोड दिनु हो।

सो नीतिअन्तर्गत पहिलो पटक सबै बैङ्क तथा वित्तीय संस्थाहरूलाई मिति २०६७ भाद्र १ देखि लागु हुने गरी नोटका प्याकेटहरूमा एउटा मात्र स्टिच लगाउने व्यवस्थाको गरेको थियो। त्यसै गरी सर्वोच्च अदालतले पनि सफा नोट सम्बधमा अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्चले २०७२ फागुन ३० गतेको सफा नोटसम्बन्धी अन्तरिम आदेश जारी गरेको थियो। राष्ट्र बैङ्कले सोही आदेशलाई मध्यनजर गर्दै २०७३ वैशाख १२ गते पुनः सफा नोटसम्बन्धी परिपत्र जारी गरेको थियो।

सो परिपत्रअनुसार बैङ्क तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त भएका नोटहरू एटिएमलगायतका मेसिनहरूको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउन्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य र

अयोग्य गरी तीन वर्गमा छुट्याउनुपर्ने व्यवस्था गरेको छ। त्यस्तै, एटिएमलगायतका मेसिनहरूका माध्यमबाट चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा हरियो रङको प्रयोग गर्नुपर्ने व्यवस्था छ।

झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, किराले खाएको, पानीले भिजेको छापाइ बिग्रेको, नोटमा रहेको अक्षर, अङ्क, चित्र तथा सुरक्षण विशेषताहरू नबुझिने वा बिग्रने गरी रङ लागेको, लेखिएको, कोरिएको, मेटिएको च्यातिएको वा पूर्वराजाको तस्बिर भएको नोटलाई पुनः निष्कासनका लागि अयोग्य नोटको रूपमा वर्गीकरण गर्नुपर्ने र त्यस्ता नोटलाई चलनचल्तीमा पठाउन नहुनेसमेत उल्लेख गरेको छ।

**नेपालमा बैङ्किङ इतिहास**

- नेपालमा बैङ्किङ इतिहास त्यति लामो छैन्। नेपालमा पहिलो बैङ्कका रूपमा नेपाल बैङ्क लिमिटेडको स्थापना भएदेखि नै नेपालमा बैङ्किङ इतिहासको सरुआत भएको मान्न सकिन्छ। वि.सं.१९९४ कार्तिक ३० गते यस बैङ्कको स्थापना भएकाले नेपालको बैङ्किङ इतिहास लगभग नौ दशकभन्दा लामो छैन्। तत्कालीन अवस्थामा यो बैङ्क नेपाल सरकारको मुख्य लगानीमा नीजि क्षेत्रसमेतको सहभागितामा स्थापना भएको थियो।
- केन्द्रीय बैङ्कका रूपमा नेपाल राष्ट्र बैङ्कको स्थापना २०१३ सालमा भएको थियो। नेपाली मुद्रा चलन चल्तीमा ल्याउन र नेपालमा बैङ्किङ प्रणालीको सरुआत गर्न यस बैङ्कको भूमिका महत्त्वपूर्ण रहँदै आयो
- हाल नेपालमा धेरैओटा बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना भइसकेको छ। यी बैङ्क तथा वित्तीय संस्थालाई क, ख, ग र घ गरी चार वर्गमा विभाजन गरीएको छ। यी चारै प्रकारका संस्थाहरूलाई एकमुष्ठ रूपमा वित्तीय संस्था भन्ने गरिन्छ।

**बैङ्क तथा वित्तीय संस्थाको महत्त्व**

- बैङ्क तथा वित्तीय संस्थाले निक्षेपका रूपमा बचत स्वीकार गर्ने र कर्जा अर्थात् ऋण प्रदान गर्ने कार्यका अतिरिक्त एक ठाउँको रकम अर्को ठाउँमा पठाउने विप्रेषण कारोबार, विदेशी मुद्रा सटही गरिदिने, प्रतीतपत्र कारोबार गर्ने र अन्तर्राष्ट्रिय लेनदेनलाई सजिलो बनाउने, ड्राफ्ट तथा टि.टी. मार्फत पैसा पठाइदिने, सरकारी कारोबार गर्ने, नोटकोष सञ्चालन गर्ने, सरकारी ऋणपत्रहरूको कारोबार गर्ने, सुनचाँदी कर्जा, ओभरड्राफ्ट सुविधा, बैङ्क ग्यारेन्टी जस्ता विभिन्न वित्तीय कारोबारसमेत गर्दछन्।
- बैङ्क तथा वित्तीय संस्थाले गर्ने कारोबार नियम वा कानुनसम्मत ढङ्गले भए नभएको बारे निरन्तर अनुगमन गर्नु आवश्यक हुन्छ। कानुनबमोजिम बैङ्क तथा वित्तीय संस्था सञ्चालन नभएमा वा कुनै अप्ठ्यारोमा पर्न गएमा सर्वसाधारणको निक्षेप (पैसा) जोखिममा पर्न सक्छ। त्यस्तो अवस्था नआओस् भनेर बैङ्क तथा वित्तीय संस्थाहरूको कारोबार हेर्ने अर्थात् नियमन र सुपरिवेक्षण गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ।

**बैङ्क खाता**

**चल्ती खाता :** व्यावसायिक कारोवार सञ्चालन गर्न खोलिन्छ। मिनिमल ब्यालेन्स बढी हुन्छ। उद्योग, ब्यापारी र कार्यालयका लागि यो खातामा बढी उपयोगी हुन्छ। यस खातामा धेरै ब्याज आउँदैन। यस प्रकारको खातामा धेरै पैसा जम्मा गर्न र झिक्न सकिन्छ। कारोबारको सीमा हुँदैन।

**बचत खाता :** बचत खातामा रकम जतिपटक पनि जम्मा गर्न सकिन्छ । बचत गर्नका लागि खोलिने खातामा केही प्रतिशत भए पनि ब्याज आउँछ । न्यूनतम् ब्यालेन्स कम हुन्छ । कारोबारको सीमा रहन्छ ।

**मुद्दती खाता :** निश्चित समयाअवधिका लागि पैसा जम्मा गरिने खाता मुद्दती खाता हो । यो खातामा ३ महिना, ६ महिना, ,१ वर्ष,२ वर्ष,५ वर्ष आदि समयका लागि रकम जम्मा गर्न सकिन्छ । तोकीएको समय नपुगी पैसा झिक्न पाइँदैन । झिक्न परेमा बैङ्कले तोकिएको चार्ज लिन्छ । यस खातामा अरू खातामा भन्दा बढी ब्याज आउँछ ।

**बैङ्कमा खाता खोल्न आवश्यक कागजात र प्रक्रिया**

- बैङ्कमा खाता खोल्नका लागि नागरिकताको प्रमाणपत्र, फोटो, आवेदन फाराम, आवश्यक न्यूनतम रकम र दस्तखत नमुना फाराम आवश्यक पर्छ ।
- नाबालकका हकमा भने संरक्षकको हैसियतले अभिभावकको नागरिकताको फोटोकपी, फोटो र आवेदन फाराममा दस्तखत आवश्यक पर्छ ।
- बैङ्कमा खाता खोल्दा ग्राहकको पहिचान पूर्ण रूपमा झल्कने गरी पारिवारिक विवरण, बाबु बाजेको नाम जस्ता विवरण दिनुपर्छ ।
- आजकल सूचना प्रविधिको विकाससँगै अनलाइनबाट खाता खोल्न, रकम झिक्न, पठाउन सकिन्छ ।

**इन्टरनेट बैङ्किङ**

- इन्टरनेट बैङ्किङ यो त्यस्तो बैङ्किङ सेवा त्यस्तो अनलाइन सेवा हो जुन विद्युत् वा बङ्कैकिङको वेबसाइटका माध्यमबाट आफ्ना ग्राहकहरूलाई पैसाको लेनदेन र अन्य धेरै सुविधाहरू प्रदान गर्दछ ।
- घरमा बसी विभिन्न सेवा सुविधा लिन सकिन्छ । बालेन्स चेकिङ, बिल पेमेन्ट, फन्ड ट्रान्फर आदि सुविधा लिन सकिन्छ । मोबाइल वा ल्यापटप वा कम्प्युटरमार्फत इन्टरनेट बैङ्किङको सुविधा लिन सकिन्छ ।

**इन्टरनेट बैङ्किङबाट लिन सकिने सेवा सुविधाहरू**

- बैङ्क खाता खोल्न सकिने
- चेक बुकका लागि निवेदन दिन
- एटिएम /डेबिट वा क्रेडिट कार्ड लिन सकिने
- अनलाइन सपिङ वा रेस्टुरेन्टमा ग्राहकलाई अनलाइन भुक्तानी गर्न
- ब्यालेन्स चेक गर्न
- पानी वा बिजुली वा स्कुल कलेजको फि तिर्न

## पाठ : ६ सहकारी

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

आपसी सहमति र सहकार्य गरेर आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूर्ति गर्नका लागि सङ्गठित संस्थालाई सहकारी भनिन्छ । सहकारी सञ्चालनका लागि विधिवत रूपमा संस्था दर्ता गर्नुपर्दछ । "नेपाल सहकारी ऐन-२०७४" अनुसार सहकारी संस्था स्थापनाका लागि सङ्गठित सदस्यहरूको प्रारम्भिक साधारण भेला गरी भेलाको निर्णयसहित दर्ताका लागि निवेदन दिनुपर्ने प्रावधान छ । निवेदनसाथ संस्थाको विनियम, सहकारी संस्था सञ्चालनको अध्ययन प्रतिवेदन, सेयर सङ्ख्या र सेयर रकम विवरणलगायत कानुनले तोकेका अन्य कुराहरू संलग्न गर्नुपर्दछ । सहकारी आर्थिक विकासको महत्त्वपूर्ण आधार हो । यसले पूँजी निर्माण, गरिबी नियन्त्रण र रोजगारी सिर्जना गर्नुका साथै व्यावासायिक सिपहरूको विकासमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

सहकारीको अवधारणा, महत्त्व, सहकारिताका सिद्धान्त, सहकारी सञ्चालनका लागि आवश्यक सर्तहरू आदि यस पाठका मुख्य विषयवस्तु हुन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, सिमुलेसन, अब मेरो पालो, समूह कार्य, कथाकथन, एउटा लिने एउटा दिने आदि विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई सहकारीको अवधारणा र महत्त्व बोध गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - सहकारीको परिचय र महत्त्व बताउन<br>- सहकारीका सिद्धान्त उल्लेख गर्न<br>- सहकारीका समस्याहरू पहिचान गर्न |

### (ग) शैक्षणिक सामग्री

- सहकारीका ब्रोसियर,
- सहकारीको सिद्धान्त उल्लेख भएको चार्ट
- सहकारीका गतिविधि झल्किने चित्र तथा फोटाहरू

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई पालै आफ्नो उनीहरूले देखे जानेका र आफ्नो समुदायमा भएका सहकारीहरूको गतिविधि भन्न लगाउनुहोस् ।

(आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १. प्रदर्शन र छलफल**

सहकारीको अवधारणा उल्लिखित चार्ट वा मेटाकार्ड प्रदर्शन गरी सहकारीको अवधारणा सम्बन्धमा छलफल गराउनुहोस् र सहकारीका सिद्धान्त लेखिएको चार्ट प्रस्तुत गर्दै पाठ्य पुस्तकमा दिइएको सहकारी सञ्चालनका आधारभूत सर्तहरूको व्याख्या गरिदिनुहोस् ।

**सहकारिताका सिद्धान्त**

**१. स्वेच्छिक तथा खुला सदस्यता**

**२. सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण**

**३. सदस्यको आर्थिक सहभागीता**

**४. स्वायत्तता र स्वतन्त्रता**

**५. शिक्षा, तालिम र सूचना**

**६. अन्तरसहकारी सहयोग**

**७. समुदायप्रति चासो**

**क्रियाकलाप २ कथाकथन**

सहकारीमा गरेको बचतबाट जम्मा भएको रकम वा सहकारीबाट लिएको ऋणबाट व्यवसाय सञ्चालन गरी आयआर्जन गरेको कुनै काल्पनिक व्यक्तिको कथा सुनाई सहकारीले रोजगारी सिर्जना, गरिबी नियन्त्रण र जीवनस्तर सुधारमा पुऱ्याउने योगदानका सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ३ एउटा लिने, एउटा दिने (Give One, Take One) विधि**

सहकारीले सामाजिक र आर्थिक रूपान्तरणमा कसरी सहयोग पुऱ्याउँछ भन्ने प्रश्न सोधी प्रत्येक विद्यार्थीलाई दुई दुई बुँदा लेख्न लगाउनुहोस् । त्यसपछि अर्को कुनै एक जना साथीसँग गई उसले लेखेका बुँदा र आफ्ना बुँदा फरक फरक भएमा साथीबाट एउटा बुँदा आफूले सार्न र आफ्नो एउटा बुँदा सार्थीलाई सार्न लगाउनुहोस् । यसै गरी अन्य सार्थीहरूसँग गएर उनीहरूले लेखेका फरक बुँदामध्येबाट एक एक बुँदा लिने र आफ्ना फरक मध्येका एक एक बुँदा दिन लगाई उल्लिखित प्रश्नको उत्तरमा सकेसम्म धेरै बुँदा तयार गर्न लगाउनुहोस् ।

**सहकारीको महत्त्व**

- समाजमा छिरलिएर रहेको रकमबाट गरी पुँजी निर्माण हुने
- एकका लागि सबै र सबैका लागि एक' भन्ने भावना विकसित हुने
- बचत गर्न र कम खर्च गर्न प्रोत्साहित गर्ने
- सदस्यहरूको जीवनस्तरमा सुधार ल्याउन सहयोगी हुने
- गरिबी नियन्त्रणमा सहयोगी हुने
- स्वरोजगारीको सिर्जना गराई बेरोजगारी कम गर्न मदत पुग्ने
- वित्तीय साक्षरता र उद्दमशीलताको विकास हुने

**क्रियाकलाप ४ जानकार व्यक्तिसँग सम्पर्क र जानकारी सङ्कलन**

पछिल्लो समय सहकारीमा देखिन थालेका समस्या के हुन् , ती समस्या आउनुका कारण के हुन सक्छन् भन्ने विषयमा समुदायमा सहकारीसम्बन्धी जानकार व्यक्तिलाई सोधी प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**सहकारीमा समस्या देखिनुका कारणहरू**

- **सहकारीको मूल्य र आदर्श पालना नगर्नु**
- **सञ्चालकहरू साधारण सदस्यप्रति उत्तरदायी नहुनु**
- **सहकारी शिक्षा प्रभावकारी हुन नसक्नु**
- **गैर सदस्यहरूलाई ऋण दिनु तथा बिना धितो ऋण प्रवाह गर्नु एकै परिवारका सदस्यहरू सञ्चालक समितिमा रहनु**

**क्रियाकलाप ५ अब मेरो पालो (Pens in the middle)**

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी समूहका सदस्यलाई आफ्नो बेन्च अगाडि कलम वा डट्पेन वा

सिसाकलम राख्न लगाउनुहोस् । शिक्षकले म एउटा प्रश्न भन्छु तपाइँहरूले पालैपालो त्यसको उत्तर दिनुपर्ने हुन्छ । उत्तर मिलाएमा आफ्नो कलम फिर्ता लान सक्नु हुने छ भनी स्पष्ट निर्देशन दिनुहोस्, जस्तै : सहकारीको कुनै एक सिद्धान्त भन्नुहोस् ? अब पालैपालो विद्यार्थीले एक एकओटा सहकारकिो सिद्धान्त बताउनु पर्ने छ । सही उत्तर मिलाउने साथीहरूले आफ्नो कलम फिर्ता लैजानुहुने छ, सही उत्तर नभनेमा कलम फिर्ता लान पाइँदैन भनी निर्देशन दिनुहोस् । अन्तिमसम्म कलम फिर्ता लान नसक्नेलाई साथीहरूले सहयोग गरि फिर्ता लैजाने वातावरण तयार गर्नुपर्ने छ ।

यो काम सबै समूहमा एकैचोटि गर्नुपर्ने छ । कुन विद्यार्थीले के भनेर कलम फिर्ता लगेको हो, केही विद्यार्थीलाई सोध्नुहोस् । माथिको प्रक्रिया अपनाई अरू पनि प्रश्न सोध्नुहोस्, जस्तै : सहकारीले आर्थिक रूपान्तरणमा कसरी सहयोग पुऱ्याउँछ ? कुनै एक बुँदामा उल्लेख गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. सहकारीले समुदायको सामाजिक तथा आर्थिक रूपान्तरणमा कसरी सहयोग पुऱ्याउँछन् ? उदाहरणसहित उल्लेख गनर्नुहोस् ।

२. तपाइँ कुनै एक सहकारीको अध्यक्ष हुनुभएको भए सहकारीलाई यसको सिद्धान्तअनुरूप सञ्चालन गर्न के के कुरामा ध्यान दिनुहुन्थ्यो ? बुँदागत रूपमा लेख्नुहोस् ।

३. वर्तमान समयमा सञ्चालकहरूले आर्थिक हिनामिना गरेका कारण केही सहकारी असफल हुन थालेको पाइन्छ । यस्तो अवस्थाबाट सहकारीहरूलाई बचाउन सहकारीका साधारण सदस्यहरूल के गर्न सक्छन् ? यस सम्बन्धमा गहकिला  चार सुझाव पेश गर्नुहोस् ।

४. सहकारीका आदर्शहरूलाई चार्ट बनाई प्रस्तुत गर्नुहोस् ।

## पाठ : ७ बचत र बिमा

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

भविष्यका लागि आफ्नो आम्दानीबाट केही रकम सञ्चित गर्दै जाने प्रक्रियालाई बचत भनिन्छ । बचत गरेको रकमबाट पुँजी निर्माण हुने, बचतमा ब्याज प्राप्त हुने, भविष्यमा पर्न सक्ने आर्थिक समस्या टार्न सकिने, भविष्यमा आइपर्ने सामाजिक र अन्य व्यावहारिक कार्यका लागि ऋण लिनु नपर्ने र बचत गरेको रकम उत्पादनशील काममा लगानी गरी आय आर्जन गर्न सकिने हुन्छ । विद्यार्थीहरूलाई तल्ला कक्षादेखि नै अनावश्यक खर्च कटौती गरी आफ्नो आम्दानीको निश्चित रकम बचत गर्ने बानीको विकास गराउनु जरुरी हुन्छ । कुनै पनि व्यक्ति वा सङ्घसंस्थाले भविष्यमा आइपर्न सक्ने अकाल मृत्यु, रोगहरू, प्राकृतिक प्रकोप तथा दुर्घटनाहरूबाट धनजनको क्षति भई त्यसबाट हुनसक्ने आर्थिक जोखिम हस्तान्तरण गर्ने उद्देश्यले बिमा कम्पनीसँग गर्ने सम्झौतालाई बिमा भनिन्छ । जीवन बिमा र निर्जीवन बिमा गरी बिमा दुई प्रकारका हुन्छन् ।

बचतको अवधारणा र महत्त्व, बिमाको परिचय, प्रकार र महत्त्व, जीवन र निर्जीवन बिमाबिच भिन्नता र बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरू यस पाठका मुख्य विषयवस्तु हुन् ।  यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन,

प्रश्नोत्तर, अनुभव आदानप्रदान, मस्तिष्क मन्थन, तातो आलु, समूह कार्य आदि विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई बचत तथा बिमाको अवधारणा र महत्त्व बोध गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - बचतको अवधारणा र महत्त्व उल्लेख गर्न<br>- बिमाको परिचय, प्रकार र महत्त्व बताउन<br>- जीवन बिमा र निर्जीवन बिमाबिच भिन्नता प्रस्तुत गर्न<br>- बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची बनाउन |

**(ग) शैक्षणिक सामग्री**

- बिमा कम्पनीहरूको प्रचार सामग्री
- बिमा भुक्तानीसम्बन्धी पत्र पत्रिकामा प्रकाशीत समाचार
- बिमा सम्बन्धी चित्र तथा फोटाहरू

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

सुरुमा शिक्षकले विद्यार्थीलाई बचत भनेको के हो ? प्रत्येक विद्यार्थीलाई आफ्नो धारणा राख्न लगाउनुहोस् । त्यसपछि क कसले कसरी कसरी बचत गर्ने गरेको छ ? आफ्नो अनुभव सुनाउन लगाउनुहोस् । त्यसपछि निम्न चार्ट प्रस्तुत गरी बचतको अवधारणा बताइदिनुहोस् ।

**बचत भनेको के हो ?**

- भविष्यको साहारा हो ।
- आर्थिक विकासको आधार हो ।
- आर्थिक उपार्जनको तरिका हो ।
- खुत्रुके बचत र बैङ्क बचतको सुरुआती हो ।
- पुँजी सङ्कलनको आधार हो ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १. अनुभव आदानप्रदान**

विद्यार्थीलाई तपाइँले एफोर कागजको पानामा तयार गर्नुभएको मेरो जीवनको पहिलो बचतको चित्र देखाउनुहोस् । तपाइँले कसरी बचत सुरु गर्नुभएको थियो, आफ्ना बुँदाहरू समेटेर कथाकोरूपमा प्रस्तुत गर्नुहोस् ।

त्यसपछि विद्यार्थीलाई आफूले पहिलो पटक बचत कहाँ र केमा राखेको थियो, त्यसको चित्र कोर्न लगाउनुहोस् । जस्तै खुत्रुकेमा भए खुत्रुकेको चित्र, तकियामुनि भए तकियाको चित्र आदि जेमा राखेको हो सोको चित्र बनाउन भन्नुहोस्

पानाको तल्लो भागमा बचत सुरु गरेको साल, याद भए महिना समेत लेख्न लगाउनु होस् । कति रकम र कहाँ जम्मा गरेको त्यस पछि लेख्न लगाउनुहोस् । त्यसपछि बचत सुरु गर्दाको अनुभवसमेत लेख्न लगाइ मेरो पहिलो बचतको अनुभवको  कथा बनाउन लगाई पालैपालो कथा भन्न लगाउनुहोस् ।

मेरो जीवनको पहिलो बचत

सुरु गरेको साल :

पहिलो बचत रकम :

बचत कहाँ :

बचत रकमको स्रोत :

बचत सुरु गर्दाको अनुभुति :

**क्रियाकलाप २ : मष्तिष्क मन्थन**

बिमा गर्दा बिमित र बिमक दुवैलाई कसरी फाइदा हुन्छ भन्ने विषयमा मष्तिष्क मन्थन गराउनुहोस् । बिमा गर्दा हुने फाइदाहरूको चार्ट प्रदर्शन गरी प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : तातो आलु खेल**

तातो आलु खेलको माध्यमबाट बिमासम्बन्धी पारिभाषिक शब्दहरूको अर्थ बताउन लगाउनुहोस् ।

| **बिमा सम्बन्धी केही पारिभाषिक शब्दहरू** | |
|---|---|
| **बिमित :** | **बिमा गर्ने व्यक्ति वा संस्था** |
| **बिमक :** | **बिमा गराउने कम्पनी** |
| **बिमा प्रस्ताव :** | **बिमित र बिमकबिचको सम्झौता पत्र** |
| **प्रिमियम :** | **बिमितले बिमकलाई बुझाउने बिमा लेख वा बिमा प्रस्ताव** |
| **क्षतिपूर्ति :** | **क्षति बराबरको राहत** |

**क्रियाकलाप ४  समूह कार्य**

कक्षालाई दुइ समूहमा विभाजन गरी एउटालाई जीवन बिमा र अर्को समूहलाई निर्जीवन बिमाका विशेषताहरू खोजी गर्न र  कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| **जीवन बिमा र निर्जीवन बिमाबिच भिन्नता** | |
|---|---|
| **जीवन बिमा** | **निर्जीवन बिमा** |
| – **मानिसको जीवनसँग सम्बन्धित जोखिमको बिरुद्ध गरिने बिमा**<br>– **यसमा बिमितले तिरेको प्रमियम बिमा अवधि पूरा भएपछि वा त्यसअगि नै विमितको मृत्यु भएमा  प्राप्त हुन्छ ।**<br>– **यसमा प्रिमियमलाई किस्तबन्दीमा लामो समयसम्म तिरिन्छ ।**<br>– **मानिसको मृत्यु यस प्रकारको बिमाको मुख्य जोखिम हो ।** | – यो भौतिक सम्पत्तिको क्षतिबाट हुनसक्ने जोखिम बिरुद्धको बिमा हो ।<br>– यसमा तिरेको प्रिमियम रकम फिर्ता हुँदैन<br>– यसको प्रिमियम एकै पटक तिरिन्छ ।<br>– हरेक प्रकारको क्षति यसका जोखिम हुन् । |

**क्रियाकलाप ५: व्यक्तिगत विचार अभिव्यक्ति**

बिमा गर्दा कुन कुन कुरामा ध्यान दिनु पर्छ ? ती कुरामा ध्यान पुगेन भने के हुन्छ ? भन्ने विषयवस्तुमा व्यक्तिगत रूपमा सोच्न लगाई पालैपालो अगाडि बोलाई अभिव्यक्ति दिन लगाउनुहोस् । शिक्षकले आफूले तयार पारेको चार्ट वा तालिका प्रस्तुत गरी बिमा गर्दा ध्यान दिनुपर्ने पक्षहरू बताइदिनुहोस् ।

**बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- बिमा समितिबाट इजाजत प्राप्त कम्पनी वा अभिकर्तासँग मात्र बिमा सम्झौता गर्नुपर्छ ।
- बिमा प्रस्ताव राम्ररी अध्ययन गनुपर्दछ ।
- प्रिमियम बुझाएको रसिद तथा सम्झौतापत्र सुरक्षित राख्नुपर्दछ ।
- प्रिमियम तोकिएको समयभित्रै बुझाउनुपर्छ ।
- सम्झौतापत्रमा सही विवरण उल्लेख गर्नुपर्छ ।
- इच्छाइएको व्यक्तिबारे स्पष्ट उल्लेख गर्नुपर्छ ।
- आफूले प्रिमियम तिर्नसक्नेभन्दा ठुलो रकम बरावरको बिमा गर्नुहुँदैन ।
- आफूले बिमा गरेको कुरा इच्छाइएको व्यक्ति र घरपरिवारलाई जानकारी गराउनुपर्दछ ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. तपाईंले जीवन बिमा गर्न चाहनुहुन्छ ? किन ?

२. बिमा गर्दा हुने फाइदाहरूको सूची बनाउनुहोस् ।

३. घर, यातायातका साधन तथा अन्य भौतिक सम्पत्तीको बिमा गर्दा प्रिमियम रकम फिर्ता पाईंदैन । त्यसैले यस्तो बिमा गर्नु ठिक छैन, भन्ने व्यक्तिलाई तपाईं के सुझाव दिनुहुन्छ ?

४. बिमा गर्दा ख्याल गर्नुपर्ने कुरा के के हुन् ?

# पाठ : ८ राजस्व

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

राजस्व भनेको राज्यको आम्दानी हो । यसलाई सार्वजनिक आय वा सरकारी आय पनि भनिन्छ । राजस्वका विभिन्न स्रोतहरू हुन्छन् । राजस्व प्राप्त हुने ती सबै स्रोतहरूलाई कर र गैरकर गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

राजस्वको परिचय र यसका स्रोतहरू, करको परिचय, प्रकार र महत्त्व, प्रत्यक्ष र अप्रत्यक्ष करका विशेषता यस पाठका मुख्य विषयवस्तु हुन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, Mix Freeze Pair, समूह कार्य, वक्तृत्वकला आदि विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई राजस्व र करको अवधारणा र महत्त्व बोध गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - वित्तीय शिक्षा र वित्तीय उपकरणसँग परिचित हुन र महत्त्व बोध गर्न | - राजस्वको परिचय र यसका स्रोतहरू उल्लेख गर्न<br>- करको परिचय र प्रकारहरू बताउन<br>- प्रत्यक्ष र अप्रत्यक्ष करका विशेषताहरूको सूची बनाउन<br>- नागरिकको कर तिर्ने दायित्व र यसको महत्त्व प्रस्ट पार्न |

**(ग) शैक्षणिक सामग्री**

- कर र राजस्वको छुट्टाछुट्टै परिभाषा लेखिएका मेटाकार्डहरू
- राजस्व/आम्दानीका प्रकारहरू, करको भार एवम् असरका आधारमा करका प्रकारहरूको चार्ट
- नागरिकहरू कर तिर्दै गरेको चित्रहरू तथा भिडियो क्लिप्स
- नेपालमा प्रचलित करहरूको सूची चार्ट वा स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

राज्यले कुन कुन क्षेत्रबाट कर वा राजस्व उठाउँछ । विद्यार्थीलाई अनुमान गर्न लगाई पालैपालो भन्ने मौका दिनुहोस् । उनीहरूको विचारलाई सिकाइ पाटीमा टिपोट गर्नुहोस् र राजस्व, यसका स्रोतहरू सम्बन्धमा छलफल गराउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्टपेपरमा प्रस्तुति**

सरकारलाई पूर्वाधार निर्माण, शान्ति सुरक्षाको व्यवस्था , सामाजिक सुरक्षा, प्रशासनिक कार्यलगायत विभिन्न कामका लागि ठुलो रकम आवश्यक पर्छ । राज्य सञ्चालनका क्रममा खर्च हुने यो रकम सरकारले कहाँबाट व्यवस्था गर्छ होला भन्ने प्रश्न चार्टपेपरमा लेखेर विद्यार्थीलाई पालैपालो अगाडि बोलाई सरकारले आम्दानी गर्ने एक एकओटा स्रोत लेख्न लगाउनुहोस् । यस क्रममा अगाडिका विद्यार्थीले लेखिसकेको कुरा पछिल्लालाई नदोहोऱ्याउन र आफूले नयाँ स्रोत पत्ता लगाउन नसके साथीहरूले लेखेका स्रोतहरू पढेर फर्कन लगाउनुहोस् । सबै विद्यार्थीको पालो सकिएपछि एक जना विद्यार्थीलाई प्रश्नसहित् सबै जनाले लेखेका कुराहरू एक एक गरी पढ्न लगाई नमिलेका कुरा मिलाउँदै र आवश्यक पृष्ठपोषणसमेत दिई बोर्डमा टिपेर सरकारका आम्दानीका स्रोत वा राजस्वका स्रोतहरूसँग परिचित गराई ती विभिन्न स्रोतहरूबाट सरकारलाई प्राप्त हुने आम्दानीलाई राजस्व अथवा सरकारी वा सार्वजनिक आय भनिन्छ भन्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २ मेटाकार्ड प्रदर्शन र छलफल**

करको परिभाषा लेखिएको मेटाकार्ड प्रदर्शन गरी विभिन्न उदाहरणसकित करको अर्थ बुझाइदिनुहोस् । त्यसपछि कर किन तिर्नु पर्छ कर नतिरे के हुन्छ र कर तिरेवापत नागरिकलाई के फाइदा हुन्छ भन्ने प्रश्नहरूमा केन्द्रित भई छलफल गराउनुहोस् । यस क्रममा विद्यार्थीबाट प्रस्तुत धारणामा आवश्यक पृष्ठपोषण दिँदै जानुहोस् ।

**क्रियाकलाप ३ समूह छलफल**

उदाहरणसहित करका प्रकार बताई सामूहिक छलफलका माध्यमबाट प्रत्यक्ष र अप्रत्यक्ष करका विशेषता खोजी गर्न लगाउनुहोस् ।

| **प्रत्यक्ष र अप्रत्यक्ष करका विशेषता** | |
|---|---|
| **प्रत्यक्ष कर** | अप्रत्यक्ष कर |
| - यो करको भार हस्तान्तरण गर्न मिल्दैन ।<br>- यो करको रकम आम्दानीअनुसार फरक फरक हुने हुँदा कम आम्दानी हुनेले थोरै र बढी आम्दानी हुने व्यक्तिले धेरै तिर्नुपर्छ । तसर्थ यो प्रगतिशील हुन्छ ।<br>- यो करमा आम्दानी कम देखाई कर छली गर्ने सम्भावना हुन्छ ।<br>- यो करको दर धनी गरिब सबैका लागि एउटै हुन्छ । | - यो करमा भार हस्तान्तरण हुन्छ ।<br>- यो कर वस्तु तथा सेवाको उपभोगमा लाग्ने हुँदा करको रकम सबैका लागि समान हुन्छ ।<br>- यो कर छली गर्न मिल्दैन<br>- यो करको दर कम आम्दानी हुने व्यक्तिहरूले उपभोग गर्ने व्यक्तिमा कम र बढी आम्दानी हुने व्यक्तिले उपभोग गर्ने विलासिताका वस्तुमा धेरै हुन्छ । |

**क्रियाकलाप ४ घुलमिल स्थिर र जोडी**

- विद्यार्थीलाई घुलमिल स्थीर जोडी विधि मार्फत प्रत्यक्ष र अप्रत्यक्ष करका उदाहरणहरू खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

- विद्यार्थीलाई खुला स्थानमा लैजानुहोस् । शिक्षकले खुला रूपमा हिँड (Mix) भन्ने निर्देशन दिएपछि विद्यार्थीलाई यताउता हिँड्न लगाउने, रोक (Freeze) भन्ने निर्देशन दिएपछि यथास्थानमा रोकिन र जोडी (Pair) भनेपछि नजिकको साथीसँग जोडी बाँध्न र कुनै विद्यार्थी बिजोडी भएमा तीन जनाको एउटा जोडीमा रहन भन्नुहोस् । अथवा सङ्गीतको तालमा नाच्न लगाउने, रोकिन भन्ने र नजिकको सँग जोडी बनाउन लगाउन पनि सकिन्छ ।
- अब जोडी जोडीमा रही प्रत्यक्ष कर र अप्रत्यक्ष करको उदाहरणहर खोजी गर्न लगाउनुहोस्
- केही विद्यार्थीहरूलाई जोडीमा आफूले तयार पारेको उदाहरण पालैपालो सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ५ तालिकामा भरौँ**

विद्यार्थीलाई तलका कर  प्रत्यक्ष वा अप्रत्यक्ष कुन प्रकारको कर हो, पहिचान गर्न लगाई तल तालिकामा भर्न लगाउनुहोस् ।

घर बहाल कर, आय कर, भन्सार शुल्क, मनोरञ्जन कर, मूल्य अभिवृद्धि कर, सेवा शुल्क

विद्यार्थीले आफ्नो परिवारमा तिर्ने गरेको करलाई प्रत्यक्ष र अप्रत्यक्ष करमा विभाजन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

| **प्रत्यक्ष कर** | **अप्रत्यक्ष कर** |
|---|---|
| | |

**क्रियाकलाप ६ वक्तृत्वकला प्रतियोगिता**

'कर तिर्नु नागरिक दायित्व हो' भन्ने शीर्षकमा वक्तृत्वकला प्रतियोगिता गराई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :

**मूल्याङ्कनका आधारहरू:**

| आधार | अङ्क |
|---|---|
| सम्बोधन | २ |
| विषयवस्तुको गहनता | १० |
| प्रस्तुतीकरण शैली | ३ |
| तार्किकता र उदाहरण | ५ |

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र तल दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस्:

१. राजस्वका स्रोतहरूको सूची बनाई कर र गैरकर राजस्व छुट्ट्याउनुहोस् ।

२. कर छली भनेको के हो ? कर छली रोक्न के गर्नु पर्ला गहकिला सुझावहरू पेस गर्नुहोस् ।

३. कर तिर्नु नागरिक कर्तव्य हो भन्ने कुरा झल्किने पोस्टर बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. प्रत्यक्ष र अप्रत्यक्ष करबिच भिन्नता देखाउनुहोस् । बिमा गर्नु ठिक छैन, भन्ने व्यक्तिलाई तपाईँ के सुझाव

५. मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुलको छोटो परिचय दिनुहोस् ।

**(छ) थप अध्ययन सामग्री**

नेपालमा प्रचलित केही प्रत्यक्ष तथा अप्रत्यक्ष करहरू

प्रत्यक्ष कर

आय कर: रोजगारी, लगानी, व्यावसाय वा पुँजीगत लाभबाट आर्जित मुनाफामा लाग्ने कर

एकीकृत सम्पत्ती कर : कुनै पनि स्थानिय तह भित्र आफ्नो नाममा रहेको सबै जग्गा र सो जग्गामा बेनेको भौतिक संरचनाको एकमुष्ठ मूल्याङ्कनका आधारमा स्थानीय तहको करको दरअनुसार लाग्ने कर

सवारी कर: सवारी साधनमा लाग्ने कर

अप्रत्यक्ष कर

मूल्य अभिवृद्धि कर : वस्तु तथा सेवाको मूल्य वृद्धि हुँदा वृद्धि भएको मूल्यमा लाग्ने कर । यो करको दर हालसम्म १३ प्रतिशत निर्धारण गरिएको छ ।

अन्तःशुल्क : स्वदेशमा उत्पादित तथा आयातीत वस्तु तथा सेवामा लगाइने कर । यो कर वस्तुअनुसार परिमाण वा मूल्यको प्रतिशतका आधारमा लगाइन्छ । प्लास्टिक, सवारी साधन, मुद्रण सामग्री, टि.भी. आदि वस्तुहरूको अन्तःशुल्क परिमाणका आधारमा लिइन्छ भने रक्सी, चुरोट, चाउचाउ आदिमा मूल्यको प्रतिशतका आधारमा लगाइन्छ ।

भन्सार महसुल : यो देशभित्र आयात गरिने वस्तुमा लगाइने कर हो ।

## पाठ : ९ आवधिक योजना

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

निश्चित लक्ष्य र उद्देश्य प्राप्तिका लागि निश्चित समयभित्र प्राथमिकताका आधारमा सम्पन्न गरिने कामको योजनालाई आवधिक योजना भनिन्छ । आवधिक योजना निर्माण गरी देशको आर्थिक र सामाजिक विकास गर्नु योजनाबद्ध विकास हो । योजनाबद्ध विकासमा निश्चित समयभित्र राज्यले विभिन्न क्षेत्रमा पूरा गर्नुपर्ने उद्देश्य, लक्ष्य आदि निर्धारण गरी ती उद्देश्य र लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति तयार गरिन्छ । यसरी तयार गरिने योजनालाई आर्थिक योजना पनि भनिन्छ । आर्थिक योजनाको अवधारणा, चालु आवधिक योजनाको सोच, उद्देश्य, लक्ष्य, रणनीति र प्रमुख कार्यक्रम यस पाठका मुख्य विषयवस्तु हुन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, समूह कार्य, चार्ट निर्माण र प्रस्तुति आदि विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई आवधिक योजनाको परिचय दिन र चालु आवधिक योजनाका लक्ष्य र कार्यक्रमसँग परिचित गराउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आवधिक योजनाको परिचय दिन र चालु आवधिक योजनाका लक्ष्य र कार्यक्रमसँग परिचित हुन | - आर्थिक योजना, आवधिक योजना र योजनावद्ध विकासको अर्थ बताउन<br>- योजनाबद्ध विकासको अवधारणा प्रस्तुत गर्न<br>- १६औँ पञ्चवर्षीय योजनाका सोच, उद्देश्य र समष्टिगत रणनीति उल्लेख गर्न<br>- स्थानीय योजनाको परिचय र योजना तर्जुमाको प्रक्रिया उल्लेख गर्न |

### (ग) सिकाइ सहजीकरण सामग्री

- पछिल्लो पञ्च वर्षीय योजनाको आधारपत्र
- स्थानीय योजना तर्जुम प्रक्रियासम्बन्धी चार्ट
- योजनाका अङ्गहरू उल्लेख गरिएको चार्ट
- चालु योजनाका सोच, रणनीति, उद्देश्य आदि कुरा उल्लिखित चार्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई आफ्नो भविष्यको लक्ष्य निर्धारण गर्न लगाउनुहोस् । त्यसपछि ती लक्ष्य राख्नुको उद्देश्य र प्राप्त गर्ने तरिकाहरू समेत लेख्न लगाउनुहोस् । त्यसपछि उनीहरूले तयार गरेको सामग्री पालैसँग प्रस्तुत गर्न लगाई त्यसलाई योजनासँग जोडी योजना, आर्थिक योजना र योजनाबद्ध विकासको अवधारणा बताइदिनुहोस् ।

#### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १. चार्ट प्रस्तुति र छलफल**

योजनाका मुख्य अङ्गहरू लेखिएको चार्ट प्रस्तुत गरी मुख्य मुख्य अङ्गहरू जस्तै सोच, लक्ष्य, उद्देश्य, रणनीति आदिसँग परिचित गराउनुहोस् ।

**क्रियाकलाप २ समूह छलफल**

विद्यार्थीलाई पाठ्यपुस्तकमा भएको विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् । कक्षालाई तीन समूहमा विभाजन गरी पहिलो समूहलाई चालु योजनाको सोच, दोस्रोलाई उद्देश्य र तेस्रोलाई रणनीतिका बारेमा छलफल गर्न लगाई प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ चार्ट प्रस्तुति र छलफल**

स्थानीय योजनाको परिचय दिई तर्जुमा प्रक्रियासम्बन्धी चार्ट प्रस्तुत गरी सोसम्बन्धमा छलफल गराई प्रस्ट पार्नुहोस् ।

***स्थानीय योजना तर्जुमा प्रक्रिया***

- ✓ *अभिमुखीकरण तथा तयारी कार्यशाला*
- ✓ *विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा*
- ✓ *वस्तुस्थिति विश्लेषण, विवरण तयारी एवम् अद्यावधीकरण*
- ✓ *सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता निर्धारण*
- ✓ *स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँट*
- ✓ *मानव संशाधनको आवश्यकता पहिचान र प्रक्षेपण*
- ✓ *मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन तथा अन्तिम स्वरूप प्रदान*
- ✓ *योजना स्वीकृति तथा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन*

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. योजनाबद्ध विकास भनेको के हो ?

२. विकास निर्माण कार्यलाई व्यवस्थित गर्नका लागि योजनाको आवश्यकता उल्लेख गर्नुहोस् ।

३. १६ औँ योजनाको उद्देश्य र रणनीतिहरू उल्लेख गर्नुहोस् ।

४. योजनाका अङ्गहरूलाई चार्ट बनाई प्रस्तुत गर्नुहोस् ।

**(च) थप अध्ययन सामग्री/स्रोत**

**१६औँ पञ्च वर्षीय योजना**

**अवधि :** आ.व २०८१/८२ - २०८५/ ८६

https://npc.gov.np/np/category/periodic_plans

पाठ्यक्रम विकास केन्द्र

# एकाइ : नौ हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

**कार्यघण्टा : १२**

### १.एकाइ परिचय

नेपाल एसिया महादेशमा पर्ने भूपरिवेष्ठित देश हो । यो देश दुई ठुला चीन र भारतका बिचमा अवस्थित छ । हाम्रो देश नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य र एउटा सार्वभौम राष्ट्र भएको कारण यो देशले आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको दायरालाई फराकिलो बनाउँदै जानुपरेको छ । सन् १८१६ मा बेलायतसँग दौत्य सम्बन्ध कायम भएपछि सुरु भएको अन्तर्राष्ट्रिय सम्बन्धको दायरा अहिले फराकिलो भएको छ । सन्तुलित परराष्ट्र नीतिका माध्यमबाट आफ्नो गरिमा र अस्तित्वलाई अक्षुण राख्न नेपालले पञ्चशीलको सिद्धान्त, असंलग्नता, निशस्त्रीकरण, क्षेत्रिय तथा सार्वभौमिक अखण्डता जस्ता परराष्ट्र नीतिलाई आत्मसात् गरेको छ भने संयुक्त राष्ट सङ्घको सदस्य राष्ट्रको हैसियतले आफ्नो भूमिकालाई विश्वसामु चिनाउन सफल भएको छ ।

यस एकाइले नेपालको परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तसँग परिचित हुन, संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरूको कार्य, अन्तर्राष्ट्रिय शान्ति, पारस्पारिक सहयोग आदि कार्य उल्लेख गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ । त्यसैगरी विद्यार्थीलाई संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूसँग नेपालको सम्बन्ध र सहयोग खोजी गर्न एवम् स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व बताउन सक्षम बनाउने उद्देश्य रहेको छ । आजको युग सूचना र प्रविधिको युग हो । सूचना प्रविधिले विश्वलाई एउटा गाउँको रूपमा स्थापित गरेको छ । यसको महत्त्व दिनानु दिन बढ्दै गइरहेकोले सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न तथा समसामयिक घटनाको सुरक्षात्मक उपायहरू अवलम्बन गर्न यस एकाइले सक्षम बनाउने अपेक्षा गरेको छ । यस एकाइमा शिक्षण सहयोग गर्नका लागि विविध विद्यार्थी केन्द्रित विधि र क्रियाकलापहरू तय गरिएका छन् । शिक्षकले थप स्थानीय परिवेशअनुसार थप क्रियाकलाप गराउन सक्नुहुने छ ।

### २. विषयवस्तु, सिकाइ उपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | नेपालको परराष्ट्र नीति | नेपालको परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तसँग परिचित हुन | – परराष्ट्र नीतिको परिभाषा लेखिएको कार्ड/स्लाइड<br>– परराष्ट्र नीतिको आयामहरूको सूची चार्ट/स्लाइड<br>– परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्त तथा मान्यता उल्लिखित चार्ट/स्लाइड<br>– परराष्ट्र नीति सञ्चालनका आधार चार्ट/स्लाइड<br>– पंचशिलको पाँचओटा सिद्धान्तको चार्ट/स्लाइड<br>– पञ्चशीलको महत्त्व उल्लिखित चार्ट/स्लाइड | २ |
| २. | संयुक्त राष्ट्रसङ्घ | संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरूको कार्य उल्लेख गर्न | – संयुक्त राष्ट्रसङ्घको सामान्य जानकारीसम्बन्धी चार्ट /स्लाइड वा तालिका<br>– संयुक्त राष्ट्रसङ्घको अङ्गहरूको नाम उल्लिखित चार्ट/स्लाइड<br>– विभिन्न अङ्गको कार्य उल्लिखित तालिका | २ |
| ३ | संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू | संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूसँग नेपालको सम्बन्ध र सहयोग खोजी गर्न | – संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्थाहरूको सूची चार्ट/स्लाइड<br>– संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्थाहरूको लोगो | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | – संयुक्त राष्ट्रसङ्को विशिष्टीकृत संस्थाहको मुख्य कार्यको तालिका/स्लाइड<br>– भिडियो क्लिप | |
| ४ | विश्वव्यापीकरण र स्थानीयकरण | स्थानियकरण र विश्वव्यापिकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्न | – विश्वव्यापीकरणको अवधारणा र महत्त्व उल्लिखित चार्टपेपर<br>– विश्वव्यापीकरणको अवस्था झल्कने चित्र, फोटो, भिडियो आदि<br>– विश्वव्यापीकरणको पक्षहरू उल्लिखित मेटाकार्ड<br>– विश्वव्यापीकरणको सकारात्मक र नकारात्मक पक्षहरू उल्लिखित तालिका<br>– स्थानीयकरणको अवधारणा र महत्त्व उल्लिखित कार्ड र स्लाइड | २ |
| ५ | सूचना तथा सञ्चार प्रविधि | सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न र सुरक्षात्मक उपायहरू अबलम्वन गर्न | कम्प्युटर,स्मार्ट फोन, इन्टर्याक्टिभ बोर्ड, इन्टिग्रेटेड सि.पि.यु., आइ प्याड, ल्यापटप, चार्ट, स्लाइड, इन्टरनेट,सामाजिक सञ्जालका एप्स्हरू । | २ |
| ६ | समसामयिक घटना | विश्वमा घटेका समसामयिक घटनाले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न | पत्रपत्रिका, टेलिभिजन, रेडियो, सामाजिक सञ्जाल, इन्टरनेट, चार्ट तथा स्लाइड | २ |

# पाठ : १ नेपालको परराष्ट्र नीति

**अनुमानित कार्यघण्टा : २**

### (क) परिचय

कुनै पनि मूलुकले आफ्नो राष्ट्रिय हितका लागि बाह्य मूलुक र सङ्घसंस्था वा निकायमा उसको प्रभाव विस्तार एवम् प्रवर्धन गर्न तय गरिएको राष्ट्रिय नीतिलाई परराष्ट्र नीति भनिन्छ। परराष्ट्र नीतिलाई राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक लगायतका पक्ष वा तिनका आयामले प्रभावित गर्दछ। नेपालको परराष्ट्र नीति विभिन्न मार्गदर्शक सिद्धान्त वा मान्यताले निर्देशीत गरेको छ। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनताको रक्षा एवम् राष्ट्रियताको प्रवर्धन गर्नु नेपालको परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्त हुन्।

यस पाठमा परराष्ट्र नीतिको अवधारणा, महत्त्व, नेपालको परराष्ट्र नीतिका मार्गदर्शक सिद्धान्तहरू, पञ्चशीलको सिद्धान्त र महत्त्व आदि विषयवस्तुहरू समावेश गरिएको छ। यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ। शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ। विद्यार्थीलाई नेपालको परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तसँग परिचित गराउनु यो पाठको मुख्य उद्देश्य रहेको छ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तसँग परिचित हुन | • परराष्ट्र नीतिको अवधारणा र महत्त्व बताउन<br>• नेपालको परराष्ट्र नीतिका मार्गदर्शक सिद्धान्तहरू उल्लेख गर्न<br>• परराष्ट्र नीति सञ्चालनका आधारहरू खोजी गर्न |

### (ग) शैक्षणिक सामग्री

- परराष्ट्र नीतिको परिभाषा लेखिएको कार्ड/चार्ट
- परराष्ट्र नीतिको आयामहरूको सूची/चार्ट
- परराष्ट्र नीतिको मार्गदर्शक सिद्धान्त तथा मान्यता उल्लिखित चार्ट/स्लाइड
- परराष्ट्र नीति सञ्चालनका आधारहरूको सूची
- परराष्ट्र नीतिको महत्त्वको सूची चार्ट
- पञ्चशीलको पाँचओटा सिद्धान्तको सूची चार्ट
- पञ्चशीलको महत्त्व उल्लिखित चार्ट

### (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ) सुरुआती क्रियाकलाप

परराष्ट्र नीति भनेको के हो ? विद्यार्थीहरूलाई अनुमान गर्न लगाउनुहोस्। उनीहरूको विचारहरू पालैपालो भन्न लगाउनुहोस्। उनीहरूले भनेका विचार सिकाइ पाटीमा टिप्दै जानुहोस्। विद्यार्थीको विचारलाई समेत समेट्दै परराष्ट्र नीतिको परिभाषा स्पष्ट पारिदिनुहोस्।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : एक  जना रहने अरू छरिने** (One stays others stray)

- कक्षालाई पाँच समूहमा विभाजन गर्नुहोस् । पाठ्यपुस्तक वा सन्दर्भ सामग्रीको अध्ययन गरी निम्नानुसारका विषयमा छलफल गर्न लगाउनुहोस् ।

  **पहिलो समूह** : नेपालको परराष्ट नीतिका मार्गदर्शक सिद्धान्त तथा मान्यता

  **दोस्रो समूह** : नेपालको परराष्ट नीतिका आधारहरू

  **तेस्रो समूह** : परराष्ट्र नीतिको महत्त्व

  **चौथो समूह** : पञ्चशीलको सिद्धान्त

  **पाँचौ समूह** : पञ्चशीलको महत्त्व
- छलफलपश्चात हरेक समूहमा टोली नेता छनोट गर्न लगाउनुहोस्
- अब प्रत्येक समूहमा टोली नेतामात्र त्यो समूहमा रही बाँकी विद्यार्थीलाई घडी घुम्ने दिशातिर अर्को समूहको टोली नेताकहाँ जान भन्नुहोस् ।
- टोली नेताले सबैलाई राम्रो स्वागत र सम्मान गर्दै अगि समूहगत रूपमा सिकेका विषयवस्तु सिकाउन प्रेरित गर्नुहोस् ।
- यसरी पालैपालै सबै समूहमा पुगी सिक्ने अवसर प्रदान गर्नुहोस् । नजानेका वा अस्पष्ट भएका कुराहरू सोध्न लगाउनुहोस् र स्पष्ट हुन् लगाउनुहोस् ।
- घुम्दै जाँदा आफ्नो समूहमा पुगेपछि सिकेर आएका साथीहरूले टोलीनेतालाई आफूले सिकेर आएका विषयवस्तु सिकाउन लगाउनुहोस् ।
- सबैले विषयवस्तुमा छलफल गरी सकेपछि अब समूहका प्रत्येक विद्यार्थीलाई दुई दुईओटा शब्द छोटो सामान्य ज्ञान खालका प्रश्न बनाउन लगाउनुहोस् ।

**क्रियाकलाप २ : तातो कुर्सी** (Hot -chair) **खेल**


- यस खेलका लागि क्रियाकलाप एकको समूहलाई खेलाउनु पर्दछ । जसको लागि प्रत्येक समूहबाट एक जना विद्यार्थी छनोट गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहका छनोट गरेका विद्यार्थीलाई कक्षामा सबैको अगाडि एउटा कुर्सी राखी त्यहाँ वस्ने व्यवस्था मिलाउनुहोस् । जसलाई तातो कुर्सी भनिन्छ ।
- सुरुमा पहिलो समूहको तातो कुर्सीमा वस्ने विद्यार्थीलाई वाँकी समूहका विद्यार्थीले समूहगत रूपमा पालैपालै प्रश्न सोध्न लगाउनु होस् । प्रश्नहरू क्रियाकलाप एकमा छलफल गरिएका विषयवस्तुसँग सम्बन्धित हुनुपर्दछ । सजिलाभन्दा पनि अलिक गाह्रो प्रश्न सोध्न लगाउनुहोस् ।
- हरेक समूहलाई दुई वा तीन राउन्ड प्रश्न सोधिसकेपछि  त्यो समूहले मिलाएको उत्तर सङ्ख्या एक जना स्वयम्सेवक विद्यार्थीलाई टिप्न लगाउनुहोस् । समय भएका ४ वा ५ राउन्ड सम्म प्रश्न सोध्न सकिन्छ । सबै समूहलाई तातो कुर्सीमा बस्ने पालो मिलाउनुहोस् ।
- अन्तिममा सबै समूहले प्राप्त गरेको प्राप्ताङ्क सुनाई पहिलो दोस्रो ,तेस्रो समूहको नाम घोषणा गर्न लगाउनुहोस् । राम्रो गर्ने समूहलाई पुरस्कारले सम्मान गर्नुहोस् ।

**क्रियाकलाप ३ : कार्ड गेम**

परराष्ट्र नीतिको आधार, मार्गदर्शक सिद्धान्त र महत्त्व लेखिएका कार्डहरू छ्यासमिस पारी एक एकओटा गट्टी बनाउनुहोस् । अब हरेक गट्टी चार समूहमा वितरण गरी ति गट्टीहरूलाई छुट्टाछुट्टै कार्डबोर्ड पेपरमा ग्लु वा गमले

टाँस्न लगाई कक्षा अगाडि प्रदर्शन गर्न लगाउनुहोस् । सबैभन्दा छिटो सक्ने समूहलाई सामूहिक तालीले सम्मान गर्नुहोस् ।

नेपालको संविधान र प्रचलित कानुन, राष्ट्रियताको संरक्षण र सम्वर्धन गर्नु, पञ्चशीलको सिद्धान्त, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डता, पारस्परिक लाभ वृद्धि गर्नु, भूराजनितिक सन्तुलन कायम गर्नु, राष्ट्रिय सुरक्षा नीति, अन्तर्राष्ट्रिय सहयोग, राष्ट्रिय हितको रक्षा, नेपाल पक्ष भएका विभिन्न सन्धि सम्झौता, संयुक्त राष्ट्र सङ्घको वडापत्र, देशको अस्तित्वको सुरक्षा गर्नु




**क्रियाकलाप ४ : हो वा होइन (Yes or No) खेल**

कक्षालाई चार समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई एउटा कागजको पानामा Yes र अर्को मा No लेख्न लगाउनुहोस् । तलका मध्ये कुन पञ्चशीलको सिद्धान्त हो वा होइन पहिचान गर्न लगाउनुहोस् । शिक्षकले प्रत्येक बुँदा देखाउँदा वा ठुलो स्वरले पढ्दा हरेक समूहले कि Yes वा No लेखिएको कार्ड देखाउनुपर्ने हुन्छ । यसरी कार्ड देखाउँदा मिलाउने समूहले अङ्क पाउँछ र नमिलाउने समूहले अङ्क पाउँदैन । सबै कार्डहरू देखाइ सक्दा जुन समूहले बढी अङ्क प्राप्त गर्छ , त्यो समूह विजयी हुन्छ ।

यसको लागि निम्नानुसारको विवरण लेखिएको कार्डबोर्ड पेपर पहिले नै ठिक पारी राख्नुहोस् ।

- क्षेत्रीय अखण्डता र सार्वभौम सत्ताको सम्मान
- छिमेकी देशहरूमा आफ्नो स्वार्थ लागु गर्न दबाब सिर्जना
- अनाक्रमण
- शक्तिशाली देशले कमजोर देशका भूभागमा नियन्त्रण र सहयोग
- परम्पर सहयोग र लाभको वृद्धि
- क्षेत्रीय सन्तुलन र भाइचारा
- शान्तिपूर्ण सहअस्तित्वको नीतिको पालना
- अहस्तक्षेप
- संविधान र कानुनको पालना

**क्रियाकलाप ५ वक्तृत्वकला प्रतियोगिता**

पञ्चशीलको महत्त्व शीर्षकमा कक्षामा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् । वक्ता, मूल्याङ्कनकर्ता, समय सङ्केतक सबै विद्यार्थीहरूबाट नै व्यवस्थापन गर्नुहोस् ।

**क्रियाकलाप ६: भित्री बाहिरी खेल** (Speed dating game)

विद्यार्थीलाई दुई समूहमा बराबर सङ्ख्यामा विभाजन गर्नुहोस् । दुई समूहमध्ये एउटा समूहलाई भित्री र अर्को समूहलाई बाहिरी घेरामा आमनेसामने हुने गरी उभिन लगाउनुहोस् । भित्री समूह अचल हुने र बाहिर समूह चलायमान हुने बताउनुहोस् । अब कुनै शीर्षकमा आमनेसामने उभिएका सहभागीबिच आफूले सिकेको कुरा बताउन १ वा २ मिनेटको समय दिनुहोस् । जस्तै : परराष्ट्र नीति भनेको के हो ? यो विषयमा आफूले सिकेका कुरा साथीलाई पालैपालो बताइसकेपछि बाहिर समूहका सहभागीलाई एक स्टेप अगाडि बढ्न भन्नुहोस् । अब नयाँ साथीसँग अर्को प्रश्नमा छलफल गर्न लगाउनुहोस् जस्तै : पञ्चशीलका पाँच सिद्धान्त पालैपालो साथीलाई बताउनुहोस् । यसरी आवश्यकताअनुसारका प्रश्नहरूमा छलफल गर्ने गरी क्रियाकलाप गराउन सकिन्छ ।

**(ङ) मूल्याङ्कन**

पाठ्यपुस्तकमा भएका क्रियाकलाप, अभ्यास र दिइएका जस्तै प्रश्नहरू सोधी विषयवस्तुको प्रतिबिम्बन गराउनुहोस् :

१. वर्तमान समयमा पञ्चशीलको आवश्यकता प्रस्ट पार्नुहोस् ।

२. नेपालको परराष्ट्र नीतिका आधारहरू लेख्नुहोस् ।

**(च) थप सिकाइ सामग्री /स्रोत**

**धधधफ्रयाबानयखालउ**

पाठ्यक्रम विकास केन्द्र

# पाठ : २ संयुक्त राष्ट्र सङ्घ

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

विश्वमा शान्ति, मेलमिलाप र भाइचाराको वातावरण तयार पारी देशहरूबिच आपसी सहयोग र सहकार्यको भावना अभिवृद्धि गर्न संयुक्त राष्ट्रसङ्घको स्थापना भएको थियो । यस सङ्गठनको स्थापना सन् १९४५ अक्टोबर २४ तारिकमा भएको थियो ।

यस पाठमा संयुक्त राष्ट्र सङ्घको अवधारणा, उद्देश्य, संयुक्त राष्ट्रसङ्घका अङ्ग र कार्यहरूको जानकारी दिने विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई संयुक्त राष्ट्र सङ्घको अवधारणा बुझाई संयुक्त राष्ट्रसङ्घका अङ्गहरूका कार्यहरूको जानकारी गराउनु यो पाठको मुख्य उद्देश्य रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| संयुक्त राष्ट्र सङ्घ र यसका अङ्गहरूको कार्य उल्लेख गर्न | - संयुक्त राष्ट्र सङ्घको अवधारणा बताउन<br>- संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत अङ्गहरूको कार्य उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री :**

- संयुक्त राष्ट्रसङ्घको सामान्य जानकारीसम्बन्धी चार्ट वा तालिका
- संयुक्त राष्ट्रसङ्घको अङ्गहरूको नाम उल्लिखित चार्ट/स्लाइड
- विभिन्न अङ्गको कार्य उल्लिखित तालिका/स्लाइड

**(घ) सिकाइ सहजीकरण प्रक्रिया**

**(अ) सुरुआती क्रियाकलाप**

संयुक्त राष्ट्रसङ्घको लोगो देखाउँदै विभिन्न प्रश्न जस्तैः यो के को लोगो हो? यसबाट तपाईंले के बुझ्नु भयो ? आदि प्रश्न सोधी संयुक्त राष्ट्रसङ्घको अवधारणा सम्बन्धमा सामान्य छलफल गरी विषयवस्तुमा प्रवेश गराउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : रनिङ डिक्टेसन**

कक्षालाई चार वा पाँच समूहमा विभाजन गर्नुहोस् । विद्यार्थीले थाहा नपाउने गरी कक्षा कोठा बाहिर चार वा पाँच ठाउँमा संयुक्त राष्ट्रल् सङ्घको उद्देश्य टाँस्नुहोस् । हरेक समूहमा एक जना टिपोट गर्ने व्यक्ति छनोट गर्नुहोस् । बाँकी सहभागीहरूलाई भित्तामा टाँसेका कुराहरू सम्झेर साथीलाई सुनाउँदै टिप्न लगाउनुहोस् । भित्तामा टाँसिएका कुरालाई कसरी अरूभन्दा अगाडि सक्न सकिन्छ भनी समूह समूहगत रूपमा छोटो तयारी गर्न लगाउनुहोस् । सबैभन्दा पहिला सक्ने समूहलाई ताली बजाएर सम्मान गर्न लगाउनुहोस् । सबै समूहबाट कार्य सम्पन्न भई सकेपछि पालैपालो समूहले टिपेका कुरा भन्न लगाउनुहोस् । छुटेको कुरा भए सच्याउन लगाउनुहोस् र कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।

**क्रियाकलाप २ चार्ट/स्लाइड प्रदर्शन र छलफल**

संयुक्त राष्ट्रसङ्घका अङ्गहरूको जानकारी दिन तल दिइएको चार्ट प्रदर्शन गर्नुहोस् र छलफल गर्नुहोस् ।

रूरु




**क्रियाकलाप ३ : समूह कार्य**

कक्षालाई ६ समूहमा विभाजन गरी  चार्ट/स्लाइडमा दिइएका संयुक्त राष्ट्रसङ्घका अङ्गहरूको सम्बन्धमा पाठ्यपुस्तक, सन्दर्भ सामग्री, पुस्तकालय, इन्टरनेट आदि मार्फत खोजी गरी विवरण सङ्कलन गर्न लगाउनुहोस् । उनीहरूले तयार पारेको विवरण भित्रामा टाँस्न लगाउनुहोस् र प्रत्येक समूहलाई अन्य समूहले तयार पारेको विवरण अध्ययन गरी मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**महासभा**

- संयुक्त राष्ट्र सङ्घको प्रमुख अङ्ग
- प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारदेखि बैठक सुरु हुने र मध्य डिसेम्बरसम्म चालु रहने
- संयुक्त राष्ट्र सङ्घमा प्रस्तुत प्रस्ताव महासभाले दुईतिहाइ बहुमतले पारित गर्नुपर्ने
- प्रत्येक राष्ट्रले ५ प्रतिनिधि, ५ वैकल्पिक प्रतिनिधि र अन्य सल्लाहाकार पठाउन पाउने तर एकमात्र मताधिकार रहने
- संयुक्त राष्ट्रसङ्घको महासभाको पहिलो महिला अध्यक्ष विजय लक्ष्मी पण्डित (भारत ) हुन् ।
- राष्ट्रसङ्घको बजेट स्विकृत गर्ने, महासचिवको नियुक्ति गर्ने, सुरक्षा परिषद्को अस्थायी सदस्यको नियुक्ति गर्ने कार्य महासभाले गर्दछ ।

**सुरक्षा परिषद्**

- सुरक्षा परिषद्मा स्थायी ५ र अस्थायी १० गरी १५ सदस्य राष्ट्रहरू रहन्छन् ।
- अमेरिका,रुस, चिन, फ्रान्स र बेलायत स्थायी सदस्यहरू हुन्
- अस्थायी सदस्यहरू एफ्रो एसियाली राष्ट्रबाट ५, ल्याटिन अमेरिकाबाट २, पूर्वी युरोपबाट १ र पश्चिम युरोप र अन्यबाट २ गरी १०
- अस्थायी सदस्यहरू २ वर्षका लागि चुनिन्छन् ।
- सुरक्षा परिषद्को स्थायी सदस्यलाई प्राप्त हुने विशेषाधिकारलाई भिटो भनिन्छ ।
- सुरक्षा परिषद्मा कुनै निर्णय गर्दा ५ स्थायी सहित ९ मत आवश्यक पर्छ ।

**आर्थिक सामाजिक परिषद्**

- यो संयुक्त राष्ट्रसङ्घको अङ्ग हो ।
- यस परिषद्मा ५४ सदस्य रहन्छन्
- सदस्यहरू ३ वर्षका लागि निर्वाचित हुने
- पाँचओटा क्षेत्रिय आयोग रहने
- सन् २०१३ सालदेखि २०१५ सम्म नेपाल यसको सदस्य रहेको

**जिम्मा जमानी परिषद्**

- यसले कुनै राष्ट्रले आफ्नो अधीनमा राखेको प्रदेशहरूको सम्बन्धमा आफ्नो अन्तराष्ट्रिय दायित्व पुरा गरे नगरेको निरीक्षण गर्ने कार्य गर्दछ ।
- यसमा ११ प्रदेश रहेका छन् ।
- हाल सबै स्वतन्त्र भइसकेकाले यसले कार्य सम्पादन गर्नुपर्दैन ।
- सन् १९९४ मा पलाउले स्वतन्त्र राष्ट्रको मान्यता पाएको थियो

**अन्तर्राष्ट्रिय न्यायालय**

- १५ जना न्यायाधिस रहने, पदावधि ९ वर्ष
- प्रधान कार्यालय नेदरल्याण्डको हेगमा रहेको
- प्रत्येक तीन तीन वर्षमा ५ जना न्यायाधिश पदमुक्त हुने

**सचिवालय**

- सचिवालयको प्रशासकीय प्रमुख महासचिव रहने व्यवस्था
- सन् १९९८ देखि एक जना उपमहासचिव रहने व्यवस्था
- महासचिवको नियुक्ति सुरक्षा परिषद्को सिफारिसमा महासभाबाट हुन्छ
- महासचिवको पदावधि ५ वर्षको हुन्छ ।
- सचिवालयको प्रधानकार्यालय अमेरिकाको न्युयोर्कमा रहेको छ ।
- वर्तमान महासचिव पोर्चुगलका एन्टिरियो गुटेर्रेस हुन । उनी नवौ महासचिव हुन । उनी १ जनवरी २०१७ देखि यस पदमा कार्यरत छन् ।
- संयुक्त राष्ट्रसङ्घका पहिलो महासचिव ट्रिग्वेली (नर्वे) हुन् ।

**क्रियाकलाप ४ लेख तयारी र प्रस्तुतीकरण**

संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका सम्बन्धमा विभिन्न स्रोतसामग्री र पाठ्यपुस्तक अध्ययन गरी लेख तयार पार्न लगाइ प्रस्तुत गर्न लगाउनुहोस् ।

**लेखमा निम्न कुराहरू समावेश हुनुपर्ने छ ।**

- संयुक्त राष्ट्रसङ्घको परिचय र उद्देश्य
- संयुक्त राष्ट्र सङ्घमा नेपालले खेलेको भूमिका
- निष्कर्ष

**क्रियाकलाप ५ : अब मेरो पालो**

सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी पाठसँग सम्बन्धित विभिन्न प्रश्न सोधी अब मेरो पालो ( Pens in the midle) खेल खेलाउनुहोस्, जस्तै :

पहिलो प्रश्न : संयुक्त राष्ट्र सङ्घको कुने एउटा उदेश्य बताउनुहोस् ।

दोस्रो प्रश्न : संयुक्त राष्ट्र सङ्घको कुनै एक अङगको नाम भन्नुहोस् ।

तेस्रो प्रश्न : संयुक्त राष्ट्र सङ्घको महासभासम्बन्धी कुनै एक जानकारी साथीलाई सुनाउनुहोस् ।

**(ङ)मूल्याङ्कन**

पाठ्यपूस्तकमा दिइएका अभ्यासका प्रश्नहरू तथा निम्नलिखित प्रश्नहरूबाट मूल्याङ्कन गर्नुहोस् ।

१. संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू के के छन्, लेख्नुहोस् ।

२. संयुक्त राष्ट्रसङ्घका अङ्गहरूका कार्यहरू उल्लेख गर्नुहोस् ।

३. संयुक्त राष्ट्रसङ्घको स्थापना हुनुको पृष्ठभूमि उल्लेख गर्नुहोस् ।

## पाठ : ३ संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरू

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूलाई विकास, प्रविधि, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य लगायतका विविध विषयक्षेत्रमा सहयोग र सहकार्य गर्न विशिष्टीकृत संस्थाहरूको स्थापना गरेको छ । यस्ता विशिष्टीकृत संस्थाहरू पन्ध्रओटा रहेका छन् । संयुक्त राष्ट्रसङ्घको वडापत्रको धारा ५७ मा विशिष्टीकृत संस्थासम्बन्धी व्यवस्था छ । नेपालमा पनि संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूले सहयोग पुऱ्याउँदै आएका छन् ।

यस पाठमा संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरू (अन्तराष्ट्रिय श्रम सङ्गठन, खाद्य तथा कृषि सङ्गठन, विश्व स्वास्थ्य सङ्गठन, अन्तर्राष्ट्रिय मुद्राकोष लगायत १५ ओटा विशिष्टीकृत संस्थाहरू) र तिनीहरूका मुख्य कार्यहरूको चर्चा गरिने छ । यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकता अनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुनेछ । विद्यार्थीलाई संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूसँग नेपालको सम्वन्ध र सहयोग खोजी गर्नसक्षम बनाउनु यो पाठको मुख्य उद्देश्य रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूसँग | - संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरूको परिचय दिन |

| | |
|---|---|
| नेपालको सम्वन्ध र सहयोग खोजी गर्न | - संयुक्त राष्ट्रसङ्को विशिष्टीकृत संस्थाहको मुख्य मुख्य कार्यहरू बताउन<br>- संयुक्त राष्ट्रसङ्को विशिष्टीकृत संस्थाहरूले नेपालको विकासमा गरेको सहयोग उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्थाहरूको सूची चार्ट/स्लाइड
- संयुक्त राष्ट्रसङ्को विशिष्टीकृत संस्थाहरूको लोगो
- संयुक्त राष्ट्रसङ्को विशिष्टीकृत संस्थाहको मुख्य कार्यको तालिका/स्लाइड/भिडियो

**(घ) शिक्षण सिकाइ क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

संयुक्त राष्ट्र सङ्घको कुनै विशिष्टीकृत संस्था जस्तैः युनेस्को, विश्व स्वास्थ्य सङ्गठनका बारेमा तपाईंहरूले केही जानकारी पाउनुभएको छ ? छ भने के जानकारी पाउन भएको छ ? आदि प्रश्नमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ तालीका प्रस्तुति र छलफल**

संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरूको नाम र स्थापना मिति उल्लिखित तालिका र विशिष्टीकृत संस्थाको चार्ट कक्षामा प्रस्तुत गर्दै सबैको लागि शिक्षाको अबसर प्रदान गर्नु र रोगहरूको नियन्त्रण र उपचारमा सहयोग पुऱ्याउन कुन कुन विशिष्टीकृत संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ भनी विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् र यस्तै अरू अभ्यासहरू गर्दै विभिन्न निकायहरूको मुख्य कार्यहरू तलको तालिकामा भर्न लगाउनुहोस् ।

| क्र.सं. | संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्थाको नाम | प्रधान कार्यालय रहेको देश | मुख्य कार्यहरू |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

**क्रियाकलाप २ : हाजिरी जवाफ प्रतियोगिता**

संयुक्त राष्ट्र सङ्घका विभिन्न विशिष्टीकृत संस्थासँगसम्बन्धित भै कक्षामा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् । प्रश्न निर्माण गर्ने, भागलिने समूह, कार्यक्रम सञ्चालक सबै विद्यार्थीको नै जिम्मा लगाउनुहोस् । प्रथम हुने समूहलाई पुरस्कारको व्यवस्था गर्नुहोस् ।

**क्रियाकलाप ३ लोगो ड्इङ प्रतियोगिता**

कक्षामा गोलो ड्इङ प्रतियोगिता सञ्चालन गरी उत्कृष्ण लोगो वनाउनेलाई पुरस्कृत गर्नुहोस् । दिइएको ढाँचामा मूल्याङ्कन गर्नुहोस् ।

| विद्यार्थीको नाम | अति राम्रो (३) | राम्रो (२) | ठिकै (१) |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र दिइएका जस्तै प्रश्नहरू सोधी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्नुहोस र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. विश्व खाद्य तथा कृषि सङ्गठनको प्रधान कार्यालय कहाँ रहेको छ ?

२. विश्व जलवायु सङ्गठनका प्रमुख कार्यहरू के के हुन ?

३. विश्व पर्यटन सङ्गठनको प्रधान कार्यालय कहाँ रहेको छ ?

विद्यार्थीले सञ्चालन गरेको हाजिरी जवाफ प्रतियोगितालाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- सहभागिता
- सक्रियता
- जिम्मेवारी बोध
- प्रश्नको स्तरीयता र गुणस्तर
- व्यवस्थापन

पाठ्यक्रम विकास केन्द्र

# पाठ : ४ विश्वव्यापीकरण र स्थानीयकरण

**अनुमानित कार्यघण्टा : २**

## (क) पाठ परिचय

कुनै पनि वस्तु तथा सेवाको विश्व परिवेशमा गरिने प्रयोग एवम् सञ्चालन प्रक्रिया विश्वव्यापीकरण हो। विश्वव्यापीकरण विश्व अर्थतन्त्र, पूँजी, प्रविधि, संस्कृति र राजनीतिलाई जोड्ने एउटा प्रक्रिया हो।

स्थानीयकरणले कुनै पनि विषय, उत्पादन वा सेवालाई निश्चित ठाउँमा सीमित पार्नु भन्ने बुझाउँछ। स्थानीयकरणले कुनै ठाउँ विशेषलाई उच्च प्राथमिकतामा राख्छ। यसले स्थानीय कला संस्कृति, वेशभूषा, रीतिरिवाज र मूल्य मान्यताको प्रवर्धनमा जोड दिन्छ। स्थानीय मानिसको विचार, दृष्टिकोण, इच्छा र सोचलाई प्राथमिकता दिइनुपर्ने मान्यता राख्छ।

यस पाठमा विश्वव्यापीकरण र स्थानीयकरणको अवधारणा, महत्त्व र प्रभावहरू आदि विषयवस्तुहरू समावेश गरिएका छ। यस पाठको सिकाइ सहजीकरणका लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधि र क्रियाकलापहरूको विकास गरिएको छ। शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुनेछ। विद्यार्थीहरूलाई स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्नसक्षम बनाउनु यो पाठको मुख्य उद्देश्य रहेको छ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानियकरण र विश्वव्यापीकरणको अवधारणा र महत्त्व प्रस्तुत गर्न | - विश्वव्यापिकरणको अवधारणा र महत्त्व बताउन<br>- विश्वव्यापिकरणको सकारात्मक र नकारात्मक पक्षहरूको सूची तयार पार्न<br>- स्थानीयकरणको अवधारणा र महत्त्व उल्लेख गर्न |

## (ग) शैक्षणिक सामग्री

- विश्वव्यापीकरणको अवधारणा र महत्त्व उल्लिखित चार्टपेपर/स्लाइड
- विश्वव्यापीकरणको अवस्था झल्कने चित्र, फोटो, भिडियो आदि
- विश्वव्यापीकरणको पक्षहरू उल्लिखित मेटाकार्ड
- विश्वव्यापीकरणको सकारात्मक र नकारात्मक पक्षहरू उल्लिखित तालिका
- स्थानीयकरणको अवधारणा र महत्त्व उल्लिखित चार्ट/ स्लाइड

## (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ) सुरुआति क्रियाकलाप

विश्वव्यापीकरणको अवधारणा झल्कने चित्र, फोटा प्रदर्शन गर्दै ति चित्र वा फोटा के सँगसम्बन्धित छन् ? तिनको महत्त्व आजको विश्वमा के छ ? हाम्रो गाउँ, समाज र देशमा ती प्रयोग वा उपयोगमा आउँछन् /आउँदैनन् आदि प्रश्न गर्दै मष्तिष्क मन्थन गराउनुहोस्।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ चार्ट प्रस्तुति र छलफल**

विश्वव्यापीकरणका विविध पक्षहरू झल्कने चार्ट प्रदर्शन गर्दै विद्यार्थीबिच अन्तरक्रिया गराई पृष्ठपोषण प्रदान गर्दै विद्यार्थीलाई यस्तै चार्ट बनाउन लगाई कक्षामा टाँस्न लगाउनुहोस्।




**क्रियाकलाप २ संवाद लेखन र प्रस्तुति**

पाठमा दिइएको विश्व व्यापीकरणको महत्त्व अध्ययन गर्न लगाई जोडी जोडीमा संवाद तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**विश्वव्यापीकरणको महत्त्व**

- यसले राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रियकरण गर्न मदत पुऱ्याउँछ ।
- अर्थव्यवस्थालाई एक आपसमा आबद्ध बनाउन आयत र निर्यातलाई खुकुलो बनाउँछ ।
- भन्सार दर घटाउने र व्यवस्थित बनाउँछ ।
- राष्ट्रिय आय, बचत, उत्पादन र रोजगार अभिवृद्धि गर्दछ ।
- विश्व एक ग्राम भन्ने मान्यताका साथ सीमाविहीन समुदायको निर्माणमा जोड दिन्छ ।
- सूचना तथा प्रविधिको विकास गराई विश्वव्यापी रूपमा सामाजिक सञ्जालमा आबद्ध गराउँछ ।
- शासन पद्धतिमा लोकतान्त्रिक मूल्य र मान्यताको विकास गराउन मदत गर्दछ ।
- सुशासन, विधिको शासन, मानव अधिकार, सामाजिक न्याय, समावेशीकरण आदि जस्ता पक्षको संरक्षण तथा संवर्धन गर्ने गर्दछ ।

**क्रियाकलाप ३ समूह कार्य र प्रस्तुति**

कक्षालाई ५ समूहमा विभाजन गरी पाठमा दिइएको तालिकामा भएका विश्वव्यापीकरणका सकारात्मक र नकारात्मक प्रभाव अध्ययन गर्न लगाई प्रत्येक समूहलाई एक एकओटा आयामअन्तर्गतका सकारात्मक र नकारात्मक प्रभाव चार्ट पेपरमा लेखी प्रस्तुति गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. राजनीतिक

२. आर्थिक

३. सामाजिक तथा सांस्कृतिक

४.प्रशासनिक तथा शासकीय

५. सूचना तथा सञ्चार

**क्रियाकलाप ४ प्रदर्शन र छलफल**

स्थानीयकरणको अवधारणा र महत्त्व उल्लिखित चार्ट/ स्लाइड प्रदर्शन गर्दै व्यावहारिक उदाहरणलाई जोड्दै निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र दिइएका जस्तै प्रश्नहरू सोधी विद्यार्थीको सिकाइ उपलब्धि मूल्यांकन गर्नुहोस र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. विश्वव्यापीकरणका पक्षहरू उल्लेख गर्नुहोस् ।

२. विश्वव्यापीकरणले तपाईंको जीवनमा पारेका सकारात्मक तथा नकारात्मक प्रभावहरूको समीक्षा गर्नुहोस् ।

## पाठ : ५ सूचना तथा सञ्चार प्रविधि

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

सूचना, खबर, जानकारीहरू आदानप्रदान गर्नका लागि प्रविधिको प्रयोग गर्नु नै सूचना तथा सञ्चार प्रविधि हो । कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर र इन्टरनेटको प्रयोग गरी सूचनाको सङ्कलन, भण्डारण र सञ्चार गर्ने प्रविधिलाई सूचना तथा सञ्चार प्रविधि भनिन्छ । सूचना प्रविधिमा कम्प्युटर हार्डवेयर र सफ्टवेयर दुवैको प्रयोग हुन्छ । स्मार्टबोर्ड, ल्यापटप, स्मार्टबोर्ड, इन्ट्याक्टिभ बोर्ड आदि हार्डवेयर हुन् भने सामाजिक सञ्जाल, ई सामग्री, एपहरू आदि सफ्टवेयर हुन् ।

विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधि सदुपयोग गर्न र तिनीहरूको प्रयोग गर्दा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरूको सम्बन्धमा सचेत गराउनु यस पाठको अभिप्राय रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि Brainstorming, छलफल, प्रश्नोत्तर, ग्यालरी वाक, परियोजना कार्य जस्ता विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको प्रयोग गर्नुपर्दछ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको उपयोग गर्न र सुरक्षात्मक उपायहरू अवलम्बन गर्न | – सूचना तथा सञ्चार प्रविधिको प्रयोगका क्षेत्रहरू पहिचान गर्न<br>– सूचना तथा सञ्चार प्रविधिको प्रयोगको महत्त्वा बताउन र दैनिक जीवनमा उपयोग गर्न |

| | |
|---|---|
| | – सामाजिक सञ्जालको प्रयोग गर्दा हुने फाइदा र बेफाइदा बताउन<br>– सामाजिक सञ्जालको विवेकपूर्ण उपयोग गर्न र सुरक्षात्मक उपायहरू अबलम्बन गर्न |

**(ग) शैक्षणिक सामग्री**

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी चित्र, भिडियो क्लिप्स
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगको महत्त्व लेखिएको चार्ट/ पावरप्वाइन्ट स्लाइड
- सामाजिक सञ्जालको सुरक्षित प्रयोगका लागि ध्यान दिनुपर्ने कुराहरू लेखिएको चार्ट/ पावरप्वाइन्ट स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई सूचना भनेको के हो ? तपाइँले खबर, सूचना, जानकारीको आदानप्रदान कसरी गर्ने गर्नु भएको छ ? यस्ता कार्यमा के कस्ता साधनहरूको प्रयोग गर्ने गर्नुभएको छ ? भनी प्रश्न गर्नुहोस् । सकेसम्म धेरै विद्यार्थीलाई उत्तर दिन प्रेरित गर्नुहोस् । विद्यार्थीहरूको जवाफलाई समेट्दै सूचना तथा सञ्चार प्रविधिको अवधारणा प्रस्ट पार्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ चित्र, भिडियो प्रदर्शन र छलफल**

शिक्षकले सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी चित्र, भिडियो क्लिप्स प्रदर्शन गर्नुहोस् । चित्र, भिडियोमा भएका सूचना तथा सञ्चार प्रविधिको प्रयोगका क्षेत्रहरू पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीहरूलाई चित्र, भिडियोमा प्रयोग गरिएका क्षेत्र जस्तै उनीहरूको दैनिक जीवनमा सूचना तथा सञ्चार प्रविधिका प्रयोग कुन कुन कार्यमा हुने गरेको छ ? भन्ने प्रश्न सोध्नुहोस् । विद्यार्थीहरूको जवाफलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ सोच र जोडी समूहमा आदानप्रदान**

विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको महत्त्व के छ ? यसको उपयोग गर्दा कस्ता कुरामा ध्यान दिनुपर्दछ ? भनी प्रश्न गर्नुहोस् । प्रत्येक विद्यार्थीलाई प्रश्नको उत्तर सोचेर कापीमा लेख्न लगाउनुहोस् । नजिकै बस्ने साथीसँग जोडी बनी उत्तर आदानप्रदान गर्न लगाउनुहोस् र जोडीलाई सारांश गर्न लगाउनुहोस् साथै केही जोडीलाई उनीहरूको कार्य प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**सूचना तथा सञ्चार प्रविधिको प्रयोगको महत्त्व**

- सूचना आदानप्रदान छिटोछरितो रूपमा गर्न सकिन्छ ।
- घरमै बसेर स्वदेश तथा विदेशमा प्रत्यक्ष सम्पर्क गर्न सकिन्छ ।
- कुनै घटना, बैठक वा खास विषयवस्तुको प्रत्यक्ष प्रसारण गर्न सकिन्छ ।
- आफ्नो व्यापार व्यवसायको विज्ञापन गर्न र अनलाइन कारोबार गर्न सकिन्छ ।
- महत्त्वपूर्ण कागजात, फोटो, भिडियो तुरुन्तै आदानप्रदान गर्न सकिन्छ ।
- शिक्षण सिकाइ प्रभावकारी र रुचिपूर्ण बन्छ ।
- अध्ययन अनुसन्धान र लेखन कार्यमा सघाउ पुग्छ ।
- अनलाइन कक्षा र मिटिङ सञ्चालन गर्न सकिन्छ ।

**क्रियाकलाप नं. ३ समूह कार्य र प्रस्तुति**

विद्यार्थीलाई पाँचओटा समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा निम्नानुसारका सूचना प्रविधिमा प्रयोग हुने साधनहरू र यिनीहरूको प्रयोगका सम्बन्धमा पाठ्यपुस्तकको अध्ययन, इन्टरनेटबाट खोजी गरी टिपोट गर्न र समूहगत रूपमा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

| | |
|---|---|
| समूह क | ट्याबलेट |
| समूह ख | इन्टऱ्याक्टिभ बोर्ड |
| समूह ग | ई-रिडर्स |
| समूह घ | फ्लिप्ड कक्षा |
| समूह ङ | क्लाउड |

**क्रियाकलाप नं. ४ ग्यालरी वाक**

विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई टोली नेता चयन गर्न लगाउनुहोस् । प्रत्येक समूहमा साइनपेन र न्युजप्रिन्ट र साइनपेन उपलब्ध गराउनुहोस् । विद्यार्थीलाई निम्नानुसारको कार्य समूहमा छलफल गरी न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् । समूहले गरेका कामको न्युजप्रिन्ट फरक फरक तीनओटा ठाउँमा टाँस्न लगाउनुहोस् । प्रत्येक समूहलाई घडी घुम्ने दिशामा घुम्न लगाइ हरेक समूहको कार्यको अवलोकन तथा अध्ययन गर्न लगाई त्यसमा आफूलाई मन परेको र सुधार गर्नु पर्ने कुरा टिपोट गर्न लगाउनुहोस् । केही विद्यार्थीलाई उनीहरूले टिपोट गरेको कुरा भन्न पनि लगाउनुहोस् । प्राप्त सुझाव समेत समावेश गरी समूह कार्यलाई परिमार्जन गर्न लगाउनुहोस् र परिमार्जित समूह कार्यलाई केही दिनसम्म प्रदर्शन गरेर कक्षामा राख्न लगाउनुहोस् ।

| | |
|---|---|
| समूह १ | सामाजिक सञ्जालको प्रयोगका फाइदा |
| समूह २ | सामाजिक सञ्जालको प्रयोगका बेफाइदा |
| समूह ३ | सामाजिक सञ्जालको प्रयोगका सुरक्षात्मक उपायहरू |

**सामाजिक सञ्जालको सुरक्षित प्रयोग गर्ने उपाय**

- आफूले प्रयोग गर्ने सञ्जालको प्राइभेसी सेटिङ राम्रोसँग मिलाउने
- कुनै स्टाटस, फोटो, भिडियो पोष्ट, सेयर गर्नु वा अरूको स्टाटसमा कमेन्ट गर्नु अघि यसले पछि कुनै असर पार्छ कि भन्ने बारेमा ध्यान दिने
- सामाजिक सञ्जालमा राम्रो प्रतिष्ठा कायम गर्न प्रयत्न गर्ने
- नराम्रो र अरूलाई चोट पुऱ्याउने खालको भाषाको प्रयो नगर्ने र विषयवस्तु पोष्ट नगर्ने
- आफ्ना गोप्य कुराहरू सञ्जालमा पोस्ट नगर्ने
- कसैले तपाईंलाई सञ्जालमा कुनै नराम्रो व्यवहार देखाएमा आफ्ना अभिभावक, शिक्षकलाई जानकारी गराउने
- कुनै शङ्कास्पद इमेल वा सन्देश आएमा त्यसलाई नखोल्ने
- आफूले प्रयोग गर्ने सञ्जालमा बलियो पासवर्ड राख्ने र बेलाबेलामा परिवर्तन गरिरहने

**क्रियाकलाप ५ अनुभव आदानप्रदान र गीत/कविता सिर्जना**

विद्यार्थीलाई सामाजिक सञ्जालको गलत प्रयोगका घटना र त्यसका परिणाम सम्बन्धमा उनीहरूले देखे, सुनेका अनुभवहरू बताउन लगाउनुहोस् । शिक्षकले पनि कुनै त्यस्ता घटनाहरू सुनाउनुहोस् । यिनै घटना र अनुभवका आधारमा विद्यार्थीलाई सामाजिक सञ्जाल र यसको प्रयोग गर्दा अपनाउनुपर्ने सुरक्षात्मक उपायहरू समेटी गीत वा

कविता रचना गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । उत्कृष्ट रचना गर्ने विद्यार्थीलाई सामान्य पुरस्कारको व्यवस्था गर्नुहोस् र उक्त रचनालाई बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ अध्ययन र छलफल**

नेपालमा सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्न बनेका साइबर कानुन विभिन्न स्रोत सामग्रीहरू उपलब्ध गराई अध्ययन गर्न लगाउनुहोस् । साइबर कानुनमा भएका विभिन्न व्यवस्थाहरूका सम्बन्धमा छलफल गराउनुहोस् । विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको सुरक्षित प्रयोगका लागि प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ७ सत्य असत्य खेल**

पाठमा छलफल भएका विषयवस्तुसँग सम्बन्धित रहेर केही ठिक बेठिक छुट्याउने प्रश्नहरू बनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई खुला ठाउँमा लगी सत्य असत्य खेल खेलाउनुहोस् ।

**खेलको प्रक्रिया**

- विद्यार्थीलाई बाहिर लगेर बराबर सङ्ख्यामा हुनेगरी दुईओटा लाइनमा उभ्याउनुहोस् ।
- दुवै लाइनमा बस्ने विद्यार्थीको क्रमसङ्ख्या निर्धारण गरिदिनुहोस् ।
- लाइनको केही दुरीमा दुईतिर एक एकओटा कुर्सी राखी एउटामा सत्य र एउटामा झुटो लेखिएको मेटाकार्ड टाँस्नुहोस् ।
- शिक्षकले आफूले तयार गरेको पहिलो प्रश्न पढ्नुहोस् । विद्यार्थीलाई निर्धारण गरिएको एउटा क्रम सङ्ख्या बाचन गर्नुहोस् । जुन समूहको विद्यार्थी सही उत्तर बुझेर उपयुक्त कुर्सीमा पहिले गएर बस्छ उक्त समूहलाई एक अङ्क दिनुहोस्, गलत कुर्सीमा गएर बसेमा एक अङ्क घटाउनुहोस् । ती दुई जना विद्यार्थीलाई पहिले आफू बसेकै स्थानमा बस्न लगाउनुहोस् ।
- फेरि अर्को प्रश्न पढ्नुहोस् । विद्यार्थीको अर्को क्रमसङ्ख्या तोक्नुहोस् , जुन समूहको विद्यार्थी गएर उपयुक्त कुर्सीमा बस्छ उक्त समूहलाई १ अङ्क दिनुहोस् ।
- समयको ख्याल गरी शिक्षकले तयार गरेको सबै प्रश्न समेट्ने गरी खेल खेलाउनुहोस् ।
- खेलको अन्त्यमा विजेता घोषणा गरी सामान्य पुरस्कार पनि दिनुहोस् । सहभागी सबैलाई धन्यवाद दिनुहोस् ।
    - खेल खेलाउनका लागि केही नमुना प्रश्न

१. सामाजिक सञ्जाल, एपहरू कम्प्युटर हार्डवेयर हुन् । (असत्य)
२. शिक्षकले पावरप्वाइन्ट स्लाइड बनाएर सिकाइ सहजीकरण गर्नु सूचना तथा सञ्चार प्रविधिको सदुपयोग हो । (सत्य)
३. ट्याबलेटलाई पढ्न, फोटो तथा भिडियो खिच्नका लागि प्रयोग गर्नु गलत हुन्छ । (असत्य)
४. ई रिडर्स पुस्तक पढ्नका लागि प्रयोग गरिने डिभाइस हो । (सत्य)
५. क्लाउड डाटा सञ्चय गर्नका लागि प्रयोग गरिने इन्टरनेट सुविधा हो । (सत्य)

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

बिद्यार्थीको सहभागीता, सिकाइमा देखाएको सक्रियता, नेतृत्व क्षमताको आधारमा निम्नानुसारको मूल्याङ्कन गर्नुहोस् र अभिलेख राख्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम, थर | सहभागिता | क्रियाकलापमा देखाएको सक्रियता/ नेतृत्व | समूह कार्यको प्रस्तुतीकरण शैली |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|

अङ्क विभाजनका आधारहरू (धेरै राम्रोः ३ अङ्क, राम्रोः २ अङ्क , सुधार गर्नुपर्नेः १ अङ्क)

पाठको क्रियाकलाप र अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस्, थप सिकाइ अवसर प्रदान गर्नुहोस् र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पारी सिकाइ सहजीकरणको कार्यसमेत गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

१. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले के कस्तो फाइदा पुग्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

२. कोभिड १९ को समयमा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको धेरै प्रयोग भयो । कति अभिभावकहरूले उक्त समयमा बालबालिकालाई स्मार्टफोन प्रयोग गर्न दिँदा उनीहरू डिजिटल कुलतमा परे भन्ने गुनासो गर्दै आएका छन् । अभिभावकको यस्तो गुनासको सम्बन्धमा तपाईँको दृष्टिकोण के छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

३. नेपालमा सामाजिक सञ्जालको प्रयोगका नकारात्मक कुराहरू धेरै सुनिने गरेको छ । यसलाई सही रूपमा प्रयोग गर्न के कस्ता कुराहरूमा ध्यान पुऱ्याउनु पर्ला ? सुझाव दिनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

# पाठ ६ समसामयिक घटना

**अनुमानित कार्यघण्टा : २**

**(क) पाठ परिचय**

तत्काल वा हालसालै वा दैनिक जसो घट्ने विभिन्न घटना, अवस्था र परिवर्तन नै समसामयिक घटना हुन् । यस्ता घटनाका कारणहरू धेरै हुन सक्छन् तर यसले प्रत्यक्षरूपमा मानिसको दैनिक जीवन, मानव सभ्यता, समाज र संस्कृति एवम् संस्कार र सोचमा परिवर्तन गराउछ । सामाजिक अध्ययनमा समसामयिक घटना र यसका विषयवस्तुहरूले ठुलो महत्त्व राख्छ । समाजको आर्थिक, सामाजिक, राजनीतिक वातावरणीय पक्षमा बारम्बार आउने परिवर्तनले गर्दा यसका विषयवस्तुको अर्थ र प्रस्तुति शैलीमा पनि परिवर्तन आउँछ । यसले गर्दा नया सोच र धारणाहरू विकसित हुदै जान्छन् र पुराना मान्यता र सोचलाई नयाँ मान्यता, सोच र विश्वासले प्रतिस्थापन गर्दै जान्छ ।

यस पाठमा समसामयिक घटनाको अवधारणा, यस्ता घटनाहरूले मानव जीवनमा पार्ने प्रभावहरूको जानकारी दिने विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि अनुभव आदानप्रदान, समूह कार्य, छलफल, हाजिरी जवाफ, परियोजना कार्य, बुलेटिन बोर्ड निर्माण आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न सक्षम बनाउनु यो पाठको मुख्य उद्देश्य रहेको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विश्वमा घटेका समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न | – समसामयिक घटनाको परिचय दिन<br>– समसामयिक घटनाहरूले मानव जीवनमा पारेको प्रभाव खोजी गर्न |

**(ग) शैक्षणिक सामाग्री**

- पत्रपत्रिका, म्यागाजिन
- बुलेटिन बोर्ड
- समसामयिक गतिविधि झल्कने चित्र,फोटा र अडियो र भिडियोहरू
- रेडियो, टि.भि.

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई आफ्नो समुदायमा तत्काल भएका कुनै एक घटना पालैपालो भन्न लगाउनुहोस् । ती घटनाले समुदायमा के प्रभाव पर्यो आदि प्रश्न सोध्दै समसामयिक घटना र प्रभाव सम्बन्धमा छलफल गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : अनुभव आदानप्रदान**

विगतमा भएको कोरोना महामारी, रुस युक्रेन युद्ध, जलवायु परिवर्तन आदि समसामयिक घटना सम्बन्धमा विद्यार्थीका अनुभवलाई पालैपालो भन्न लगाउनुहोस् र यसले स्थानीय समाज, राष्ट्र र विश्वमा पारेको प्रभावलाई छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ समूह कार्य**

पत्रपत्रिका वा स्थानीय अखबारमा छापिएका समसामयिक घटनाहरू समूह समूहमा अध्ययन गर्न लगाई ती घटना कुन सन्दर्भ वा क्षेत्रसँग सम्बन्धित छन् ती घटनाले कुन क्षेत्रमा बढी प्रभाव पारेको छ। ती घटनाले पारेका प्रभावहरू के के रहेछन् भनी तालिका बनाई प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ३ परियोजना कार्य**

विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा दैनिक रेडियो, एफ.एम.सुन्न, अनलाइन मिडिया एवम् टेलिभिजन हेर्न र पत्रपत्रिका अध्ययन गर्न लगाई त्यहाँ प्रशारित र प्रकाशित भएका मुख्य मुख्य समाचारहरू टिपोट गरी कक्षामा सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ४ बुलेटिन बोर्ड निर्माण**

समसामियक घटनासँग सम्बन्धित रही पत्रपत्रिकाका समाचार, चित्र, सम्पदकीय आदिको कटआउट सङ्कलन गरी बुलेटिन बोर्ड तयार पार्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : हाजिरी जवाफ प्रतियोगिता**

समसामयिक गतिविधिसँग सम्बन्धित रही विद्यार्थीलाई प्रश्न निर्माण गर्न लगाई हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन/ प्रतिबिम्बन**

अभ्यासमा दिइएका र दिइएका जस्तै प्रश्नहरू सोधी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्नुहोस र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. समसामयिक घटना भनेको के हो ?

२. तीन महिनाभित्र देश र विदेशमा घटेका मुख्य मुख्य समसामयिक घटनाको सूची तयार पार्नुहोस् ।

**विद्यार्थीले हाजिरी जवाफ गर्दाको समूह गतिविधिलाई अवलोकन गरी निम्नअनुसारको रुजु सूचीमा आधारित भई मूल्याङ्कन गर्नुहोस् ।**

| क्रियाकलाप | उच्च | मध्यम | निम्न |
|---|---|---|---|
| सहभागिताको अवस्था | | | |
| जिम्मेवारी बोध | | | |
| प्रस्तुतीकरण | | | |
| सहयोग र सहकार्य | | | |

# एकाइ : दश        जनसङ्ख्या र यसको व्यवस्थापन

**कार्यघण्टा : ८**

**१. एकाइ परिचय**

जनसङ्ख्या भन्नाले कुनै निश्चित भौगोलिक वा प्रशासनिक क्षेत्रमा बसोबास गर्ने मानिसको समूहलाई बुझिन्छ । जनसङ्ख्या व्यवस्थापन जनसङ्ख्याको प्रमुख क्षेत्र हो । कुनै पनि देशको जनसङ्ख्याको आकारले उक्त देशको आर्थिक, समाजिक, राजनीतिकलगायत समग्र पक्षमा प्रभाव पार्दछ । जनसङ्ख्या व्यवस्थापन भनेको देशमा उपलब्ध स्रोतसाधनका आधारमा जनसङ्ख्याको आकार निर्धारण गर्नु हो । जनसङ्ख्या व्यवस्थापन भनेको जनसङ्ख्या वृद्धिदरलाई नियन्त्रण गर्नुमात्र नभई देशमा उपलब्ध भएका स्रोत र साधनलाई समुचित ढङ्गले उपयोग गर्नका लागि आवश्यक पर्ने जनसङ्ख्याको आधार निर्धारण गर्नु हो ।

यस एकाईमा नेपालको जनसङ्ख्याको आकार, बनोट र वितरण, विश्वको जनसङ्ख्याको अवस्था र वृद्धिदरका बारेमा अध्ययन गरिन्छ । त्यसै गरी पारिवारिक योजना र गुणस्तरीय जीवन जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध र समुदायिक स्वास्थ्यका बारेमा अधयथन गरिन्छ । यस्ता विषयवस्तुहरूको सिकाइ सहजीकरण  गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तैः सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनु पर्दछ साथै कक्षामा भएका सबै प्रकारका बालबालिकाहरू सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्दछ ।
यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, Gallery Walk, जिग्सअ, एक रहने अरू छरिने, अब मेरो पालो, तातो आलु, रनिङ् डिक्टेसन आदिजस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलापहरू विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धता समेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू पनि सञ्चालन गर्न सक्नुहुने छ ।

२. **विषयवस्तु, सिकाइउपलब्धि, सामग्री र समय विभाजनसम्बन्धी विवरण**

| पाठ | पाठको नाम | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** | **अनु. कार्य घण्टा** |
|---|---|---|---|---|
| १ | नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर | – नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न<br>– विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न | – नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था झल्कने<br>– चार्ट/स्लाइड<br>– नेपालको जनसङ्ख्याको आकारको आधारमा निर्माण गरिएको स्तम्भ चित्र<br>– विश्वको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था झल्कने तालिका | २ |

| | | | | |
|---|---|---|---|---|
| २ | नेपालको जनसङ्ख्याको बनोट | – नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न | – नेपालको लिङ्गअनुसार जनसङ्ख्या बनोटको तालिका<br>– नेपालको उमेर, भाषा, जाति, धर्म, पेसा, शैक्षिक स्थितिसम्बन्धी/स्तम्भ चार्ट/तालिका/स्लाइड | २ |
| ३ | जनसङ्ख्याको वितरण | – नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न | – जनसङ्ख्या वितरणको अवस्था झल्कने फोटो तथा भिडियो<br>– भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्या वितरणको तालिका<br>– प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्था झल्कने तालिका वा स्तम्भचित्र | १ |
| ४ | पारिवारिक योजना र गुणस्तरीय जीवन | – पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध उल्लेख गर्न | – पारिवारिक योजनाको अवधारणा लेखिएको मेटाकार्ड<br>– पारिवारिक योजनाको महत्त्व समावेश भएको चार्ट/स्लाइड<br>– गुणस्तरीय जीवनसँगसम्बन्धित चित्र, फोटो र भिडियो | १ |
| ५ | जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध | जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न | – वातावरणीय आवस्था देखाउने चित्र फोटो र भिडियो<br>– वातावरण प्रदूषणको कारण समावेश भएको चार्ट/स्लाइड | १ |
| ६ | सामुदायिक स्वास्थ्य | जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न | – स्वास्थ्य शिविरसम्बन्धी चित्र तथा भिडियोको नमुना<br>– K.W.L. चार्ट | १ |

# पाठ : १ नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर

**अनुमानित कार्यघण्टा : २**

## १. पाठ परिचय

कुनै निश्चित समयमा निश्चित स्थानमा बसोबास गर्ने मानिसका कुल सङ्ख्यालाई जनसङ्ख्याको आकार भनिन्छ। नेपालको जनसङ्ख्याको अकार बढ्दै गएको छ। वि.सं. २०६८ सालको जनगणनामा नेपालको जनसङ्ख्याको आकार २,६४,९४,५०४ थियो भने २०७८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्याको आकार २,९१,६४,५७८ रहेको छ। जनसङ्ख्याको आकार परिवर्तन भइरहन्छ। कुनै पनि स्थानको जनसङ्ख्यामा हुने परिवर्तनले जनसङ्ख्या वृद्धिलाई पनि जनाउँछ। जनसङ्ख्या वृद्धि सकारात्मक तथा नकारात्मक हुन्छ। वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ।

यस पाठमा नेपालको जनसङ्ख्याको आकार, वृद्धिदर, विश्वको, जनसङ्ख्याको अवस्था र वृद्धिदरको सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ। यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, परियोजना कार्य, समूह कार्य, स्तम्भ र रेखा चित्र निर्माण आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ। शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ। विद्यार्थीलाई नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न, विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न<br>- विश्वमा जनसङ्ख्याको अवस्था र वृद्धिदरको प्रवृत्ति पहिचान गर्न र वृद्धिदरको नेपालसँग तुलना गर्न | – नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था विश्लेषण गर्न<br>– नेपालको जनसङ्ख्या वृद्धिदरको अवस्थालाई रेखाचित्रमा प्रस्तुत गर्न<br>– विश्वको जनसङ्ख्याको आकार र वृद्धिदरसँग नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरबिच तुलना गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था झल्कने चार्ट/स्लाइड
- नेपालको जनसङ्ख्याको आकारको आधारमा निर्माण गरिएको स्तम्भ चित्र
- विश्वको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था झल्कने तालिका

(घ) **सिकाइ सहजीकरण क्रियाकलाप**

(अ) **सुरुआती क्रियाकलाप**

सर्वप्रथम शिक्षकले सबै विद्यार्थीलाई कुनै स्थानमा उभिन लगाउनुहोस् । विद्यार्थीलाई यताउती हिँड्दै दुई वा सोभन्दा बढी साथीसँग आफ्नो घरको जनसङ्ख्याको आकार सम्बन्धमा पालैपालो भन्न लगाउनुहोस् । उनीहरूको छलफललाई जोड्दै जनसङ्ख्याको आकारसम्बन्धी अवधारणा स्पष्ट पार्नुहोस् । यस क्रियाकलापलाई करिब ५ मिनेटको समयमा सम्पन्न गर्नुहोस् ।

> कुनै पनि ठाउँको निश्चित समयको जनसङ्ख्या नै त्यस ठाउँको जनसङ्ख्याको आकार हो । अर्थात् कुनै एक निश्चित क्षेत्रमा निश्चित समयमा बसोबास गर्ने बालबालिका, युवायुवती, बृद्धबृद्धाको जम्मा सङ्ख्या नै जनसङ्ख्याको आकार हो । जनसङ्ख्या निरन्तर परिवर्तन भइरहने हुनाले जनसङ्ख्याको आकार निश्चित हुँदैन् ।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट प्रस्तुति र छलफल**

नेपालको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था देखाउने तालिका भएको चार्ट/स्लाइड प्रदर्शन गर्नुहोस् । उक्त चार्ट/स्लाइडमा वि.सं. १९६८ सालको नेपालको जनसङ्ख्याको आकारका बारेमा छलफल गर्दै वि.सं. १९७७ र वि.सं. १९८७ मा नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर किन ऋणात्मक भएको होला भने विद्यार्थीलाई प्रश्न गर्नुहोस् । विद्यार्थीले भनेको उत्तरहरूबारे छलफल गर्नुहोस् र निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् :

---

**वि.स. १९७७ र १९८७ को जनगणनामा जनसङ्ख्याको अकार र वृद्धिदर ऋणात्मक हुनुका कारणहरू**

- **अवैज्ञानिक जनगणना हुनु**
- **इन्फ्लुएन्जाको महामारीले धेरै मानिसको मृत्यु हुनु**
- **प्रथम विश्वयुद्धमा गएका गोरखा सैनिकहरू गणना हुनबाट छुट्नु**
- **प्रथम विश्वयुद्धमा गोरखा सैनिकहरू मारिनु**

---

**क्रियाकलाप २ : तुलना गरौं**

वि.सं. १९६८ देखि २०७८ सम्मको नेपालको जनसङ्ख्याको आकार वृद्धिदरको अवस्था झल्कने चार्ट/स्लाइडको मध्यमबाट विभिन्न जनगणनामा नेपालको जनसङ्ख्याको आकार र वृद्धिदर बिच तुलना गर्नुहोस् साथै वि.सं. २०५८ देखि २०७८ सम्मको जनगणनामा नेपालको जनसङ्ख्या वृद्धिदर घट्दै जानुका कारणबारे छलफल गर्दै प्रस्ट पार्नुहोस् ।


**जनसङ्ख्या वृद्धिदर घट्नुका कारणहरू**

- जन्मदरमा ह्रास आउनु
- स्वास्थ्य अवस्थामा सुधार आइ मृत्युदरमा कमी आउनु
- परिवार नियोजनाका साधनहरूको प्रयोग दर बढ्नु,
- विवाहको औसत उमेरमा वृद्धि हुनु
- शिक्षा र चेतनाको स्तरमा वृद्धि

### क्रियाकलाप ३ : स्तम्भ चित्र निर्माण

वि.सं. १९६८ देखि २०७८ सम्मका जनसङ्ख्याको आकारका आधारमा निर्माण गरेको स्तम्भ चित्र प्रदर्शन गर्दै विद्यार्थीलाई समूहगत रूपमा चार्टपेपरमा स्तम्भ चित्र बनाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् र उत्कृष्ट स्तम्भचित्रलाई कक्षाकोठामा टाँस्न लगाउनुहोस् ।


**नेपालको जनसङ्ख्याको आकार**




### क्रियाकलाप ४: रेखा चित्र निर्माण

नेपालको जनसङ्ख्या वृद्धिदरको अवस्था झल्कने तालिकाको आधारमा रेखाचित्र निर्माण गर्ने तरिकाबारे विद्यार्थीलाई जानकारी दिँदै वि.स. २०३८-२०७८ सम्मको नेपालको जनसङ्ख्या वृद्धिदरको अवस्थालाई रेखाचिमा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले उक्तकार्यको अवलोकन गर्दै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

| जनगणना वर्ष | १९६८ | १९७७ | १९८७ | १९९८ | २००९/११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ | २०७८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या वृद्धिदर | - | -0.१३ | -0.0७ | १.१६ | २.२८ | १.६४ | २.0५ | २.६२ | २.0८ | २.२५ | १.३५ | 0.९२ |




**क्रियाकलाप ६ :स्तम्भ चित्रमा प्रस्तुति**

विश्वको जनसङ्ख्याको आकार र वृद्धिदरको अवस्था झल्कने तालिका प्रस्तुत गर्दै विद्यार्थीहरूसँग विश्वका जनसङ्ख्याको आकार र वृद्धिदरको प्रवृत्तिबारे छलफल गरी प्रस्ट पार्नुहोस् साथै विद्यार्थीलाई उक्त जनसङ्ख्याको आकारलाई स्तम्भ चित्रमा प्रस्तुत गर्न लगाउनुहोस् ।

**उदाहरणका लागि विश्वको जनसङ्ख्या आकार र वृद्धिदरको प्रवृत्ति सन् - २०२३**

| वर्ष | जनसङ्ख्या (अर्बमा) | जनसङ्ख्या वृद्धिदर |
|---|---|---|
| **सन् १** | ०.२५ | - |
| **सन् १६५०** | ०.५० | ०.१ |
| **सन् १८०४** | १.० | ०.५ |
| **सन् १९२७** | २.० | १.०७ |
| **सन् १९७४** | ४.० | २.०३ |
| **सन् १९९९** | ६.० | १.५ |
| **सन् २०११** | ७.० | १.२ |
| **सन् २०२३** | ८.००९ | ०.९ |

| क्र.सं. | **विवरण** | **जनसङ्ख्या (१० लाखमा)** | **जनसङ्ख्या वृद्धिदर** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | विश्व | ८००९ | ०.९ |
| २. | अति विकसित | १२७.६ | - ०.९ |
| ३. | कम विकसित | ६७३३ | १.१ |
| ४. | नेपाल | ३०.९ | १.४ |

Sources: Asha Vende and Tara Kantikar 2010 and world population Data sheet 2023

**क्रियाकलाप ७ : तुलना गरौँ**

विद्यार्थीलाई World popultation data sheet मा विश्वको जनसङ्ख्या स्थिति खोजी गर्न लगाउनुहोस् । यदि विद्यार्थीले खोजी गर्न नसकेको खण्डमा Geogle search मा गएर World populatin data sheet मा गएर सालसमेत राखेर सर्च गर्नुहोस् । उक्त तथ्याङ्कसँग नेपालको जनसङ्ख्या स्थितिको तुलना गर्नुहोस् ।

(ङ) **मूल्याङकन**

पाठको अभ्यास र तल दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. आफ्नो विद्यालयको कक्षागत रूपमा छात्र छात्रको वितरणलाई स्तम्भ चित्रमा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको जनसङ्ख्या वृद्धिदरको प्रवृति विश्लेषण गर्नुहोस् ।

३. पछिल्लो जनगणनामा नेपालको जनसङ्ख्या वृद्धिदर घट्दै जानुका कारणहरू विश्लेषण गर्नुहोस् ।

४. विद्यार्थीले गरेका विभिन्न प्रयोगात्मक कार्यलाई आन्तरिक मूल्याङ्कनको कार्यविधिमा उल्लेख भएको रुब्रिक्समा आधारित भई मूल्याङ्कन गर्नुहोस् ।

(च) **थप अध्ययन सामग्री/स्रोत**

https://www.prb.org/wp-content/uploads/2023/12/2023-World-Population-Data-Sheet-Booklet.pdf

# पाठ : २ नेपालको जनसङ्ख्याको बनोट

**अनुमानित कार्यघण्टा : २**

### (क) पाठ परिचय

उमेर, लिङ्ग, भाषा, धर्म, जाति शिक्षा, पेसाअनुसारको जनसङ्ख्याको वर्गीकरणलाई जनसङ्ख्याको बनोट भनिन्छ । जनसङ्ख्या बनोटका बारेमा तथ्याङ्क सङ्कलन गर्ने कार्य जनगणनाबाट गरिन्छ ।

यस पाठमा नेपालको उमेर, लिङ्ग, जाति भाषा, धर्म, पेसा र शैक्षिक अवस्थाका सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, TPS, परियोजना कार्य, समूह कार्य, स्तम्भ र रेखा चित्र निर्माण आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । विद्यार्थीलाई नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था चित्रमा प्रस्तुत गर्न र विश्लेषण गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था प्रस्तुत गर्न, | - जनसङ्ख्या बनोटको परिचय दिन<br>- नेपालको लिङ्गअनुसार जनसङ्ख्या बनोटलाई स्तम्भ चित्रमा प्रस्तुत गर्न<br>- जाति, भाषा र धर्म पेशा र शैक्षिक स्थितिअनुसारको जनसङ्ख्या स्थितिलाई स्तम्भ /वृत्त चित्रमा प्रस्तुत गर्न,<br>- उमेरअनुसार जनसङ्ख्या बनोटको अवस्था विश्लेषण गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालको लिङ्गअनुसार जनसङ्ख्या बनोटको तालिका
- नेपालको उमेर, भाषा, जाति, धर्म, पेशा, शैक्षिक स्थितिसम्बन्धी/स्तम्भ चार्ट/ तालिका/स्लाइड

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

कक्षाको एक जना विद्यार्थीलाई आफ्नो कक्षामा उपस्थित विद्यार्थीको सङ्ख्या गन्न लगाउनुहोस् । उक्त कक्षामा उपस्थित विद्यार्थीमध्ये कति जना पुरुष, महिला र अन्य लिङ्गका रहेछन् । त्यसका आधारमा निम्नानुसारको तालिका शैक्षणिक पाटीमा बनाउन लगाउनुहोस् ।

**उदाहरणका लागि कक्षामा रहेका विद्यार्थीको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १. | छात्र (पुरुष) | ४७ |
| २. | छात्रा (महिला) | २४ |
| ३. | अन्य | ० |
| | **जम्मा** | **५१** |

यसरी कक्षामा छात्र/छात्राअनुसार सङ्कलन गरिएको जनसङ्ख्याको वर्गीकरण पनि जनसङ्ख्याको बनोट हो । यस प्रकारको जनसङ्ख्याको बनोटलाई लिङ्गअनुसार जनसङ्ख्याको बनोट भनिन्छ भनी बताउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : सोच-जोडीमा छलफल-आदान प्रदान Think-Pair-share(TPS)**

विद्यार्थीलाई जनसङ्ख्या बनोट भनेको के हो ? भनी प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई व्यक्तिगत रूपमा जनसङ्ख्याको बनोटको परिचय लेख्न लगाउनुहोस् । विद्यार्थीले व्यक्तिगत रूपमा लेखेको उत्तर जोडी जोडीमा छलफल गरी साझा उत्तर बनाउन लगाउनुहोस् । त्यसपछि केही जोडीलाई आफूले लेखेको उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीहरूले दिएको उत्तरलाई समेट्दै शिक्षकले जनसङ्ख्या बनोटको परिचय दिनुहोस् ।

**क्रियाकलाप २ : स्तम्भ चित्र निर्माण**

शिक्षकले नेपालको लिङ्गअनुसार जनसङ्ख्या बनोटको तालिका प्रस्तुत गर्दै उक्त तालिकामा महिला र पुरुषको जनसङ्ख्या स्थितिका बारेमा छलफल गर्नुहोस् । उक्त तालिकाका आधारमा विद्यार्थीलाई स्तम्भ चित्र निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले स्तम्भ चित्र बनाउँदा शिक्षकले अवलोकन गरी आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

जस्तै : नेपालको लिङ्गअनुसार जनसङ्ख्या बनोट

| क्र.सं. | जनगणना वर्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | वि.स. २०६८ | 1,28,49,041 | 1,36,45,463 | 2,64,94,504 |
| २. | वि.स. २०७८ | 1,42,53,551 | 1,49,11,027 | 2,91,64,578 |

**क्रियाकलाप ३ : स्तम्भ चित्र निर्माण**

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहहरूलाई शिक्षकले वि.सं. २०७८ सालको जनगणनाअनुसार जनसङ्ख्याको बनोट भएको चार्ट/तालिका दिनुहोस् । उक्त तालिकाका आधारमा प्रत्येक

समूहलाई स्तम्भ चित्र/वृत्तचित्र निर्माण गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् । उक्त स्तम्भ चित्र वा वृत्तचित्रलाई कक्षाकोठामा टाँस्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

| | |
|---|---|
| समूह १ | उमेरअनुसार जनसङ्ख्याको बनोट |
| समूह २ | भाषाअनुसार जनसङ्ख्याको बनोट |
| समूह ३ | जातिअनुसार जनसङ्ख्याको बनोट |
| समूह ४ | धर्मअनुसार जनसङ्ख्याको बनोट |
| समूह ५ | पेसाअनुसार जनसङ्ख्याको बनोट |
| समूह ६ | शैक्षिक स्थितिअनुसार जनसङ्ख्याको बनोट |

**क्रियाकलाप ४ : प्रदर्शन र छलफल**

जनगणना २०७८ अनुसार नेपालको उमेर अनुसार जनसङ्ख्या बनोट समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्नुहोस् । उक्त चार्ट/स्लाइडमा दिइएको उमेर समूहअनुसाको जनसङ्ख्या बनोटका बारेमा छलफल गर्नुहोस् ।

जस्तै नेपालमा ०-१४ वर्ष उमेर समूहको जनसङ्ख्या २७.८३ प्रतिशत १५ -५९ वर्ष उमेर समूहको जनसङ्ख्या प्रतिशत ६१.९६ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसङ्ख्या १०.२१ प्रतिशत रहेको छ । यस प्रकारको उमेर समूहको बनोटले नेपालमा काम गर्ने उमेर समूहको जनसङ्ख्या अधिक देखाएको छ । नेपालमा काम गर्ने उमेर समूहको सक्रिय जनसङ्ख्या अत्याधिक धेरै भएकोले उक्त उमेर समूहको जनसङ्ख्यालाई देशको विकासमा परिचालन गर्न सकेको खण्डमा नेपालको विकास तीव्र ढङ्गले हुन्छ भनी बताउनुहोस् । साथै ६० वर्षभन्दा माथिको जनसङ्ख्या पनि १० प्रतिशतभन्दा बढी छ उक्त जनसङ्ख्याका आधारमा सामाजिक सुरक्षाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ ।

**क्रियाकलाप ५ समूह छलफल र निष्कर्ष प्रस्तुतीकरण**

नेपालमा २०५८ पछिका जनगणनामा गैरकृषि क्षेत्रको जनसङ्ख्या क्रमश : बढै गएको छ भनी विद्यार्थीलाई बताउनुहोस् । त्यसपछि विद्यार्थीलाई गैरकृषि क्षेत्रको जनसङ्ख्या वढ्नुको कारणहरू सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

नेपालमा गैरकृषि क्षेत्रको जनसङ्ख्या बढ्दै जानुका सम्भावित कारणहरू

- नेपालको शैक्षिक जनशक्ति क्षेत्रमा आकर्षण कम हुनु
- उद्योगधन्दाको विस्तारसँगै कृषि क्षेत्रमा मानिसहरू उद्योगतर्फ आकर्षित हुनु

- कृषि क्षेत्रमा संलग्न मानिसहरू वैदेशिक रोजगारीमा संलग्न हुनु
- कृषि क्षेत्रको उत्पादकत्व कम हुनु
- सहरीकरण र बसाइँसराइको कारणले कृषि भूमिको विनास हुनु ।

**(ङ) मूल्याङ्कन**

पाठको अभ्यास र दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. नेपालको साक्षरताको अवस्था उल्लेख गर्नुहोस् ।

२. तपाईंको समुदायका १० जना व्यक्तिको पेसाअनुसार जनसङ्ख्या बनोटको अवस्थासम्बन्धी तथ्याङ्क खोजी गरी त्यसलाई वृतचित्रमा प्रस्तुत गर्नुहोस् ।

| क्र.स. | व्यक्तिको नाम | पेसा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कृषि | नोकरी | व्यापार | सेवा | वैदेशिक रोजगारी | आश्रित | अन्य |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| | जम्मा | | | | | | | |

**विद्यार्थीले समूह कार्यमा देखाएको सक्रियता र सहभागिताका आधारमा निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :**

| क्र.स. | विद्यार्थीको नाम थर | समूह कार्यमा सक्रियता | समूहमा सहकार्य | अन्य समूहको पृष्ठपोषणप्रति प्रतिक्रिया |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

(च) थप अध्ययन सामाग्री

**बृहत् उमेरअनुसार नेपालको जनसङ्ख्या बनावट (प्रतिशत) २०७८**

| क्र.सं. | उमेर समूह | जनगणना २०७८ |
|---|---|---|
| १. | ०-१४ | २७.८३ |
| २. | १५-५९ | ६१.९६ |
| ३. | ६०+ वर्ष | १०.२१ |
| | जम्मा | १००.०० |

**जातजातिअनुसार नेपालको जनसङ्ख्या (प्रतिशत) वि.स. २०७८**

२०७८ सालको जनगणनाअनुसार नेपालमा १४२ ओटा जातजाति छन् । ती जातजातिमध्ये प्रमुख १० ओटा जातजातिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | जाति समूह | जनगणना वर्ष २०७८ |
|---|---|---|
| १. | क्षेत्री | १६.४५ |
| २. | ब्राह्मण-पहाड | ११.२९ |
| ३. | मगर | ६.९० |
| ४. | थारु | ६.२० |
| ५. | तामाङ | ५.६२ |
| ६. | विश्वकर्मा | ५.०४ |
| ७. | मुसलमान | ४.८६ |
| ८. | नेवार | ४.६० |
| ९. | झादव | ४.२१ |
| १०. | राई | २.२० |

धर्मअनुसार जनसङ्ख्याको बनावट प्रतिशत २०७८

२०७८ सालको जनगणनाअनुसार नेपालमा १० ओटा धर्म मानिन्छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | धर्म | जनगणना २०७८ |
|---|---|---|
| १. | हिन्दु | ८१.१९ |
| २. | बौद्ध | ८.२१ |
| ३. | इस्लाम | ५.०९ |
| ४. | किराँत | ३.१७ |
| ५. | क्रिश्चियन | १.७६ |
| ६. | प्रकृति | ०.३५ |
| ७. | बोन | ०.२३ |
| ८. | जैन | ०.०१ |
| ९. | शिख | ०.०१ |
| १०. | बहाई | ५३७ जना |

**मातृभाषाअनुसार नेपालको जनसङ्ख्याको बनोट प्रतिशत २०७८**

२०७८ सालको जनगणनाअनुसार नेपालमा १२४ ओटा मातृभाषा बोलिन्छ ती मातृभाषा प्रमुख १० ओटा मातृभाषाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | भाषा | जनगणना २०७८ |
|---|---|---|
| १. | नेपाली | ४४.८६ |
| २. | मैथिली | ११.०५ |
| ३. | भोजपुरी | ६.२४ |
| ४. | थारू | ५.८८ |
| ५. | तामाङ | ४.८८ |
| ६. | नेवार | २.९६ |
| ७. | बज्जिका | ३.८९ |
| ८. | मगर | २.७८ |
| ९. | डोटेली | १.७० |
| १०. | ऋवधि | २.९६ |
| | | |

**पेसाअनुसार जनसङ्ख्याको बनोट प्रतिशत २०७८**

| क्र.सं. | पेसा | २०७८ |
|---|---|---|
| १. | कृषि | ५०.१ |
| २. | गैरकृषि क्षेत्र | ४९.९ |
| | जम्मा | १०० |

**नेपालको ५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याको साक्षरता प्रतिशत २०७८**

| क्र.सं. | साक्षरता | २०७८ |
|---|---|---|
| १. | पुरुष | ८३.६ |
| २. | महिला | ६९.४ |
| ३. | जम्मा | ७६.३ |

# पाठ : ३ जनसङ्ख्याको वितरण

**अनुमानित कार्यघण्टा : १**

### (क) पाठ परिचय

विभिन्न भौगोलिक वा प्रशासनिक क्षेत्रअनुसारको जनसङ्ख्याको अवस्थालाई जनसङ्ख्या वितरण भनिन्छ । कुनै पनि देश वा स्थानको जनसङ्ख्या वितरणको अवस्था समान हुँदैन । जनसङ्ख्या वितरणलाई हावापानी, रोजगारी, शिक्षा, स्वास्थ्य, सुरक्षा, यातायातलगायत विभिन्न पक्षले प्रभाव पारेको हुन्छ । नेपालको पनि भौगोलिक क्षेत्र, प्रदेश, जिल्ला, गाउँ र सहरअनुसार जनसङ्ख्या वितरणमा ठुलो विविधता रहेको छ ।

यस पाठमा नेपालको उमेर, लिङ्ग, जाति भाषा, धर्म, पेशा र शैक्षिक अवस्थाका सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, तएक,परियोजना कार्य, समूह कार्य, स्तम्भ र रेखा चित्र निर्माण आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकता अनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुनेछ । विद्यार्थीहरूलाई नेपालको जनसङ्ख्याको बनोट र वितरणको अवस्था चित्रमा प्रस्तुत गर्न र विश्लेषण गर्न सक्षम बनाउनु यो पाठको मुख्य ध्येय रहेको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको जनसङ्ख्या बनोट र वितरणको अवस्थाा प्रस्तुत गर्न | - जनसङ्ख्या वितरणको परिचय दिन<br>- नेपालको भौगोलिक क्षेत्र अनुसारको जनसङ्ख्या वितरणको अवस्था उल्लेख गर्न<br>- प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्था विश्लेषण गर्न<br>- ग्रामिण र सहरी क्षेत्रअनुसारको जनसङ्ख्या वितरण उल्लेख गर्न<br>- जिल्लाअनुसार जनसङ्ख्या वितरण असमान हुनाको कारणहरू खोजी गर्न |

### (ग) शैक्षणिक सामग्री

- जनसङ्ख्या वितरणको अवस्था झल्कने फोटो तथा भिडियो
- भौगोलिक क्षेत्र अनुसार जनसङ्ख्या वितरणको तालिका
- प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्था झल्कने तालिका वा स्तम्भचित्र

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

नेपालको सबै प्रदेशमा जनसङ्ख्या समान छ ? कुन प्रदेशमा बढी र कुन प्रदेशमा कम जनसङ्ख्या छ ? यस्तो किन भएको होला ? जस्ता प्रश्नमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : घुलमिल-स्थिर - जोडी**

विद्यार्थीलाई आफू बसिरहेको ठाउँबाट उठ्न लगाउनुहोस् । सबै विद्यार्थी उठी सकेपछि सङ्गीतका तालमा एकैछिन् घुम्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई रोक्नको लागि सङ्केत गरी सङ्गीत बन्द गर्नुहोस् । विद्यार्थीहरू रोकी सकेपछि आफ्नो सबैभन्दा नजिक रहेको साथीसँग जोडी बताउन लगाउनुहोस् । सबै विद्यार्थीले आफ्नो जोडी बनाइसकेपछि उनीहरूलाई जोडी जोडीमा जनसङ्ख्या वितरण भनेको के हो ? जनसङ्ख्या वितरण किन समान हुँदैन आदि विषयवस्तुका बारेमा जोडी जोडीमा छलफल गरी टिपोट गरेका कुरा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यदि विद्यार्थीले स्पष्टसँग उत्तर दिन नसकेमा शिक्षकले प्रस्टसँग बताउनुहोस् ।

**क्रियाकलाप २ चार्ट/ स्लाइड प्रदर्शन र छलफल**

नेपालको भौगोलिक क्षेत्रअनुसारको जनसङ्ख्या वितरणको तुलनात्मक तालिका समावेश भएको चार्ट/स्लाइड शिक्षकले प्रदर्शन गर्नुहोस् । उक्त तालिकामा हिमाली तथा पहाडी क्षेत्रको जनसङ्ख्या घट्दै जानुका कारण र तराई क्षेत्रको जनसङ्ख्या बढ्दै जानुका कारणबारे छलफल गर्दै नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणका प्रवृत्ति हिमाली तथा पहाडी क्षेत्रमा घट्दै गएको छ भने तराईको जनसङ्ख्या बढ्दै गएको छ भनी छलफल गर्दै निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ३ : तालिका प्रस्तुति र छलफल**

नेपालको प्रदेशअनुसारको जनसङ्ख्या वितरणको अवस्था झल्कने तालिका वा स्तम्भ चित्र प्रदर्शन गर्नुहोस् । उक्त तालिका वा स्तम्भ चित्रका बारेमा अध्ययन र छलफल गरी प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्था असमान हुनाको कारणहरू छलफलका माध्यमबाट प्रस्ट पार्नुहोस् ।

---

नेपालको प्रदेशअनुसार जनसङ्ख्या वितरण असमान हुनका कारणहरू

- विकासको पूर्वधारको अवस्था
- कृषियोग्य भूमिको अवस्था
- भौगोलिक विविधता
- रोजगारीको अबसर
- सामाजिक आर्थिक अवस्थामा विविधता
- प्राकृतिक स्रोत साधनको उपलब्धता

---

**क्रियाकलाप ४ : ग्यालरी वाक**

नेपालको ग्रामीण र सहरी क्षेत्रअनुसारको जनसङ्ख्या वितरणको अवस्था झल्कने तालिका वा स्तम्भ चित्र प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई सहरी र अर्को समूहलाई ग्रामीण जनसङ्ख्या वृद्धिदरको अवस्था विश्लेषण गर्न लगाई **ग्यालरी वाक** विधिबाट हरेक विद्यार्थीलाई ति प्रस्तुति अध्ययन गर्न लगाई केही विद्यार्थीलाई आफूले सिकेका कुरा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : तालिका प्रदर्शन र छलफल**

नेपालको सबैभन्दा बढी जनसङ्ख्या भएका ५ जिल्ला र सबैभन्दा कम जनसङ्ख्या भएका ५ जिल्लाको जनसङ्ख्या वितरणसम्बन्धी तालिका प्रदर्शन गर्दै निम्नलिखित प्रश्नहरूका माध्यमबाट जिल्लाअनुसार जनसङ्ख्या वितरणको अवस्थाबारे प्रस्ट पार्नुहोस्, जस्तै :

१. वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला कुन हो ।

२. वि.सं. २०७८ सालको जनगणनाअनुसार नेपालको सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला कुन हो ?

३. नेपालको जिल्लागत रूपमा जनसङ्ख्या वितरण असमान हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठको अभ्यास र दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणको अवस्थालाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् ।

२. प्रदेशअनुसार जनसङ्ख्या वितरणको अवस्थालाई स्तम्भ चित्रमा प्रस्तुत गर्नुहोस् ।

३. वि.सं. २०६८ र २०७८ सालको जनगणना अनुसार ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरणको अवस्था तुलना गर्नुहोस् ।

**(च) थप अध्ययन सामग्री**

**नेपालमा भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण (प्रतिशत) २०७८**

| **क्र.स.** | **भौगोलिक क्षेत्र** | **जनगणना २०७८ अनुसार जनसङ्ख्या प्रतिशत** |
|---|---|---|
| **१.** | हिमाली क्षेत्र | ६.०८ |
| **२.** | पहाडी क्षेत्र | ४०.३१ |
| **३.** | तराई क्षेत्र | ५३.६१ |
| | जम्मा | १००.०० |

**नेपालमा प्रदेशअनुसार जनसङ्ख्या वितरण (प्रतिशत) २०७८**

| **क्र.सं.** | **प्रदेश** | **जनसङ्ख्या वितरण (प्रतिशत)** |
|---|---|---|
| **१.** | कोसी प्रदेश | १७.०१ |
| **२.** | मधेस प्रदेश | २०.९७ |
| **३.** | बागमती प्रदेश | २०.९७ |

| | | |
|---|---|---|
| ४. | गण्डकी प्रदेश | ८.४६ |
| ५. | लुम्बिनी प्रदेश | १७.५६ |
| ६. | कर्णाली प्रदेश | ५.७९ |
| ७. | सुदूरपश्चिम प्रदेश | ९.२४ |
| | जम्मा | १००.०० |

**नेपालमा जिल्लाअनुसार जनसङ्ख्या वितरण (प्रतिशत) २०७८**

| **सबैभन्दा धेरै जनसङ्ख्या भएका जिल्लाहरू** | | | **सबैभन्दा थोरै जनसङ्ख्या भएका जिल्लाहरू** | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | कुल जनसङ्ख्या २०७८ | प्रतिशत | जिल्ला | कुल जनसङ्ख्या २०७८ | प्रतिशत |
| **काठमाडौँ** | २०,४१,५८७ | ७.०० | मनाङ | ५,६५८ | ०.०२ |
| **मोरङ** | ११,४८,१५६ | ३.९४ | मुस्ताङ | १४,४५८ | ०.०५ |
| **रूपन्देही** | ११,२१,९५७ | ३.८५ | डोल्पा | ४२,७७४ | ०.१५ |
| **झापा** | ९,९८,०५४ | ३.४२ | रसुवा | ४६,६८९ | ०.१६ |
| **सुनसरी** | ९,२६,९६२ | ३.१८ | हुम्ला | ५५,३९४ | ०.१९ |

**ग्रामीण तथा सहरी क्षेत्रको जनसङ्ख्या**

| श्रेणी | २०६८ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|
| | **क्षेत्रफल वर्ग किमि** | **जनसङ्ख्या** | **जनसङ्ख्या ५** | **क्षेत्रफल वर्ग किमि** | **जनसङ्ख्या** | **जनसङ्ख्या ५** |
| **ग्रामीण** | 1,24,391.95 | 10,106,315 | 68.50% | 124,078.06 | 9,600,393 | 33.19% |
| **शहरोन्मुख** | 18,547.24 | 10,287,464 | 39.19% | 19,753.764 | 11,496,375 | 39.75% |
| **सहरी** | 4,741.22 | 5,857,811 | 22.31% | 4,223.65 | 7,828,712 | 27.07% |
| कुल | | **26,251,590** | **100%** | | **28,925,480** | **100%** |

उक्त तालिकाअनुसार जनगणना २०६८ र २०७८ को बिच समयमा सहरी जनसङ्ख्या २२.३१ प्रतिशतबाट उल्लेख्य बढेर २७.०७ पुगेको देखिन्छ। त्यसै गरी, सहरोन्मुख जनसङ्ख्या ३९.१९ प्रतिशतबाट बढेर ३९.७५ प्रतिशत पुगेको देखिन्छ। पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८.५ प्रतिशतबाट ३३.१९ प्रतिशतमा झरेको देखिन्छ। विशेषताका आधारमा सहरोन्मुख क्षेत्र भए पनि 'सहरी क्षेत्र मानिएको स्थानमा अझै पनि जनसङ्ख्याको ठुलो हिस्सा रहेको देखिन्छ। ग्रामीण जनसङ्ख्या अझै पनि एक तिहाइ छ, जबकि प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा

बसाइँसराइले जनसङ्ख्यालाई सहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा बसाइँसराइ कम गर्न दबाब परेको देखिएको छ ।

पाठ्यक्रम विकास केन्द्र

# पाठ : ४ पारिवारिक योजना र गुणस्तरीय जीवन

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

आफ्नो पारिवारिक जीवनलाई स्वस्थ्य, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि बनाउने योजनालाई पारिवारिक योजना भनिन्छ । पारिवारको आम्दानी तथा अन्य स्रोतसाधनका आधारमा पारिवारिक योजना निर्माण गरिन्छ । उपयुक्त किसिमको पारिवारिक योजनाले गुणस्तरीय जीवन प्राप्तिमा सहयोग पुऱ्याउँछ ।

यस पाठमा पारिवारिक योजनाको अवधारणा, महत्त्व, गुणस्तरीय जीवनका आधारहरू, गुणस्तरीय जीवन कायम गर्ने उपायहरूका सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, परियोजना कार्य, एक रहने अरू छरिने, वक्तृत्वकला, रनिङ डिक्टेसन, समूह कार्य, आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीमा पारिवारिक योजनाको र गुणस्तरीय जीवनको सम्बन्धमा ज्ञान, सिप र मूल्यको विकास हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवन बिचको अन्तरसम्बन्ध उल्लेख गर्न | - पारिवारिक योजनाको अवधारणा प्रस्ट पार्न<br>- पारिवारिक योजनाको महत्त्व बताउन<br>– गुणस्तरीय जीवनका आधारहरू उल्लेख गर्न<br>- गुणस्तरीय जीवन कायम गर्ने उपायहरू प्रस्तुत गर्न |

**(ग) शैक्षणिक सामग्री**

- पारिवारिक योजनाको अवधारणा लेखिएको मेटाकार्ड
- पारिवारिक योजनाको महत्त्व समावेश भएको चार्ट/स्लाइड
- गुणस्तरीय जीवनसँग सम्बन्धित चित्र, फोटो र भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई प्रश्नोत्तर विधिका माध्यमबाट पारिवारिक योजना र गुणस्तरीय जीवनसँग सम्बन्धित केही प्रश्नहरू सोधेर पाठको पूर्वज्ञानको बारेमा जानकारी लिनुहोस्, जस्तै :

- पारिवारिक योजनाको बारेमा तपाईंलाई के थाहा छ ?
- पारिवारिक योजना किन आवश्यक छ ?
- तपाईंको परिवारमा पारिवारिक योजना बनाउने गरिएको छ ?

**(आ) मूख्य क्रियाकलाप**

**क्रियाकलाप १ : मेटाकार्ड अध्ययन र छलफल**

शिक्षकले पारिवारिक योजनाको अवधारणा लेखिएको मेटाकार्ड प्रदर्शन प्रस्तुत गर्नुहोस् । उक्त मेटाकार्डमा लेखिएको विषयवस्तु कुनै एक जना विद्यार्थीलाई पढ्न लगाउनुहोस् । विद्यार्थीले उक्त मेटाकार्डमा लेखिएको विषयवस्तु अध्ययन गरिसकेपछि छलफलका माध्यमबाट पारिवारिक योजनाको अवधारणा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २ रनिङ डिक्टेसन**

शिक्षकले पारिवारिक योजनाको महत्त्व सम्बन्धमा रनिङ डिक्टेसन गराउनुहोस् ।

**पारिवारिक योजनाको महत्त्व**

- परिवारका सदस्यहरूबिच सुमधुर सम्बन्ध कायम गर्छ ।
- परिवारका सदस्य तथा आर्थिक स्रोतहरूबिच समन्वय कायम गर्न मदत गर्छ ।
- परिवारमा अनावश्यक खर्च घटाउँछ ।
- उद्यमशील बन्न प्रेरणा प्रदान गर्छ ।
- स्तनपानलाई प्रोत्साहन दिई आमा तथा शिशुको स्वास्थ्य सुरक्षा गर्छ ।
- व्यक्ति तथा परिवारको स्वास्थ्य तथा जीवनस्तर उकास्न मदत गर्छ ।
- सुखी र आरामदायी परिवार बनाउनमा सहयोग पुऱ्याउँछ ।
- आवश्यकताअनुसार मात्र बच्चा जन्माउन र उचित जन्मान्तर कायम राख्न प्रेरणा प्रदान गर्छ
- जनसङ्ख्या वृद्धि नियन्त्रणका लागि अनुकूल वातावरण सिर्जना गर्छ ।
- नवदम्पत्ती तथा आमाबाबुलाई आफ्नो दायित्व सफल र प्रभावकारी ढङ्गले निर्वाह गर्न सक्ने बनाउँछ ।

**क्रियाकलाप ३ एक जना रहने, अरू छरिने**

विद्यार्थीको विभिन्न समूह निर्माण गर्नुहोस् । प्रत्येक समूहलाई गुणस्तरीय जीवनको कुनै एक आधारका बारेमा समूह कार्य गर्न लगाउनुहोस् । आफ्नो समूहले समूहकार्य तयार गरिसकेपछि एक जना सदस्य( समूह नेता) आफ्नो समूहमा बस्ने र अन्य सदस्यहरू अन्य समूहले गरेको समूहकार्य हेर्नका लागि फरक फरक समूहमा जानुहोस् । आफ्नो समूहमा बसेको सदस्यले अन्य समूहबाट आएका सदस्यहरूलाई आफ्नो समूहले गरेको समूह कार्यको बारेमा बताउनुहोस् । अन्य समूहमा गएका सम्पूर्ण समूहका सदस्यहरू आइसकेपछि अन्य समूहले गरेका कार्यहरू सम्बन्धमा पालैपालो छलफल गरी समूहका सदस्यलाई गुणस्तरीय जीवनका आधारहरूका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : प्रदर्शन र छलफल**

शिक्षकले गुणस्तरीय जीवन झल्कने तथा न्यून गुणस्तरीय जीवन झल्कने प्रकारका विभिन्न चित्र, फोटो तथा भिडियोको नमुना प्रदर्शन गर्नुहोस् । उक्त चित्र फोटो र भिडियोका बारेमा कक्षामा छलफल गर्नुहोस् । छलफलबाट गुणस्तरीय जीवन र गुणस्तरीय जीवन कायम गर्ने उपायहरूको सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

**गुणस्तरीय जीवन कायम राख्ने उपायहरू**

- स्वास्थ्य सेवाको सर्वसुलभता र उपयोग
- गुणस्तरीय शिक्षा प्राप्ति
- सन्तुलित भोजनको प्रचुरता र नियमित प्रयोग
- आवास, सञ्चारलगायतका सुविधाको व्यवस्था
- फोहोरमैलाको उचित व्यवस्थापन र स्वच्छ वातावरणीय सन्तुलन कायम
- रोजगारी सिर्जना
- सिपमूलक र आयमूलक कार्यक्रमको व्यवस्था
- प्रजनन तथा यौन रोगसम्बन्धी विभिन्न समस्याको पहिचान र समाधान

**क्रियाकलाप ५ : वक्तृत्वकला प्रतियोगिता**

विद्यार्थीलाई 'पारिवारिक योजना र गुणस्तरीय जीवनबिचको सम्बन्ध' शीर्षकमा वक्तृवकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । उक्तप्रतियोगिता सञ्चालनको जिम्मेवारी, मूल्याङ्कनकर्ता पनि विद्यार्थीलाई नै राख्नुहोस् । वक्तृत्वकला प्रतियोगिता समाप्त भइसकेपछि शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठको अभ्यास र दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. परिवारिक योजना गुणस्तरीय जीवनका लागि महत्त्वपूर्ण छ, पुष्टि गर्नुहोस् ।

२. आधारभूत आवश्यकता परिपूर्ति गुणस्तरीय जीवन उन्नतिमा कसरी सहयोग पुऱ्याउँछ ?

३. पारिवारिक योजना र गुणस्तरीय जीवन विकासमा अन्तरसम्बन्ध प्रस्ट पार्नुहोस् ।

**तल तालिकामा दिइएका आधारमा आफ्नो परिवारको गुणस्तरीय जीवनको मूल्याङ्कन गर्नुहोस् ।**

| क्र.सं. | गुणस्तरीय जीवनका आवश्यक तत्वहरू | छ | छैन |
|---|---|---|---|
| १. | परिवारमा स्वास्थ्य सेवा सुलभ रूपमा उपलब्ध छ । | | |
| २. | परिवारमा माया, प्रेम, स्नेह, सहयोग र आदर सम्मानको वातावरण छ । | | |
| ३. | पारिवारमा सहज रूपमा गुणस्तरीय शिक्षा प्राप्त भएको छ । | | |
| ४. | परिवारका सदस्यको स्वास्थ्य अवस्था राम्रो छ । | | |
| ५ | सुरक्षित आवासको व्यवस्था छ । | | |
| ६. | खानेपानी तथा सरसफाइको उपयुक्त व्यवस्था छ । | | |

| | | | |
|---|---|---|---|
| ७. | परिवारका सदस्यहरू खुसी र सन्तुष्ट छन् । | | |
| ८. | परिवारमा सर्वसुलभ रूपमा पौष्टिक आहारको उपलब्धता छ । | | |
| ९. | परिवारको आम्दानीबाट नियमित रूपमा बचत गर्ने गरिएको छ । | | |
| १०. | परिवारमा सदस्यहरू सिपमूलक र आयमूलक कार्यक्रममा संलग्न छन् । | | |
| ११. | परिवारमा सामाजिक कुप्रथा र अन्धविश्वासहरू छैनन । | | |

पाठ्यक्रम विकास केन्द्र

## पाठ : ५ जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

जनसङ्ख्या र वातावरणबिच घनिष्ट सम्बन्ध रहेको हुन्छ । कुनै पनि स्थान तथा देशको वातावरण उक्त देशको जनसङ्ख्याको आकार तथा विकासको अवस्थाले प्रभाव पार्दछ । मानविय आवश्यकता परिपूर्ति गर्नका लागि अत्याधिक मात्रमा प्राकृतिक स्रोत साधनको प्रयोग हुनु, वन विनास आदि कारणले वातावरण प्रदूषण बढ्दै गएको छ ।

यस पाठमा पारिवारिक जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध, जनसङ्ख्या वृद्धिले वातावरणमा पर्ने असर, वातावरण प्रदुषणका कारण र वातावरण संरक्षणका उपायहरूका सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, परियोजना कार्य, TPS, समूह कार्य, प्रतिवेदन लेखन आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीहरू जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध पहिचान गर्न | - जनसङ्ख्या र वातावरणबिचका अन्तर सम्बन्ध बताउन<br>- वातावरण प्रदुषणका कारणहरू उल्लेख गर्न<br>- जनसङ्ख्या वृद्धिले वातावरणमा पर्ने असरहरूको सूची तयार पार्न<br>- वातावरण संरक्षणका उपायहरू प्रस्तुत गर्न |

**(ग) शैक्षणिक सामग्री**

- वातावरणीय आवस्था देखाउने चित्र, फोटो र भिडियो
- वातावरण प्रदूषणको कारण उल्लिखित चार्ट/स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

### (अ) सुरुआती क्रियाकलाप



वातावरणीय अवस्था देखाउने चित्र, फोटो र भिडियोको नमुना प्रदर्शन गर्दै उक्त चित्र, तस्बिर र भिडियोको बारेमा छलफल गर्दै पाठ प्रति विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

### (आ) मूख्य क्रियाकलाप

**क्रियाकलाप १ जोडीमा छलफल र आदानप्रदान**

जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्धको सम्बन्धमा विद्यार्थीहरूलाई जोडी जोडीमा कक्षाकोठामा छलफल गर्न लगाउनुहोस् । विद्यार्थीले छलफल गरिसकेपछि टिपोट गरेका महत्त्वपूर्ण बुँदाहरूलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकता अनुसार शिक्षकले पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप २ प्रश्नोत्तर**

विद्यार्थीलाई आफ्नो समुदायको वातावरणको आवस्था कस्तो छ । वातावरण प्रदूषण भएको छ कि छैन ? वातावरण प्रदूषण के कस्तो कारणले हुन्छन् भनी प्रश्न सोध्नुहोस् । विद्यार्थीहरूलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् र विद्यार्थीले भनेका उत्तरबाट वातावरण प्रदूषण हुनाका कारणहरू बुँदागत रूपमा बोर्डमा टिप्दै जानुहोस् । विद्यार्थीले उत्तर भनिसकेपछि शिक्षकले वातावरण प्रदूषणका कारणहरू समावेश भएको स्लाइड/चार्ट प्रदर्शन गर्दै विद्यार्थीले भनेको बुँदासँग तुलना गर्नुहोस् ।

**वातावरण प्रदूषणका कारणहरू**

- उद्योगधन्दा तथा सवारी साधनबाट निस्कने धुँवा
- धातु, सिसा आदिका कणहरू
- प्लास्टिकजन्य फोहोरहरू जथाभावी फाल्नु, डढाउनु
- जमिनमा कीटनाशक रसायन, रासायनिक मलको प्रयोग गर्नु
- उद्योग धन्दाबाट निष्कासन हुने रसायनिक पदार्थ
- अस्पताल, आणविक भट्टीबाट निष्काशीत विकिरण
- घर परिवार, उद्योग, अस्पताल आदिबाट निस्कने फोहोर नदीनालामा मिसाउनु

**क्रियाकलाप ३ : प्रतिवेदन लेखन**

विद्यार्थीलाई जनसङ्ख्या वृद्धिले आफ्नो समुदायको वातावरणमा देखा परेका असरहरू समावेश गरी निम्नानुसारको उपशीर्षकमा आधारित भएर प्रतिवेदनको नमुना तयार गर्न लगाउनुहोस् :

शीर्षक : जनसङ्ख्या वृद्धिले वातावरणमा परेको असर

**परिचय :** जनसङ्ख्या र वातावरण एकअर्कामा अन्तरसम्बन्धित हुन् । व्यवस्थित रूपमा हुने जनसङ्ख्या वृद्धिले वातवरणको संरक्षण, संवर्धन तथा प्रवर्धनमा सकरात्मक सहयोग पुऱ्याउँछ । अव्यवस्थित रूपले हुने जनसङ्ख्या वृद्धिले वातवरणीय क्षेत्रमा नकरात्मक असर पुऱ्याउँछ ।

उद्देश्य : जनसङ्ख्या वृद्धिले वातावरणमा पर्ने असरहरू पत्ता लगाउनु

अध्ययन विधि : समुदायमा रहेका व्यक्तिहरूसँग छलफल र अन्तरक्रिया

विभिन्न वातावरणीय पक्षको अवलोकन

पत्ता लगाइएका कुराहरू

मेरो समुदायमा जनसङ्ख्या वृद्धिले गर्दा वातावरणमा विभिन्न असरहरू देखा परेका छन् । मानिसहरूले आफ्ना आवश्यकता पूरा गर्न वनजङ्गलको अधिक प्रयोग गर्दै गएका छन् । जसले गर्दा कतिपय प्रजातिका रुखहरू लोप भएको पाइयो । त्यसैगरी वनजङ्गलमा पाइने जडीबुटीहरू पनि लोप भएर जाने अवस्थामा देखिएका छन् । त्यसैगरी कतिपय जीवजन्तु तथा चराचुरुङ्गीहरू बासस्थानको अवस्थामा त्यहाँबाट अन्यत्र गएको पाइन्छ । पानीका स्रोतहरूमा विभिन्न रासायनिक तत्त्वहरू तथा घरबाट निस्कने फोहोर पानी तथा ढलको पानी मिसिनाले खोला नाला प्रदूषित भएको छ । जनसङ्ख्याको चापसँग सवारीसाधनको प्रयोगदर बढ्नाले त्यसबाट निस्कने धुवा तथा विभिन्न कारणले गर्दा उत्पन्न धुलोका कणहरूले गर्दा वायूमाण्डलमा प्रदूषण बढेको छ ।

निष्कर्ष : मेरो समुदायमा जनसङ्ख्या वृद्धिसँगसँगै देखा परेका असरहरू न्यूनीकरण गर्नका लागि वातावरण प्रदूषणले गर्दा उत्पन्न हुने असरका बारेमा समुदायका मानिसलाई सचेत र जिम्मेवार बनाउनुपर्छ ।

**क्रियाकलाप ४ : समूह कार्य**

वातावरण प्रदूषण नियन्त्रणका लागि व्यक्ति, परिवार समुदाय र स्थानीय सरकारको भूमिकाको लागि विद्यार्थीलाई विभिन्न चार समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई वातावरण संरक्षणमा व्यक्तिको भूमिका, अर्को समूहलाई परिवारको

भूमिका, तेस्रो समूहलाई समुदायको भूमिका र चौथो समूहलाई स्थानीय सरकारको भूमिकाको सम्बन्धमा समूह कार्य गर्न लागउनुहोस् । उनीहरूले समूह कार्य गरिसकेपछि समूहको कार्य प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ सरसफाई कार्यक्रम सञ्चालन**

विद्यार्थीलाई विद्यालयको वरिपरिको वातावरण सरसफाइ तथा वातावरण संरक्षणका क्रियाकलापमा संलग्न गराउनुहोस् । साथै विद्यार्थीलाई आफ्नो घर, टोल तथा समुदायमा पनि वातावरण संरक्षणका कार्यमा सहभागी हुन उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ६ : सिर्जनात्मक क्रियाकलाप**

वातावरण संरक्षणमा विद्यार्थीले खेल्न सक्ने भूमिकाका सम्बन्धमा गीत, कविता वा वक्तृत्वकला आदिको नमुना तयार गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।

गीतको नमुना

रुख रोपौँ है, वनजङ्गल जोगाउन सचेत बनौँ है ।
प्रदुषण नगरौँ वरपर
सफा सुग्घर राखौँ है गाउँघर
डोजर नलगाऔँ, खोलालाई खोतल्ने डोजर हटाऔँ
सफाइ अभियान गाउँटोलमा चलाऔँ
सुन्दर अनि स्वच्छ गाउँ बनाऔँ
वातावरणमैत्री उपभोक्ता बनेर
सचेत बनौँ सबैलाई भनेर
रुख रोपौँ है, वनजङ्गल जोगाउन सचेत बनौँ है ।

**(ङ) मूल्याङ्कन/प्रतिबिम्बन**

पाठको अभ्यास र दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. जनसङ्ख्या र वातावरणबिचको अन्तरसम्बन्ध प्रस्ट पार्नुहोस् ।

२. जनसङ्ख्या वृद्धिले वातावरणमा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।

३. वातावरण संरक्षणका लागि के कस्ता कार्यहरू गर्नुपर्छ ? उदाहरणसहित लेख्नुहोस् ।

४. विद्यार्थीहरूले समूह कार्यमा सहभागिता, सक्रियता र कक्षा कार्यमा सक्रियताका आधारमा निम्नलिखित पक्षको मूल्याङ्कन गर्नुहोस् ।

| **क्र.सं.** | **विद्यार्थीको नाम** | **समूह कार्यमा सक्रियता** | **विषयवस्तुको स्पष्टता** | **समूहमा सहकार्य** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

पाठ्यक्रम विकास केन्द्र

# पाठ : ६ सामुदायिक स्वास्थ्य

**अनुमानित कार्यघण्टा : १**

**(क) पाठ परिचय**

समुदायमा बसोबास गर्ने मानिसको स्वास्थ्य रक्षा तथा रोगबाट बच्नका लागि गरिने सङ्गठित प्रयासलाई सामुदायिक स्वास्थ्य भनिन्छ । समुदायका लागि समुदायकै व्यक्तिहरूले समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी त्यसको समाधान गर्न एवम् व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलाप नै सामुदायिक स्वास्थ्य हो । सामुदायिक स्वास्थ्यको मुख्य उद्देश्य नै समुदायको स्वास्थ्य स्तरलाई माथि उठाउनु हो । सामुदायिक स्वास्थ्यमा व्यक्ति र परिवारभन्दा पनि समुदायमा देखा परेका विभिन्न स्वास्थ्य समस्याहरू समाधानका लागि समुदायको सहभागिता र अग्रसरतालाई बढी महत्त्व दिइन्छ ।

यस पाठमा सामुदायिक स्वास्थ्यको अवधारणा, क्षेत्रहरू र सामुदायिक स्वास्थ्य सेवाको महत्त्वाका सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रदर्शन, प्रश्नोत्तर, परियोजना कार्य, समूह कार्य, जिग्सअ, KWL चार्ट निर्माण आदि विद्यार्थी केन्द्रित शिक्षण विधिहरू र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार थप सिर्जनात्मक क्रियाकलापहरू छनोट गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरणपश्चात् विद्यार्थीहरू सामुदायिक स्वास्थ्यका सम्बन्धमा सचेत बनी स्वस्थ जीवनशैली कायम गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| जनसङ्ख्या र वातावरण बिचको अन्तरसम्बन्ध पहिचान गर्न | – सामुदायिक स्वास्थ्यको परिचय दिन<br>– सामुदायीक स्वास्थ्यको महत्त्वको सूची तयार गर्न<br>– सामुदायिक स्वास्थ्यको क्षेत्रहरू उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- स्वास्थ्य शिविरसम्बन्धी चित्र तथा भिडियोको नमुना
- K.W.L. चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

निःशुल्क स्वास्थ्य शिविरसम्बन्धी चित्र तथा भिडियोको नमुना कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । विद्यार्थीले उक्त चित्र तथा भिडियो हेरिसकेपछि यो चित्र/भिडियो केसँग सम्बन्धित छ ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीका उत्तरलाई समेट्दै पाठको सुरुआत गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ :** पधी। **चार्ट**

शिक्षकले सामुदायीक स्वस्थ्यका बारेमा विद्यार्थीलाई जानकारी भएका कुराहरू सोध्नुहोस् र K.W.L. चार्टमा प्रस्तुत गर्नुहोस् । उदाहरणका लागि विद्यार्थीलाई जानकारी भएका कुराहरू तलको चार्टमा प्रस्तुत गरिएको छ :

| **हामी जान्दछौँ (Know)** | **हामी सिक्न चाहन्छौँ (Want to know)** | **सिकेका कुराहरू (Learn)** |
|---|---|---|
| - सामुदायिक स्वास्थ्यमा समुदायका मानिसहरूको संलग्नता हुन्छ ।<br>- सामुदायिक स्वास्थ्यको मुख्य उद्देश्य समुदायको स्वास्थ्य स्तरलाई माथि उठाउनु हो ।<br>- समुदायको स्वास्थ्य अवस्था पहिचान गरी समधानको प्रयास गरिन्छ । | | |

विद्यार्थीहरूलाई जानकारी भएका कुराहरू K.W.L. चार्टमा भरिसकेपछि विद्यार्थीलाई आजको कक्षाबाट के के कुरा सिक्न चाहनुहुन्छ भनेर प्रश्न सोध्नुहोस् । विद्यार्थीले सिक्न चाहेको विषयवस्तु तथा आफूले सिकाउन चाहेको विषयवस्तुहरू चार्टको अर्को खण्ड (सिक्न चाहेका कुराहरू खण्ड)मा भर्नुहोस् जस्तै :

| **हामी जान्दछौँ (Know)** | **हामी सिक्न चाहन्छौँ (Want to know)** | **सिकेका कुराहरू (Learn)** |
|---|---|---|
| – सामुदायिक स्वास्थ्यमा समुदायका मानिसहरूको संलग्नता हुन्छ ।<br>– सामुदायिक स्वास्थ्यको मुख्य उद्देश्य समुदायको स्वास्थ्य स्तरलाई माथि उठाउनु हो ।<br>– समुदायको स्वास्थ्य अवस्था पहिचान गरी समधानको प्रयास गरिन्छ । | – सामुदायिक स्वास्थ्यको परिभाषा<br>– सामुदायिक स्वास्थ्यको महत्त्व<br>– सामुदायिक स्वास्थ्यको क्षेत्र | |

विद्यार्थीले सिक्न चाहेका कुराहरूमा आधारित भई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र छलफल**

विद्यार्थीलाई सामुदायिक स्वास्थ्यको परिभाषा र महत्त्व समावेश भएको चार्ट वा स्लाइड प्रदर्शन गरी सामुदायिक स्वास्थ्यको परिभाषा र महत्त्वका सम्बन्धमा छलफल गर्दै प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : जिग्स**

सहभागीलाई सात जनाको समूहमा राख्नुहोस् । प्रत्येक समूहलाई आफ्नो समूहको नामकरण आपसी सल्लाहबाट गर्न भन्नुहोस् । प्रत्येक समूहलाई सात विज्ञ समूहको कार्डको सेट दिनुहोस् र एक जनालाई एउटा लिन भन्नुहोस् ।

जस्तैः कार्ड १ - समुदायमा वितरण हुने खाद्य पदार्थको निरिक्षण

कार्ड २ - सरुवा एवम् महामारीको नियन्त्रण र रोकथाम

कार्ड ३ - दुर्घटना तथा चोटपटकको रोकथाम

कार्ड ४ - कुपोषणको रोकथाम

कार्ड ५ - स्वस्थ्य शिक्षा तथा खोप कार्यक्रम

कार्ड ६ - वातावरणीय स्वास्थ्य र सरसफाइ

कार्ड ७ - विपत् व्यवस्थापनको तयारी

- अब सहभागीहरूलाई पुनः अर्को समूहमा लैजानुहोस् । कार्ड १ लिनेहरूलाई एउटा समूहमा कार्ड २ लिनेहरूलाई एउटा समूहमा, कार्ड ३ लिनेलाई अर्को र ४ को अर्को गरी, क्रमशः ७ को अर्को कार्डअनुसारका सात समूहमा बस्न लगाउनुहोस् ।
- समूहमा छलफल गर्न १० मिनेट समय उपलब्ध गराउनुहोस् र उनीहरू सबै जना आफूसँग भएको कार्ड पढेर त्यसको विज्ञ बन्नुपर्ने छ । त्यो पढ्नुपर्ने छ, नबुझे आपसमा प्रश्न गर्न र छलफल गर्न सक्ने छन् र यसलाई याद गर्ने छन् ।
- दश मिनेटको छलफल गरेपछि सहभागीलाई सुरुको समूहमा ल्याउनुहोस् । अब प्रत्येक सहभागी पालैपालो शिक्षक बन्ने छन् । कार्ड १ भएको १ जनाले सुरु गर्ने छन् र अरू ६ जनाले सुन्ने, प्रश्न सोध्ने र नोट बनाउने छन् । पहिलो सहभागीको प्रस्तुति सकिएपछि अब अर्को विज्ञले आफूले सिकेका कुरा बताउने छन् । अरू सहभागीले प्रस्तुति सुन्ने छन्, प्रश्न गर्ने छन् र नोट टिप्नेछन् । यसरी नै तेस्रो र चौथो हुँदै सातौँ कार्ड हुनेले पनि समूहमा आफ्नो प्रस्तुति गर्ने छन् ।
- प्रत्येक समूहका सातै जनाले आफ्नो प्रस्तुति सकाएपछि उनीहरूबाट कार्ड लिनुहोस् । अब सहभागीमध्ये कसै कसैलाई सात समूहमा गरेको कामका बारेमा व्याख्या गर्न र उदाहरण दिन लगाउनुहोस् ।

**क्रियाकलाप ५ : सिकाइको प्रतिबिम्बन**

विद्यार्थीलाई अब K.W.L. चार्टको सिकेका कुराहरूको खण्ड भर्न लगाउनुहोस्, जस्तै :

| **हामी जान्दछौँ (Know)** | **हामी सिक्न चाहान्छौँ (Want to know)** | **सिकेका कुराहरू (Learn)** |
|---|---|---|
| - सामुदायिक स्वास्थ्यमा समुदायका मानिसहरूको संलग्नता हुन्छ ।<br>- सामुदायिक स्वास्थ्यको मुख्य उद्देश्य समुदायको स्वास्थ्य स्तरलाई माथी उठाउनु हो ।<br>- समुदायको स्वास्थ्य अवस्था पहिचान गरी समधानको प्रयास गरिन्छ । | - सामुदायिक स्वास्थ्यको परिभाषा<br>- सामुदायिक स्वास्थ्यको महत्त्व<br>- सामुदायिक स्वास्थ्यको क्षेत्र | - सामुदायिक स्वास्थ्यको परिभाषा दिन<br>- सामुदायिक स्वास्थ्यको महत्त्व बताउन<br>- सामुदायिक स्वास्थ्यको क्षेत्रहरूका बारेमा उल्लेख गर्न |

**(ङ) मूल्याङ्कन**

पाठको अभ्यास र दिइएका प्रश्नहरूमा आधारित भई विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. सामुदायिक स्वास्थ्यको आवश्यकता प्रस्ट पार्नुहोस् ।

२. सामुदायीक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उपायहरूका सूची तयार गर्नुहोस् ।

तालिकामा दिइएको स्वास्थ्य जीवनशैली कायम गर्ने उपायहरूसँग विद्यार्थीको व्यवहारको मूल्याङ्कन गर्नुहोस् ।

| **क्र.सं.** | **स्वास्थ्य व्यवहार** | **गर्छु** | **गर्दिन** |
|---|---|---|---|
| १. | दैनिक रूपमा सन्तुलित खान खान्छु। । | | |
| २. | दैनिक खानामा मसला, नुन र चिल्लो कम प्रयोग गर्छु । | | |
| ३. | चिनीको प्रयोग अत्यन्तै कम गर्छु । | | |
| ४. | प्रयाप्त मात्रमा हरिया सागपात र फलफूल खान्छु । | | |
| ५. | बजारमा प्याकिङ गरेका खानेकुरा खान्न । | | |
| ६. | बजारमा पाइने जुस तथा पेय पदार्थहरू खान्न । | | |
| ७. | दैनिक रूपमा प्रस्तुत पानी पिउँछु । | | |
| ८. | नियमित रूपमा शारीरिक व्यायम र योग गर्छु । | | |

| | | | |
|---|---|---|---|
| ९. | बेलुका चाडै सुत्ने र विहान चाडैं उठ्छु । | | |
| १०. | मोबाइलमा अनावश्यक रूपमा समय खर्च गर्दिन । | | |

**(च) थप अध्ययन सामग्री**

**निरोधात्मक स्वास्थ्य सेवा (Preventive Health Service)**

रोग लाग्नुभन्दा अगाडि रोगका कारणहरू वा परिस्थितिलाई घटाउन वा निर्मूल पार्न अपनाइने क्रियाकलाप वा प्रदान गरिने सेवालाई निरोधात्मक स्वास्थ्य सेवा भनिन्छ । निरोधात्मक स्वास्थ्य सेवा रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु राम्रो **(Prevention is better than cure)** भन्ने सिद्धान्तमा आधारित छ । रोगहरू विरुद्ध विभिन्न खोपहरू दिनु, स्वस्थ वातावरण बनाउनु, स्वास्थ्य शिक्षा दिनु आदि कार्य निरोधात्मक स्वास्थ्य सेवामा पर्छ । त्यसैगरी सरुवा रोग लागेका व्यक्तिहरूबाट सो रोग अरूलाई फैलिन नदिने उपायहरू अबलम्बन गर्नु जस्ता कुराहरू पनि निरोधरात्मक स्वास्थ्य सेवाअन्तर्गत पर्छन् ।

**प्रवर्धनात्मक स्वास्थ्य सेवा (Promotive Health service)** : व्यक्तिको हालको स्वास्थ्य अवस्थालाई अझ सुधार गर्न वा रोग लाग्न सक्ने सम्भावनालाई निर्मूल पार्न दिइने सेवालाई प्रवर्धनात्मक स्वास्थ्य सेवा भनिन्छ । भइरहेको स्वास्थ्यलाई अझ उन्नत बनाउनका लागि यो सेवा दिइन्छ । यसअन्तर्गत पोषण, प्रजनन् स्वास्थ्य, स्वास्थ्य शिक्षा एवम् सूचना, मातृशिशु स्वास्थ्य सेवा, पोषण कार्यक्रम, नियमित स्वास्थ्य परीक्षण सेवा नियमित खोप सेवा तथा मातृशिशु स्वास्थ्य स्याहार कार्यक्रमहरू आदि पर्छन् । पोषण नियमित खोप सेवा, मातृशिशु स्वास्थ्य स्याहार कार्यक्रम तथा स्वास्थ्य शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गरियो भने प्रवर्धनात्मक स्वास्थ्य सेवाले नागरिकको स्वास्थ्य स्तर वृद्धि गर्न मदत पुऱ्याउँछ ।

**उपचारात्मक स्वास्थ्य सेवा (Curative Health Service)** : रोग लागिसकेपछि रोग निको पार्नका लागि गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ । यस किसिमको उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्न उपस्वास्थ्य चौकीदेखि लिएर अस्पतालसम्मको व्यवस्था गरिएको छ । त्यसैगरी निजी अस्पताल तथा नर्सिङ होमहरू पनि उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्नका लागि खोलिएका छन् । यस सेवाअन्तर्गत रोगका कारण पत्ता लगाउने, रोगबाट ग्रसित व्यक्तिलाई उचित उपचार गर्ने, समुदायमा फैलिएका महामारी रोगहरू नियन्त्रण गर्ने आदि कार्य पर्छन् । यो खर्चिलो स्वास्थ्य सेवा हो । यसमा विभिन्न स्वास्थ्य विशेषज्ञ, आधुनिक उपकरण तथा औषधीको खाँचो पर्छ ।

**पुनः स्थापनात्मक स्वास्थ्य सेवा (Rehabilitative Health Service)** : कुनै दीर्घ रोगबाट ग्रसित भएका कुनै रोगका कारणले वा र्दुव्यसनीमा फसेका मानिसलाई उपचारपछि पुनः व्यक्तिगत वा सामाजिक जीवनमा फर्काउन गरिने उपचार नै पुनः स्थापनात्मक स्वास्थ्य उपचार हो । पुनःस्थापनात्मकको मुख्य उद्देश्य बिरामीलाई पुनः सामान्य दैनिक जीवनको गतिविधिमा सरिक हुन र त्यसका लागि सरल ढङ्गले समायोजन हुन सक्षम बनाउनु हो । एड्स, कुष्ठरोग तथा नसासम्बन्धी रोगका बिरामीलाई लामो समयसम्म उपचारमा नै रहनुपर्ने हुन्छ । यसरी लामो समय उपचारको क्रममा बिरामीले पारिवारिक, सामुदायिक तथा सामाजिक गतिविधिबाट बन्चित हुनुपर्ने हुन्छ । त्यसैले उनीहरूलाई फेरि परिवार र समाजमा सामान्य जीवनयापनका क्रियाकलापमा फर्काउन कठिन हुन्छ । त्यसका साथै अपाङ्गता भएका वा अशक्त व्यक्तिहरूलाई पुनःस्थापनात्मक सेवा प्रदान गर्नुपर्छ ।

पाठ्यक्रम विकास केन्द्र